श्रीलंकामा कम्युनिष्ट आन्दोलनको हालको स्थिति:
श्रीलंकाकै वाम-नेताको आँखामा



# मूल्याङ्कन


मूल्य रु. १५/-
भारतमा भा.रु. १२/-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ५५
फागुन, २०५४


## अव कसरी अघि बढ्ला भावनात्मक रुपले फुटेको एमाले ?











## के हो पूर्वी एशियाको वर्तमानको आर्थिक संकट ? यसबाट हामीले के पाठ सिक्ने ?




उच्चस्तरीय जर्मन प्रविधिको प्रयोगद्वारा नेपालमा उत्पादित नेपाल गुणस्तर चिन्ह प्राप्त विभिन्न साइज र क्षमताका मुक्तेश्वर पाईपहरु नै प्रयोग गरौं

## आदरणीय निर्माणकर्ताहरु,
## के तपाईं असली टोरकारी (फलामे छड) को साटो नक्कली फलामे छड प्रयोग गर्न चाहनु हुन्छ ?

अवश्य पनि चाहनु हुन्न... !
कसैले पनि चाहँदैनन्...... !



तर अचेल बजारमा हिमाल टोरकारी जस्तै फलामे छडहरु विभिन्न नामले बिक्री वितरण भइराखेका छन् । सम्झनुहोस्, यी छडहरु झट्ट हेर्दा मात्र हिमाल टोरकारी जस्ता छन् तर प्राविधिक परीक्षण गर्दा गुणस्तरीय नभएको पाइएकोले उपभोक्ता वर्गमा आफ्नो निर्माण कार्यको लागि छडको खरीद गर्दा सावधान भई हाम्रा अधिकृत विक्रेताहरु कहाँबाट मात्र खरीद गर्न अनुरोध गर्दछौं ।

सधैं हिमाल टोरकारी प्रयोग गरौं र
अरुलाई पनि यही सल्लाह दिऔं ।

हिमाल टोरकारी: लगानीको अधिकतम प्रतिफल

नेपालमा एक मात्र निर्माता
**हिमाल वायर्स लि.**

ज्योति भवन, कान्तिपथ, काठमाडौं, फोन: २२५४९०, २२६३२७

यसभित्र

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १६, पूर्णाङ्क ५५
फागुन, २०५४

# अब कसरी अघि बढ्ला भावनात्मक रुपले फुटेको एमाले ?

**ताजा अन्तर्वार्ता**

*पढ दियो भने जुट्छ, पढ दिएन भने फुट्छ ।*
— क. माधव नेपाल

*बहुमत पक्षले एमाले पार्टी फुटाइसकेको छ !*
— क. वामदेव गौतम

**एमाले–फूटको कारण र परिणामसहित अन्तरंग आवरण कथा**

**नेकपा एमालेका छैठौं महाधिवेशनको समीक्षा**

एमाले महाधिवेशन र फूटबारे क. मोहनविक्रम सिंह (नेकपा मसाल), क. प्रचण्ड (नेकपा माओवादी) र क. प्रकाश (नेकपा एकता केन्द्र) का विचारहरू

कस्तो स्वरुप लिंदैछ माओवादी जनयुद्धले तीन वर्ष टेक्दा ?
-प्रतिमान श्रेष्ठ

**के हो पूर्वी एशियाली आर्थिक संकट ? यसबाट हामीले के पाठ सिक्ने ?**
-दीपेन्द्रबहादुर क्षेत्री

**कसरी आयो पूर्वी एशियाली आर्थिक संकट ? के पाठ सिक्नु पर्छ यसबाट हामीले ?**
-केशव आचार्य

**हाम्रो मूल्याङ्कन** ४
के यतिखेर एमाले फुट्नु जरूरी छ ?
**आवरण कथा**
अब कसरी अघि बढ्ला भावनात्मक रूपले फुटेको एमाले ? ४
क. माधवकुमार नेपालसंगको अन्तर्वार्ता
क. वामदेव गौतमसंगको अन्तर्वार्ता
**घटना र प्रवृत्ति**
कस्तो स्वरूप लिंदैछ माओवादी जनयुद्धले तीन वर्ष टेक्दा ? -प्रतिमान श्रेष्ठ ३७
इराक : अमेरिकाको यो कस्तो दादागिरी ३५
इण्डोनेशियामा विद्रोह चर्कंदैछ ३९
वर्तमान नेपालको राजनीति कता जाँदैछ ? ३९
**विश्व कम्युनिष्ट आन्दोलन**
कसरी अगाडि बढिरहेछ श्रीलंकामा कम्युनिष्ट आन्दोलन ३२
श्रीलंका : एक जानकारी ३३
श्रीलंका कम्युनिष्ट पार्टीको संक्षिप्त इतिहास ३४
**पर्दा रंगमंच**
सफदर हासमीको नवौं शहादत दिवस मनाइयो १५
अरूणा लामाको निधन १५
रक्तिम राष्ट्रिय सम्मेलन ४०
रामेश पुरस्कृत ४०
**आँखीझ्याल**
समाजवादी बाटो छोडेपछि यस्तो दुर्दशा हुन्छ ३१
यसरी बढ्दैछ संसारमा केही कम्पनीहरूको एकाधिकार-दीपक वैद्य २७
**अचेल**
के सोच्दै हुनुहुन्छ, के गर्दै हुनुहुन्छ क. मोहनविक्रम सिंह ? १६
**अर्थतन्त्र**
के हो पूर्वी एशियाली आर्थिक संकट ? यसबाट हामीले के पाठ सिक्ने ? -दीपेन्द्रबहादुर क्षेत्री २२
कसरी आयो पूर्वी एशियाली आर्थिक संकट ? के पाठ सिक्नु पर्छ यसबाट हामीले ?-केशव आचार्य २६
**साहित्य**
ज्वाला बनेर जलौं (कविता) -नारायणप्रसाद शर्मा २१
कथा: यथपाल जैन २१
**विज्ञान / प्रविधि**
समुद्रले टापुहरू खाँदैछ २०
आगोले नछुने प्लाष्टिक २०
**के तपाईलाई थाहा छ ?**
नेपालमा कृषि मजदूर कति छन् ?
विश्वमा रक्सी कुन देशका मान्छेले बढी पिउँछन् ? ४०
**इतिहास**
कसरी २००८ सालमा नेपाल कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लाग्यो ?- मुक्ता श्रेष्ठ १९
**अन्तर्क्रिया**
'मूल्यांकन'मा प्रकाशित बाँसखर्कबारेको वास्तविकता -प्रवीण जोशी ४१
**आजको घटना / आजको विचार**
के 'मूल्यांकन'ले प्रतिकृयावादलाई बचाउने कुरा गरेको हो ?
नेकपा मसालको प्रतिकृयामाथि 'मूल्यांकन' को प्रत्युत्तर -श्याम श्रेष्ठ २८
**पाठकको कुरो** ४२

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**विज्ञापन तथा बजार प्रबर्द्धन**
गुण श्रेष्ठ
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का (वितरण विभाग)

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोन: ४२२७६९,
फ्याक्स: ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं

आवरणमा: **नेकपा एमालेको छैठौं महाधिवेशनमा एमाले नेताद्वय क. माधव नेपाल र वामदेव गौतम (फोटो: सुन्दर बस्नेत) । इन्सेटमा: महाधिवेशनमा एमाले नेताहरु र उपस्थित जनसमूहको दृश्य (फोटो: उषा तिवारी)** । काँधमा: **क. इ. थाम्बिया (फोटो: 'मूल्यांकन') । तल: दक्षिण कोरियामा आर्थिक अव्यवस्थाका विरुद्ध जनप्रदर्शन । (फोटो: Time)**
आवरण सज्जा: **सुन्दर बस्नेत, बागबजार फोन: २५२६४५, २२२३३७/कलाकारहरू: लक्ष्मण भूजेल, जि.डि. साह, यति आर्ट, पुतलीसडक**
कम्प्युटर सेटिङ्ग: **सहदेव खाकी, माइक्रोचिप्स कम्प्युटर सर्भिस, पुतलीसडक, सम्पर्क फोन: ४२२७६९/मुद्रण: इन्द्रेणी अफसेट प्रेस, बागबजार**

# के यतिखेर एमाले फुट्नु जरूरी छ ?

हामी यसपालि एमालेमा फूट टार्ने प्रक्रियामा जोडतोडले लाग्यौं । कैयन् मित्रहरूले एमाले जस्तो क्रान्तिकारी उद्देश्यबाट विचलित पार्टीलाई फुट्नबाट जोगाउन **मूल्यांकन** जस्तो पत्रिकाका साथीहरू १०-१२ दिन पत्रिका प्रकाशन नै ढिलो हुने गरी किन लाग्नुभएको होला भनेर आपत्ति जनाउनु भयो । हामी यो प्रक्रियामा सामेल हुनु बेठीक भयो, एमालेलाई फुट्न दिनुमै देश र क्रान्तिको कल्याण छ भन्ने मित्रहरूको राय रह्यो ।



हामी एमाले एकजूट हुँदा यसले क्रान्ति सम्पन्न गर्न भूमिका खेल्ला भन्ने आशाले एकता प्रक्रियामा लागेका थिएनौं । एमाले नेतृत्व क्रान्तिको ध्येय र ध्याउन्नाबाट धेरै टाढा पुगिसकेको ठहर हाम्रो पनि ठहर हो । सिंहदरबारको घुम्ने मेचमाथि जसरी पनि बस्न र टिक्न सामन्तवादका नाइकेहरूसित पनि कुम जोड्नु पर्छ, अमेरिकालाई साम्राज्यवाद भन्न छाड्नु पर्छ, भारतलाई विस्तारवादी देख्न छाड्नु पर्छ भन्ने टुंगोमा एमाले नेतृत्व पुगिसकेपछि एमालेले साम्राज्यवाद र सामन्तवादविरोधी क्रान्ति गर्ला भनेर आशा गर्नु टेलिफोनको लठ्ठामुनि तरूल खोज्नु जस्तै कुरा हो । यसमा हामी बिलकुलै स्पष्ट छौं ।

तथापि हामी किन एकजूट गर्ने प्रक्रियामा लाग्यौं त ?

एमाले फुट्दा देशमा लामो समयसम्म दक्षिणपन्थी र अति दक्षिणपन्थी शक्तिको अरू चर्को बोलबाला कायम हुन्छ, उत्पीडित जनताको जीवन र वर्ग संघर्ष यसबाट अरू ज्यादा दुष्कर र संकटग्रस्त हुन्छ, देशमा दमनतन्त्र र तानाशाही अरू ज्यादा बढ्छ भन्ने ठम्याइले नै हामी यो एकजूट गर्ने प्रक्रियामा सामेल भएका थियौं । सिद्धान्त, रणनीति र विचारधारा एवं संस्कृतिमा विभेदको कारणले, क्रान्तिकारी ध्येय उद्देश्यमै विभेदको कारणले पार्टी फुट्न लागेको भए त्यो फूट जायज र आवश्यक हुन्थ्यो । अरू नोक्सानीभन्दा त्यो उपलब्धि धेरै गर्हौं हुन्थ्यो । यस स्थितिमा हामी फूट टार्न कदापि अग्रसर हुन्नथ्यौं । तर हामीले एमालेमा हुन लागेको फूटको चरित्र त्यस्तो देखेनौं । हामीले फूट हुन लागेका दुई पक्षबीच गुणात्मक अन्तर देखेनौं, मात्रात्मक अन्तर मात्र देख्यौं । एउटामा थोरै देशभक्तिपूर्ण भावना छ, अर्कोमा त्यति पनि छैन- हामी देखेको अन्तर बस् यत्ति हो । मौका पर्दा यही देशभक्तिपूर्ण भावना हुने पक्षले पनि सिद्धान्तगत र प्रवृत्तिगत अडान छोडेको कुरा महाकाली सन्धिको संकल्प प्रस्तावबिनाको चिठी आदानप्रदान, राष्ट्लाई सारै घाटा हुने शर्तमा विदेशी कम्पनीलाई सेती र कर्णालीको मुफ्तमा कन्यादानले र आतंककारी विधेयक ल्याउने प्रयत्नले प्रष्टै देखाइसकेको कुरा हो ।

यही दुई प्रमुख कारण हामीले यो अनावश्यक फूटलाई टार्न खोजेका हौं । एउटा सुधारवादी पार्टी फुटेर उही गुणस्तरका दुई पार्टी बन्नुले नोक्सानी सारै ज्यादा, फाइदा सारै कम हुन्छ भन्ने हाम्रो विश्लेषण रहको छ ।

तथापि, सारा प्रयत्नका बावजूद एमाले निकट भविष्यमै फुट्न लाग्दैछ । कुनै अप्रत्याशित घटना यसबीच भइ हालेन भने मूल्यांकनको अर्को अंक निक्लँदासम्म एमाले फुटिसकेको हुनेछ । अझै हामी कामना गर्छौं- एमालेमा 'जुट' निम्ति बस्तुसम्मत बाटो निस्कियोस् र यो नफुटोस् ।

नेतृत्वमा अहंकार र व्यक्तिगत स्वार्थको प्रधानता र त्यही कारणले पार्टीमा नोकरशाही केन्द्रीयताको बाहुल्य नै यो फूटको जरो कारणका रूपमा देखिएको छ । पार्टी, क्रान्ति, सिद्धान्त र आदर्शभन्दा 'मेरो अहं र व्यक्तिगत हित प्रमुख' भन्ने नितान्त आत्म-केन्द्रित प्रवृत्तिले एमाले नेतृत्व अहिले लफ्रक्क भिजेको छ । यो प्रवृत्ति सारमा पूँजीवादी व्यक्तिवाद हो । सोभियत संघमा समाजवादी व्यवस्था धराशायी भएपछि त्यसबाट बिल्कुलै गलत पाठ सिकेर एमालेले क्रान्ति र पार्टी सम्बन्धी सवालमा पूँजीवादी बाटो समात्यो । त्यसपछि एमाले नेतृत्वमा आएको वैचारिक-सांस्कृतिक विचलनका कारणले एमालेभित्र अहिले पूँजीवादी व्यक्तिवादले यत्रतत्र गोमन साँपले झैं फणा उठाएको छ । सबैलाई यो प्रवृत्तिले डसेर विषाक्त र मूर्च्छित बनाएको छ । अहिलेको फूट नेता कार्यकर्तामा छाएको त्यही विषाक्तता र मूर्च्छित अवस्थाको प्रतिफल मात्रै हो । नत्र यो अनावश्यक फूटमा किन नेता-कार्यकर्ताहरू संवेदनशील छैनन् त ?

अहंकार र व्यक्तिगत स्वार्थ पार्टीका नेता-कार्यकर्तामा यति ज्यादा प्रभावी भएपछि अहिले हुने फूट नै अन्तिम हुने देखिन्न । अहिले फुटेर बनेका स-साना गूटमा पनि पुनः बारम्बार फूट हुनेछ ।

त्यसैले फूटका लागि लालायित सबै नेता-कार्यकर्ताहरूलाई हामी के सोध्न चाहन्छौं भने, तपाईंहरू फुटेर अहिलेको पार्टीभन्दा गुणात्मक रूपले उन्नत क्रान्तिकारी श्रमिक वर्गको पार्टी कसरी बनाउनु हुन्छ ? जुन पूँजीवादी पथ विचलन र व्यक्तिवादको कारण तपाईंहरू अहिले फुट्दै हुनुहुन्छ, त्यो फूटको जरो कारणमाथि विजय प्राप्त गर्न तपाईंहरू कसरी आफूभित्र निरन्तर समाजवादी वैचारिक-सांस्कृतिक आन्दोलन चलाउनु हुन्छ ? जुन नोकरशाही केन्द्रियताका कारण तपाईहरू फुट्न यति हतारिंदै हुनहुन्छ, त्यो नोकरशाही केन्द्रियता फूटेपछि बन्ने पार्टीमा फेरि हावी हुन्न भन्ने ग्यारेण्टी तपाईंहरू कसरी गर्नु हुन्छ ? यतिञ्जेलको आन्दोलनबाट हामी 'मौका नपाउँदासम्म मात्र बेइमान नहुने मान्छे' तयार भएछौं, अब 'मौका पाउँदा पनि बेइमान नहुने जागृत समाजवादी मान्छे' कसरी तयार गर्ने, तपाईको योजना के छ ?

यी प्रश्नहरूको सुस्पष्ट वैज्ञानिक जवाफ पार्टी फोड्न आँट गर्नेहरूसित हुनु जरूरी छ । अन्यथा, 'जुन जोगी आए पनि कानै चिरेका' भन्ने उखान मात्र सार्थक हुनेछ । पार्टीहरूको जमातमा एउटा अर्को पार्टी थप्नु कुनै जरूरी छैन । जरूरत त यहाँ गुणात्मक रूपले उन्नत क्रान्तिकारी पार्टीको मात्र छ । ◉

## *तस्वीर पूरै चर्किसक्यो, फ्रेम मात्र फुट्न बाँकी छ !*

नेपाली वामआन्दोलनको एउटा ठूलो शक्ति र सिंगै नेपाली समाजको वर्तमानको सबैभन्दा ठूलो पार्टी नेकपा एमाले निकट भविष्यमै दुई टुक्रा हुँदैछ । केही दिनभित्र हठात् कुनै अप्रत्याशित परिघटना घटित भयो भने र नेकपा एमालेभित्रका क. माधव नेपाल, क. खड्ग ओलीको नेतृत्वमा रहेको बहुमत पक्ष र क. वामदेव गौतम, क. सि.पी. मैनालीको नेतृत्वमा रहेको अल्पमत पक्षले त्यस परिघटनाबाट प्रेरित भई केही आधारभूत कुराहरूमा आफ्नो अडान बदलेर आपसी संझौता गरे भने, यो संभावित पार्टी-फूट रोकिन सक्छ वा हाललाई टर्न सक्छ । नत्र फूट अवश्यंभावी भएको छ ।

फूटको संघारतिर रहेको एमालेभित्रको विवादको पछिल्लो चरणको ताजा स्थितिअनुसार, उनीहरूले उठाएका आधारभूत कुराहरूलाई यसरी राख्न सकिन्छ, ताकि विवादको शुरूदेखिको समग्र स्थितिको चित्र प्रष्ट होस् ।

(क) अल्पमत पक्षद्वारा प्रस्तुत गरिएका चार मागहरू अर्थात् भारतीय शासक वर्गलाई विस्तारवादी मान्नुपर्ने, अमेरिकालाई विश्वसाम्राज्यवादको नाइके मान्नुपर्ने, विगतको महाकाली सन्धि गलत थियो भनी स्वीकार्नु पर्ने र अल्पमत

◆ विभाजनको कारण के ?

❑ छैठौं महाधिवेशनको समीक्षा !

◆ विवादबारे क. माधव नेपाल

❑ विवाद र 'नयाँ पार्टी' बारे क. वामदेव गौतम

◆ समग्रमा, एमालेबारे क. मोहनविक्रम, क. प्रचण्ड र क. प्रकाश

पक्षलाई विचारको आधारमा संगठन र दायित्वबाट पाखा नलगाउने गरी अन्तरपार्टी जनवादको ग्यारेण्टी दिनु पर्छ भन्ने मागहरू बहुमत पक्षले पूरा गरिदिनु पर्ने । यसमा थप, गत छैठौं महाधिवेशनले 'गुण्डा' भनी पार्टीबाटै निस्काशित गरेका दुई जना कमरेडहरूको कारवाही फिर्ता गर्नु पर्ने ।

(ख) छैठौं महाधिवेशनले बहुमतद्वारा पारित गरेका कुराहरूलाई अल्पमत पक्षले चूपचाप र सहजतापूर्वक स्वीकार्नु पर्ने । आफ्ना फरक विचारलाई अर्को महाधिवेशनसम्म आफूमै सीमित गराउनु पर्ने । महाधिवेशनमा अल्पमत पक्षले पाएको मतको आधारमा बहुमत पक्षले केन्द्रीय समितिमा छुट्याइदिएको र खाली राखेको २९ प्रतिशत सिट (८ केन्द्रीय सदस्य र १ वैकल्पिक केन्द्रीय सदस्य पद) मा गएर बसी काम गर्नु पर्ने । यो २९ प्रतिशतमा को को जाने भन्ने कुरा गुटगत आधारमा हैन, बहुमतले छानेर स्वीकारेअनुसार व्यक्तिगत आधारमा हुनु पर्ने ।

माथि उल्लेखित शर्तहरू भनेका छैठौं महाधिवेशनपछि अल्पमत पक्ष र बहुमत पक्षका शुरू अडानहरू हुन् । यी अडानहरूबीच कुनै एकमा अर्को पक्ष पूरै सहमत भएको भए अर्थात् आफ्नो अडान त्यागेको भए विवाद एक हदसम्म हल हुन्थ्यो । तर यस्तो हुन सकेन ।

महाधिवेशनको लगत्तैपछि दुवै पक्षबीच पटक पटक कुराकानी भए । तर विवाद हल भएन । बहुमतपक्षले महाधिवेशनको 'सर्वोच्चता' अल्पमतले स्वीकारेर नेतृत्वमा आउनु पर्ने सवालमा एकतर्फी जोड दिइरह्यो । तर अल्पमत पक्षको मुख्य भय अस्तित्वको भय थियो । यत्तिकै केन्द्रीय समितिमा बस्दा बहुमत पक्षले पेलेर र फँडानी गरेर आफ्नो नामोनिशान नरहने स्थिति ल्याइदेला भनेर ऊ आतंकित थियो ।

क. वामदेवको भनाइ यस्तो थियो- "हामीमा लामो समयको चरित्र र व्यवहार हेर्नुका कारणले बहुमतका साथीहरूप्रति विश्वास नै छैन । उहाँहरूले विगतमा फरक विचारकै आधारमा थुप्रै साथीहरूलाई फँडानी गर्नु भएको छ । त्यसैले, हामीलाई त्यो फँडानी रोक्न ४० प्रतिशत सिट चाहिएको हो । यो ४० प्रतिशत सिट भनेको तात्कालीन सोभियत संघमा कायम राष्ट्रहरूको आत्मनिर्णयको अधिकार जस्तै हो । आत्मनिर्णयको अधिकार भनेको अलग हुन पाउने अधिकार हो । तर त्यो अधिकार हुन्जेल कुनै राष्ट्र अलग भएनन् । बरू त्यो अधिकार नभएपछि अलग भए । हामी पनि अलग हुने छैनौं । ४० प्रतिशतको माग पूरा गरियोस् म लेखेर दिन तयार छु, म पार्टी फुटाउन दिने छैन । यो त केवल बदमासी रोक्न चाहिएको हो ।"

तर बहुमत पक्ष यस वचनमाथि विश्वास गर्न तयार भएन । उसको अवधारणा के रहयो भने, ४० प्रतिशत सिट दिइयो भने उनीहरूलाई एमाले पार्टी फुटाउन हतियार दिए जस्तै हुन्छ । क. माधवको शब्दमा- "हामी हाम्रो शरीर काट्ने हतियार वामदेवलाई कसरी दिन सक्छौं ? यो दिनासाथ त उहाँहरू पार्टी फुटाइहाल्नु हुन्छ ।"

यसरी, दुवै पक्षबीच विश्वासको संकटको खाडल निकै गंभीर गहिराइमा देखियो । त्यसैले लामो कुराकानी पछि पनि एकताको कुनै बिन्दु फेला परेन । फागुनको पहिलो हप्तामा पुग्दा अल्पमत पक्ष ससदमा ४० प्रतिशतभन्दा ज्यादा सांसद संख्यासहित अलगै संसदीय दल दर्ता गर्न तम्तयार भयो । यसैबीच, वाम बौद्धिकहरूले समूह समूह बनाएर दुवै पक्षसित अलग अलग कुराकानी गरे । तर दुवै पक्ष आ-आफ्नो अडानबाट टसमस भएनन् । पार्टी फूट फागुन ४ गतेतिरै अवश्यंभावी देखियो ।

यही परिस्थितिमा पद्मरत्न तुलाधर लगायत १२ जना वाम बौद्धिकहरूले एकताको लागि पहल गरे । उनीहरूले एकताका लागि सुझाएका मुख्य बुँदाहरू यी थिए :

अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादबारे पाँचौं महाधिवेशनले जे भाषा प्रयोग गरेको छ- त्यही भाषा प्रयोग गर्ने । महाकाली सन्धिबारे अल्पमत पक्षले आफ्नो भिन्नमत सार्वजनिक रूपमा राख्न पाउने । दस्तावेज परिमार्जनका लागि क. मनमोहन अधिकारी, क. माधव र क. वामदेवको साझा मस्यौदा कमिटी बनाउने । विवादास्पद सबै सवालमा त्यसले साझा भाषा तय गर्ने । भिन्न विचारका आधारमा फँडानी नगरिने कुरा बहुमतले सुनिश्चित गरिदिने । यसका लागि दुवैको प्रतिनिधित्व भएको संगठन विभाग बनाउने (दुवै पक्षको साझा सहमतिबाट मात्र कमिटी भंग गर्ने र कार्यवाही गर्ने प्रणाली बसाल्ने ।) र, केन्द्रीय समितिमा ३५ प्रतिशत अल्पमत पक्षका मानिसहरू राखिदिने, ६५ प्रतिशत बहुमत पक्षका मानिसहरू रहने गर्ने ।

विकल्पहरूमध्ये सबैभन्दा लचिलो र मान्य हुन सक्ने विकल्प यही थियो । तर बहुमत पक्षले यो विकल्प पनि स्वीकार गरेन । अल्पमत पक्षले ४० प्रतिशत सिटमा आफ्नो अडान यथावत राख्यो ।

सैद्धान्तिक मतभिन्नता नहुँदानहुँदै पनि झिना-मसिना कुराले पार्टी फूट अवश्यभावी भएपछि पार्टी एकताका लागि ठूलो छाती र लच्किलो नीति लिनुपर्ने बहुमत पक्षले नै थियो । किनभने, यो नै संस्थापन पक्ष थियो र अनावश्यक फूटलाई रोक्ने मुख्य जिम्मेवारी संस्थापन पक्षकै हुन्थ्यो । तर बहुमत पक्षले यस्तो विशाल छाती र लच्किलोपन देखाएन ।

# अब कसरी अघि बढ्ला भावनात्मक रुपले फुटेको एमाले ?


◆ हरिगोविन्द लुईंटेल



दुवै पक्षबीच विश्वासको संकटको खाडल निकै गंभीर गहिराइमा देखियो । त्यसैले लामो कुराकानी पछि पनि एकताको कुनै बिन्दु फेला परेन ।

# पद दियो भने जुट्छ, पद दिएन भने फुट्छ।

◆ माधवकुमार नेपाल



## सम्भावित फूट टार्न 'अन्तिम प्याकेज' केही छ ?

**□ बाहिरबाट हेर्दा नेकपा एमाले अहिले फूटको संघारमा उभिएको देखिन्छ । के यो पार्टी जुट्ने संभावना छ ?**

-मैले फूटको कुनै खासै कारण देखिरहेको छैन ।

**□ अनि किन फूट भइरहेको छ त ?**

-खै, पार्टीमा फूट भइरहेको जानकारी मलाई छैन ।

**□ के पार्टी वैचारिक रुपले एकजूट भइसकेको छ त ? तपाईहरुको छैठौं महाधिवेशनको क्रममा दिइएको 'विचारधारात्मक रुपले एक पार्ने' नारा सफल भयो त ?**

-हो, सफल भयो । छैठौं महाधिवेशनमा सिंगै पार्टी पंक्तिले सर्वसम्मतिबाट जनताको बहुदलीय जनवादलाई हाम्रो पार्टीको मौलिक कार्यक्रमको रूपमा, नेपाली क्रान्तिको सिद्धान्तको रूपमा स्वीकार गऱ्यो र उन्नत किसिमको सिद्धान्तनिष्ठ वैचारिक एकता कायम गऱ्यो ।

**□ तर कार्यनीतिको सवालमा रहेको विवाद नि ?**

-कार्यनीति बारेमा रहेका विवादहरूको सवालमा उहाँहरूले महाधिवेशनको निर्णय मानेर जान्छौं भनिसक्नु भएको छ। मंसिर ५ गतेको केन्द्रीय समितिको ३५ औं वैठकमा नै राजनीतिक प्रतिवेदनमा सर्वसम्मति भइसकेपछिको अवस्थामा पछि उठेका अरू सवालहरूको कुनै अर्थ छैन ।

**□ भिन्न मत पक्षले अहिले पनि ५ वटा बुँदामा नीतिगत सुधार हुनुपर्ने माग गरिरहेको छ नि त ?**

-त्यो नीतिगत सुधारको प्रश्न नै होइन । उहाँहरूले नै भन्नुभएको छ- ती आफ्ना सुझावहरू मात्र हुन् भनेर ।

**□ तर अहिलेको विवाद त त्यसैमा केन्द्रित देखिन्छ नि त ?**

-त्यो कुनै विवादको विषय नै होइन ।

**□ त्यसो भए अमेरिका र भारतको बारेमा, पार्टीभित्रको जनवादको सवालमा सहमति भइसकेको हो त ?**

-मेरो घरमा फागुन ५ गते भएको कुराकानीमा हामीमा अमेरिका, भारत, महाकाली सन्धि, आन्तरिक जनवाद, जनवादी केन्द्रियता, कारवाही र अनुशासनको पालनासम्बन्धी सवालमा पूर्ण सहमति कायम भएको थियो । र, लिखित सहमतिको कागज उहाँहरूले लिएर पनि जानुभएको थियो ।

**□ तर अल्पमत पक्षले त सहमति भएकै छैन भनिरहेको छ नि ? वामदेव गौतमको असहमतिको वक्तव्य नै निस्केको छ !**

-भोलिपल्ट 'जनधारणा साप्ताहिक' मा उहाँले आफ्नो अन्तर्वार्तामा नीतिगत सवालमा सहमति भइसकेको छ, अब खासै कुराहरू बाँकी छैनन् भनेर छाप्नु भएको छ। अब पर्सीपल्ट उहाँले के के कुरा फेर्नुभयो, त्यो त मलाई थाहा भएन ।

**□ महाधिवेशनको अगाडि-पछाडि तपाईहरुले फरक मत राख्नेहरुलाई पेल्नु भएकोले र वैचारिक रुपमा असहिष्णु खालको व्यवहार गर्नुभएकै कारणले पार्टी फुट्दैछ भनिन्छ नि ।**

-यो सही होइन । फरक दस्तावेज लेख्न दिने, त्यसलाई तल लान दिने, अन्तर्क्रिया चलाउन दिने र १ घण्टा होइन, ५-६ घण्टा बोल्न पाउनुपर्ने उहाँहरूको माग पूरा गरिंदा गरिंदै पनि हामी कसरी वैचारिक रूपले असहिष्णु होइन्छ ?

**□ तर महाधिवेशनमा उहाँहरुले ५ मिनेट मात्र भए पनि बोल्नु दिनुपर्छ भन्ने माग गर्दा पनि......**

-होइन, होइन । महाधिवेशनमा पनि जति समय माग गर्नुभयो, त्यति पूर्ण समयभरि क. वामदेवले बोल्न पाउनुभएको थियो । आफ्नो दस्तावेजको पूरै व्याख्या गरिसकेपछि पनि उहाँले 'महासचिवले फेरि बोल्न पाएपछि मैले पनि बोल्न पाउनुपर्छ' भन्नुभयो । त्यसमा पनि बोल्ने मौका पाउनु भएको थियो । त्यसैले, हामीले फरक विचारलाई दबाएका छैनौं, हामी असहिष्णु भएका छैनौं । यहाँसम्म कि, उहाँका विचारहरू पारित नभए पनि त्यसको सम्मान गर्छौं भनेका छौं ।

**□ त्यसो भए किन बहुमतको पेलानको कुरा, अल्पमतका कार्यकर्ताहरुको फँडानीको कुरा पटक-पटक उठिरहेका छन् त ? कहीं फँडानीको भय र बहुमतप्रतिको अविश्वासले गर्दा नै त पार्टी फुट्ने स्थिति आएको हो पनि भनिंदैछ नि ।**

-त्यो गलत हो । बरू अनुशासन तोड्ने काम नै उहाँहरू गर्दै हुनुहुन्छ । यो त 'जो चोर उसको ठूलो स्वर' भने जस्तै भयो । गल्ती आफू गर्ने, पार्टीभित्र विद्रोहको आव्हान आफू गर्ने, अनुशासन आफू तोड्ने, गलत प्रवृत्तिलाई आफैं प्रोत्साहन दिने, तर उल्टै आरोप लगाउने !- यो गलत तरिका हो !

**□ भनेपछि, पार्टीमा अल्पमत पक्षले भनेजस्तो फँडानीको समस्या नै छैन त ?**

-हामी कसैमाथि कुनै पनि खालको अन्याय गर्दैनौं । अन्याय भएको कुनै समस्या आएमा त्यसमा न्याय प्रदान गर्न हामी तयार छौं । त्यसको लागि पार्टीमा अनुशासनसम्बन्धी समिति छ, संगठन विभाग छ। त्यसको आफ्नो विधि र प्रक्रिया छ, आवश्यक भएमा म आफैं पनि चासो राख्न सक्दछु । हामीमाथि विश्वास भएन भने स्वतन्त्र बुद्धिजीवीहरू समेतको पनि स्वतन्त्र संयन्त्र बनाऔं, उहाँहरूलाई त्यसमा चासो लिने, जानकारी लिने, गुनासो सुन्ने र आवश्यक सबै अन्य कुराहरू बुझ्ने, छानबीन गर्ने अधिकार दिन हामी तयार छौं ।

**□ अल्पमत पक्षमा यतिविधि अविश्वास, भय र आशंका वृद्धि हुनुको कारण के जस्तो लाग्छ ?**

-यो त भय पनि होइन ।

**□ के ती सबै देखावटी कुरा मात्रै हुन् त ?**

-हो । हामीले पार्टीको इतिहास खोतल्न सक्छौं, बरू 'मूल्यांकन'ले पनि एउटा टिम बनाओस् र २०२८ सालदेखि अहिलेसम्मको एक-एक चीजको छानबीन गरोस । त्यसरी छानबीन गर्ने कुरामा म सहयोग गर्न तयार छु । पार्टीको माइन्यूट र बहस नोट बुक देखाउन म तयार छु ।

**□ अहिले पार्टीको एकताको कुरा कहाँ अड्किरहेको छ ? के के भयो भने पार्टी जुट्छ ? के के भयो भने फुट्छ ?**

-पद दियो भने जुट्छ, पद दिएन भने फुट्छ ।

**□ पदमै हो, अहिले पार्टीको एकता अड्किरहेको ?**

-त्यही छ, पहिलेदेखि नै त्यही थियो । १४ जनालाई केन्द्रीय समितिमा ल्यायो भने सबै समस्या हल हुन्छ भन्ने कुरा उहाँहरूले महाधिवेशनभन्दा पहिले नै मलाई भन्नुभएको थियो । अहिले पनि सबै कुराको केन्द्रबिन्दु भनेको पद नै भएको छ । उहाँहरूको माग भनेकै पार्टीमा उहाँहरूको प्रभुत्व हुनु पर्दछ...... प्रभुत्व हुन सकेन भने अलग पार्टी बन्छ !

**□ पार्टी फुट्यो भने के हुन्छ ? एमालेभित्र र एमाले बाहिर, सिंगो राष्ट्रिय राजनीतिमा के असर हुन्छ ?**

-अहिले पार्टी फुट्नु भनेको जनताको पनि चाहना होइन, कार्यकर्ताको पनि चाहना होइन । देशी-विदेशी मित्रहरूको त्यस्तो चाहना छैन । जसले पार्टी फोड्छ, त्यसले कम्युनिष्ट आन्दोलनलाई कमजोर पारिरहेको हुन्छ। त्यसले विभाजनको कलंक बोक्नु पर्दछ । त्यसले आफ्नो स्वार्थ पूरा गर्नका लागि सारा जनता-कार्यकर्ताहरूलाई सताउने र पार्टीलाई तहस-नहस पार्ने काम गरेको ठहर्नेछ । विश्वका र नेपालका कम्युनिष्टहरूको, क्रान्तिकारी, देशभक्त र प्रजातान्त्रिकहरूको चाहना छ- एमाले एकताबद्ध होस्, तर विचारको आधारमा, क्रान्तिकारी हिसाबले, विकृति-विसंगतिका विरूद्ध दृढताका साथ जुधेर एकताबद्ध होस् !

**□ तपाईंले एकताबद्ध भएर जाने कुरा त गर्नुभयो, तर तपाईंमाथि के आरोप लागिरहेको छ भने, महासचिवले पार्टी जुटाउनेभन्दा फुटाउने काम र अल्पमतका सांसदहरुलाई फुटाई आफूतिर तान्ने काम बेसी गर्दै हुनुहुन्छ । के यो आरोप स्वीकार्नु हुन्छ ?**

-अल्पमत होस् या बहुमत, म सबै सांसदहरूलाई एकताबद्ध बनाउने काममा लागेको छु । सिंगै पार्टीका कार्यकर्ताहरूलाई एकताको दिशामा अगाडि बढाउन म तयार छु । म साथीहरू विभाजनको दिशामा नजाउन् भन्ने कुराको पक्षमा छु, कुनै पनि गुटको घेराभित्र नबसून् भन्ने पक्षमा छु । र, सबैले सच्चा क्रान्तिकारीका रूपमा, एमालेका इमान्दार कार्यकर्ताको रूपमा भूमिका निभाउन् भन्ने पक्षमा छु ।

**□ तर यहाँले अल्पमतका सांसदहरुलाई अल्पमतले ४० प्रतिशत संख्या जुटाउन नसकोस् भन्ने नियतले काम गरिरहनु भएको भनिन्छ नि ?**

-४० प्रतिशतको कुरै मैले बुझिरहेको

छैन, किन ४० प्रतिशत चाहियो ? यदि फुटाउने चाहना छैन भने ४० प्रतिशत चाहियो किन ? ४० प्रतिशत क-कसलाई दिने ? पार्टी अध्यक्षलाई कति प्रतिशत दिने ? महासचिवलाई र स्थायी कमिटीका प्रत्येक सदस्यलाई कति प्रतिशत दिने, प्रतिशत पनि मान्छेको प्रतिशत हो कि भाषण गर्ने समयको प्रतिशत हो कि मन्त्री बनाउँदाखेरिको प्रतिशत ? विदेश पठाउनका लागि हो कि सांसद उठाउनका लागि प्रतिशत ? केको प्रतिशत ?

❑ **तपाईलाई केको प्रतिशत जस्तो लागिरहेको छ त ?**

-प्रतिशतको हिसाबबाट हुँदै हुँदैन । भोलि गएर जिल्ला अधिवेशनमा नचुनिने जतिले विद्रोही समूह बनाएर प्रतिशतको खोजी गरे भने के गर्ने ? यसले गर्दा पार्टी कहाँ पुग्छ ? पार्टी भनेको गूटको आधारमा, प्रतिशतको आधारमा चल्दैन । फेरि फेरि अर्को कुनै केन्द्रीय सदस्यले यसै गरी प्रतिशत माग्ला रे, के गर्ने, दिने ?

कुनै पनि नेताले गुटको मानसिकता र गुटको नेताभन्दा माथि उठेर सिंगो पार्टीलाई नेतृत्व गर्ने हिसाबले सोच्नु पर्दछ, तब मात्र पार्टी चल्दछ । व्यक्ति माथि नपर्दा, व्यक्तिको विचार अल्पमतमा पर्दा जसरी मओ त्से तुङ र तेङ श्याओ पिङले पद प्रतिष्ठा पाउनका लागि, आफ्नो मान्छेलाई हाल्नका लागि कहिले पार्टी र आन्दोलन फोड्नु भएन, आफ्नो विचार सही छ भन्ने हिसाबले पर्खनु भयो, धैर्यता राख्नुभयो, त्यसरी नै हामीले पनि काम गर्नु पर्दछ र जुनसुकै तहको जिम्मेवारी पनि हाँसीहाँसीकन बोक्नु पर्दछ ।

❑ **अझै पार्टीलाई एकताबद्ध धारी राख्नका लागि अन्तिम प्रयासस्वरुप कुनै सहमति वा संझौताको प्याकेज राख्न चाहनु हुन्छ कि ?**

-हैन, पार्टी फुट्ने किन ? मैले पार्टी फुट्ने कुनै आधार नै देखिरहेको छैन, नीतिगत आधार छैन, राजनीतिक आधार छैन, सगठनात्मक विवादहरू पनि सकिइसकेका छन्, पदबाहेक अरू केहीमा पनि विवाद छैन । पदको बारेमा पनि योग्यता, क्षमता, सकृयताको आधारमा योग्य-सक्षम व्यक्तिहरू नेतृत्वमा आउनु पर्दछ भनिरहेकै छु । पटक पटक यति भनिसकेपछि पनि यो 'कलेक्टिभ बार्गेनिङ' किन ?

❑ **त्यसो भए फेरि किन वार्ताको प्रयास भइरहेको छ त ?**

-मैले उहाँहरूलाई कन्भिन्स गर्ने प्रयास गर्दैछु, चित्त बुझाउने प्रयास गर्दैछु । म आफ्नोतर्फबाट अधिकतम रूपमा लचिलो भएर, पार्टी फुटाउने खतरालाई पनि टार्ने प्रयास गर्दैछु ।

❑ **प्रस्तुतिः राजेन्द्र महर्जन**

बरू पार्टी फुटोस्, तर आफ्नो अडान नछोड्ने प्रवृत्ति उसले प्रदर्शित गर्‍यो । उता अल्पमत पक्षमा पनि पार्टी फुटाउने हतारो र अधैर्यता काफी देखियो । महाधिवेशनको 'सर्वोच्चता' लाई चुनौती दिन पाइन्न भन्दै बहुमत पक्षका 'फूटप्रेमीहरू' यतिखेर अल्पमत पक्षको कुरै सुन्न तयार छैनन् । यसै गरी, 'फलाना, फलानाका दास भएर बाँच्न सकिन्न' भन्दै अल्पमत पक्षमध्येका 'फूटप्रेमीहरू' छिट्टै फुट्ने हतारोमा छन् । उनीहरू दुवैथरिलाई प्रत्यक्ष र परोक्ष रूपमा पार्टीभित्रका 'चैते' कार्यकर्ता र 'चैते' बौद्धिक व्यक्तिहरूको 'प्रेरणा' प्राप्त छ, जो पार्टी फुटेमा मात्र भोलि आफूले कुनै पद वा सिटमा पुग्ने मौका पाउने आशा गर्छन् । यसमा पार्टी बाहिरका दक्षिणपन्थी शक्तिहरूको 'उक्साहट'ले पनि स्वाभाविक रूपमा काम गरिरहेको देखिन्छ ।

बहुमत पक्ष अल्पमत पक्षलाई निर्बल पार्ने गणीतीय 'चाल' मा मात्र विश्वास गरिरहेको छ । अल्पमत पक्ष 'नयाँ पार्टी' को खाका बनाउन र आफ्नो पंक्तिलाई 'सुदृढ गर्ने' तिर लागेको छ ।

दुवैतर्फ अत्यन्त कम मानिसहरू मात्र पार्टी फूटबाट चुकाउनु पर्ने ठूलो मूल्यप्रति गंभीर छन् । 'एकता' को पक्षमा वक्तव्य दिने एमालेका कार्यकर्ता र सांसदहरू पनि अर्को पक्षलाई 'घुँडा टेक्ने आव्हान' मात्र गरिरहेछन् वा 'खबरदार ! पार्टी फुटला ?' भन्ने अमूर्त धम्कीको भाषा मात्र बोलिरहेछन् । एकताका निम्ति मूर्त र ठोस् बाटो खोज्न र देखाउन लागीपर्नेहरूको संख्या औंलामा गन्न सकिने मात्र रहेको छ ।

❑ एमालेको नेतृत्वले विगत सात वर्षमा वैचारिक-सांस्कृतिक क्षेत्रमा पटक्कै काम नगरी नयाँ र कतिपय पुराना कार्यकर्ताहरूलाई यस्तो बनाएछ, जो हालको फूटको स्थितिमा कि त आ-आफ्नो पक्षका नेताहरूले कान फुकेका भरमा र तिनले चलाएका पत्रिकाहरूले उछालेका विरोधहरू पढेका भरमा अर्को पक्षलाई गाली गर्न मात्र जान्दछ, 'हात खुट्टा भाँचिदिने र पजेरो फुटाइदिने' टाइपका धम्की दिन मात्र जान्दछ, कि त व्यर्थ चिन्तित हुन मात्र जान्दछ, आफूले उपाय निकाल्ने भूमिका खेल्न चाहिं जरूरी नै ठान्दैन वा 'जेसुकै होस्, मतलब छैन' भनी काँचो आक्रोश र गैरजिम्मेवारपना देखाउन मात्र जान्दछ ।

आफूले र अन्य जनताले मिलेर बनाएको, आफ्नो उद्देश्य र विचारको बाहक आफ्नो पार्टी फुट्नु भनेको सम्बन्धित व्यक्तिहरूका निम्ति ठूलो मानसिक 'धक्का' को विषय हुने गर्छ । यतिसम्म कि, नेपाली कांग्रेस पार्टी फुट्न फुट्न खोज्दा पनि तलतलसम्मका कार्यकर्ता र नेविसंघका कार्यकर्ता नै पनि, पार्टी अफिस र नेताहरूलाई घेर्न पुगेका



**विवादरत एमाले नेताहरुः क. खड्ग ओली र क. वामदेव गौतम छैठौं महाधिवेशनको अवसरमा**

घटनाहरू थुप्रै पटक हामीले देखेका छौं । सहयोगी र बौद्धिकहरूले मध्यस्थता गरिदिने, वार्ता-कमिटीहरू बनाइदिने र जुटका निम्ति उपायहरू निकाल्न मद्दत गर्ने गरेका घटनाहरू देखिएका छन् ।

एमालेमा भने यस्तो देखिएन । आन्दोलन र पार्टीको 'ठेक्का' केही नेताहरूको हातमा सुम्पेर पार्टी-पंक्ति आ-आफ्नो क्षेत्रमा झगडा गर्नमै, निराश हुनुमै वा चुपचाप अन्यत्र व्यस्त हुनमा नै तल्लीन रहेको पाइयो । जनतालाई 'सशक्तिकरण गर्ने' लक्ष्य बोकेको एउटा 'कम्युनिष्ट पार्टी' को कार्यकर्ता र शुभेच्छुकहरूको आफ्नो 'सशक्तिकरण'को यो स्तर एमाले फुटे पनि वा एमाले जुटे पनि दुवै हालतमा 'चिन्ताजनक' स्तर हो ।

एमालेका अध्यक्ष क. मनमोहन अधिकारी फुटप्रति चिन्तित त हुनुभयो तर 'जुट' गराउनमा दृढ र सक्षम हुन सक्नु भएन । उहाँले गत फागुन ४ गते 'पार्टी फुटेमा आफू दुवैतिर नलाग्ने' आशयको वक्तव्य जारी गरी फुटको गभीरतालाई जनतासमक्ष पुऱ्याउने भूमिका चाहि खेल्नुभयो । तर 'साझा भाषा' र 'सम्मानजनक प्रतिनिधित्व वा एकतर्फी फंडानीको अन्त' रूपी पार्टी फूटका मूल बुँदामै किटानीपूर्ण विकल्प निर्माण गरी लागू गर्न दुवै पक्षलाई बाध्य पार्ने भूमिका खेल्न भने सक्नु भएन ।

> एमालेका अध्यक्ष क. मनमोहन अधिकारी फुटप्रति चिन्तित त हुनुभयो तर 'जुट' गराउनमा दृढ र सक्षम हुन सक्नु भएन ।

❑ त्यसैले, सुनसान पार्टी अफिस, अल्पमतको नयाँ सम्पर्क कार्यालय र अध्यक्षको सुनसान निवासस्थान हुँदै एमालेका दुई गुट पक्षधरहरूका आरोप प्रत्यारोपबीच नेकपा एमाले अहिले तलदेखि माथिसम्म भावनात्मक रूपले दुई फ्याँक भइसकेको छ । अब फूटको औपचारिक घोषणा हुन मात्र बाँकी स्थितिमा यो रहेको छ । तस्वीर पूरै चर्किसक्यो, फ्रेम मात्र फुट्न बाँकी छ ।

## फूटको वातावरण कसरी बन्यो ?

एमाले पार्टीभित्र ३९ सालको पार्टी स्वतन्त्रता सम्बन्धी विवादको दौरान सि.पी. मैनाली महासचिव पदबाट निकालिएपछि पार्टी झण्डै झण्डै फुट्ने स्थितिमा पुगेको थियो । तर त्यतिखेरै नेकपा (चौ म) मा भएको फूटबाट मालेको नेतृत्वले पाठ सिक्यो र फूट टऱ्यो । गंभीर राजनीतिक विवाद त चौथो महाधिवेशन (२०४६) र पाँचौं महाधिवेशन (२०५०) मा पनि भए, तर महाधिवेशनले भिन्न मतलाई संगसंगै लाने काम गरेकाले ती विवादहरू फूटको दिशातिर डोरिएनन् ।

मदन भण्डारीको जीवनकाल अर्थात् २०५० सालसम्म विवादको प्रकृति सैद्धान्तिक राजनीतिक रह्यो । तर २०५१ सालमा एमाले ९ महिने सरकारमा गएपछि सिपी मैनालीलाई सरकारबाट र वामदेव गौतमलाई उपमहासचिव पदबाट निकालिएपछि विवादको प्रकृति सैद्धान्तिकभन्दा ज्यादा व्यक्तिगत स्वार्थ, पद र सुविधाको झगडामा आधारित हुन थाल्यो । एमालेभित्र तलदेखि माथिसम्म भावनात्मक स्तरको मनोमालिन्य चाहिं बहुमत पक्षले भारतीय शासक वर्गलाई खुशी पार्न महाकाली सन्धिलाई जालसाजीपूर्ण तरिकाले बहुमत नआएसम्म पटक पटक मतदान गराएर अन्तमा एक भोटको प्राविधिक अन्तरले केन्द्रीय समिति र संसदबाट जबर्जस्ती पास गरेपछि भयो । यसले पूरै पार्टीलाई दुई खेमामा विभाजित गऱ्यो- महाकाली सन्धि समर्थक र महाकाली सन्धि विरोधी ।



# बहुमत पक्षले एमाले पार्टी फुटाइ सकेको छ !

## बामदेव गौतमसँगको अन्तर्वार्ता

**◆ नेकपा एमालेमा अहिलेको स्थिति के हो ? यो जुट्ने या फुट्ने- कुन दिशातिर गइरहेको छ ?**

-अहिले हाम्रो पार्टी अत्यन्तै संकटग्रस्त अवस्था छ। विभिन्न किसिमका तिकडम, षड्यन्त्र, जालझेल गरी रेडिमेड बहुमतका आधारमा महाधिवेशनमा पूर्ण रूपमा नेतृत्व कब्जा गर्न सफल भएको बहुमत पक्षले छैठौं महाधिवेशनअघिदेखि नै अस्तित्वमा रहेको फरक मत पक्षलाई माइनस गर्ने गलत प्रवृत्ति जारी नै राखेको छ। पार्टीमा जनवादलाई अत्यन्तै कम्जोर पारिएको छ। पार्टीभित्र विचारधारात्मक संघर्ष संचालन गर्ने छूट दिएर पनि विचारका आधारमा भएको विभाजनलाई एउटा अपराधपूर्ण क्रियाकलापको रूपमा चित्रित गर्दै एउटा विचारको पक्षलाई पार्टीबाट र पार्टीको नेतृत्वबाट किनारा लगाउने, पजनी गर्ने कामको थालनी जस्ता प्रकृया एमालेको बहुमत पक्षले गरेको छ। त्यसैले पार्टी फूटको दिशामा छ।

**◆ के त्यो नेतृत्वलाई अन्तर्पार्टी संघर्षबाटै सुधार गर्न सकिने सम्भावना छैन ?**

-पार्टीको नेतृत्वमा सुधारको सम्भावनाको कहिल्यै अन्त हुँदैन। त्यो सुधारको सम्भावना तार्किक आधारमा अहिले पनि रहेको छ। तर मेरो विचारमा यथार्थमा त्यस्तो सुधार हुन सक्ने सम्भावना छैन।

फेरि एमाले पार्टीभित्र केवल नेतृत्वको तौर तरिकामा मात्र हाम्रो मतभेद होइन। पार्टी कसरी संचालन गर्ने भन्ने संगठनात्मक पद्धतिमा पनि हाम्रो मतभेद रहेको हो। पार्टी जनवादी केन्द्रीयताको सिद्धान्तको आधारमा सञ्चालन हुनुपर्छ। तर हाम्रो पार्टीभित्र विगत केही समय यता केन्द्रीयता मात्र जबरजस्त ढंगले लागू गर्ने प्रयत्न भएको छ, जसले पार्टी-निरंकुशताको जन्म भएको छ। पार्टीभित्र विकृति, विसंगति देखिएको छ र विचलन आएको छ।

**◆ एमालेलाई अहिलेको विभाजित नै गर्ने हदको स्थितिमा ल्याइपुऱ्याउने विचलन चाहिँ कहाँबाट, कहिलेदेखि र कसरी शुरु भयो ?**

-यो विचलन महाकाली सन्धिलाई समर्थन गर्ने पार्टीको निर्णयदेखि नै शुरू भएको हो भन्ने मलाई लाग्छ। पार्टीमा सर्वहारा वर्गीय सोचाइ, पार्टी पंक्तिलाई सर्वहाराकरण गर्ने काम र त्यसका लागि संघर्ष हुन नसक्दा पार्टीभित्र निम्न पूँजीवादी मनोवृत्ति बढ्र गयो। पार्टीभित्र जालझेल, तिकडम र षड्यन्त्रले प्रश्रय पाउन थाल्यो र यसले पार्टीभित्र विभिन्न किसिमका गुटबन्दीलाई जन्मायो। यिनै कुराहरूले गर्दा पार्टीभित्र सही विचार र सही नीति कमजोर पर्न गए। पाँचौं महाधिवेशनले अगाडि सारेका राष्ट्रियताको सम्बर्द्धन गर्ने, राष्ट्रिय हितलाई जगेर्ना गर्ने र जनताको संघर्षलाई अगाडि बढाउने सम्बन्धमा अगाडि सारिएका सही नीति र विचारहरू कमजोर पारिँदै गए। फलत: यी सवालहरूमा हाम्रो पार्टीको नेतृत्व र उसको दृष्टिकोण एकपछि अर्को कमजोर बन्दै गयो।

**◆ तपाईंले पार्टीमा जनवादी केन्द्रीयता नभएको कुरा गर्नुभयो। महाधिवेशनमा के के भएको भए चाहिँ जनवादी केन्द्रीयता लागू भएको मान्नुहुन्थ्यो त ?**

-जस्तो, विचार निर्माण गर्ने, प्रतिनिधित्व चयन गर्ने, अन्तर्क्रिया सञ्चालन गर्ने जस्ता सवालमा स्वस्थ प्रजातान्त्रिक तौर तरिका अपनाउन सकेको भए र विचारको भिन्नताको आधारमा मानिसहरूको चरित्र हत्या गर्ने कामलाई रोक्न सकेको भए, जुनसुकै हालतमा पनि जसरी पनि एउटा पक्षलाई पराजित गर्ने ढंगले नभई, विचार र नीतिको श्रेष्ठताको आधारमा पार्टी सदस्यहरूले स्वतन्त्रतापूर्वक एउटा पक्षलाई समर्थन गर्ने, एउटा विचारलाई विरोध गर्ने वातावरण कायम भएको भए हाम्रो पार्टीभित्र जनवादी केन्द्रीयता सन्तुलित ढंगले कायम भएको मान्न सकिन्थ्यो।

**◆ तपाईंहरुको नीतिगत मतभेद मिलिसकेको, फगत तपाईंहरुको नेतृत्वमा ४० प्रतिशत प्रतिनिधित्वको मागमा मात्र कुरा मिल्न नसकेको भन्ने कुराहरु बाहिर आइरहेका छन्। वास्तवमै, नमिलेका ठोस कुराहरु के हुन् ?**

यसमा हामीले पाँचवटा विषयहरू मूलभूत रूपमा उठाउँदै आएका छौं। नेपाली क्रान्तिका लागि समेत आधारभूत प्रश्नको रूपमा रहेको पहिलो, अमेरिकी साम्राज्यवादबारे र दोस्रो, भारतीय शासक वर्गको प्रभुत्ववादका विरूद्ध नेपाली जनताले कस्तो किसिमको संघर्ष गर्नुपर्ने हो, त्यो प्रष्ट र खुला रूपमा किटानी हुनुपर्नेमा छैठौं महाधिवेशनले त्यसमाथि पर्दा हाल्ने भड्काऊपूर्ण नीति लिएर राष्ट्रिय आत्मसमर्पण एवं वर्गीय आत्मसमर्पण गरी मार्क्सवाद-लेनिनवादविरोधी काम गऱ्यो। यसलाई सच्याइनु पर्छ भन्ने कुरालाई जबरजस्त मागको रूपमा हामीले उठाइरहेका छौं। तेस्रो, नेपाल र भारत सरकारबीच भएको महाकाली सन्धिले नेपालको राष्ट्रिय हित गर्न नसक्ने, नेपालको सार्वभौमिकतामाथि भारतीय हस्तक्षेपलाई समाप्त गर्न नसक्ने हुनाले त्यसमा समर्थन जनाएर एमालेले गल्ती गरेकोले त्यसमा आत्मालोचना गर्नुपर्छ भन्ने हाम्रो माग हो। चौथो, अन्तरपार्टी जनवादसँग सम्बन्धित सवाल हो। पार्टी सञ्चालन गर्ने सवालमा सधैंभरि प्राविधिक संख्याका

---

पहिले विवाद मूलत: सि.पी. पक्ष र बहुमत पक्षबीच हुने गर्थ्यो। सि.पी. मैनालीको अडान दरो र भरोसिलो नहुनाको कारणले सि.पी. पक्ष कमजोर हुँदै गएको थियो। कार्यकर्ताहरूको उहाँप्रतिको विश्वास टुट्दै गएको थियो। तर महाकाली विवादपछि वामदेव पक्ष पनि सि.पी.सित एक हुन पुग्यो र त्यसपछि यो पक्ष केन्द्रमा बहुमतयुक्त हुन पुग्यो। यस पक्षले यति नै बेला महासचिव माधव नेपाललाई पदबाट निकाल्न खोजेपछि यो विवादले द्वेष र बदलामा आधारित झगडाको रूप लियो। यो झगडा एक आपसमा व्यक्तिगत भण्डाफोर र गाँड कोराकोरको तहसम्म ओर्लियो।

२०५३ सालमा राप्रपा-एमाले गठबन्धन सरकारमा पुग्दा वामदेवको अगुवाइमा रहेको आफ्नै सरकारलाई पार्टीको अर्को पक्षले बिल्कुलै असहयोग गर्ने, बदनाम गर्ने र गिराउन समेत भूमिका खेल्ने हदको वैमनस्य एक आपसमा सिर्जना भइसकेको थियो। दुई पक्षबीचको सम्बन्ध अब लगभग शत्रुतापूर्ण सम्बन्धमा रूपान्तरित भएको थियो।

यही व्यक्तिगत वैमनस्य, द्वेष, बदलाको भावना र शत्रुतापूर्ण सम्बन्धको पृष्ठभूमिमा सम्पन्न पार्टीको छैठौं महाधिवेशनमा तिनै कुप्रवृत्तिहरू चुलिएर आपसमा कुटाकुटसम्म र फुटसम्म हुन पुगेको हो।

महाधिवेशनको तयारीको सिलसिलामा दस्तावेज लेख्ने र प्रतिनिधि छान्ने प्रक्रियामा यही व्यक्तिगत स्वार्थमा र अहंकारमा आधारित शत्रुता र द्वेषपूर्ण आपसी सम्बन्धले सबैभन्दा ज्यादा काम गऱ्यो।

क. वामदेवले कार्यनीतिको दस्तावेज लेखेपछि त्यही सारको दस्तावेज क. माधवले पनि लेख्नु व्यक्तिगत स्वार्थ र अहंकारको टक्कर सिवाय केही थिएन। महाधिवेशनका प्रतिनिधिहरूको छनौटमा पंचायती चुनावलाई समेत बिर्सने शैलीमा भएका खुलेआम धाँधलीहरू, स्वयंसेवककै चयनमा भएका भेदभाव र विवादहरू, बहस विवादको दौरानमा भएका एक आपसका नितान्त व्यक्तिगत भण्डाफोर र गालीगलौजहरू व्यक्तिगत स्वार्थ र अहंकारकै टक्करका अभिव्यक्तिहरू थिए।

महाधिवेशनको संघारमा पुगेपछि केन्द्रीय समितिको शक्ति सन्तुलन पुन: उल्टियो। क. माधव पक्षले क. युवराज ज्ञवाली, क. वाचस्पति देवकोटा, क. सुरेन्द्र पाण्डे र क. झलनाथ खनाललाई येनकेन प्रकारेण आफ्नो पक्षमा लिन सफल भएपछि यो पक्ष पुन: केन्द्रमा बहुमत हुन पुग्यो।

पार्टीको सत्ता महाकाली सन्धि समर्थकहरूको हातबाट बाहिर जान कुनै पनि हालतमा नदिने रणनीति बहुमत पक्षको रहयो। त्यसैले, अल्पमत पक्षको केही हदसम्मको अव्यवस्था र केही हदसम्म सांगठनिक काममा रहेको यसको अकर्मण्यताको समेत फाइदा उठाई बहुमत पक्षले महाधिवेशनको अधिकांश जिम्मेवारी समेतमा चलाकीपूर्वक आफ्नो बाहुल्यता कायम गऱ्यो। त्यसका विरूद्ध रणनीति बनाउन अल्पमत पक्षले महाधिवेशनको पूर्व सन्ध्यामा छुट्टै 'बुटवल भेला' डाक्यो। यसबाट बहुमत पक्ष अल्पमत पक्षका विरूद्ध अरू ज्यादा आक्रामक र उत्तेजित भयो। वास्तवमा,

# कस्तो बन्दैछ भिन्नमत पक्षको 'नयाँ पार्टी' ?

आधारमा मानिसहरूलाई तल पारी निर्णय गर्ने, आफ्नो विचार लाद्ने हालसम्म कायम निरकुश शैली तुरुन्त अन्त्य गरिनु पर्ने र जनवादको सुनिश्चितता गरिनु पर्ने हाम्रो माग हो । पाँचौ माग चाहिँ, नेतृत्वमा सम्मानजनक प्रतिनिधित्वको माग हो । नेतृत्व बहुमतकै हुनुपर्छ तर नेकपा एमालेको माथिदेखि तलसम्म छरिएर रहेका फरक मतका कमरेडहरूलाई विश्वासमा लिएर बृहत्तर एकता कायम गर्नका निम्ति फरक मतका पक्षमा रहेका योग्य, सक्षम र सक्रिय व्यक्तिरूलाई 'विचारकै आधारमा भेदभाव गरियो है' भन्ने नपर्ने गरी पार्टीको नेतृत्वमा लानुपर्छ र त्यो सम्मानजनक हुनुपर्छ ।

जहाँसम्म ४० प्रतिशतको कुरा छ, हामीले उहाँहरूको अगाडि उठाएको माग त ४५ र ५५ को प्रतिनिधित्वको हो । शुरूमा त हामीले सम्मानजनक प्रतिनिधित्वको कुरा मात्रै उठाएका थियौं । उहाँहरूले हामीलाई किटेरै संख्या सोधेपछि मात्र हामीले यो प्रतिशतको कुरा उठाएका हौं ।

**◆ नीतिगत रुपमा तपाईंहरुबीच यी पाँच बुँदाहरुमा सहमति भएको भए के तपाईंहरु नेतृत्वमा नबसिकनै पनि एमालेभित्रै रहेर अगाडि जान सक्ने स्थिति थियो त ?**

-हामीले यी पाँचवटा बुँदासँगै उठाएको अर्को सवाल नेतृत्व निर्माण सम्बन्धी नीति के हो भन्ने सवाल पनि हो । यदि पार्टी एकताबद्ध भएर जाने हो भने, फरक मत पक्षमा रहेका व्यक्तिहरू चाहिँ नेतृत्वबाट हट्नै पर्ने कुरालाई लागू गरेर जाने हो भने, त्यसले पार्टीमा एकता हैन, फूटको कुरा प्रभावी हुनेछ र त्यसले गलत तरिकाले पार्टीलाई विभाजन गरेर छोड्ने छ । हामीले लगातार उठाउँदै आएको जबरजस्त माग के हो भने, माथिका पाँचैवटा कुरालाई उत्तिकै महत्वका साथ एउटै प्याकेजको रूपमा स्वीकारिनु पर्छ । यसमा सहमति भएको भए, नेतृत्वमा हुने प्रतिनिधित्वमा बहुमत पक्ष वा अल्पमत पक्षमा संख्याको सामान्य तलमाथिले केही फरक पार्दैनथ्यो ।

**◆ तपाईंले भ्रष्ट व्यक्तिहरुलाई समेत नेतृत्वमा ल्याउनै पर्छ भनी चाहेको जस्ता कुराहरु प्रचारमा आइरहेको छ नि !**

-पार्टीभित्रका कुनै पनि नेतामाथि भ्रष्टचारको आरोप लागेको छ भने, त्यसको गोप्य कमिटीद्वारा हैन, सार्वजनिक रूपमा छानबीन हुनुपर्छ र प्रमाणित भयो भने सार्वजनिक रूपमा सजाय गरिनुपर्छ भन्ने कुरा त मैले जबरजस्त रूपमा उठाइरहेको छु । बरू बहुमत पक्षले चाहिँ, पीठ पछाडि निराधार रूपमा आरोप लगाउने, तर तथ्य प्रमाणका आधारमा छलफल गर्ने स्थिति आउँदा पछि हट्ने, गल्ती गर्ने कमरेडहरूको गल्तीलाई अगाडि सारी बहुमत पक्षलाई समर्थन गरे त्यसलाई ढाकछोप गर्ने, त्यस्ता कमी कमजोरी र गल्तीहरूलाई पर्दा लगाउने, अपराधलाई ढाकछोप गर्ने, तर समर्थन नगरे त्यसलाई बाहिर ल्याउने कुरा जस्ता गलत तौर तरिका अपनाउँदै आएको छ । यसको तथ्य प्रमाण महाकाली सन्धिको बेला, महासचिव हटाउने बेलाका घटनाक्रमहरूमा पनि छन् ।

मैले नेतृत्वमा सम्मानजनक प्रतिनिधित्व गराइनुपर्छ भन्दै आएका कमरेडहरू महाधिवेशनका प्रतिनिधिहरू हुन् र पार्टीले मान्यता दिएका व्यक्तिहरू हुन् । महाधिवेशनसम्म पर्दा पनि कारवाही गर्न नसक्ने र कुरा उठ्न नसक्ने, तर अहिले भने यस्तो आरोप लगाउनु तथ्यहीन कुरा हो ।

**◆ अबको स्थितिमा के भयो भने चाहिँ पार्टी जुट्छ र के भयो भने चाहिँ पार्टी फुट्छ त ? बुँदागत रुपमा भन्नुपर्दा, तपाई के भन्नुहुन्छ ?**

-वास्तवमै बहुमत पक्षले पार्टी फुटाइसकेको छ । विभाजन गरिसकेको छ । त्यो विभाजनलाई अन्त्य गर्ने अस्तिसम्म पनि हामीले गम्भीर प्रयत्न गर्‍यौं । बहुमत पक्षले पटक्कै गरेन । सांसदहरूले, राजधानीमा रहेका बुद्धिजीवीहरूले र कार्यकर्ताहरूले र हाम्रा धेरै शुभेच्छुकहरूले पनि पार्टी एकताको लागि प्रयत्न गर्नुभयो । जसको परिणामस्वरूप, फागुन ५ गते हामीले महासचिवको घरमा एकता वार्ता गर्‍यौं । तर त्यो एकता वार्तामा पनि उहाँहरूले जालझेल, षड्यन्त्र र तिकडमहरू गर्नुभयो । त्यसैले, त्यहाँ कुनै कुरामा सहमति नभएकोले हामी वार्ता असफल भएको जनाउँदै बिदावारी भयौं । तर भोलिपल्ट एक पक्षीय रूपमा सहमित भयो भनी प्रचार गर्नुभयो र हामीलाई अपराधी घोषित गर्नुभयो । यसरी पार्टी एकताको सम्भावनालाई उहाँहरूले नै अन्त्य गर्नुभयो । त्यसैले विभाजनले औपचारिक रूप लिनेतर्फ नै अग्रसर भइरहेको मैले देखेको छु ।

**◆ एमाले पार्टी विभाजन भयो भने, त्यसले सिंगो राष्ट्रिय राजनीतिमा र स्वयं एमाले पार्टीमा समेत कस्तो असर पार्ने मूल्यांकन गर्नुभएको छ ?**

हाम्रो पार्टी एक किसिमले विभाजित भइसकेको छ । त्यसले विभाजनको औपचारिक रूप लियो भने, अर्को पार्टी निर्माण हुन्छ । त्यो अर्को पार्टीले लिने नीति, विचार, त्यसका सिद्धान्त, त्यसले अगाडि सार्ने कार्यक्रम र कार्यनीतिको आधारमा नै त्यसले मुलुकमा कस्तो असर पर्छ भन्ने अनुमान गर्ने हो ।

विदेशी शक्तिका सामु आत्मसमर्पण गर्ने नीति अवलम्बन गर्ने पार्टीले तत्कालको निम्ति एकताबद्ध भइरहँदा केही शक्ति आर्जन गरेको देखिए तापनि त्यो अत्यन्त खतरनाक, हानिकारक र राष्ट्रिय हित विपरीत स्थिति हुनेछ । अहिले आत्मसमर्पणवादी विचार र नीतिका कारण पार्टीमा छाइरहेको निराशाको स्थितिबीचमा नयाँ पार्टी निर्माण हुन्छ भने, त्यो निराशालाई चिर्ने सकारात्मक कदम हुनेछ । पार्टी विभाजनले तत्कालीन रूपमा केही नोक्सानी र नकारात्मक असरहरू देखा परे तापनि दीर्घकालीन रूपमा त्यसले व्यापक एकता र जनताको संघर्षलाई दिशा प्रदान गर्ने काम गर्ने भएकोले त्यसबाट राष्ट्र, जनता र नेकपा एमालेका सम्पूर्ण क्रान्तिकारी कमरेडहरूका निम्ति सकारात्मक र राम्रो परिणाम निस्कने छ ।

**◆ त्यस नयाँ पार्टीले लिने दिशा चाहिँ कस्तो हुनेछ ?**

हामीले क्रान्तिकारी सर्वहारा वर्गीय पार्टी निर्माण गर्ने दिशामा जानुपर्छ । त्यसले मुलुकको राष्ट्रिय हितको सवालमा स्पष्ट नीतिहरू, जनवादी क्रान्ति सम्पन्न गर्ने सवालमा स्पष्ट दिशा अगाडि सार्नुपर्छ र अहिले नेपाली जनताको संघर्षलाई प्रभावकारी ढंगले अगाडि बढाउने र त्यसलाई सफलतासम्म लैजाने दिशामा आफ्ना नीति, विचार र कार्यक्रमहरू स्पष्ट पार्नुपर्छ । त्यसले मुलुकका सर्वहारा श्रमजीवी जनता र त्यसका सहयोगी मित्रहरूलाई गोलबन्द गर्ने जस्ता कामहरू गर्नेछ । संसदीय क्षेत्रका संघर्षलाई महत्वका साथ प्रभावकारी ढंगले अगाडि बढाउनुका साथसाथै हामीले गैर संसदीय क्षेत्रका संघर्षलाई पनि त्यत्तिकै महत्वका साथ अगाडि बढाउने काम यसले गर्नेछ । यसको मूल ध्येय आमूल परिवर्तनको दिशा सुनिश्चित गर्ने र त्यसमा दृढतापूर्वक अगाडि बढ्ने हुनेछ । ◆

-प्रस्तुतिः राजेन्द्र महर्जन / चन्द्र खाकी

## बहुमत पक्षले महाधिवेशनको बाहिरी परिसरमा प्रहरी फोर्स तैनाथ गराएपछि विवादले खुला भीडन्त र झगडाको रुप लियो ।



नेपालगंजमा एमालेको छैठौं महाधिवेशनमा भएको 'हंगामा' यही उत्तेजनाको परिणति थियो ।

माघ १२ गते महाधिवेशनको उद्घाटन सत्रमा आसन ग्रहण कार्यक्रममा अरू सबैको नाम उच्चारण गर्ने उद्घोषक क. प्रदीप नेपालले क. वामदेव, क. सि.पी.को नाम उच्चारण गर्न समेत रूचि नराखी सिंगै एमाले स्थायी समितिका सबै सदस्यहरूको नाम नलिएको घटनाले नै एमालेभित्रको मतभेदको स्तर कस्तो भइसकेको थियो भन्ने कुरा स्पष्ट देखाएको थियो । अल्पमत पक्षको 'आफ्ना पक्षका मान्छेलाई महाधिवेशनको काम नै नदिइएको' गुनासो र बहुमत पक्षको 'अल्पमत पक्षले काम गर्न नै नचाहेको' आरोपबीच माघ १३ गते बन्द सत्र शुरू हुने बेलामा नै केन्द्रले मनोनयन गर्ने प्रतिशत सिटमा पनि बहुमत पक्षधरहरूको गह्रौं बाहुल्यताले विवादमा थप बल थप्यो । क. जीवराज आश्रितकी श्रीमती माया ज्ञवाली र शहीद क. नेत्र घिमिरेकी श्रीमती जीवन घिमिरेसम्म पनि सो मनोनयनमा नपर्नुको कारण आक्रोशित अल्पमत पक्षधर कार्यकर्ताहरूको आक्रमक उत्तेजनाबाट तर्सिएर बहुमत पक्षले महाधिवेशनको बाहिरी परिसरमा प्रहरी फोर्स तैनाथ गराएपछि विवादले खुला भीडन्त र झगडाको रूपमा लियो । 'प्रहरी हटाऊ, महाधिवेशनको सुरक्षा हामी गर्छौं' भन्ने अल्पमत पक्षधर कार्यकर्ताहरूको भीडले १४ गते महाधिवेशनमा प्रवेश गर्ने प्रतिनिधिहरूको बाटो छेक्न थाल्दा भनाभन र विवाद भई बाहिरी कुटाकुट भएको र त्यसको प्रतिक्रयामा भित्र महाधिवेशनको बहुमत पक्षले बाहिरको

भीडको नेतृत्व गर्ने अल्पमत पक्षीय विद्यार्थी नेताहरू क. योगेश भट्टराई र क. रूपनारायण श्रेष्ठको पार्टी सदस्यता नै खारेज गरिदिएपछि झगडाले उग्र रूप लियो । यसैबीच, बन्दसत्रमा पहिलो दिन माघ १३ गते शुरूमा बोल्ने पालो मागेका क. वामदेव गौतमलाई बोल्न समेत नदिइएको आक्रोश पनि यो १४ गतेको झगडाको आगोमा 'घीउ' साबित भयो ।

पार्टीको महाधिवेशन क्रान्ति र देशका आधारभूत सवालहरूमा गंभीर विचार विमर्श गरेर निष्कर्ष निकाल्ने सर्वोच्च थलो हुनुपर्ने । महाधिवेशन नेता, कार्यकर्ताहरूको वैचारिक सांस्कृतिक स्तर उठाउने विश्वविद्यालय जस्तो हुनुपर्ने । तर एमालेको छैठौं महाधिवेशन त्यस्तो भएन । यो महाधिवेशनले एमालेले पहिले हासिल गरिसकेको वैचारिक सांस्कृतिक स्तरमा पनि क्षय ल्याउने कार्य मात्र गऱ्यो । क्रान्ति र देशका आधारभूत सवालमा त महाधिवेशन केन्द्रितै भएन । यो केन्द्रित भयो: दुईथरि गूटको शत्रुतापूर्ण दाउपेचमा, आक्रमण र प्रतिरक्षामा र एकले अर्को पक्षलाई बहिस्कृत गर्ने षड्यन्त्रमा । कुनै एउटै पार्टीको महाधिवेशन हुँदैछ भन्ने कतै अनुभूति नै हुँदैनथ्यो- महाधिवेशन हेर्दा । अखिल र नेविसंघले एकै समयमा, एकै थलोमा आमसभा गर्न खोज्दा जे जस्तो स्थिति हुन्छ, त्यस्तै हालत देखिन्थ्यो महाधिवेशन थलोमा ।

यो महाधिवेशनलाई विचारधारात्मक एकताको महाधिवेशनको नाम त दिइयो । तर व्यवहारमा महाधिवेशनमा विचारधारात्मक एकताको लागि कुनै पहल, कुनै प्रयत्न कतैबाट पनि भएको देखिन्नथ्यो । महाधिवेशनको अध्यक्ष मण्डल बन्यो, अत्यधिक भारी संख्यामा एक पक्षका मान्छे मात्र राखेर । स्वयंसेवकहरू परिचालन गरिए, एक पक्षको मात्र । छलफलका निम्ति ग्रुप नेताहरू पनि तोकिए- एक पक्षका मात्र । महाकाली सन्धिबारे केशवलाल श्रेष्ठको दस्तावेज अलग्गै थियो, तर त्यस दस्तावेजबारे अलग्गै मतदान गराइएन । अत्यन्त चलाखीपूर्वक त्यसलाई वामदेवको फरकमतको दस्तावेजसँगै गाँसेर एकमुष्ठ मतदान गराइयो । फरक मत पक्षले उठाएको कुनै पनि आधारभूत मुद्दामा अलग अलग सवालमा अलग अलग मतदान गराइएन । सबै सवाललाई एक मुष्ठ मतदान गराइयो । फलत: ५९८ को विरूद्ध २४४ मत पाएर फरक मतको एक मुष्ठ विचार पराजित भयो ।

यी सबै कुराको परिणाम के भयो भने- केन्द्रीय समिति चुन्ने बिन्दुसम्म आइपुग्दा फरक मत पक्षले केन्द्रीय समितिका लागि आफ्नो मनोनयन पत्र नै पेश गरेन । उनीहरू केन्द्रीय समितिमा सामेल नै भएनन् । खालि बहुमत पक्षको एकलौटी केन्द्रीय समिति बन्यो । यसरी, एमाले एकताको महाधिवेशनको अन्तसम्म पुग्दा भावनात्मक फूटको उत्कर्षमा पुग्यो ।

महाधिवेशनबाट फर्केपछि फरक मत पक्षधरहरू अलग्गै पार्टी खोल्ने प्रक्रियामा लागे । जितको मानसिकता बोकेका बहुमतहरू देशव्यापी सन्देश सभा आयोजना गर्न अग्रसर भए । फरक मत पक्षधरहरूले सन्देश सभालाई बहिष्कार गरे । एमालेका सन्देश सभाहरू यसपालि यत्रतत्र उत्साहहीन र अति साना देखिए ।

यसैबीच, एमालेकै पहलमा संसदको विशेष अधिवेशनको सामना गर्नुपर्ने स्थिति आइलाग्यो । फागुन ८ गते अविश्वासको प्रस्तावमा मतदान हुने र अविश्वास प्रस्ताव फेल भएमा तुरून्तै मध्यावधिको घोषणा हुने प्रबल संभावना देखा पऱ्यो । पार्टीको केन्द्रीय निकायमा नरहेका फरक मत पक्षधरहरूलाई यसबाट तुरून्तै



## महाधिवेशनले नेकपा एमाले पतनको दिशामा गइरहेको संकेत गरेको छ !

◆ **मोहनविक्रम सिंह**

*महामन्त्री- नेकपा मसाल*

**❑ भर्खरै नेपालगंजमा सम्पन्न एमालेको छैठौं महाधिवेशनलाई तपाईंले कसरी लिनु भएको छ ?**

-महाधिवेशनमा जुन अन्तर्विरोध तथा अन्तरसंघर्षहरू चर्को रूपमा देखा परे, त्यो कुनै आधारभूत सैद्धान्तिक कुरालाई लिएर भएन । एमालेले जुन मार्क्सवाद-लेनिनवादका आधारभूत सिद्धान्तलाई तिलाञ्जली दिई दक्षिणपन्थी बाटो लिइरहेको छ, त्यस्तै, त्यसले जुन माओ विचारधारालाई छोडेको छ, ती कुराहरूबारे महाधिवेशनमा कुनै प्रतिनिधिले पनि सवाल उठाएको देखिएन । र, यी आधारभूत कुराहरूलाई लिई त्यहाँ कुनै अन्तर्विरोध र अन्तरसंघर्ष भएन । महाधिवेशनमा उपस्थित सम्पूर्ण प्रतिनिधिहरूले अहिले एमालेले लिएको दक्षिणपन्थी बाटोलाई नै स्वीकारेको देखिन्छ । त्यहाँ चलेको संघर्ष भनेको यही घेराभित्र मात्र सीमित थियो ।

अर्को कुरा, महाधिवेशनमा जुन कुटाकुटको स्थिति देखापऱ्यो, त्यस्तो त अहिलेसम्म कुनै पनि पार्टीको सम्मेलनमा देखा परेको छैन । त्यस्तो स्थिति त कांग्रेस तथा राप्रपा जस्ता प्रतिक्रियावादी पार्टीहरूको महाधिवेशनमा पनि देखा परेन । यसले एमाले अहिले पतनको दिशामा गइरहेको छ भन्ने कुराको संकेत दिएको छ ।

एउटा स्मरणीय कुरा के छ भने, एमालेले देशको राजनीतिमा बारम्बार गुण्डागर्दीको चरित्र देखाउदै आएको छ । जस्तो कि, गत स्थानीय चुनावमा पनि ठाउँ ठाउँमा उनीहरूले प्रशस्त गुण्डागर्दी गरेको देखियो । अर्घाखाँचीको हंशपुरमा नै अन्य ठाउँबाट गुण्डाहरू ल्याएर उनीहरूले एउटा आतंकको स्थिति सृजना गरी मतदानलाई आफ्नो कब्जामा लिने काम गरे । हाम्रो पार्टीका कार्यकर्ताहरूलाई चक्कु, छुरी आदि घातक हतियारहरू देखाई उनीहरूले आक्रमण गर्ने काम गरे । अहिले वास्तवमा त्यो गुण्डागर्दी चरित्र आफ्नै पार्टीभित्र पनि फरक मतहरूबीच लागू भएको मात्र हो ।

यी सबै कुराहरू हुँदाहुँदै पनि महाधिवेशनमा राष्ट्रियताको सवालमा, महाकाली सन्धिको विरोधको सवालमा, भारतीय प्रभुत्ववाद र अमेरिकी साम्राज्यवादको विरूद्धको सवालमा पार्टीले लिएको गलत नीतिलाई लिएर कार्यकर्ताहरूको विरोधको जुन चर्को स्वर घन्कियो, यो एउटा महत्वपूर्ण र सकारात्मक कुरा थियो । त्यो स्वर जुनसुकै नियतबाट उठेको भए पनि, त्यसले देशमा राष्ट्रियताको लागि साम्राज्यवादको विरूद्धमा हुने संघर्षलाई टेवा नै पुऱ्याउँछ भन्ने हामीलाई लागेको छ ।

**❑ अहिलेको अधिवेशन हुनुभन्दा अगाडि र पछाडिको समयमा एमालेमा के भिन्नता आएको पाउनु भएको छ ?**

-एमालेमा सिद्धान्त र रणनीतिको सवालमा सबैको मत एउटै देखिन्छ । त्यसैले तात्कालिक कार्यनीतिको सवाललाई मात्र लिई बहुमत र अल्पमतबीच भएको मतमतान्तर कुनै खास महत्वको देखिंदैन । अर्को, यो महाधिवेशनले अघिल्लो महाधिवेशनका कैयौं महत्वपूर्ण कुराहरूलाई परिवर्तन गरेको छ, जस्तो राजालाई हेर्ने दृष्टिकोण, भारतीय विस्तारवादलाई हेर्ने दृष्टिकोण, अमेरिकी साम्राज्यवादलाई हेर्ने दृष्टिकोण आदि । यी कुराहरूलाई लिएर पनि अल्पमत र बहुमत बीच चर्को अन्तर्संघर्षहरू भए । तर, नीतिगत कुराहरू या विचारका कुराहरूमा जे जति भिन्नताहरू भए पनि तात्कालीक स्वार्थका कुराहरू आउँदा तिनीहरू मिल्छन् भन्ने कुरा विगतको इतिहासले देखाइरहेको छ । त्यसैले, अल्पमतको विरोधको स्वरमा पनि कतिको दम छ भन्ने कुरा अझै हेर्न नै बाँकी छ ।

❑ **प्रस्तुति: तुलसीदास महर्जन**

**अखिल र नेविसंघले एकै समयमा, एकै थलोमा आमसभा गर्न खोज्दा जे जस्तो स्थिति हुन्छ, त्यस्तै हालत देखिन्थ्यो महाधिवेशन थलोमा ।**

एमालेका नेताहरु: राधाकृष्ण मैनाली, झलनाथ खनाल र खड्ग ओली



पार्टीगत अस्तित्वको समस्या पैदा हुने देखियो । त्यसैले उनहिरूले पार्टीमा ४० प्रतिशत संख्या नपुगे पनि संसदीय दलको ४० प्रतिशत पुऱ्याएर अलग्गै संसदीय दल दर्ता गर्ने तयारी गरे । फागुन ४ गते पुग्दा सांसदहरूको ४० प्रतिशतभन्दा पनि बेसीको हस्ताक्षर जुटाउन उनीहरू सफल भए । फागुन ७ गते बिदा परेकाले उनीहरू फागुन ५ गते नै नयाँ संसदीय दल दर्ता गर्न तम्तयार भए ।

यो थाहा पाएर अध्यक्ष क. मनमोहन अधिकारीले ४ गते बिहान दुवै पक्षलाई वार्ता गर्न आफ्नो निवासमा डाक्नु भयो । तर बहुमत पक्ष वार्तामा आएन । त्यसै दिन क. मनमोहनले पार्टी फुटेमा आफू कतैतिर पनि नलाग्ने दवाब-वक्तव्य दिनुभयो । क. पद्मरत्न तुलाधर र अन्य बौद्धिकहरूको टोलीको अनुरोधमा (जसमा मूल्याकनको पनि सक्रिय सहभागिता थियो) अध्यक्षले दिउँसो वार्ताको लागि दुवै पक्षसंग पुनः समय लिनुभयो । तर बहुमत पक्षका मुख्य नेताहरू तोकिएको समयमा आएनन् । क. पद्मरत्न तुलाधर, डा. चैतन्य मिश्र, गोविन्द भट्ट, डा. मंगलसिद्धि मान्धर र श्याम श्रेष्ठ बहुमत पक्षका नेताहरूलाई अध्यक्षको निवास महाराजगंजमा ल्याउन एमाले पार्टी कार्यालय बल्खूमा जानुभयो । तर महासचिवले 'चौरमा', 'भीडमा' आफू नजाने कुरा गरी बौद्धिकहरूलाई रित्तै फर्काउनु भयो । र, अब पार्टी-फूट अवश्यंभावी देखियो ।

पार्टी फुट्ने निश्चित भएपछि त्यही दिन मध्य राति एमाले केन्द्रीय समितिको आकस्मिक बैठक बस्यो । त्यो बैठकले फूटलाई टार्न केही सवालमा लच्किलो हुने र फरक मत पक्षधरहरूसित तुरून्तै वार्ता गर्ने निर्णय गऱ्यो । भोलिपल्ट फागुन ५ गते दुबै पक्षबीच दिनभरि वार्ता भयो पनि र विवादग्रस्त केही सवालमा साझा सहमति निकालियो पनि । तर नेतृत्व निर्माणको सवालमा पुगेपछि वार्ता भंग भयो । बहुमत पक्ष खालि रहेको आठ सिट सिवाय अरू ज्यादा सिट दिन पटक्कै तयार भएन, भिन्नमत पक्ष ४० प्रतिशत सिट नपाई केन्द्रीय समितिमा सहभागी हुन बिल्कुलै तयार भएन । भिन्नमत पक्षले आफूले उठाएका पाँचवटै सवाललाई एकीकृत प्याकेजको रूपमा उठाएको र कुनै एउटा सवाल मात्र हल भएन भने पनि पूरै प्याकेजमा असर पार्ने हुनाले त्यो अस्वीकार्य हुने तर्क अघि सार्‍यो । बहुमत पक्षले 'नीतिगत सारा कुरा मिलिसकेको, खालि पदको भागबण्डा मात्र नमिलेकोले वार्ता टुटेको' दावी गऱ्यो ।

## सहमति अलपत्र पऱ्यो

५ गते दिनभरको वार्ताको सहमति भनी ६ गते महासचिव क. माधवकुमार नेपालले एक सार्वजनिक वक्तव्य जारी गर्नुभयो । यस वक्तव्यले निम्न सवालमा सहमति भइसकेको दावी गरेको छ-

- ❑ एमालेको बहुमतको पारित राजनीतिक प्रतिवेदनमा 'सोभियत संघको विघटनपछि अमेरिकाले एक मात्र महाशक्तिको रूपमा रहेर विश्वमा हैकम कायम गर्ने प्रयत्न गरिरहेको छ' भन्ने वाक्य रहेकोमा त्यसमा 'त्यो नै वर्तमान अवस्थामा विश्व पूँजीवाद तथा साम्राज्यवादको मूल केन्द्र बनेको छ' भन्ने कुरा थप्ने सहमति भएको ।
- ❑ 'भारतले छिमेकी देशहरूसंग सुमधुर सम्बन्ध कायम गर्न नयाँ धारणाका रूपमा गुजराल सिद्धान्त अवलम्बन गरेको भने पनि व्यवहारमा पुरानो मानसिकता हट्न सकेको छैन' भन्ने साविक वाक्यमा 'भारतेली शासकहरूले आफ्नो क्षेत्रीय प्रभुत्ववादको नीति र व्यवहारलाई कायमै राखेका छन्' भन्ने कुरा थप्ने सहमति भएको ।
- ❑ महाकाली सन्धिबारे पार्टीको ३० औं बैठकको निर्णयलाई मान्ने र पार्टीको आधिकारिक निर्णय र धारणाको पालना गर्ने, सन्धिबारे पार्टीभित्र व्यक्तिगत रूपमा फरक मत बनाउन पाइने तर विवादका रूपमा अभियान चलाउन नपाइने, बाहिर भिन्न मत छ भन्न पाइने तर व्याख्या गर्न, आरोप प्रत्यारोप चलाउन नपाइने सहमति भएको ।
- ❑ क. योगेश भट्टराई र क. रूपनारायण श्रेष्ठमाथिको कारवाहीबारे पहिले नै गठित छानबीन आयोगको प्रकृया पूरा गरी उहाँहरूको पार्टी सदस्यता पुनर्वहाली गर्ने सहमति भएको ।
- ❑ सबै कमरेडहरूलाई योग्यता, क्षमता, सक्रियताको आधारमा बिना भेदभाव जिम्मेवारी दिने सहमति भएको ।

तर यो सहमतिलाई अल्पमत पक्षले पनि 'सहमति भएको हो' भनी स्वीकारेन र पछि बसेको एमाले केन्द्रीय समितिले पनि यसबारे चुँ बोलेन । उल्टो, हाम्रो एक सवाद सूत्रले बताएअनुसार, एमालेको केन्द्रीय कमिटीमा महासचिव क. माधवकुमार नेपाललाई उक्त सहमति र वक्तव्यका निम्ति आत्मालोचना गराइयो । यसरी, उक्त सहमति अहिले अलपत्रमा परेको छ ।

५ गतेको वार्तापछि भिन्न मतमा पनि मतान्तर देखापऱ्यो । एकथरि प्राप्त उपलब्धि राजनीतिक सफलता हो र खालि पदकै कुरामा पार्टी फुटाउनु हुन्न भन्ने, अर्कोथरि, यो कुनै उपलब्धि नै होइन, यो जालसाजी हो, यसमा फँस्नु हुन्न भन्ने ।

---

# छैठौं महाधिवेशनले एमाले प्रतिकृयावादी भएकै स्पष्ट पारेको छ

**-क. प्रचण्ड, महामन्त्री नेकपा (माओवादी)**

-एमाले गुटको कथित छैठौं महाधिवेशनले एमाले गुट प्रतिक्रियावादमा पतन भइसकेको गुट हो भन्ने हाम्रो विश्लेषण र निष्कर्षलाई आम जनसमुदायले बुझ्ने गरी स्पष्ट गरेको छ । प्रतिक्रियावादमा पतन भएकै परिणाम त्यो गुटको नेतृत्व डफ्फा आज सम्पूर्ण रूपले भारतीय विस्तारवादको दलाल साबित भएको छ । माथि भनिएझैं, प्रतिक्रियावादी गुटका हैसियतले त्यसभित्रको झगडा पनि विस्तारवादी र साम्राज्यवादी स्वार्थहरूको टक्कर सिवाय केही होइन भन्ने कुरा पनि अब साफ भइरहेको छ ।

कथित महाधिवेशनको सन्दर्भमा भएको मारकाट, धर्ना, घेराऊ, लाठीचार्ज, गुण्डागर्दी, बहिष्कार आदि जस्ता क्रियाकलापले एमाले नेतृत्व डफ्फाको पाखण्ड र विकृतिको पराकाष्ठालाई प्रमाणित गर्दछ । बहुदलीय जनवादको बुर्जुवा कर्यक्रमको योभन्दा अर्को नियति हुने सक्दैनथ्यो र भएन । जस्तो बिऊ रोप्यो, त्यस्तै फल काट्नु पर्दछ भने जस्तै हामीले अन्ततः एमाले गुटमा यो हविगत हुने कुरा धेरै वर्ष पहिलेदेखि भन्दै आएका थियौं । एमाले गुटको पतनको प्रक्रिया त त्यतिबेलैबाट शुरू भएको हो, जतिबेलादेखि उसले संशोधनवादी बाटो पक्ड्यो । अहिले कथित बहुमत र अल्पमतका बीचमा चलिरहेको बार्गेनिङ आफ्नो विस्तारवादी, दरबारीया र साम्राज्यवादी गुरूहरूको निर्देशन विना मिल्न सक्दैन ।

'विचारधारा र राजनैतिक कार्यदिशाले सबै कुराको निर्धारण गर्दछ ।" लाइन गलत भएपछि पतन त्यहींबाट शुरू हुन्छ भन्ने कुरा नेपाली क्रान्तिका निमित्त एमाले गुट राम्रो नकारात्मक शिक्षा बन्न गएको छ । यसबाट देशका तमाम क्रान्तिकारीहरूले मार्क्सवाद-लेनिनवाद-माओवादबाट विचलन, क्रान्तिकारी राजनैतिक कार्यदिशाबाट विचलनको भयानक परिणामलाई हेरेर संशोधनवाद र अवसरवादका विरूद्धको संघर्षलाई अझ दृढता र गम्भीरताका साथ अगाडि बढाउन जरूरी छ । एमालेको भ्रममा अझै पनि 'झली अनि ख्वाउँला'को आशमा रहेका इमान्दार व्यक्तिहरूले साहासका साथ विद्रोहको झण्डा उठाएर क्रान्तिकारी जनसमुदायसंग एकाकार भएर विस्तारवादका दलालहरूलाई नांगेझार पार्न सहयोग पुऱ्याउनु आजको आवश्यकता हो । विदेशी दलाल र संशोधनवादी गद्दारहरूलाई नांगेझार नपारी नेपाल र नेपाली जनताको मुक्ति असंभव छ । यस दृष्टिले एमाले गुटमा विकास भएको विखण्डन जनताको पक्षमा छ । ◉

*(साभारः संश्लेषण/वर्ष १, अंक १)*



**पार्टी फुट्ने निश्चित भएपछि त्यही दिन मध्य राति एमाले केन्द्रीय समितिको आकस्मिक बैठक बस्यो । भोलिपल्ट फागुन ५ गते दुबै पक्षबीच दिनभरि वार्ता भयो पनि र विवादग्रस्त केही सवालमा साझा सहमति निकालियो पनि । तर ……**

# देशभक्त तथा जनतान्त्रिक तत्वहरूले विद्रोहको झण्डा उठाउनु अनिवार्य भइसकेको छ !

◆ क. प्रकाश (महासचिव, नेकपा एकता केन्द्र)



❑ **एमालेमा फुटको वातावरण बनेको देखिन्छ, त्यसप्रति तपाईंको टिप्पणी के छ ?**

-कुनै पनि पार्टी वा संगठनका टुट-फुटको घटनाहरूलाई हामीले क्रान्तिकारी दृष्टिकोणको आधारमा हेर्नु पर्दछ, प्रतिक्रियावादी वा बुर्जुवाहरूले जसरी होइन । बुर्जुवाहरू आफ्नो नीहित तुच्छ स्वार्थपूर्तिको कोणबाट हरहमेशा पार्टीहरूमा टुट-फुटको खेल खेलिरहन्छन् । त्यसको उल्टो, उनीहरू हामी कुनै पनि पार्टी फुटोस् भन्ने चाहँदैनौं भनेर बनावटी ढोंगी कुरा गर्ने गर्छन् । क्रान्तिकारीहरूले भने, कुनै पनि पार्टी वा संगठनहरूको टुट-फुट वा जुटका घटनाहरूलाई त्यसले देश र जनताको स्वार्थमा, क्रान्तिको स्वार्थमा के कस्तो भूमिका खेल्दछ भन्ने आधारमा मूल्यांकन गर्दछन्, त्यसप्रतिको आफ्नो धारणा तय गर्दछन् र त्यसलाई स्पष्टसंग राख्दछन् पनि ।

एमालेको सम्बन्धमा कुरा गर्दा सर्वप्रथम के कुरामा स्पष्ट हुनु पर्दछ भने, यसले अझै क.पा.को नाम र झण्डा बाँकिराखेको भए पनि सैद्धान्तिक, राजनैतिक र सास्कृतिक कुनै कोणबाट पनि यो कम्युनिष्ट पार्टीको रूपमा बाँकी रहेको छैन । एमाले नेतृत्व-मण्डलीको अकूत धनराशी कमाउने होड र महल-पजेरोको भोगलाई मात्रै हेरे पनि एमाले कम्युनिष्ट पार्टी होइन भन्ने कुरा सहजै प्रष्ट हुन्छ । यसको पतन यस रूपमा भइसकेको छ कि, त्यहीं भित्रबाट संघर्ष गरेर यसलाई पुन: कम्युनिष्ट पार्टीमा परिवर्तन गर्ने अब कुनै संभावना छैन । छैठौं महाधिवेशनपछि त यसले न्यूनतम देशभक्त र जनतान्त्रिक काम पनि पार्टीगत रूपमा गर्न सक्ने स्थिति बाँकी रहेन । यस्तो अवस्थामा त्यहाँभित्र रहेका कम्युनिष्ट क्रान्तिकारीहरू र साथै सम्पूर्ण वामपन्थी, देशभक्त तथा जनतान्त्रिक तत्वहरूले विद्रोहको झण्डा उठाउन अनिवार्य भइसकेको छ । प्रतिक्रियावाद तथा अवसरवादको विरूद्ध विद्रोह गर्नु अधिकार हो भन्ने महत्वपूर्ण मार्क्सवादी-लेनिनवादी मान्यताका आधारमा विद्रोह गर्नु यस प्रकारका मित्रहरूको कर्तव्य पनि हो ।

एमालेको पतनको मूल कारण यसको सैद्धान्तिक-राजनैतिक तथा सांस्कृतिक पतन हो । एमाले पतनको यो बिन्दुसम्म हठात् र अकस्मात् आइपुगेको होइन । क्रान्तिकारी सिद्धान्त र राजनीतिबाट विचलनको क्रम शुरू हुनोसाथै त्यसभित्र क्रान्तिकारी विचारधारा र संस्कृतिको आधारमा व्यवस्थित र संगठित संघर्ष संचालन भएको भए त्यसलाई यसप्रकारको पतनबाट बचाउने संभावना हुन सक्थ्यो । तर अब त्यो संभावना रहेन । त्यसैले क्रान्तिकारी विचारधारा, राजनीति र संस्कृतिको आधारमा क्रान्तिकारी आन्दोलन संगठित गर्न चाहने एमालेभित्रका इमान्दार तत्वहरूले विद्रोह गर्नु आवश्यक भएको हो । क्रान्तिकारी सिद्धान्त र राजनीतिलाई केन्द्रमा राखेर विद्रोह गर्नु र क्रान्तिकारी धारामा संघर्षरत अन्य क्रान्तिकारीहरूसंगको धुवीकरणद्वारा सशक्त क्रान्तिकारी विकल्पको निर्माणमा योगदान पुऱ्याउनु उनीहरूको आजको दायित्व हो ।

> अल्पमत पक्षले राष्ट्रियताको अडानलाई कायम राख्दै आत्मसमीक्षाका साथ एमालेको यस रुपमा पतन हुनुका मूल कारणहरुको पहिचान गर्दै क्रान्तिकारी सिद्धान्त, राजनीति र संस्कृतिका आधारमा अघि बढ्ने तत्परता देखाउनु आवश्यक छ ।

जहाँसम्म एमालेको बहुमत र अल्पमतको बीचमा फुट हुने भन्ने अहिलेको चर्चा छ, अर्को पक्षले एमालेको अहिलेको बाटो, नीति र आचारणभन्दा पृथक रहने गरी अघि बढेमा त्यसको सकारात्मक भूमिका रहनेछ । अल्पमतले राष्ट्रियताको सवालमा जुन अडानहरू अघि सारेको छ ,उनीहरू त्यसप्रति साँच्चै इमान्दार छन् भने र त्यसमा दृढतापूर्वक टिकिरहन्छन् भने, अर्ध-औपनिवेशिक अवस्थामा रहेको नेपालको राष्ट्रियताको आन्दोलनको सन्दर्भमा निश्चय पनि त्यसको सकारात्मक भूमिका रहनेछ । एमालेको वर्तमान संगठनात्मक संयन्त्रभित्र राष्ट्रियताको त्यो भावनालाई पनि संरक्षण गर्न र क्रियाशील बनाउन संभव हुँदैन भन्ने कुरा उनीहरूले समयमै बुझ्नु जरूरी छ । अन्यथा, या त उनीहरू ढोंगी साबित हुनेछन् या त आफ्नै गलत निर्णयका कारणले उनीहरूको भूमिका क्रमश: समाप्त हुनेछ । यसका अतिरिक्त एमालेको अल्पमत पक्षले बुझ्नुपर्ने अझ महत्वपूर्ण कुरा के हो भने, उनीहरू नेपालको क्रान्तिकारी आन्दोलनमा ठोस र सकारात्मक भूमिका खेल्न चाहन्छन् भने, उनीहरूले राष्ट्रियताको अडानलाई कायम राख्दै र अझ प्रष्ट पार्दै, आफ्नो समग्र आत्मसमीक्षाका साथ एमालेको यस रूपमा पतन हुनुको पछाडि रहेका मूल कारणहरूको पहिचान गर्दै क्रान्तिकारी सिद्धान्त, राजनीति र संस्कृतिका आधारमा अघि बढ्ने तत्परता देखाउनु आवश्यक छ । अल्पमत पक्षले के कुरा बुझ्नै पर्छ भने, माओ त्से तुङ विचारधारा तथा नयाँ जनवादी क्रान्तिको परित्याग र बहुदलीय जनवादको अनुशरणले नै एमालेलाई यस रूपमा पतन गराएको हो । अल्पमतले अहिलेझैं बहुदलीय जनवादकै अनुशरण गर्ने हो र विचारधारात्मक राजनीतिक कार्यदिशामा बहुमतकै ठाउँमा रहने हो भने र अझ, उनीहरूले राष्ट्रियताको सवालमा उठाएको कुरा पनि पदीय सौदाबाजीको निम्ति अघि सारिएको हतियार मात्र हो भने, बहुमत र अल्पमतबीच कुनै अन्तर रहने छैन । त्यस अवस्थामा 'अल्पमत' पनि क्रान्तिकारीहरूद्वारा भण्डाफोर गरिनुपर्ने अर्को एउटा नयाँ भ्रम मात्रै हुनेछ । आगामी दिनहरूमा अल्पमतले आफ्नो भूमिका कसरी चयन गर्छ, धेरै कुरा त्यसैमा भर पर्नेछ । सिद्धान्त र राजनीतिका आधारभूत कुराहरू तथा राष्ट्रिय महत्वका मुद्दाहरूलाई पन्छाएर पद, प्रतिष्ठा र सुविधाको मात्रै जोडघटाऊ भयो भने त्यसको कुनै महत्व र सार्थकता रहने छैन । ❑

मतान्तरकै कारणले फागुन ६ गते पार्टी दर्ता भएन ।

अहिले यो पंक्ति लेख्दासम्म एमालेको फरक मत अब संसद संख्या पुगेपनि नपुगे पनि छुट्टै पार्टी खोल्ने बिन्दुमा पुगेको छ । अविश्वासको प्रस्ताव फेल भएपनि मध्यावधि चुनावको घोषणा नभएकाले उनीहरू अब यसका निम्ति शक्ति र समर्थन जुटाउने अभियानमा देशका विभिन्न भागमा लागेका छन् ।

यसरी हेर्दा, खासगरी पाँचौं महाधिवेशनयता, विशेषत: कं. मदन भण्डारी र क. आश्रितको मृत्युयता एमाले पार्टीमा अराजनीतिक र अवैचारिक प्रवृत्तिको व्यक्तिगत वादविवाद तीव्र भएको देखिन्छ । पार्टीमा व्यक्तिगत स्वार्थ र अहंकारमा आधारित, पूँजीवादी व्यक्तिवादमा आधारित झैझगडा र व्यक्तित्वका टक्करहरू अक्कासिएका देखिन्छन् । सैद्धान्तिक र सांस्कृतिक उँचाइ भएको, सबैलाई समेटेर लान सक्ने संयोजनकारी नेतृत्वको एमालेमा अहिले नितान्त अभाव देखिन्छ । यही अभावले गर्दा एमाले नेतृत्वको झगडा झनपछि झन् तीव्र, विकृत र जटिल बन्दै जाँदैछ ।

> उन्नत आदर्शले लैश सर्वमान्य नेतृत्वकै अनिकालले गर्दा एमालेमा अहिले उस्तै उस्तै उँचाइका धेरै जना प्रमुख नेता निस्केका छन् र कसैले कसैलाई टेर्दैनन् ।

एमालेको वर्तमान नेतृत्व कुशल संगठक र व्यवस्थापक त देखिन्छ, तर सिद्धान्तकार र विचारक देखिन्न । ऊ उन्नत आदर्श र संस्कृतिले लैश देखिन्न । त्यसैले, उन्नत आदर्शले लैश सर्वमान्य नेतृत्वकै अनिकालले गर्दा एमालेमा अहिले उस्तै उस्तै उँचाइका धेरै जना प्रमुख नेता निस्केका छन् र कसैले कसैलाई टेर्दैनन् । यही कारणले पनि एमालेको घर-झगडा मिलाई नसक्नुको भएको छ । कुनै ठूलो सैद्धान्तिक विवाद नभइकन पनि व्यक्तिगत स्वार्थ र अहंकारको झगडाको परिणामस्वरूप एमाले फूटको बिन्दुमा

**महाकाली जस्ता मुलुकको राष्ट्रिय स्रोतको वाडफाँडबारेको सन्धिबारे अब आइन्दा पार्टीमा अनुमोदन गर्न पार्टीको दुई तिहाई बहुमत चाहिने भनी महाधिवेशनले गरेको निर्णयलाई चाहिं यस महाधिवेशनको एउटा उल्लेखनीय सकारात्मक पक्ष मान्नुपर्छ ।**

यही कारणले पुग्न लागिरहेछ ।

## महाधिवेशनको उपलब्धि के ?

वास्तवमा, नेकपा एमालेको महाधिवेशनमा जनताको र सामान्य कार्यकर्ताहरूको उत्साह र सहभागिताले एमालेप्रति आशा गरेर बसिरहेका आम जनताहरू प्रशस्त छन् भन्ने कुराको प्रष्ट झलक दिएको छ । एमाले समाजका सबै कोण र क्षेत्रबाट उल्लेखनीय संख्यामा जनतालाई गोलबद्ध गर्न सक्षम भएको कुरा यो महाधिवेशनले देखाएको छ । उल्लेखनीय संख्यामा विदेशी पाहुनाहरूको उपस्थिति र उनीहरूले एमालेबाट गरेका आशाहरू पनि सराहनीय देखिन्थे । नेपालगंज क्षेत्रमा एमाले पक्षका जनसमुदायको उपस्थिति र चालचलन पनि एमालेकै पहिलेको जस्तो स्तरको नदेखिए पनि नेपाली कांग्रेसको भीडको स्तरभन्दा चाहिं यो तुलनात्मक रूपले स्तरीय नै देखिएको अनुभव स्थानीय बासिन्दा समेतको रहेको पाइयो ।

विशेष जिम्मेवार भनिएका कार्यकर्ता र नेताहरूतिर पुग्दा भने, एमालेको छैठौं महाधिवेशन मानसिक रूपले अत्यन्त तनावपूर्ण, घात-प्रतिघातपूर्ण र जालसाँजीपूर्ण समेत रहेको पाइयो । यसले गर्दा प्राविधिक तयारीको पक्ष समग्रमा राम्रै भएपनि यो एमालेकै पहिले पाइलेको तयारीको स्तरबाट भने केही खस्केको भेटिन्थ्यो ।

महाधिवेशनको अवसरमा उपस्थित एमालेका सामान्य कार्यकर्ता र शुभेच्छुकहरू वैचारिक-सैद्धान्तिक हिसाबले अत्यन्त 'कोरा' देखिन्थे । चर्चित भारतीय कम्युनिष्ट नेता क. विनोद मिश्रले क. मदन भण्डारीको स्मृतिमा गर्नुभएको मार्मिक भाषणको समयमा पनि भाषण सुन्न छोडेर आपसी ग्रुप फोटो खिचाइरहेका र मैदानमा यता र उता दौडादौड गर्न थालेका कार्यकर्ताहरू पनि महाधिवेशनको मैदानमा थुप्रै देखिए ।

एमालेका 'कामको जिम्मा पाएका' बहुमत पक्षीय स्वयंसेवक कार्यकर्ताहरूको खटाई र अनुशासन निकै राम्रो देखिन्थ्यो । अल्पमत पक्षका तर 'कामको जिम्मा नपाएका' कार्यकर्ताहरूको वैचारिक सैद्धान्तिक स्तर प्रशंसनीय ढंगले उँचो देखिन्थ्यो । नेपालगंजको महाधिवेशन परिसरभित्र र बाहिरको अवलोकनमा देखिएको विशेषता हो यो ।

यी प्रशंसनीय विशेषताहरूका बावजूद, एमालेको छैठौं महाधिवेशन सजावट र तडकभडकमा निकै खर्चालु र भव्य देखिए पनि त्यसको वैचारिक, सांस्कृतिक र सांगठनिक उपलब्धि भने जम्माजम्मीमा नकारात्मक र निराशाजनक रह्यो । यो बाह्य रूपमा विशाल र भव्य देखियो तर गुणतत्व र सारमा खोक्रो र ओरालोमुखी रह्यो । एमालेलाई यो अधिवेशनले पहिलेभन्दा पनि ज्यादा वैचारिक-सांस्कृतिक उँचाइमा उठाउनुपर्नेमा यसले पाँचौं महाधिवेशनको जत्तिको उँचाइमा पनि पार्टीलाई कायम राख्न सकेन । महाकाली सन्धिमा केन्द्रले गल्ती गरे पनि सच्याउने अन्तिम ठाउँ महाधिवेशन थियो । तर कोशी र गण्डक संझौतालाई पनि माथ गर्ने यो राष्ट्रघाती सन्धिलाई महाधिवेशनले अस्वीकार गर्न सकेन । जम्मामा, यो महाधिवेशनले पार्टीमा क्रान्तिकारी दिशा र हुटहुटी पैदा नै गर्न सकेन ।

क. मदन भण्डारी र क. जीवराज आश्रितको मृत्युलाई हत्या मानेपछि क. मदनहरूको अनुपस्थितिको यो पहिलो महाधिवेशन उहाँहरूको हत्याराको खोजीको पक्षमा सम्वेदनशील हुनुपर्थ्यो । त्यो पक्षमा महाधिवेशनले विशेष ध्यानै दिएन । तर महाकाली जस्ता मुलुकको राष्ट्रिय स्रोतको वाडफाँडबारेको सन्धिबारे अब आइन्दा पार्टीमा अनुमोदन गर्न पार्टीको दुई तिहाई बहुमत चाहिने जुन निर्णय यस महाधिवेशनले गर्‍यो, त्यसलाई चाहिं यो महाधिवेशनको एउटा उल्लेखनीय सकारात्मक पक्ष मान्नुपर्छ ।

## नाम एकताको तर काम...

नेकपा एमालेको यो छैठौं महाधिवेशनलाई एकताको महाधिवेशन नाम दिइएको थियो । तर यसको काम भने यसको-ठीक उल्टो हुन पुगेको छ । अल्पमत र बहुमत पक्ष 'आपसी विरोधको सम्बन्ध'बाट 'आपसी घृणा र शत्रुताको सम्बन्ध'सम्म पुग्नु तर यसलाई घटाउने र हल गर्ने बिन्दुमा लैजाने क्षमता र रूचि नेता-कार्यकर्ताहरूमा नहुनु यस महाधिवेशनको उल्लेख्य पक्ष रह्यो । पार्टीभित्र सैद्धान्तिक-रणनीतिक मतभेद नभएको स्थितिमा दुई मतको बीचमा रहने व्यक्तिहरू धेरै हुन संभव थियो, तर त्यस्तो बीचमा रहेर एकताको निम्ति काम गर्ने संयोजनकारी शक्ति त्यहाँ देखिएन । अध्यक्ष स्वयंले महाधिवेशन अगाडि भइरहेको दुई मतबीचको वादविवादको महत्वपूर्ण क्षणमा देशमा रहेर मध्यस्थकै भूमिका खेल्ने कामलाई भन्दा हप्तौ लामो समय अमेरिका भ्रमण गर्ने कामलाई प्राथमिकता दिन पुग्नुभयो । बीचमा पैदा भएको क. झलनाथ खनालको मध्यस्थ भूमिका पनि पछिसम्म कायम रहन सकेन । मूल संयोजनकारी भूमिका खेल्नुपर्ने महासचिव त आफैं घाँटी घाँटीसम्म झगडामा उत्रेर एउटा पक्षको पक्षपोषक हुन पुगेको स्थिति देखियो ।

## नेतृत्वको स्तर र नीतिगत उँचाइमा देखिएको क्षय

महाधिवेशन विवेकमा हैन, भीडतन्त्रमा आधारित थियो भन्ने कुराको उदाहरण क. योगेश भट्टराई र क. रूपनारायण श्रेष्ठमाथिको प्रतिक्रियात्मक निस्काशनको हचुवा निर्णयले पनि देखाउँछ । महाधिवेशनलाई हल बाहिर क. योगेश र क. रूप-नारायणहरूका गतिविधिहरू आपत्तिजनक नै लागेको भए, यस्तोमा महाधिवेशनले निजहरूलाई तत्काल चाहिँ 'निलम्बन' गरी 'जाँचबूझ'मा पठाउने र पछि स्पष्टीकरणको मौका समेत दिई, गल्ती भएको ठहरिएमा त्यसको प्रकृति छुट्याई जाँचबूझ गर्ने निकायले कारवाहीको अन्तिम स्वरूप किटान गर्नुपर्थ्यो । ठाडै होहल्लाका भरमा यसरी निष्काशन गर्नु कारवाहीको सामान्य प्रक्रियालाई पछ्याउने होश समेत नपुर्‍याउने भीडतन्त्रको उदाहरण हो ।

महाधिवेशनमा उल्लेखनीय रूपले खड्केको अर्को पक्ष हो- नेकपा एमालेको नेतृत्व पंक्तिले वैज्ञानिक समाजवादप्रतिको प्रतिबद्धतालाई उपेक्षा गरेको पक्ष । उदघाटन भाषणदेखि समापन भाषणसम्म, अध्यक्ष र महासचिवको भाषणदेखि अरू नेताहरूको भाषणसम्म क्रान्ति र समाजवाद-साम्यवादप्रतिको चिन्ता वा चिन्तन कतै प्रकट भएनन् । महाधिवेशनमा आएका विदेशी पाहुना वाम नेताहरूमध्ये भारतीय फरवार्ड ब्लकका महासचिव क. देवव्रत विश्वासले पूँजीवाद र साम्राज्यवादको विरोध गर्दै वर्गविहीन साम्यवादसम्मका कुरा व्यक्त गर्नुभयो । यसैगरी, अष्ट्रेलियाको डेमोक्रयाटिक सोसलिष्ट पार्टीका प्रतिनिधि श्रीमती सु बोल्टनले पूँजीवादबाट समानतापूर्ण समाज बन्दैन, त्यसैले संकटग्रस्त पूँजीवादलाई ढालेर समाजवाद स्थापना गर्न जरूरी भएको विचार व्यक्त गर्नुभयो । बांग्लादेशका क. शाह आलमले त नव उपनिवेशवाद र साम्राज्यवादविरूद्ध सार्क देशका क.पा.हरूको एकताको माग नै गर्नुभयो । यसैगरी, भारतका सि.पि.आई.का सचिव क. समीन फैजले वित्तीय संस्थाहरूमार्फत् अमेरिकी साम्राज्यवादले जाल रचेको कुरा व्यक्त गर्नुभयो । भारतकै सि.पि.आई. (एम) का पोलिटब्यूरो सदस्य क. सीताराम येचुरीले समाजवादको पक्षमा र ग्याट, विश्वबैंक, मुद्राकोषको विपक्षमा तर्क राख्नुभयो र भन्नुभयो- यिनको विरोधमा हामी उठ्नैपर्छ, यो प्रतिज्ञा हामीले गर्नुपर्छ ।



**एमालेका 'कामको जिम्मा पाएका' बहुमत पक्षीय स्वयंसेवक कार्यकर्ताहरुको खटाई र अनुशासन निकै राम्रो देखिन्थ्यो । अल्पमत पक्षका तर 'कामको जिम्मा नपाएका' कार्यकर्ताहरुको वैचारिक सैद्धान्तिक स्तर प्रशंसनीय ढंगले उँचो देखिन्थ्यो ।**

महाधिवेशनमा यस वर्ष ८० औं वर्षगाँठ मनाइरहेको ग्रीसको कम्युनिष्ट पार्टीका पोलिटब्यूरो सदस्य क. जाम्रिदिश इराकिसले मार्क्सवाद-लेनिनवादको झण्डा उँचो राख्न एमालेलाई शुभकामना दिनुभयो र भन्नुभयो- साम्राज्यवाद र एकाधिकार पूँजीवाद विरूद्ध बृहद् संयुक्त मोर्चा आजको खाँचो हो । भारतका भा.क.पा. मालेका महासचिव क. विनोद मिश्रले एमालेले गैर संसदीय संघर्षमा पनि जोड देओस्, र अन्य वामपन्थीहरूलाई पनि एक गरोस् भन्ने कामना व्यक्त गर्नुभयो ।


चीन, इजरायल, कोरिया, श्रीलंका, इटली, फ्रान्स, भियतनाम, लाओस, क्यूबा, पाकिस्तान, डेनमार्क र रूस गरी १७ देशका करीब साँढे तीन दर्जन प्रतिनिधिहरूको उपस्थिति रहेको महाधिवेनमा यसरी अधिकांश वामपन्थी पाहुनाहरूले पूँजीवाद, साम्राज्यवादको विरोध र समाजवादको पक्षमा जोड दिए, तर एमाले नेताहरूले ती मामलामा जोड दिने त परै जावोस्, मार्क्सवाद-लेनिनवाद शब्द पनि पार्टीको नाम लिंदा मात्र उनीहरूले उच्चारण गरे । उद्घाटन स्थलमा पहिलेका महाधिवेशनहरूमा जस्तो मार्क्स, एंगेल्स, लेनिन, स्तालिन, माओ आदिको फोटो सजाइने परम्परा यसपल्ट तोडियो ।

## फूटको मूल कारक तत्व के ?

यी सम्पूर्ण घटना-क्रमलाई नियाल्दा एमालेभित्रको औपचारिक रूपले सांगठनिक फूटतिर उन्मुख वर्तमान तीव्र भावनात्मक फूटको मुख्य कारक तत्व एमालेभित्र छाएको पूँजीवादी वैचारिक-सांस्कृतिक विचलन हो, जसको कारणले एमाले नेतृत्वमा अहंकार र व्यक्तिगत स्वार्थ व्याप्त भयो, संगठन संचालनमा नोकरशाही केन्द्रियता व्याप्त भयो ।

क्रान्ति, पार्टी र देश भर्सेलामा परे परोस्, मेरो स्वार्थ र अहंकारको तुष्टि नै सर्वप्रमुख हो- यस्तो मनोभावना नै फूटको मूल कारक तत्व हो । यो मनोभावना सारमा पूँजीवादी व्यक्तिवाद हो । अहिले एमाले नेतृत्वमा पूँजीवादी व्यक्तिवाद व्याप्त छ । र, नेताहरूबाट सरूवा रोग झैं सरेर यो हिजोका क्रान्तिकारी कार्यकर्ताहरूसम्म पनि व्याप्त भएको छ । येनकेन प्रकारेण जसरी पनि सरकारमा जाने, संसदमा जाने, सत्ता र सुविधा हत्याउने संसदवादी-सुधारवादी पार्टी लाइनको गाडी चढेर यो पूँजीवादी व्यक्तिवाद नेतृत्वको अन्तस्तलसम्म प्रवेश गऱ्यो । नेतृत्वको बानी व्यहोरा र चरित्रबाट सरूवा रोग झैं सरेर यो प्रवृत्ति राम्रा राम्रा कार्यकर्ताहरूको मानसपटलसम्म पनि प्रवेश गऱ्यो । यता २०४६ सालपछि प्रवेश गरेका चरम व्यक्तिवादले ग्रस्त 'चैतेहरूको' भीडले यो पूँजीवादी व्यक्तिवादलाई एमालेभरि व्याप्त पाऱ्यो ।

पार्टीभित्र, नेतृत्व तहबाटै थालिने वैज्ञानिक समाजवादी वैचारिक सांस्कृतिक आन्दोलनले मात्र पूँजीवादी विकृति र विचलनलाई उन्मूलन गर्दै लैजाने गर्छ । पूँजीवादी व्यक्तिवादलाई खत्तम गर्दै लैजाने काम पनि वैज्ञानिक समाजवादी वैचारिक सांस्कृतिक आन्दोलनले नै गर्ने हो । तर वियोगान्त के भयो भने, एमालेको नेतृत्व तहमै यस्तो समाजवादी आन्दोलन उनीहरूको जीवनशैलीमा सचालन गरिएन । पहिले भूमिगत कालमा संचालन हुँदै आएको क्रान्तिकारी जनवादी आन्दोलन पनि २०४८ साल यता रोकियो । सारा ध्यान ध्याउन्ना तीनवटा 'स' मा मात्र केन्द्रित भयो, अर्थात्, संसद, सत्ता र सुविधामा । देश दुनियाँमा क्रान्ति गर्ने कुरा त खुब



एमालेप्रतिको यो जनआकर्षण र आस्थालाई अब कसरी कायम राख्ने ?

**एमाले समाजका सबै कोण र क्षेत्रबाट उल्लेखनीय संख्यामा जनतालाई गोलबद्ध गर्न सक्षम भएको कुरा यो महाधिवेशनले देखाएको छ ।**

भए । तर आफ्नै चिन्तन प्रणाली र जीवनशैलीमा क्रान्ति घटित गर्ने प्रक्रिया भएन । त्यसमा ध्यान नै केन्द्रित भएन । पार्टी नेतृत्वमा नै समाजवादी वैचारिक सांस्कृतिक क्रान्ति घटित नहुनुको कारणले नै पद, पजेरो र पैसा अघि पर्ने बित्तिकै सिद्धान्त, आदर्श, क्रान्ति सब बिर्सने काम भयो । नेता आफैं मौका पर्नासाथ नितान्त व्यक्तिवादी भएर निस्कियो । त्यसैले, आफैंभित्र जनवादी क्रान्ति समेत घटित नभएका नेताहरूले बाहिर समाजवादी क्रान्ति गर्ने भनेर हिँड्दा जे दुर्घटना हुने हो, त्यही दुर्घटना अहिले एमालेमा घटित भएको हो । आफू स्वयं चाहिँ बदलिने दिशामा अघि नबढेका मान्छेले दुनियाँ बदल्न हिँड्दा जे समस्या आइलाग्ने हो, त्यही समस्या एमालेमा प्रकट भएको हो ।

एमालेभित्र अहिले नेतृत्व तहमै जुन कटुता, शत्रुता र विद्वेष व्याप्त छ, त्यसको जरो हेर्ने हो भने त्यो अहंकार र व्यक्तिगत स्वार्थमै गएर ठोकिन्छ । त्यो पूँजीवादी व्यक्तिवादमै गएर ठोकिन्छ । 'मलाई महासचिव पदबाट निकाल्न खोजियो ।' 'मलाई उपमहासचिव पदबाट निकालियो ।' 'मलाई सरकारमा रहँदा असहयोग गरियो', 'मेरो घोर अपमान गरियो', 'मेरो अस्तित्व नै नामेट पार्न खोजियो' आदि आदि ।

बामदेवले कार्यनीतिक दस्तावेज लेख्ने भएपछि फेरि त्यही सारको कार्यनीतिक दस्तावेज खड्ग ओली वा माधव नेपालले पनि तयार गर्नुको जरो कारण के हो ? माधव नेपालले दस्तावेज लेखेपछि त्यसलाई खड्ग ओलीले महाधिवेशन हलमा खोसेर आफूले प्रस्तुत गर्नुको कारण के हो ? यसको जरो कारण त अहंकार र व्यक्तिगत स्वार्थको बाहुल्यता नै हो ।

देश स्वाहा पार्ने महाकाली सन्धिलाई बारम्बार भोट गराएर केन्द्रबाट पास गर्न क. माधव नेपाल लगायतका कमरेडहरूले मरिहत्ते गर्नुको जरो कारण के हो ? यसको जरो कारण पनि अहंकार र गुटगत व्यक्तिगत स्वार्थकै प्रधानता हो ।

अहिले बरू पार्टी फुटोस्, एमालेको भविष्य नै अन्धकारमा धकेलिए धकेलियोस्, तर अमेरिकालाई साम्राज्यवाद भन्नु हुन्न, भारतलाई विस्तारवाद भन्नु हुन्न भन्ने सोच एमालेको सर्वोच्च नेतृत्वमै हावी हुनुको मूल कारण के ? देशमा पार्टी फुटेर गिरिजा र सूर्यबहादुरले सारा नेता-कार्यकर्ता र जनताका टाउकामा मकै भुटेपनि हुन्छ, तर वामदेव पक्षलाई चाहिँ पार्टीमा कुनै पनि ४० प्रतिशतको या हालतमा हाराहारीमा राख्नु हुन्न, नितान्त अल्पमतमा राखी छाड्नु पर्छ भन्ने सोचको मुहान के ?

त्यसैले, पार्टी फूटको मूल कारक तत्व पूँजीवादी व्यक्तिवाद हो । नेताहरूकै चिन्तन र जीवनशैलीमा व्यक्तिगत स्वार्थ र अहंकारले घर जमाउनु हो । क्रान्ति, पार्टी र देशको हित व्यक्तिगत हितको तुलनामा गौण बन्नु हो । यसैलाई त पूँजीवादी वैचारिक सांस्कृतिक विचलन भनिएको हो ।

फूटको कारक तत्वको अर्को एउटा पक्ष पनि छ । त्यो हो- नोकरशाही केन्द्रीयताको पक्ष ।

एमाले नेतृत्वमा अहिले निर्णय चाहिँ आफ्नो स्वार्थ अनुकूल जसरी पनि गर्ने अनि त्यो निर्णय जबर्जस्ती र यान्त्रिक रूपमा लाद्ने प्रणाली व्यापक रूपमा हावी छ । 'बहुमतले जसरी निर्णय गरेको होस्, त्यो निर्णय अल्पमतले आँखा चिम्लेर मान्नु पर्छ' भन्ने सोच व्यापक रूपमा हावी छ । यो प्रणाली सारमा नोकरशाही केन्द्रियता हो ।

भिन्न मतप्रति असहिष्णु हुने, आलोचनालाई आक्रमण सम्झने, आलोचनात्मक मतलाई र त्यस्तो मत राख्ने मान्छेलाई जसरी पनि किनारा लाउने प्रवृत्ति नोकरशाही केन्द्रियताको विशेषता हो । अहिले एमाले नेतृत्वमा यो प्रवृत्ति व्याप्त छ । पूँजीवादी व्यक्तिवादले फूट त गराउथ्यो नै, तर फूटलाई अति छिटो निम्त्याएको चाहिँ नोकरशाही केन्द्रियताले हो ।

नोकरशाही केन्द्रियतालाई जनवादी केन्द्रियताको रूपमा बुझ्ने गल्ती एमाले नेतृत्वले जुन गर्दैछ, त्यो पनि अहिलेको फूटको एउटा मूल कारक तत्व हो ।

केन्द्रीयता जनवादी तब मात्रै हुन्छ, जब निर्णय सहभागितापूर्ण हुन्छ र सहभागिता आलोचनात्मक हुन्छ । निर्णय पालन गर्नका लागि मान्छेले निर्णय प्रक्रियामा सामेल हुन पाउनु पऱ्यो र आफ्नो आलोचनात्मक विचार निष्फिक्री राख्न पाउनु पऱ्यो । जब त्यस्तो आलोचनात्मक विचारमा भएको राम्रो पक्षलाई संगठिन्छ अर्थात् संश्लेषण वा केन्द्रीकरण गरिन्छ, तब मात्रै त्यो जनवादी केन्द्रीकरण हुन्छ । जनवादी केन्द्रीयता भनेको त जनवादको जगमा खडा भएको केन्द्रीयता हो, स्वतन्त्रताको जगमा खडा भएको अनुशासन हो, द्वन्दको जगमा खडा भएको संश्लेषण हो । जनवाद अभ्यास गर्न नदिने, स्वतन्त्रता अभ्यास गर्दा भयभीत हुने, विचार द्वन्द गरियो भने जतिसुकै ठीक विचार आए पनि त्यसलाई संश्लेषण नगर्ने, अनि एकोहोरो केन्द्रीयता पालनाको माग गर्ने ? यो कसरी जनवादी केन्द्रीकरण हुन्छ ? यो त नोकरशाही चरित्रको केन्द्रीकरण भयो । जहाँ केन्द्रीयता नोकरशाही हुन्छ, त्यहाँ तल अराजकता हावी हुन्छ । एमालेमा अहिले यही भएको हो ।

बाँकी ३६ पेजमा



### *शहादत दिवसको उपलक्ष्यमा आयोजित सडक-नाटक*

# सफदर हासमीको नवौं शहादत दिवस मनाइयो !

**भा**रतका विख्यात जन नाट्यकर्मी सफदर हासमीको नवौं शहादत दिवस गत जनवरी पहिलो तारिखका दिन भारतको राजधानीमा भव्यतापूर्वक मनाइयो । नौ वर्षअघि सडक-नाटक प्रदर्शन गर्दागर्दै उनलाई प्रतिकृयावादी गुण्डाहरूले आक्रमण गरेको र घाइते तुल्याएको ठाउँ साहिदावाद नजिकैको झण्डापुर भन्ने ठाउँमा सो अवसरमा एक समारोहको आयोजना गरिएको थियो । यस उपलक्ष्यमा हजारौं श्रमिकहरू र कलाकारहरूको उपस्थिति रहेको थियो । सफदर हासमीप्रति हार्दिक संझना र सम्मान गर्दै उनीहरूले सफदर हासमीले शुरू गरेको जनपक्षीय सांस्कृतिक आन्दोलनलाई आफूहरूले अघि बढाउने प्रण गरे । यस उपलक्ष्यमा जन नाट्य मंच (जनम) ले एक व्यंग्यपूर्ण सडक-नाटक 'चित् भी मेरी, पट भी मेरी' प्रस्तुत गऱ्यो । स्मरणीय छ, सफदरमाथि आक्रमण भएको उक्त स्थानमा यस दिनमा हरेक वर्ष 'जनम' ले यसरी नै सडक-नाटक प्रस्तुत गर्ने गरेको छ ।

दुई दिनव्यापी उक्त समारोहमा पहिलो दिनको आम-सभामा भा.क.पा. (मार्क्सवादी) का पोलिटब्यूरो सदस्य क. शैलेन्द्र शाइलीले पनि बोल्नुभएको थियो । आमसभा एउटा क्रान्तिकारी गीत प्रस्तुतिसँगै शुरू भएको थियो । 'जनम' को सडक-नाटक प्रस्तुतिपछि अर्को नाट्य-संस्था 'ACT ONE' ले पनि एउटा नाटक प्रस्तुत गरेको थियो ।

दोस्रो दिनको कार्यक्रम भने, कविहरू इब्बार राब्बी, देवीप्रसाद मिश्रा र बालीसिंहको कविता वाचनबाट शुरू भई शास्त्रीय संगीत एवं आधुनिक संगीतको प्रस्तुतिमा सकिएको थियो । कार्यक्रममा बच्चाहरूद्वारा 'गडबड झाला' शीर्षकको एक बाल-नाटक पनि प्रदर्शित गरिएको थियो ।

'हर्याणा विज्ञान मंच' ले सो समारोहमा भारतीय समाजमा प्रचलित केही अन्धविश्वासहरूको झाँकी प्रस्तुत गरी सोको भण्डाफोर गरेको थियो । 'जनम' को बहुचर्चित नाटक 'मेशिन' पनि सो अवसरमा प्रस्तुत गरिएको थियो ।

### सफदर स्मृति सभामा प्रधानमन्त्री पनि

सफदर हासमीको शहादतको नवौं वार्षिक दिवसको उपलक्ष्यमा भारतको राजधानी नयाँ दिल्लीको शफदर हासमी मार्ग, मण्डी हाउसमा एक अर्को कार्यक्रमको पनि आयोजना गरियो । सो कार्यक्रममा भारतका प्रधानमन्त्री इन्द्रकुमार गुजरालको पनि उपस्थिति थियो ।

कलाकारहरूले सो 'सफदर हासमी दिवस' लाई 'साम्प्रदायिकताविरोधी संघर्ष दिवस' को रूपमा मनाउने क्रममा यो कार्यक्रमको आयोजना गरेका थिए । कार्यक्रममा भारतका अन्य केन्द्रीय मन्त्रीहरूका अतिरिक्त भाकपा मार्क्सवादीका पोलिटब्यूरो सदस्य क. सीताराम येंचुरीको पनि उपस्थिति थियो । कार्यक्रममा साम्प्रदायिकताका विरूद्ध सहभागीहरूद्वारा हस्ताक्षर गरी एक प्रस्ताव पनि पारित गरियो । प्रतिज्ञा-पत्रको रूपमा पारित सो प्रस्तावलाई प्रसिद्ध हिन्दी लेखक भीष्म साहनीले वाचन गरेर सुनाउनु भएको थियो । चार घण्टा लामो सो कार्यक्रमको उल्लेखनीय विशेषता के थियो भने, यसमा प्रसिद्ध जनपक्षीय गायक गायिकाहरूले गीतहरू प्रस्तुत गरेका र एकल-अभिनय प्रस्तुत

> **सफदरमाथि आक्रमण भएको स्थानमा सडक-नाटक प्रस्तुत**

गरेका मात्र थिएनन्, यसमा एक गीति क्यासेटको विमोचन पनि गरिएको थियो । साम्प्रदायिकताविरोधी गीतहरूले भरिएको सो क्यासेट सफदर हासमी स्मृति ट्रष्ट (सहमत) ले तयार गरेको थियो ।

सफदर हासमीको स्मृति र सम्मानमा भारतमा हुने गरेका जनपक्षीय आयोजनाहरूबाट नेपाली जनपक्षीय सांस्कृतिक क्षेत्रले पनि थुप्रै कुरा सिक्नु जरूरी देखिन्छ । समग्र क्रान्तिकारी दिशाबोध केही फितलो भएको देखिए तापनि चित्रकला, सडक नाटक, नाटक, गीत-संगीत लगायतका विधाहरूलाई आम जनतामा लैजान 'सहमत' ले गर्ने गरेका प्रयोगहरू र यस निम्ति यसले अप्नाएका सक्रियताहरू अनुकरणीय रहेका छन् । ❑

**-हरिगोविन्द लुईटेल**

# प्रसिद्ध गायिका अरुणा लामाको निधन



**प्र**सिद्ध गायिका अरूणा लामाको गत माघ २२ गते विहान ६:३० बजे काठमाडौंमा कलेजो र किड्नी सम्बन्धी रोगको कारण निधन भयो ।

उनको शवलाई काठमाडौंमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको प्रांगणमा केही घण्टा राखी साँझ उनको जन्मथलो दार्जिलिङ्गतिर लगिएको थियो ।

करीब ४०० वटा गीतहरूमा स्वर दिएकी अरूणा लामा ५२ वर्षअघि वि.स. २००२ साल भाद्र २४ गते भारतको दार्जिलिङ्गको घुम पहाडमा जन्मेकी थिइन् ।

समग्रमा, 'विरह गीत' हरू ज्यादा गाएकी अरूणा लामाको साधना र स्वरलाई मन पराउनेहरू नेपालमा र नेपालबाहिर पनि प्रशस्त रहेका छन् । साहित्यिक स्तरयुक्त गीतहरू गाउनमा ज्यादा रूची राख्ने, निरन्तर साधना गरिरहने एक नम्र र सुशील गायिकाको रूपमा उनी लोकप्रिय रहेकी छिन् । चुसिएका र त्यसैले संघर्षरत समग्र नेपालीहरूका धुकधुकीहरू उनका गीतहरूमा संगेटिन सकेका छैनन् । यो उनको गायन यात्रामा ठूलै कमीको रूपमा रहेको छ । तर पनि छाडापनविहीन रूपमा उनले कतिपय मानवीय संवेदनाहरूलाई आफ्ना गीतहरूमा स्थान दिएकी छिन् । उनले देशभक्तिपूर्ण भावनाका गीतहरू पनि केही गाएकी छिन् ।

उनको असामयिक निधनमा काठमाडौं र दार्जिलिङ्गका उनका असंख्य प्रशंसकहरूले उनीप्रति श्रद्धाञ्जली अर्पण गरे । ❑

# के सोच्दै हुनुहुन्छ, के गर्दै हुनुहुन्छ क. मोहनविक्रम सिंह ?

## नेकपा मसालका महामन्त्री क. मोहन विक्रमसितको ताजा अन्तर्वार्ता

नेपाली कम्युनिष्ट आन्दोलनभित्र चर्चाको शिखरमा रहँदै आएका नेताहरु मध्ये क. मोहनविक्रम सिंह अग्रपंक्तिमा पर्नुहुन्छ । एक समय देशको सबभन्दा ठूलो कम्युनिष्ट पार्टी नेकपा (चौम) को महासचिव भइसक्नु भएका उहाँ हाल त्यही पार्टी फुटेर पछि बनेको एक घटक नेकपा (मसाल) का महासचिव हुनुहुन्छ । ०४६ सालको परिवर्तनबाट पार्टीहरु प्रायः सबै खुला हुन पुगे पनि नेकपा (मसाल) भने अर्ध-भूमिगत अवस्थामा रहँदै आएको छ । क. मोहनविक्रम सिंह अहिलेसम्म पनि पूर्णतः भूमिगत नै रहिरहनु भएको छ ।

वि.सं. १९९२ साल वैशाख ३ गते काठमाडौंको मरु टोलमा क. सिंहको जन्म भएको थियो । उहाँका बाबुको नाम खेमविक्रम सिंह हो भने आमाको नाम तारा कुमारी हो । उहाँका बाबु प्यूठानका एक धनी सामन्त थिए ।

सामन्तको छोरो भए पनि स्कूलहरुमा पढ्दा नै अन्यायको विरोधमा आवाज उठाउने आफ्नो स्वभाव भएको र मार्क्सवादी पुस्तकहरुको अध्ययनबाट आफू मार्क्सवादतिर आकर्षित भएको बताउनु हुने क. मोहनविक्रम अहिलेसम्मको राजनीतिक जीवनमा पटक पटक गरी झण्डै ११ वर्ष जेल परिसक्नु भएको छ । हाल ६२ वर्षको उमेरमा पनि अत्यन्त सक्रिय राजनीतिक जीवन व्यतीत गरिरहनु भएका क. मोहनविक्रमले जीवनमा कुनै बेला एक पटक एक महिलासित विवाह गर्नु भएको तर पछि व्यवहारिक रुपमा उनीसंग सम्बन्ध विच्छेद भएको बताउनु हुन्छ । उहाँका एक छोरा र एक छोरी रहेका छन् । यहाँ प्रस्तुत छ- क. मोहनविक्रम सिंहसंग मूल्यांकनले गरेको कुराकानीको सारसंक्षेपः ।

-तुल्सीदास महर्जन

**❑ अहिले तपाईंको दिनचर्या कसरी चलिरहेछ ?**

-प्रायशः मेरो धेरै समय यात्रा र भ्रमणमै बित्छ । त्यसैले मेरो लागि कुनै नियमित दिनचर्या व्यवहारिक छैन ।

**❑ अध्ययन र चिन्तन मननलाई तपाईं आफ्नो दिनचर्यामा कसरी समावेश गर्नु हुन्छ ?**

-धेरैजसो म अध्ययन र चिन्तन मननको लागि विहानको समयलाई उपयोग गर्दछु । प्रायशः म बिहान ४ बजे उठ्छु र १०/११ बजेसम्म नै अध्ययनमा व्यस्त हुन्छु । अध्ययन भन्नाले खासगरिकन, म विहान लेख्ने काम नै गर्छु । पढ्नको लागि म दिउँसो वा रातको समयलाई प्रयोग गर्छु ।

**❑ पार्टी कामबाहेक तपाईं आफ्नो दिनचर्यामा मनोरञ्जनलाई पनि स्थान दिनुहुन्छ ?**

-कामबाट फुर्सद पाएको बेलामा म पहाड र जंगलको भ्रमण गर्ने गर्छु । र, मेरो अर्को रूचिको विषय हो- उपन्यास पढ्नु । मनोरञ्जनको लागि म खासगरिकन यी दुई कुराहरूलाई नै बढी उपयोग गर्ने गर्छु ।

**❑ संगीत सुन्नु हुन्छ कि हुन्न ?**

- संगीत सुन्न मलाई राम्रै लाग्छ । मौका परेको बेलामा म आफ्नो साथमा टेपरेकर्डर लिएर हिंड्छु । र, कहीं फुर्सद पाउँदा म संगीत सुन्ने गर्दछु । अर्को कुरा, लेख्ने र पढ्ने बेलामा पनि म संगीत सुनेर मानसिक थकावटलाई टाढा भगाउने प्रयत्न गर्ने गर्दछु । संगीतले मानसिक थकावटलाई घटाएको म अनुभव गर्दछु ।

**❑ कस्तो खालको संगीत बढी मन पराउनु हुन्छ ?**

-नेपाली, हिन्दी, उर्दू आदि सबै खाले नयाँ नयाँ संगीतहरूलाई म मन पराउँछु । कहिलेकाहीं भाषा नबुझ्ने संगीतहरू जस्तै तमिल, कुमाउनी, बंगाली आदि भाषाका संगीतहरू पनि म तिनीहरूको सुमधुर र मनमोहक धुनको लागि सुन्ने गर्दछु ।

**❑ तपाईंको राजनीतिक जीवन कहिलेदेखि र कसरी शुरु भयो ?**

-मेरो राजनीतिक जीवन सामान्य रूपमा २००७ सालदेखि शुरू भयो भन्न सकिन्छ । त्योभन्दा अघि पनि म सामान्यतः अन्यायलाई सहन नसक्ने र कसैमाथि अन्याय पर्दा विरोध गर्ने खालको मान्छे थिएँ । स्कूलहरूमा पढ्दा त्यहाँ विद्यार्थीहरूमाथि हुने अन्यायप्रति म विरोध गर्ने गर्थें । त्यसले गर्दा मैले पढ्नको लागि थुप्रै स्कूलहरू फेर्नु पर्‍यो । अन्याय हुँदा विरोध गर्ने त्यही पृष्ठभूमिबाट नै म राजनीतिको क्षेत्रमा आइपुगें ।

**❑ राजनीतिमा प्रवेश गर्न तपाईंले कसबाट वा कहाँबाट प्रेरणा पाउनु भयो ?**

-२००४/००५ सालतिरदेखि नै, जुन बेलामा म दरबार स्कूलमा पढ्दै थिएँ, स्कूलको पाठ्यपुस्तकभन्दा बाहिरका अन्य किताबहरू पनि म बढी मन लगाएर पढ्ने गर्थें । त्यतिखेर भोटाहिटीमा रहेको 'रत्न पुस्तक भण्डार' मा म किताबहरू हेर्न जाने गर्थें र त्यही पसलमै उभिएर घण्टौंसम्म किताबहरू पढ्ने गर्थें, किनकि मन लागेका सबै किताबहरू किन्न म सक्दिनथें । त्यहाँ पसलमा खासगरिकन म भारत तथा अन्य विभिन्न देशका प्रभावशाली व्यक्तित्वहरूको जीवनी पढ्ने गर्थें । कुनै बेला आफूसंग पैसा हुँदा भने म तुरुन्तै आफूलाई मनपर्ने किताब किनी घरमा लगेर पढ्ने गर्थें । त्यसरी मैले त्यतिखेर धेरै नै जीवनीहरू पढें । र, त्यसैबाट राजनीतिमा लाग्न मलाई प्रेरणा मिल्यो ।

**❑ कम्युनिष्ट पार्टीमा तपाईं कहिलेदेखि लाग्नु भयो ?**

-म २०१० सालदेखि कम्युनिष्ट पार्टीमा लागेको हुँ । त्यही सालमा नै मैले पार्टीको सदस्यताको लागि दरखास्त दिएँ । र, म तुरून्त नै जनसंघर्षको सिर्जनाको लागि जनताको माझमा पुगें । प्यूठानमा त्यतिखेर हामीले युवाहरूलाई तीन महिनासम्म तालिम दिने काम गर्‍यौं । त्यहाँ हामीले किसान संघर्षको पनि थालनी गर्‍यौं ।

**❑ कम्युनिष्ट पार्टीमा लाग्दा त्यतिखेरको तपाईंको पारिवारिक पृष्ठभूमि कस्तो थियो ?**

-पारिवारिक पृष्ठभूमि त सामन्ती प्रकारको नै थियो । मेरो बुबा सामन्त नै हुनुहुन्थ्यो ।

**❑ सामन्ती पारिवारिक पृष्ठभूमि भएर पनि तपाईं सर्वहारा वर्गको राजनीतिमा आकर्षित हुनुको कारण के थियो ?**

**◆ सामन्ती संस्कारले तपाईंलाई कम्युनिष्ट आन्दोलनमा लाग्न अवरोध पुर्‍यायो कि पुर्‍याएन ?**

**◆ पुष्पलाललाई 'गद्दार'भन्नुमा के कारण थियो ?**

**◆ नेकपा (एकता केन्द्र) सितको पार्टी एकताको प्रक्रिया अहिले कुन चरणमा पुगेको छ ?**

-मूल कारण त अध्ययन नै रहयो । मैले अघि पनि भनिसकें कि, मलाई शुरूदेखि नै विभिन्न किताबहरू पढ्ने रूचि थियो । यसले गर्दा २००७ सालपछि पनि मलाई त्यो रूचिले डोर्‍यायो । त्यतिखेर म क्षेत्रपाटीमा बस्थें । २००७ सालको परिवर्तन पछाडि काठमाडौंमा विभिन्न ठाउँमा पुस्तक पसलहरू धमाधम खुल्न थालिरहेका थिए । क्षेत्रपाटी वरपर पनि पुस्तक पसलहरू खोलिन थाले । ती पसलहरूमा मार्क्सवादी किताबहरू पनि पाइन्थे । मैले ती पसलहरूमा रहेका मार्क्सवादी पुस्तकहरू पढ्दै गएँ र यसबाट म कम्युनिष्ट आन्दोलनमा तानिन पुगें ।

**❑ तपाईंको पारिवारिक सामन्ती संस्कारले तपाईंलाई कम्युनिष्ट आन्दोलनमा लाग्न अवरोध पुर्‍यायो कि पुर्‍याएन ?**

-म ११/१२ वर्षको उमेरदेखि पढाइको लागि घर छोडेर बाहिर नै रहें । त्यसैले, परिवारसंग मेरो त्यस्तो घनिष्ठ सम्बन्ध रहन नै पाएन । केही मात्रामा मेरो सम्बन्ध बुबासंग हुन्थ्यो । बुबाको पनि २००७ सालको संघर्ष र त्यसपछिका पूँजीवादी प्रजातान्त्रिक आन्दोलनमा समेत सक्रिय सहभागिता रहेको थियो । त्यसैले, कतिपय संघर्षमा हामी साथसाथै पनि रहयौं । वास्तवमा पछि किसान आन्दोलन हुँदा मात्र उहाँसंग हाम्रो स्पष्ट अन्तर्विरोध हुन थाल्यो । र, म उहाँबाट अलग भएँ । तर पछि गाउँमा प्रशासनको ज्यादती र भ्रष्टाचारको विरोधमा संघर्षको थालनी गर्दा पुनः उहाँले हामीलाई काफी साथ दिनुभयो । यसरी बुबासंग कतिपय संघर्षमा साथसाथै रहेको र कतिपयमा हामी दुई बीच अन्तर्विरोधको स्थिति रहेको कारणले गर्दा ममा पारिवारिक सामन्ती

पृष्ठभूमिले खास असर गरेन ।

**❑ त्यतिखेर प्यूठानमा चलेको जाली फटाइ सामन्तहरुको विरुद्ध भएको किसान संघर्षमा तपाईंले आफ्नो बुबाको पनि तम्सुकहरु च्यात्नु भएको थियो रे, हो ?**

-हो, २०१० सालमा हामीले प्यूठानमा ठूलो किसान संघर्ष चलायौं । त्यतिखेर देशभरि नै किसान संघर्षको लहर चलेको थियो । त्यही क्रममा हामीले प्यूठानमा मेरो बुबाको पनि तम्सुक च्याते र जग्गाहरू किसानहरूलाई बाँडेर दिने काम गरेका थियौं ।

**❑ तपाई कम्युनिष्ट पार्टीको शीर्षस्थ स्थानमा आइपुग्दासम्म पार्टीको कुन कुन स्थानमा रही काम गरिसक्नु भएको थियो ?**

-मैले २०१० सालमा प्यूठानको जिल्ला कमिटीबाट पार्टी कामको थालनी गरें । २०११ सालमा गण्डकी अंचल कमिटीको सेक्रेटोरियटमा बसेर पार्टी कामलाई अगाडि बढाए । त्यसपछि २०१४ सालमा भएको पार्टी महाधिवेशनबाट म केन्द्रीय समितिमा चुनिएँ । २०१७ सालपछिको तेस्रो महाधिवेशनबाट म पोलिटब्यूरोमा चुनिएँ । त्यतिखेर म जेलमा थिएँ । त्यसपछि २०३१ सालमा भएको पार्टीको चौथो महाधिवेशनले मलाई महासचिव पदमा छान्यो ।

**❑ मनमोहन र रायमाझीको नेतृत्वको समयमा तपाईले अन्तरपार्टी संघर्ष [illegible] भएको कुरा सुनिन्छ । त्यस [illegible] कुन कुन सवालहरुमा उहाँहरुसित तपाइँका मतभेद भएको थियो ?**

-जुनबेला मनमोहन अधिकारी पार्टीको महासचिव हुनुहुन्थ्यो, त्यतिबेला म केन्द्रीय कमिटीमा थिइनँ । र, जतिखेर म केन्द्रीय कमिटीमा आएँ, त्यतिखेर उहाँ उपचारको लागि चीन गइसक्नु भएको थियो ।

डा. केशरजंग रायमाझी महासचिव हुँदा चाहिं म केन्द्रीय कमिटीमा आइसकेको थिएँ । उहाँसंग मेरा थुप्रै कुरामा मतभेदहरू हुन थाले । खासगरीकन गणतन्त्र, संविधान सभा, राजतन्त्र आदि सवालहरूमा हाम्रा स्पष्ट मतभेदहरू भए । त्यतिखेर उहाँले संघर्षबाट पछि हट्ने, पार्टीलाई क्रमशः बुर्जुवा पार्टीमा बदल्ने आदि जस्ता नीतिहरू लिनुका साथै उहाँ स्पष्ट रूपले राजावादी हुन थाल्नुभयो । यी कुराहरूमा नै मेरो उहाँसंग मतभेदहरू रहन गएका थिए ।

२०१७ सालको काण्डपछि म लगायत थुप्रै साथीहरू जेल पर्‍यौं । मनमोहन अधिकारी पनि जेल पर्नुभयो । पछि जेलबाट छुटेपछि २०२८ सालतिर केन्द्रीय न्युक्लसमा मनमोहनसंग साथै काम गर्ने मौका मिल्यो । त्यतिबेला उहाँले अत्यन्त ढुलमुल र कुनै पनि अडानमा बस्न नसक्ने खालको चरित्र देखाउनु भयो । उहाँले कतिपय गोप्यताहरू पनि भंग गर्नुभयो । त्यसले गर्दा न्युक्लसलाई अगाडि बढाउन अप्ठ्याराहरू देखापरे । त्यसैले, हामीले उहाँलाई केन्द्रीय न्युक्लसबाट हटाइदियौं ।

**❑ उहाँहरुसंगको संघर्षमा चाहिं तपाईंको कुन कुन कुराहरुमा मतभिन्नताहरु थिए ?**


-मनमोहनसंग थुप्रै कुराहरूमा एकमत हुन्थ्यो । तर, त्यो एकमतको स्थिति तुरुन्त नै भंग हुन्थ्यो । उहाँ एकछिन पनि अडानमा बस्न सक्नु हुन्नथ्यो । जस्तो कि; बंगलादेशको प्रश्न, पंचायती व्यवस्थाको प्रश्न आदि सवालहरूमा उहाँले त्यस्तो चरित्र देखाउनुभयो ।

जेलभित्र पनि हाम्रो मतभेद रहयो । जेलमा मनमोहन, शम्भुराम र म संगै बसेका थियौं । उहाँहरू केही शर्तमा कागज गरेर छुट्नु पर्ने कुराहरू गर्नुहुन्थ्यो तर म त्यसको विरोध गर्थें । पछि उहाँहरू मभन्दा अगाडि नै छुट्नुभयो । त्यसपछि मैले उहाँहरूलाई थुप्रै चिठ्ठीहरू पठाएँ (जुन अब छिट्टै प्रकाशित हुँदैछन्, तिनबाट पनि यी कुराहरू प्रष्ट हुन आउँनेछन्) ।

पछि पनि तात्कालीक कार्यनीतिको सवालमा, चीनको पार्टीको सवालमा आदि जस्ता धेरै विषयमा हामीहरूबीच मतभेदहरू भए ।

**❑ २०१८ सालको दरभंगा प्लेनममा तपाईंले 'संविधान सभा'को माग गर्नुभयो र त्यही लाइन पनि पास भयो । तर, राजाको निरंकुशता हटाउन त्यस नीतिबाट सबै शक्तिहरुलाई गोलबन्द गर्न सकिने हुन्थ्यो कि वा पुष्पलालले भने जस्तै 'विघटित संसदको पुनर्स्थापनाको माग' ले हुन सक्थ्यो, समीक्षा गर्नु पर्दा हाल तपाई कसरी गर्नु हुन्छ ?**

-२००७ सालको लगत्तै अन्तरिम संविधानमार्फत् राजा त्रिभुवनले पनि संविधान सभाको घोषणा गरेका थिए । त्यतिखेर कांग्रेस, कम्युनिष्ट सबैले नै संविधान सभाको कुरालाई अगाडि बढाएका थिए । त्यसैले, यो नारा त्यतिखेरको आन्दोलनको मूल धार थियो । तर, पछि यो नारालाई क्रमशः छोड्दै जान थालियो । सबभन्दा पहिले यो नारालाई टंकप्रसादले छाडे र त्यसपछि डा. के आई. सिंहले पनि यो नाराको विरोध गरे । तिनीहरू पछाडि कांग्रेसले पनि संविधान सभाको नारालाई छोड्यो । र, त्यसपछि कम्युनिष्टरूमा डा. केशरजंग रायमाझीले त्यो नारा छोडे । तर त्यतिखेर देशमा संविधानसभाको पक्षमा व्यापक जनमत थियो । यसैको आधारमा आन्दोलन उठाउन सकेको भए त्यसले देशको प्रजातान्त्रिक आन्दोलनलाई सही दिशा दिन्थ्यो र सही आधार दिन्थ्यो । त्यसकारण, संविधान सभाको नारालाई छाड्नु त्यतिखेर सही दृष्टिकोण थिएन । र, हामीले त्यतिखेर त्यो नारालाई जुन जोड दियौं, त्यो ठीक काम नै भएको थियो भन्ने कुरा अहिले पनि हामीलाई लागिरहेको छ ।



क. पुष्पलाल

**पुष्पलालले नेपाली कांग्रेसको सम्पूर्ण राजनीति र व्यवहारप्रति पिछलग्गुपन देखाएकाले नै उहाँलाई मैले 'गद्दार' भनेको हुँ ।**

**❑ तपाईंले पुष्पलाललाई 'गद्दार' भनेर पनि लेख्नुभयो । उहाँलाई 'गद्दार'भन्नुमा के कारण थियो ?**

-क्रान्तिको दुश्मन शक्तिको पिछलग्गु बन्नेलाई 'गद्दार' भन्नुपर्छ भन्ने हाम्रो दृष्टिकोण हो । पुष्पलालले नेपाली कांग्रेसको सम्पूर्ण राजनीति र व्यवहारप्रति पिछलग्गुपन देखाएकाले नै उहाँलाई मैले 'गद्दार' भनेको हुँ ।

न्युक्लस बन्नुभन्दा पहिले हामीले नेपाली कांग्रेसलाई राष्ट्रिय पूँजीपति वर्गको पार्टीको रूपमा सोच्थ्यौं । यसको अर्थ, जनवादी क्रान्तिको समयमा त्यो मित्र शक्तिको रूपमा रहन्छ । त्यसैले, त्यतिखेरसम्म हामीले पुष्पलाललाई 'कांग्रेसपरस्त'को रूपमा मात्र हेर्‍यौं ।

तर पछि जब हामीले नेपाली कांग्रेसलाई सामन्त, दलाल र नोकरशाही पूंजीपति वर्गको पार्टीको रूपमा देख्यौं र व्याख्या गर्‍यौं, तब नेपाली कांग्रेसलाई दुश्मन शक्तिको रूपमा हामीले लियौं । त्यसकारण, दुश्मन शक्तिको पिछलग्गू बन्ने त्यस प्रकारको व्यक्तिलाई 'गद्दार'को रूपमा लिनुपर्ने कुरोको हामीले निर्णय गर्‍यौं ।

**❑ त्यतिखेरको त्यो निश्कर्ष र निर्णयलाई के तपाईंले अहिले परिवर्तन गर्नु भएको छ ?**

-छैन । त्यो निश्कर्ष अहिले पनि आफ्नो ठाउँमा कायम नै छ ।

**❑ पुष्पलालले पंचायत फाल्नलाई कांग्रेससंग मिलेर आन्दोलन गर्नुपर्छ भन्ने नीति अगाडि सारेका थिए । तपाईंले दुश्मनको पिछलग्गू बनेको भनी उहाँलाई 'गद्दार' भन्नुभयो । तर २०४६ सालको पंचायत फाल्ने आन्दोलनमा तपाईंहरु पनि त कांग्रेससंग पनि मिलेर जानुपर्छ भन्ने मानसिकतामा पुग्नुभयो नि, हैन ?**

-आवश्यकताअनुसार दुश्मन शक्तिसग पनि कार्यगत एकता गर्ने नीति लिनु र त्यसपछि पनि त्यसकै पिछलग्गू बन्नु दुवै एउटै कुरा होइन । बाहिरबाट हेर्दा कतिपय समयमा ती दुवै एउटै हुन कि भन्ने भ्रम पैदा हुन सक्छ ।

हामीले ०४६ सालमा निरंकुश राजतन्त्र र तानाशाही पंचायत व्यवस्थाको अन्त्यको लागि कांग्रेससंग कार्यगत एकता गर्ने नीति लियौं । तर, कांग्रेससगको सम्बन्धलाई पछि पनि सुधार गर्दै जाने वा त्यसविरूद्धको संघर्षलाई कमजोर पार्ने खालको नीति हाम्रो थिएन ।

पुष्पलालको नीति खालि कार्यगत एकतासम्म मात्र सीमित थिएन । उहाँले कांग्रेसको नीति, व्यवहार आदि सबैको अनुशरण गर्दै गइरहनुभएको थियो । त्यो उहाँको कांग्रेससंगको पिछलग्गूपन नै थियो ।

**❑ उहाँको कुन कुन कुरालाई लिएर उहाँलाई तपाईंले कांग्रेसको पिछलग्गू नै भयो भनेर भन्नुभएको हो ?**

-विघटित संसदको पुनर्स्थापनाको नारा दिनु उहाँको आफ्नै पहिलेको नीति तथा लाइनको विपरीत कुरा थियो । संविधान सभाको सवालमा कांग्रेसको विरूद्ध र डा. रायमाझीको विरूद्ध हामीले साथसाथै संघर्ष गरेका थियौं । तर, दरभंगा प्लेनममा आएर एक्कासी उहाँले आफ्नो चरित्र बदल्नुभयो । त्यहाँ उहाँले कांग्रेसको नीतिको अनुशरण गर्दै पहिलेको आफ्नो 'संविधान सभा'को नारा छोडेर विघटित संसदको पुनर्स्थापनाको नारालाई अघि सार्नुभयो । पछि पनि उहाँको व्यवहारमा मुख्य जोड केमा रहयो भने, कांग्रेससग जहिले र जसरी पनि एकता गर्ने नीति अख्तियार गर्नुपर्छ । र, जो कांग्रेससंग एकता गर्न रूचाउँदैन, त्यसलाई प्रहार गर्ने नै उहाँको नीति बन्यो । यसरी, उहाँको सम्पूर्ण व्यवहार, नीति, कार्यप्रणाली, कांग्रेससंगको एकतामा जोड, कांग्रेसविरूद्धको संघर्षलाई तिलाञ्जली दिनेमा सीमित भएको कारणले गर्दा उहाँ 'कांग्रेसको पिछलग्गू' भएको हामीले ठहर गर्‍यौं ।

**❑ २०२८ सालमा केन्द्रीय न्युक्लस बनिसकेपछि महाधिवेशनको लागि पुष्पलालसंग पनि कुराकानी भएको र पुष्पलालले उहाँकै पार्टीमा समावेश भई काम गर्न सबैलाई आव्हान गर्नुभएको थियो भन्ने कुरा सुनिन्छ । तर, तपाईंहरुले यी कुराहरुलाई बेवास्ता गरी हतारमा नै २०३१**

**सालमा चौथो महाधिवेशन गर्नुभयो भन्ने आलोचकहरुको भनाइ छ । यसमा तपाईं के भन्नुहुन्छ ?**

-हामीले महाधिवेशन २०३० सालमा गर्ने निर्णय गरेका थियौं । त्यसको लागि तेस्रो महाधिवेशनपछि छिन्नभिन्न भएर जिल्ला-जिल्लामा त्यत्तिकै बसिरहेका माओ विचारसंग सहमति राख्ने सबै साथीहरूसंग भेट्ने हामीले निर्णय गर्‍यौं । त्यही दौरानमा न्युक्लसको तर्फबाट मनमोहन अधिकारीले पुष्पलाललाई भेट्न जानुभएको थियो । उहाँले हामी सबैलाई उहाँकै पार्टीमा समावेश हुन आग्रह गर्नुभयो । तर, उहाँको पार्टी त्यतिखेर तेस्रो महाधिवेशनपछि छिन्नभिन्न भएर बसेका विभिन्न समूहहरू मध्येको एउटा सानो समूह मात्र थियो, त्यसले सबैलाई समेट्ने वातावरण बनाउन सक्दैनथ्यो । त्यसैले, हामीले सबैलाई समेटेर महाधिवेशन गर्ने कुरामा नै बढी जोड दियौं । तर, पुष्पलाल यस कुरामा सहमत हुनु भएन ।

पछि पुष्पलाल र वि.पी.लाई भेटेर आइसकेपछि मनमोहनले पनि न्युक्लसमा पहिले निर्णय गरेको राजनीतिक लाइनका सबै कुराहरू फेरेर कांग्रेससितको संघर्षको नीति त्याग्नुपर्ने कुरा ल्याउनु भयो । साथै, उहाँले महाधिवेशनको मिति र स्थान पनि बाहिर खोलिदिनुभयो । त्यसैले हामीले महाधिवेशनको मिति र स्थान पछाडि सार्‍यौं । गोपनीयता भंग गरेको कारणले मनमोहन अधिकारीलाई पनि हामीले एक आकस्मिक बैठक बसेर न्युक्लसबाट निष्काशित गरिदियौं । यतिखेरसम्म न्युक्लसमा भरतमोहन र कमल कोइरालाहरू पनि हुनुहुन्थ्यो । तर, पछि २०३१ सालमा चौथो महाधिवेशन हुँदा उहाँहरू आफैले निर्णय गरेको त्यस महाधिवेशनमा आफै उपस्थित हुनुभएन ।

**❑ विगतमा नेकपा चौथो महाधिवेशन पार्टी फुट्नुका मुलभुत कारणहरु के के रहेका छन् ?**

-अहिले हाम्रो नेकपा एकता केन्द्रसित पार्टी एकताको सम्बन्धमा कुराकानी चलिरहेको छ र यही दौरानमा हामी हिजोका ती कुराहरुको बारेमा पनि मूल्यांकन गर्दैछौं । त्यसैले यस सम्बन्धमा अहिले नै केही नभनौं ।

**❑ त्यतिखेर पार्टीभित्र भिन्न मतहरुप्रतिको व्यवहारमा तपाईंको असहिष्णुताले गर्दा नै पार्टी फुटेको हो भन्ने आलोचकहरुको भनाइ छ नि । तपाई यसमा के भन्नुहुन्छ ?**

-पार्टी फुटेको बेलामा म केन्द्रीय कमिटीमा छँदै थिइनँ । र, केन्द्रीय कमिटी मै नभएको व्यक्ति पार्टी फुटको कारण बन्न सक्दैन ।

**❑ यसको अर्थ के त्यतिखेर पार्टी फुट्नुमा तपाईको केही पनि भूमिका थिएन भन्ने हो ?**

-हो । पार्टी फुट्नुमा मेरो केही पनि भूमिका थिएन ।

**❑ ०४६ सालको जन-आन्दोलनले नेपालमा क्रान्ति अगाडि पनि क्रान्तिकारीहरु सरकारमा गई प्रगतिशील सुधारहरु गर्ने परिस्थितिको सृजना गरिदिएको छ । तर, तपाईंहरु क्रान्ति अगाडिको यो परिस्थितिमा प्रगतिशील सुधार गर्न सरकारमा जान किन तम्तयार नहुनु भएको ?**

-यसलाई दुई किसिमबाट हेर्नुपर्छ । एउटा, सैद्धान्तिक रूपमा र अर्को तात्कालीक व्यवहारको रूपमा । सैद्धान्तिक रूपमा कम्युनिष्टहरू सरकारमा जानु नै हुँदैन भन्ने हाम्रो दृष्टिकोण छैन । तर, प्रतिकृयावादी सत्ता र पूँजीवादी संसदभित्र गएर कम्युनिष्टहरूले सत्ता प्राप्त गर्न सकिँदैन भन्ने कुरामा हामी प्रष्ट छौं । सत्ता भनेको पुलिस, सेना, अदालत र नोकरशाही प्रशासनमा अडेको हुन्छ । त्यसकारण चुनावबाट बहुमत पाएर बन्ने जुन सरकार छ, त्यसको हातमा त्यो सत्ता वास्तविक रूपमा कहिले पनि आउँदैन । र, यथार्थमा त्यो सत्ता त अन्य प्रतिकृयावादी केन्द्रहरूबाट नै संचालन भइरहेको हुन्छ । तै पनि, कुनै खास परिस्थितिमा प्रगतिशीलहरू, जनपक्षीय शक्तिहरू वा कम्युनिष्टहरू चुनावको माध्यमबाट पनि सरकारमा जान सक्छन् । उनीहरूले संसदमा सुधारवादी तथा प्रतिकृयावादीहरूको बीच फुट पैदा गरेर त्यहाँको शक्ति सन्तुलन आफ्नो हातमा पारेर पनि सत्तामा जान सकिने कुरालाई अस्वीकार गर्न सकिँदैन । तर, त्यसरी सरकारमा गएर कम्युनिष्टहरूले सुधारका कामहरू गर्न र आफ्नो नीतिअनुसार देशमा परिवर्तन ल्याउन सक्दैनन् । त्यसैले, उनीहरूले त्यस्तो सरकारमा बसेर अरू कामहरू गर्नुभन्दा जनताको संघर्षलाई तीव्र पार्न अनुकूल वातावरण बनाउने प्रयत्न गर्नुतर्फ नै लाग्नु पर्दछ । र, साहस गर्ने हो भने, यो काम राम्ररी नै गर्न सकिन्छ । हामी सरकारमा जान्छौं भने यही कामको लागि नै जान्छौं । त्यसैले कम्युनिष्टहरू सरकारमा गएर कुनै आमूल परिवर्तन गर्न सकिन्छ भन्ने कुरा ठीक होइन । र, कम्युनिष्टहरूले सरकारमा गएर वर्तमान सत्तालाई सुदृढ पार्ने भन्ने कुरा पनि गलत छ ।

दोस्रो कुरो, जहाँसम्म तात्कालीक व्यवहारको कुरो छ, त्यसअनुसार नेपालमा अहिलेको परिस्थितिमा सरकारमा गएर जनताको संघर्षलाई अघि बढाउन सकिने स्थिति देखापरेको छैन । किनकि, अहिले नै हामी एक्लै बहुमत प्राप्त गरेर सरकारमा जान सक्ने हालतमा छैनौं र त्यस्तै, अरूहरूसंग मिलेर जानको लागि पनि संसदमा त्यस्ता सच्चा देशभक्त तथा वामपन्थीहरू छैनन् । यस्तो अवस्थामा पनि हामी सरकारमा जाने निर्णय गर्छौं भने या त प्रतिकृयावादी शक्तिहरूसित साँठगाँठ गरेर या एमाले जस्तो शक्तिसंग मिलेर जानुपर्ने हुन्छ । जहाँसम्म एमालेको सवाल छ, ऊ सत्ताको लागि प्रतिकृयावादीहरूसंग पनि साँठगाँठ गर्न सकिने र "अहिलेको काम वर्तमान सत्तालाई सुदृढ गर्ने नै हो" भनेर अघि बढिरहेको पार्टी हो । त्यसकारण, जुन उद्देश्यको लागि सरकारमा जाने हो, त्यो उद्देश्य अहिले सरकारमा गएर पूरा हुनेवाला छैन । यही कारणले नै हामी अहिले सरकारमा जानु हुँदैन भन्ने निश्कर्षमा बसेका छौं । अहिले संसदसम्ममा रहेर प्रतिकृयावादी सत्ताको भण्डाफोर गर्नु नै सबभन्दा सम्भव र उपयुक्त नीति हो भन्ने हाम्रो ठहर छ ।

**❑ नेकपा (एकता केन्द्र) सितको तपाईंहरुको पार्टी एकताको प्रक्रिया अहिले कुन चरणमा पुगेको छ ?**

-दुई तीन वर्षदेखि जुन तहमा एकताको कुराकानी चलिरहेको थियो, अहिले त्योभन्दा माथिल्लो तहमा कुराकानी भइरहेको छ र अहिलेको चरण भनेको यही नै हो ।

हामीले एकता केन्द्रलाई पहिले मार्क्सवादी-लेनिनवादी समूहको रूपमा मानेका थिएनौं । उनीहरूलाई हामी देशभक्त तथा जनतान्त्रिक शक्तिको रूपमा मात्र लिने गर्थ्यौं । तर, अहिले भर्खरै गत माघमा सम्पन्न हाम्रो पार्टीको विस्तारित बैठकले एकता केन्द्रलाई एउटा 'मार्क्सवादी-लेनिनवादी समूह'को रूपमा स्वीकार गरेको छ । यसले पार्टी एकताको लागि एउटा आधार तयार पारेको छ र त्यसको लागि प्रक्रिया अगाडि बढाउँदै जाने भन्ने हामीले समझदारी बनाएका छौं ।


❑

**हामीले सबैलाई समेटेर महाधिवेशन गर्ने कुरामा नै बढी जोड दियौं । तर, पुष्पलाल यस कुरामा सहमत हुनु भएन ।**

**सैद्धान्तिक रुपमा कम्युनिष्टहरु सरकारमा जानु नै हुँदैन भन्ने हाम्रो दृष्टिकोण छैन ।**

**गोपनीयता भंग गरेको कारणले मनमोहन अधिकारीलाई पनि हामीले एक आकस्मिक वैठक बसेर न्यूक्लसबाट निष्काशित गरिदियौं ।**

विद्युतविज्ञहरू अजय दीक्षित तथा दीपक ज्ञवालीद्वारा लिखित महत्वपूर्ण र उपयोगी पुस्तक




दक्षिण एशियामा
**पानीको अर्थ-राजनीति**
नीतिगत समस्या र प्रस्तावहरु
*बजारमा उपलब्ध छ ।*

**पाँच महिनाभित्रै दोस्रो संस्करण प्रकाशित भएको छ ।**



**चे गवेभारा**
**विश्वक्रान्तिका नायक**

*प्रकाशित भएको छोटो समयमै स्टक सकिएकोले पाठकहरूको अत्यधिक माग भएबाट प्रस्तुत पुस्तक पुनर्मुद्रित भएको छ । इच्छुक विक्रेताहरूले कार्यालयमा तुरुन्तै सम्पर्क राख्न हुन अनुरोध गरिन्छ ।*
*-अन्तर्क्रिया प्रकाशन प्रा.लि., फोन: ४२२७६९*

# कसरी २००८ सालमा नेपाल कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध लाग्यो ?

◆ मुक्ता श्रेष्ठ



नेपाल कम्युनिष्ट पार्टीका संस्थापकहरु: पुष्पलाल, नारायणविलास, निरञ्जन गोविन्द वैद्य र नरबहादुर कर्माचार्य

भरखर भरखरै मात्रै कम्युनिष्ट विचारधाराबाट प्रभावित केही नेपाली युवाहरूले नेपाल कम्युनिष्ट पार्टीको स्थापना गरेका थिए। कम्युनिष्ट पार्टी स्थापना भएको एक डेढ वर्षभित्रै राणाहरूको जहानिया शासनका विरूद्ध नेपाली कांग्रेसले सशस्त्र संघर्षको आव्हान गर्‍यो। २००७ साल कार्तिक २७ गतेदेखि नै नेपालमा सशस्त्र संघर्षको शुरूवात भयो।

भीमदत्त पन्त, एकदेव आले, रामप्रसाद राई जस्ता कम्युनिष्ट विचारबाट प्रभावित व्यक्तिहरूले पनि आ-आफ्नै किसिमले 'मुक्ति सेना' गठन गरेर राणा शासनको विरूद्ध संघर्षलाई अगाडि बढाए। यिनीहरूले विभिन्न ठाउँहरूमा 'जमीन जोत्नेको' नारा दिएर किसान संघर्षहरू उठाउन थाले। दिल्ली सम्झौतापछि पनि यिनीहरूले आफ्ना संघर्षहरू रोकेनन्। दिल्ली सम्झौतापछि 'दिल्ली सम्झौता धोका हो' भन्ने नारासमेत थप गरेर यिनीहरूले आफ्ना संघर्षहरूलाई अझ तीव्र पार्दै लगे। तर नेपालको प्रजातन्त्र स्थापनापछि सत्तामा आएका शासकहरूले यिनीहरूको संघर्षलाई नराम्ररी दबाए।

२००७ सालमा राणा शासनका विरूद्ध भएको संघर्षकै दौरानमा मनमोहन अधिकारी, नरबहादुर कर्माचार्य, डि.पी. अधिकारीले विराटनगरमा मजदूर आन्दोलनलाई नेतृत्व गर्दै थिए। तर सशस्त्र आन्दोलनपछि विराटनगरमा गठन भएको कांग्रेसको विद्रोही सरकारले उहाँहरू लगायत अन्य कम्युनिष्टहरूलाई गिरफ्तार गरी बन्दी बनायो र उहाँहरूलाई २००८ साल वैशाखमा मात्र रिहा गर्‍यो।

अर्कोतिर, रक्सौलमा कार्यरत तुल्सीलाल अमात्य, केदार उपाध्याय, पि.एन. राणा तथा अन्य किसान नेताहरूलाई भारत सरकारले गिरफ्तार गरी भारतीय जेलमा बन्दी बनायो। उता, कलकत्तामा बसेका पुष्पलाललाई भारतको बंगाल सरकारले वारेन्ट जारी गर्‍यो। भारतीय सरकार तथा नेपाली कांग्रेस कुनै हालतमा पनि नेपालको राणाविरोधी आन्दोलनमा नेपाली कम्युनिष्टहरूको नेतृत्व रहोस् भन्ने कुरा चाहँदैनथे। तर उनीहरूको चाहनाका विरूद्ध पनि नेपालका विभिन्न ठाउँहरूमा कम्युनिष्टहरू आन्दोलनलाई नेतृत्व गर्न सफल भए।

२००७ सालमा नेपाली कांग्रेसले राणाहरूको निरंकुश शासनका विरूद्ध मात्र आन्दोलन चलाएको थियो। तर नेपालको विभिन्न ठाउँहरूमा संघर्षले अर्कै मोड लिन थाल्यो। अथवा भनौं, सम्पूर्ण सामन्तवादी व्यवस्थाकै विरूद्ध जनसंघर्ष उठ्न शुरू भयो। यसरी आन्दोलन चर्कंदै गएको खण्डमा राणाशाही त ढल्ने निश्चित छँदैथियो, साथै सामन्तवादी व्यवस्थालाई पनि पूर्ण रूपमा अन्त्य गर्न सक्ने सम्भावना बेसी थियो।

त्यसैले आफ्नो अस्तित्व नै खत्तम हुने डरले गर्दा राणाहरू आत्तिए। उनीहरूले राजा त्रिभुवनसंग सम्झौताको कुरा चलाए। दिल्लीमा राणा र राजाको बीच सम्झौता भयो। सम्झौतामा यी पाँच वटा शर्तहरू उल्लेख थिए।

-नेपालको वैधानिक राजा त्रिभुवन नै हुने,

-५ जना राणातर्फका र ५ जना नेपाली कांग्रेसका मन्त्रीसहित संयुक्त मन्त्रीमण्डल गठन हुने र प्रधानमन्त्री मोहन शमशेर हुने।

-नेपालमा विधान सभाको चुनाव हुने र त्यसैले बनाएको विधान देशमा लागू हुने।

-फौजदारी अभियोग लागेकाहरूलाई बाहेक अरू राजबन्दीहरूलाई रिहाई गर्ने

-आन्दोलनकारीहरूले आन्दोलन रोकेर हातहतियारहरू सरकारलाई बुझाउनु पर्ने।

यो सम्झौता नेपाली कांग्रेसको स्वार्थ अनुरूप पनि थियो। त्यसैले नेपाली कांग्रेसले बहुमतले यो सम्झौतालाई स्वीकार गर्‍यो र २००७ साल माघ १ गतेदेखि सशस्त्र संघर्ष रोक्ने घोषणा गर्‍यो। फेरि दिल्लीमा राणा, राजा र कांग्रेसको बीच 'दिल्ली सम्झौता' भयो।

तर यो 'दिल्ली सम्झौता' नेपाली कांग्रेसबाटै सशस्त्र संघर्ष संचालन गरिरहेका डा. के.आई. सिंह लगायत अन्य केही आन्दोलनकारीहरूलाई चित्त बुझेको थिएन। दिल्ली सम्झौतापछि पनि उनीहरूले आन्दोलन जारी नै राखे। २००७ साल फागुन ७ गते प्रजातन्त्रको स्थापना भएको घोषणा भएपछि पनि डा. के.आई. सिंहले आफ्नो कार्य क्षेत्र भैरहवामा आन्दोलन जारी नै राखे।

उनलाई पक्राउ गर्न नेपाल सरकारले अनेक प्रयास गर्‍यो। तर नेपाल सरकारको केही नलागेपछि भारतीय फौजको सहयोगबाट डा. के.आई.सिंहलाई पक्राउ गरियो।

उनलाई भैरहवाबाट काठमाडौं ल्याइयो र सिंहदरबारमा नजबन्दमा राखियो। उनी नजरबन्दमा रहेकै बेला २००८ साल माघ ८ गते १२ बजे राति रक्षादलले सैनिक विद्रोह गर्‍यो। त्यस दलले डा. के.आई. सिंहलाई मुक्त गर्‍यो र राजधानकिो तोपखाना, बारूदखाना, मुलुकीखाना, सिंहदरबारको सेक्रेटरियट समेत कब्जा जमायो। तर माघ ९ गते नै नारायाणहिटीका सेनाहरू र प्रहरीहरूको सहयोगबाट सिंहदरबार बाहेक अन्य क्षेत्रहरू मुक्त गरिए। त्यही समयमै गणेशमान र टंकप्रसादमार्फत् राजा त्रिभुवनसंग के.आई. सिंहको सम्झौताको कुरा चलिरह्यो। तर सम्झौताको कुरा टुंगो नहुँदै माघ ९ गते नै उनी आफ्ना केही साथीहरूका साथ सिंहदरबारबाट फरार भए र चीनमा शरण लिन पुगे।

१० गते सरकारले एउटा विज्ञप्ति निकाली तीन दिनसम्म सभा, जुलूस गर्न प्रतिबन्ध लगायो। र. माघ ११ गते डा. के. आई. सिंहको विद्रोहलाई नेपाल कम्युनिष्ट पार्टीले सहयोग गरेको भन्ने आरोप लगाएर यस पार्टीमाथि प्रतिबन्ध लगाइयो।

यसरी २००८ सालमा कम्युनिष्ट पार्टीमाथि प्रतिबन्ध त लाग्यो, तर यसको काममा भने प्रतिबन्ध लाग्न सकेन। कम्युनिष्ट पार्टीले आफ्नो पहलकदमीमा काठमाडौंमा 'जनअधिकार सुरक्षा समिति' गठन गर्‍यो। यसले देशकै राजनीतिमा निकै ठूलो भूमिका खेल्न थाल्यो।

पार्टी प्रतिबन्धित अवस्थामा पनि काठमाडौं पूर्वी क्षेत्र र पश्चिमी क्षेत्रमा ठूला ठूला किसान आन्दोलन हुन थाल्यो। काठमाडौंमा मोहियानी हक, किसानहरूले

**राजा महेन्द्रको राज्याभिषेकको समयमा अशान्ति हुने डरले सरकारले पनि नेकपाका प्रतिनिधि बोलाएर वार्ता चलायो। पार्टीका प्रतिनिधि मनमोहन अधिकारी र सरकारको बीचमा गोप्य वार्ता भयो। र, पार्टी फुकुवा भएको घोषणा पनि भयो।**



तिर्नु पर्ने कूत तथा रकमहरूका विरूद्ध किसान आन्दोलन भयो । रौतहट, सिराहा, सर्लाही, बारा, पर्सा, बन्दीपुर, पाल्पा, डोटी, भोजपुर आदि ठाउँहरूमा 'तमसुक फट्टा' आन्दोलन र अनिकालमा सामन्तहरूको अन्न लुट्ने जस्ता कार्यक्रमसहित किसान आन्दोलन भयो । यस आन्दोलनमा हजारौं हजार तमसुकहरू च्यातिए । कैयन शोषक-सामन्तहरूलाई त गाउँबाटै बहिष्कार गर्ने, कालो मोसो पोतेर गाउँ घुमाउने, माफी मगाउने जस्ता कामहरू पनि भए ।

यसरी, एकातिर कम्युनिष्ट पार्टीको नेतृत्वमा किसान आन्दोलन चलिरहयो भने अर्कोतिर, सत्तामा गएका पार्टीहरूले राजा त्रिभुवनले घोषणा गरेअनुरूप विधान सभाको चुनाव गराउने तथा संसदको चुनाव गराउने काम समेत गर्न सकेनन् । सरकार एकपछि अर्को फेरिँदै गयो । तर कुनै पार्टीहरूले पनि आफ्ना वाचाहरू पूरा गर्न सकेनन् । यस्तै स्थितिमा, २०११ सालमा राजा त्रिभुवनको मृत्यु भयो र राजा महेन्द्र राजगद्दीमा बसे ।

त्यसपछि, करीब एक वर्षसम्म राजा महेन्द्रले प्रत्यक्ष शासन चलाए । २०१२ सालमा टंकप्रसादको प्रधानमन्त्रीत्वमा अर्को मन्त्रीमण्डल गठन गरियो । यही मन्त्रीमण्डलको शासनकालमा राजा महेन्द्रको राज्याभिषेक हुने घोषणा भयो ।

यही मौका पारेर नेकपाले पनि 'पार्टीलाई वैधानिक नगरेमा राज्याभिषेकको समयमा आन्दोलन गर्ने' घोषणा गर्‍यो । त्यही घोषणाको साथसाथै काठमाडौंमा जुलुस प्रदर्शन र आमसभा पनि गर्न शुरू गरियो । राज्याभिषेकको समयमा अशान्ति हुने डरले सरकारले पनि नेकपाका प्रतिनिधिहरूलाई बोलाएर वार्ता चलायो । पार्टीका प्रतिनिधि मनमोहन अधिकारी र सरकारको बीचमा गोप्य वार्ता भयो । र, पार्टी फुकुवा भएको घोषणा पनि भयो । तर के कुरामा सम्झौता भयो भन्ने कुरा कसैलाई पनि थाहा भएन ।

यसरी, २०१३ साल वैशाख ४ गते प्रतिबन्धित रहेको नेपाल कम्युनिष्ट पार्टीले वैधानिकता त पायो, तर वैशाखमा निस्केको गजेटमा 'वैधानिक राजतन्त्र अन्तर्गत शान्तिपूर्ण ढंगले समाजवादतिर अघि बढ्ने' भन्ने शर्तमा पार्टी प्रतिबन्ध फुकुवाको सम्झौता भएको कुरा प्रकाशित भयो । यो कुराले के छर्लंग पार्‍यो भने, नेपाल कम्युनिष्ट पार्टीमा त्यतिखेरैदेखि दक्षिणपन्थी सुधारवादी धारको प्रवेश भइसकेको थियो । ❑

*सन्दर्भ स्रोत: ◆ नेपालमा कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास- पुष्पलाल श्रेष्ठ ◆ नेपालमा साम्यवादी आन्दोलन, उद्‌भव र विकास- भीम रावल ◆ नेपालको राजनैतिक दर्पण- ग्रिष्मबहादुर देवकोटा ◆ नरबहादुर कर्माचार्य र निर्मल लामासंग भएको कुराकानी*

# समुद्रले टापुहरू खाँदैछ !

**आगामी २० देखि ३० वर्षसम्ममा बंगालको खाडीमा रहेको 'सागर द्वीप समूह' पूर्णतः लोप हुनेछ अर्थात् त्यो समूह समुद्रमुनि पर्न जानेछ ।**




फोटो: *Down To Earth*

हामी सबैलाई थाहा छ कि, यो धरती परिवर्तनशील छ । तर यो धरती अहिले प्राकृतिक गतिविधिले मात्र परिवर्तित भइरहेको छैन; बरू, विभिन्न प्रकारका मानवीय गतिविधिले गर्दा पनि यसको यो परिवर्तनक्रममा अस्वभाविक तीव्रता छाएको छ । त्यस्तै, मानवीय प्रयत्नको अभावले गर्दा कहीं-कहीं त परिवर्तनले खतरापूर्ण स्थितिलाई पनि निम्त्याउँदैछ ।

महासागरीय भूगोलविदहरू, वातावरणविद्‌हरू र भूगर्भशास्त्रीहरूका अनुसार, आगामी २० देखि ३० वर्षसम्ममा बंगालको खाडीमा रहेको 'सागर द्वीप समूह' पूर्णत: लोप हुनेछ अर्थात् त्यो समूह समुद्रमुनि पर्न जानेछ । भारतको पश्चिम बंगाल राज्यमा करीब एघार हजार जनसंख्या भएको त्यस द्वीप समूहको भविष्यप्रति भारतीय अधिकारीहरू तथा जनता गम्भीर हुनु पर्ने स्थिति आइपरेको देखिन्छ ।

विज्ञहरूका अनुसार, विगतदेखि नै प्रचुर मात्रामा माटोको खियाइ र अन्य प्राकृतिक प्रकोपहरूले गर्दा बंगालको खाडीमा रहेको त्यस सागर द्वीप समूह पूर्ण रूपमा नै नष्ट हुने दिशातर्फ लम्कँदैछ । प्रारम्भमा 'सागर द्वीप समूह'मा जम्मा ३१ वटा साना साना द्वीपहरू रहेका थिए । तर जमीन भास्सिएर र तीव्र माटोको खियाइको कारणले गर्दा तीमध्ये धेरै नै समुद्रमुनि परिसकेका छन् । त्यसरी जमीन भास्सिनु र तीव्र माटोको खियाई पैदा हुनु वास्तवमा शक्तिशाली समुद्री ज्वार र आँधीको कारणले गर्दा भएको हो भन्ने कुरा विज्ञहरू बताउँछन् । सन् १९४७ सम्म आइपुग्दा 'सागर द्वीप समूह' मा केवल पाँच प्रमुख द्वीपहरू र अठार साना द्वीपहरू बाँकी थिए । ती द्वीपहरूमध्ये मानव बस्ती भने पाँच वटा प्रमुख द्वीपहरूमा मात्र थियो । तिनीहरू घोरामारा, अगुन्मारी, लुओउहोरा, सुपारीडाङ्गो र सागर हुन् । तर, सन् १९९० मा आइपुग्दा अगुन्मारी, लुओउहोरा र सुपारी डाङ्गाको नक्शा पूर्ण रूपले बदलियो र त्यसपछि बंगालको खाडीमा आएका शक्तिशाली ज्वारभाटाले तिनीहरूलाई क्रमश: नष्ट गर्दै लग्यो । हाल तिनीहरू पनि पूर्ण रूपले पानीमुनि दबीइसके ।

हालको समयमा 'सागर द्वीप समूह'मा घोरामारा र सागर गरी दुई प्रमुख द्वीपहरू र वरपर नौ अत्यन्त कम उल्लेखनीय जमीनका हिस्साहरू मात्र बाँकी रहेका छन् । करीब ४२०० जनसंख्या भएको, चाँडै नै बंगालको खाडीमा डुब्न गइरहेको यो घोरामारा द्वीप सन् २००७ सम्म मात्र अस्तित्वमा रहन सक्षम देखिन्छ । सन् १९९७ को अगष्ट २० तारिखमा आएको ज्वारभाटाले मात्रै यस द्वीपको एक किलोमिटर लामो जमीनको क्षेत्रलाई क्वाप्लाक्कै खाइदियो । एकातिर, यसरी घोरामाराको दक्षिणमा बंगालको खाडीले जमीन खाँदैछ भने यसको अन्य तीन दिशामा चाहिं त्यहा रहेका अत्यन्तै डरलाग्दा र अनिश्चित ठूला नदीहरू हुग्ली, काचबेरिया र बारटालाले यसलाइ चुनौती दिइरहेका छन् ।

त्यस्तै गरी, अन्तिमसम्ममा बाँकी रहने सागर द्वीप पनि सधैंका ज्वारभाटा, समुद्री आँधी, हुरी बतास, बाढी आदिका कारणले आगामी २०-३० वर्षभित्रमा नै लोप हुने निश्चित भएका कुरा विज्ञहरू बताउँछन् । तर, यदि द्वीपको समुद्रपट्टि फर्केको किनारामा कंक्रिटका पर्खालहरू बनाई सुरक्षा गर्ने हो भने चाहिं ती द्वीपहरूलाई बचाउन सकिने कुरा विज्ञहरू बताउँछन् । ❑

स्रोत: *Down To Earth*
*Jan. 31, 1998*

# आगोले नडढ्ने प्लाष्टिक

सामान्यत: प्लाष्टिक आगोमा पर्दा बलेर नष्ट हुन्छ । यो कुरा हामी सबैलाई थाहा छ । तर, हालै मात्र अमेरिकाका वैज्ञानिकहरूले यस्तो प्लाष्टिकको विकास गरेका छन्, जसलाई आगोले केही असर गर्न सक्दैन । अर्थात्, आगोमा परेर पनि त्यो प्लाष्टिक नष्ट हुँदैन ।

अमेरिकाको कार्नेल विश्वविद्यालयका वैज्ञानिक ई. गियानेलिस र उनको टोलीमा रहेका अन्य वैज्ञानिकहरूले संयुक्त रूपमा एक किसिमको माटो (Clay) संग जैविक पोलिमरहरूलाई सूक्ष्मस्तरमा मिसाई आगोले नडढ्ने एक विशेष खालको प्लाष्टिक बनाउने तरिकाको विकास गरेका छन् । यो तरिकामा ती वैज्ञानिकहरू रासायनिक रूपले दुई भिन्न वस्तुहरूलाई नानोमिटर (एक मिलीमिटरको दश लाख खण्डको एक भाग) स्तरमा राखी एक नानो संमिश्र वस्तुमा मिसाउन सफल भएका हुन् ।

तिनीहरूले पोलिष्टिरिन, पोलिष्टर र पोलिथिलिन अक्साइड जस्ता विभिन्न पोलिमरहरूबाट यी नानो संमिश्रहरू तयार गरेका हुन् । ❑

स्रोत: *Down To Earth*

# ज्वाला बनेर जलौं !

संसारको बेथिति देख्दा
एक दिन मैले सपना देखें थें
म पनि आगो बन्छु
अन्यायलाई खरानी पारिदिन्छु

आगो त अस्त्र हो
त्यो युद्धमा चल्छ
त्यसलाई न्याय युद्धमा प्रयोग गर्नुपर्छ
मान्छेभित्र पनि आगो छ
त्यसले फोहर जलाउनु पर्छ
हराभरा संसार सजाउनु पर्छ

आगोले पोल्नु उसको धर्म हो
आगो सभ्यताको गुरू हो
आगोको शक्ति थाहा नपाउँदासम्म
मान्छे जंगली, असभ्य र बर्बर थियो
आगो नहुँदा संसार चिसाएर
सृष्टिविहीन थियो

जीवन पनि त आगो हो
यो बलिरहनु पर्छ
जालरहनु पर्छ
पुत्पुताएर सकिनुभन्दा
ज्वाला बनेर जल्नु राम्रो हो

एक्लै बलेर पुग्दैन
मिलेर बल्नु पर्नेरहेछ
आऊ मलाई बेस्सरी फुक
बल गरेर घोंच
आगोमा आगो मिलाऊ
तबै पूरा उज्यालो हुन्छ

◆ नारायणप्रसाद शर्मा

**वि.सं. १९८८ चैतमा जन्मनु भएका कवि नारायणप्रसाद शर्मा साहित्य लेखन र पत्रकारिता दुबैमा सक्रिय हुनुहुन्छ । प्रगतिशील लेखक संघका केन्द्रीय सदस्यको रुपमा र राप्ती साहित्य परिषद् दाङका अध्यक्षको रुपमा पनि उहाँ कार्यरत हुनुहुन्छ । उहाँका दुई पुस्तकहरु प्रकाशित भइसकेका छन् । यिनीहरुमध्ये 'मातेको मान्छे र प्रजातन्त्र' उहाँको कविता संग्रह हो ।**
**यस पटक हामी पाठकहरुसमक्ष यहाँ प्रस्तुत गर्दैछौं- उहाँको एउटा नयाँ कविता ।**

मान्छेको आँखा खुल्छ
पापको जहर खरानी पर्छ
आऊ तिमी हामी सबै आगो बनौं
दनदनाऔं भनभनाऔं
हाम्रो वरिपरि अँध्यारो
राक्षस बनेर नाचिरहेछ
लाटासोभालाई निमोठिरहेछ
किनकि हामी एक भएर बल्न सकेनौं

भित्र सबैको आगो हुन्छ
त्यो एक्लै धिपधिपे बत्ती हुन्छ
त्यो सानो मैनबत्ती जस्तै पनि हुन्छ
दाउरा जोडेझैं मान्छे जोडिनु पर्छ
उर्जामाथि उर्जा थपिदिनु पर्छ
अनि करेण्ट बढ्छ
पृथ्वी धपक्क बल्छ
पापको किरो जम्मै मर्छ

म एक्लै बल्न सकिन कि ?
काँचो काठ झैं चुई चुई गरिरहेछु
आओ सबै बनौं ज्योतिर्मय
अन्धकारबाट उज्यालोतर्फ
तमसोमा ज्योतिर्गमय

गमेर सोचौं-
जीवनको अर्थ मरण पनि हो
रोएर मर्ने कि ? हाँसेर मर्ने ?
पुत्पुताएर मर्ने कि, ज्वाला बनेर सकिने ?

हामीले जीवनलाई बाल्यौं भने
मलामीलाई भारी हुन्नौं
मरेर पनि उर्जा दिन्छौं
संझनामा पनि एउटा तेज छोड्छौं

हेर न मान्छे कस्तो बुद्धु छ
आगोमा पानी खन्याउँछ
मूर्ख बनेर अहंकार गर्छ
तर त्यसले थाहा पाउनु पर्छ
पानीभित्र पनि आगै हुन्छ

हो, आगो जतन गरेर राख्नु पर्छ
परमाणु अस्त्र हो आगो
ठूलो सुरक्षा चाहिन्छ
यो बाँदरको हातमा पऱ्यो भने
उल्टो सबै चौपट हुन्छ

त्यसैले म त भन्छु
आगो बनेर मरौं
ज्वाला बनेर जलौं
संसारमा उज्यालो छरौं । ◉

## कथा
## मनको भूत

एकपटक एउटा अदालतमा एउटा मुद्दा पेश भयो । न्यायाधीशसमक्ष एक व्यक्तिले अर्को व्यक्तितिर संकेत गर्दै भन्यो- यसले मेरो टाउको फुटाइदियो ।

दोस्रो व्यक्तिले पनि त्यो पहिलो व्यक्तितिर संकेत गर्दै भन्यो- यसले मेरो टाउको फुटाइदियो ।

न्यायाधीशले दुबैको कुरा सुने र सोधे- तिमीहरू दुबैले एक अर्काको टाउको फुटाइदिएछौ, वास्तवमा यसको कारण चाहिँ के हो ?

एउटाले भन्यो- पहिले हामी दुबै साथी साथी थियौं । एकदिन मैले यसलाई बताएँ- म एउटा खेत किन्दैछु । यसले भन्यो- म एउटा भैंसी किन्दैछु । मैले यसलाई संझाएँ- तँ भैंसी नकिन् । तर यसले मानेन । म जसरी पनि किन्छु, किन्छु भन्यो ।

यसमा दोस्रोले थप्यो- मैले पनि यसलाई तँ खेत नकिन्, मैले त भैंसी किन्ने टुंगो नै गरिसकें भनेर संझाएँ ।

न्यायाधीशले पहिलो व्यक्तिलाई सोध्यो- तिमीले यसलाई भैंसी किन्न किन रोकेको नि ?

उसले भन्यो- हेर्नुस् हजूर, जब म आफ्नो खेतमा अन्नहरू फलाउँछु, बोट उमार्छु, तब यो मान्छेको भैंसीले मेरो खेतमा सारा अन्नहरू खान सक्थ्यो । यसो भएमा मेरो कत्रो नोक्सान हुन्थ्यो !

न्यायाधीशले दोस्रो व्यक्तिसंग सोध्यो- तिमीले चाहिं उसलाई खेत नकिन् भनेर किन भन्यौ ?

उसले जवाफ दियो- खेतमा अन्नबाली लागेपछि मेरो भैंसीले त्यो देखेर लोभिन र खान पुग्थ्यो । जनावर भनेको जनावरै हो हजूर, म हरेक क्षण उसको निगरानीमै रहन त सक्दिनं नि !

न्यायाधीशले दुबैलाई सोध्यो- तिम्रो खेत कहाँ छ ? अनि तिम्रो भैंसी कहाँ छ ?

त्यहाँ न कतै खेत थियो, न कतै भैंसी नै थियो ।

न्यायाधीशले हाँस्दै भने- भलादमीहरू हो ! तिमीहरूले एक अर्काको शिर, टाउको फोऱ्यौं, त्यो पनि ती चिजहरूको निम्ति, जो कहीं छँदै थिएन । यो कस्तो बुद्धिमानी हो ? अलिकति रोकिँदै न्यायाधीशले फेरि भने- ससारमा थुप्रै झगडाहरू यस्तैखालका बेकारका कुरामा हुने गर्छन् । हामी आफूभित्र मनको भूतलाई बसाउँछौं । यी भूतहरूले हामीलाई आपसमा लडाउने गर्छन् । "तिमीहरूभित्र पनि ती भूतहरू बसेका छन्, जाओ ! उनीहरूलाई भगाओ र आनन्दपूर्वक बस ।"

दुबैले आफ्नो भूल अनुभव गरे र पुनः उनीहरू साथी बन्न पुगे ।

◆ **यशपाल जैन**/'आदर्श कथाएँ' पुस्तकबाट साभार १९९१

अनु. *हरिगोविन्द लुइँटेल*

# के हो पूर्वी एशियाको आर्थिक संकट ?



# यसबाट हामीले के पाठ सिक्ने ?

◆ दीपेन्द्रबहादुर क्षेत्री

निर्यातमा व्यापक वृद्धि गरेर आर्थिक वृद्धिदर उच्च र दीगो पार्न सफल भएको भनी बहुप्रचारित पूर्वी एशियाको चकित पार्ने आर्थिक विकास अहिले आएर संकटमा परेको छ । विदेशी मुद्राको संचिति राम्रो हुनु, निर्यात व्यापार बलियो हुनु, मूल्यवृद्धि नियन्त्रित हुनु र विदेशी मुद्रासित ती मुलुकका मुद्राहरूको विनिमयदरमा स्थिरता हुनु जस्ता कारणले ती मुलुकहरूमा विदेशी लगानी निकै आकर्षित भयो । जनताको जीवनस्तरमा पनि निकै सुधार देखियो । विदेशी पूँजी लगानीका लागि पश्चिमी पूँजीवादी मुलुकहरूको दृष्टि र ती पूर्वी एशियाली मुलुकका उद्यमी, व्यापारीहरूको दृष्टि समान हुन पुग्यो । त्यसैले, पश्चिमी राष्ट्रहरूका लागि पूर्वी एशियाली देशहरू लगानीका लागि आकर्षक थलो बन्न पुगे ।

अनुशासित श्रमशक्ति, मितव्ययी पूँजी र श्रमको समन्वयात्मक रूपले प्रयोग गर्ने ती 'एशियाली बाघ' कहलिएका मुलुकहरूको विकासको एउटा मूल तत्व 'पूर्वीय मूल्य' भने पश्चिमाहरूको आँखाको कसिंगर ठानियो । तैपनि, नाफाको खोजीमा विश्वभरि भौंतारिएको पश्चिमा पूँजी आफ्नो सेरोफेरोमा प्राप्त हुनसक्ने कम प्रतिफलबाट वाक्क भएर पूर्वी एशियाका विकासशील अर्थतन्त्रतर्फ लम्किने क्रम बढ्यो । एकपछि अर्को गर्दै थपिंदै गएको निजी क्षेत्रको विदेशी ऋणलाई पूर्वी एशियाली मुलुकका बैंक र वित्त कम्पनीका वित्तीय साधनका रूपमा प्रयोग गरिंदा लगानीको क्षेत्र असल हो कि खराब हो, ख्याल नराख्ने प्रवृत्ति मौलायो । बैंक र वित्तीय कम्पनीहरूको त्रुटीपूर्ण लगानी, उनीहरूलाई नियन्त्रण गर्ने निकायहरूको त्रुटीपूर्ण नीति र उपभोक्ताहरूको असावधानीका कारण एशियाली वित्तीय संकट सिर्जना भएको हो । यस आलेखमा संकटका कारण, संकट समाधानका लागि लिइएका कदम र तिनको प्रभाव, संकटले अन्य मुलुकमा पार्नसक्ने असरको विवेचना गर्ने प्रयास भएको छ ।

### वर्तमान संकट के हो ?

दक्षिण पूर्वी एशियाका मुद्राहरूको मूल्य चर्को गतिले खस्किँदै जानु, उद्योगधन्दामा लगाइएको शेयरको मूल्य पनि घट्दै जानु अहिलेको संकटका लक्षण हुन् । वित्त संकट देखिने बित्तिकै र मुद्राको मूल्य खस्किने बित्तिकै नाफा कमाउन ओइरिएको अल्प समयको विदेशी लगानी तँछाड मछाड गरी फिर्ता हुन जानाले ती एशियाली मुलुकमा उत्पादन र सुक्री बिक्री कम हुन गई कैयौं जनताले रोजगारीबाट हात धुनुपर्ने, आम्दानी गुमाउनु पर्ने स्थिति सिर्जना हुनु संकटको परिणति हो ।



**त्रुटीपूर्ण नीति र उपभोक्ताहरुको असावधानीका कारण एशियाली वित्तीय संकट सिर्जना भएको हो ।**

*सुरक्षाकर्मी : कोरियामा टाट पल्टेका बैंक र वित्त कम्पनीहरु रुँदै*

पूर्वी एशियाको यो वित्त संकटलाई उदारवाद र निजीकरणले अर्थतन्त्रमा कति घातक परिणाम ल्याउँछ भन्ने कुराको ज्वलन्त उदाहरणका रूपमा लिन सकिन्छ । एकातिर, ती एशियाली मुलुकमा उदार अर्थनीतिका कारणले सरकार र केन्द्रीय बैंकहरूले पूँजी लगानी सम्बन्धी नियन्त्रात्मक नियम खुकुल्याउँदै लगे । अर्कोतिर, निजी क्षेत्रका बैंक र वित्त कम्पनीलाई विदेशी बैंकको सस्तो ब्याजदर र पूँजीको उपलब्धताको कारणले विदेशी मुद्रामा अन्तर्राष्ट्रिय बजारबाट सापट लिन छुट दिइयो । यसको परिणामस्वरूप, देशभित्रका बैंकहरूसित लगानीका लागि प्रशस्त पैसा जम्मा हुन गयो र उनीहरूबाट राम्रो जाँच परखबिनाको योजनाविहीन लगानी बढ्न गएका कारण उठ्नै नसक्ने खराब कर्जा बढ्न गयो । छोटो समयको लागि सापट लिएको विदेशी मुद्राको ऋण घरजग्गा, भवन निर्माण, होटेल रिसोर्ट जस्ता क्षेत्रमा लामो समयका लागि लगानी भएपछि, त्यो पनि समयमा उठ्ती हुन नसकेपछि र स्थानीय मुद्राको डलरसितको विनिमय दरमा गिरावट आएपछि कर्जाको दायित्व बढ्न जाँदा ऋण भुक्तानीमा निकै नकारात्मक असर पर्न गयो । केन्द्रीय बैंकको विदेशी मुद्राको संचितिले पनि खाम्न धौ धौ पर्ने ऋणभार हुन गयो । पूर्वी एशियाको वित्तीय संकट बस् यही कारणले पैदा भएको वित्तीय संकट हो ।

यस्तो वित्तीय संकट पैदा भएपछि बैकिङ्ग क्षेत्र र सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोष र विदेशी सरकारलाई संकटबाट बचाउन 'बचाऊ धनराशी' उपलब्ध गराउनका लागि आव्हान गर्न विवश भए । अन्तर्राष्ट्रिय ऋण चुक्ता गर्ने वित्तीय दायित्व पूरा गर्न वैदेशिक मुद्रा आवश्यक पर्ने र निर्यात र श्रम सेवा बिक्री गरेर आर्जित आफ्नो आयले मात्र त्यो दायित्व धान्न नसक्ने भएकाले ऋणदाताका असजिला शर्तहरू स्वीकारेर पनि ती देशहरू मुद्राकोषबाट बचाऊ धनराशीका लागि अरबौं डलर ऋणका रूपमा लिन बाध्य भए । यसरी अहिले पूर्वी एशियामा सिर्जना भएको वित्तीय संकट मुद्रा संकटबाट पैदा भएको छ । शेयर बजारमा ग्राहकहरूमा बैंकप्रति अविश्वास पैदा भएर बैंकको निक्षेप नै फिर्ता गर्ने होड चल्नाले आर्थिक गतिविधिमा शिथिलता देखापरेको छ । र, अन्ततः समष्टिगत अर्थतन्त्रमा नै यसले नराम्रो असर पर्ने देखिएको छ । एउटा मुलुकको मुद्राको मूल्य ओर्लंदै जाँदा र शेयर मूल्य घट्दै जाँदा छिमेकी तथा व्यापार सम्बन्ध भएका अरू मुलुकहरूलाई पनि नराम्रो असर पारेको छ । सधैं जान सक्ने यस्तो आर्थिक रोग रोकथाम गर्न संकटग्रस्त अर्थतन्त्रमा विदेशी मुद्रा भित्र्याउन सके लगानीकर्ता तथा निक्षेपकर्तामा विश्वास पैदा हुनजान्छ कि भनेर अन्तर्राष्ट्रिय मुद्रा कोषबाट निकै ठूलो धनराशी ऋणका रूपमा भित्र्याउन खोजिँदैछ ।

रोगको रोकथामकै नाममा अन्तर्राष्ट्रिय मुद्राकोषले अवस्थाअनुसार ऋण त प्रदान गर्दछ । त्यो ऋणमा अर्थ व्यवस्थामा सुधार ल्याउने नाममा सरकारी खर्च घटाउने, राजश्व वृद्धि गर्ने, असक्षम बैंक र वित्त कम्पनी बन्द गराउने, कलकारखाना निजीकरण गराउने, अन्तर्राष्ट्रिय व्यापार बेरोकटोक गराउने र हरेक आर्थिक गतिविधिमा विदेशीलाई पनि स्वदेशी कम्पनीसरह सरसुविधा दिई प्रोत्साहन गर्नुपर्ने जस्ता कठीन शर्तहरू राखिन्छन् । ती शर्तहरू पालन गरे-नगरेको जाँचबुझका आधारमा कबोल गरिएको बचाउ रकम किस्ताबन्दीमा दिइन्छ । मुद्राकोषले बचाऊ रकमको ठूलो थैली घोषणा गरे पनि आंशिक रूपले मात्र आफ्नो रकम प्रदान गर्दछ । ठूलो धनराशी त औद्योगिक राष्ट्रहरूबाट दिलाई दिन मध्यस्थको रूपमा मात्र कोषले भूमिका खेल्छ । हालको संकटमा पनि थाइल्याण्ड, कोरिया र इण्डोनेशियालाई कोषले कबूल गरेको रकममध्ये एक तिहाई मात्र कोषबाट र बाँकी अन्य राष्ट्रहरू अमेरिका, जर्मनी, एशियाली विकास बैंकबाट पूर्ति गर्ने योजना रहेको छ । यसरी संकट पैदा भएपछि देशमा छेद पस्ने बाटो खुल्ने र फराकिलो हुँदै जाने प्रवृत्ति देखिएको छ ।

### संकटको शुरुआत

संकटको शुरूआत गएको गर्मीयाममा थाइल्याण्डबाट भयो । थाइल्याण्डमा विदेशी लगानी र निर्यात व्यापार बढे पनि देशले भित्र्याउने वस्तुहरूको आयात र विदेशीहरूको सेवा लिएवापत तिर्नुपर्ने रकम पनि बढी

भएकाले चालुखाता (व्यापार सेवा र आय आर्जन) को समग्र हिसाब कुल गार्हस्थ उत्पादन (राष्ट्रले वर्षभरिमा उत्पादन र कमाइ गर्न सकेको कुल हिसाब) को आठ प्रतिशत रहँदै आएको थियो । यसको तात्पर्य के हो भने, आन्तरिक उपभोग वा आयात व्यापार धान्न र विदेशीको सेवा किन्न थाइल्याण्डले आफ्नो सामर्थ्यले सक्दैनथ्यो । यसको लागि उसले पूँजी खाता (विदेशी ऋण, अनुदान र अन्य पूँजीगत आर्जन) को रकम प्रयोग गर्नुपर्ने अवस्था कायम थियो ।

तर यस्तो स्थिति खतरनाक हुन्छ भन्ने सैद्धान्तिक आधारलाई थाल्याण्डले बेवास्ता गऱ्यो । पश्चिमा विकसित औद्योगिक मुलुकहरूको तुलनामा उच्च ब्याजदर रहेको थाइल्याण्डमा सो उच्च ब्याजदरबाट फाइदा लिन ओइरिएको छोटो अवधिको विदेशी पूँजीको न्यानोपनमा रमाउने काम उसबाट भयो । लामै समयदेखि स्थिर रहेको थाई मुद्राको विनिमय दर लगानीकर्ताहरूका लागि विश्वासको आधार भएको थियो । थाइल्याण्डका बैंक र वित्त कम्पनीले पनि विदेशबाट सस्तो ब्याजदरमा विदेशी पूँजी भित्र्याई त्यो पूँजी ठूला ठूला भवन निर्माण, जग्गा सुत्री बिक्री कारोबार र आमोदप्रमोदका लागि गल्फ मैदान (Golf Course) निर्माण र विलासिताको क्षेत्रमा लगानी गरे । फलस्वरूप, केन्द्रीय बैंकसंग रहेको वैदेशिक मुद्राको संचितिभन्दा यी बैंक र वित्त कम्पनीहरूले विदेशी मुद्रामा तिर्नुपर्ने दायित्व निकै बढी हुन गयो । छोटो समयका लागि लिएको विदेशी रकम स्वदेशमा लामो समयका लागि लगानी गरियो । त्यसको प्रतिफल स्वदेशी मुद्रामा हुने भएकाले र परिवर्त्य मुद्रामा अर्थात् डलरमा नै भुक्तानी गर्नुपर्ने शर्त रहेको अवस्थामा केन्द्रीय बैंकको वैदेशिक संचितिले नथेग्ने भएपछि वित्तीय संकटको अनुभूति हुन थाल्यो ।

यही बेला मुद्राको खरीद बिक्रीबाट फाइदा लिने फाटकाबाज (Speculator) हरूले मुद्राको खरीद बिक्रीबाट अनुचित फाइदा लिन सक्ने उपयुक्त अवसर थाइल्याण्डमा विद्यमान रहेको संभेर पहिले खरिद गरिएको थाई मुद्रा र शेयरहरू फिर्ता गरी विदेशी मुद्रा माग गर्ने होड चल्यो । यो चाप थाम्न नसकी सरकारले थाई मुद्राको विनिमय दरलाई बजारको माग र आपूर्तिले निर्धारण गर्ने गरी स्वतन्त्र छाडिदियो । फलस्वरूप, दशौं वर्षदेखि कृत्रिम रूपले कायम गर्दै आएको थाइल्याण्डको स्थिर विनिमय दर खत्तम भयो र थाई मुद्राको अवमूल्यनको क्रम शुरू भयो । निक्षेपकर्ताहरूको विश्वास जित्न ब्याजदर बढाइयो । बैंक र वित्त कम्पनीको कारोबारमाथि निगरानी राखियो ।



**कोरियाली विद्यार्थीहरु : विगतको जथाभावी लगानी र स्वार्थको प्रतिमूर्ति जलाउँदै**

विगतमा दुई ठूला वाणिज्य बैंकलाई धान्न थाई सरकारले वित्तीय सहयोग पुऱ्याउनुलाई नीतिगत कमजोरी ठानियो । देशमा संचालित ९१ वित्तीय कम्पनीमध्ये ५६ वटालाई कारोबार रोक्ने आदेश दिइयो । यसबाट निक्षेपकर्ताहरूमा अविश्वास पैदा भयो । अविश्वासकै फलस्वरूप बैंक, वित्त कम्पनीहरूबाट रकम निकाल्ने दौड तीव्र हुँदै जाँदा मुद्रा, व्यापार, लगानी र उद्योगहरूको शेयरमा प्रतिकूल असर बढ्दै गयो । थाई मुद्राको मूल्य घट्दै गएपछि विदेशी पूँजी बाहिरिने क्रम पनि बढ्यो । अन्ततः राजनैतिक अस्थिरता पनि देखियो र पुरानो थाई सरकार ढलेरै छाड्यो ।

## गैर-आर्थिक कारण

माथि उल्लेखित आर्थिक कारणहरूका अतिरिक्त गैर आर्थिक कारण पनि पूर्वी एशियाको वित्तीय संकटका लागि जिम्मेवार छन् । 'पूर्वीय मूल्य' प्रतिको पश्चिमा आक्रोश, इर्ष्या र लोभलाई संकटको पछाडि रहेको गैर आर्थिक कारण मानिन्छ ।

नेतृत्वप्रति अगाध विश्वास राख्ने जनता, उचित मात्रामा सामाजिक, आर्थिक क्षेत्रमा नियन्त्रण राख्न सके आर्थिक बृद्धि दीगो हुन्छ भन्ने मान्यता, र पश्चिमा पूँजी र संस्कृतिलाई बेरोकटोक छाड्न हुन्न भन्ने मान्यता- पश्चिमाहरूको दृष्टिमा 'पूर्वीय मूल्य' भनेको यही हो । यस्तो मान्यता राख्ने सिंगापुरका पूर्व प्रधानमन्त्री लि कुआन यू र मलेशियाका वर्तमान प्रधानमन्त्री महाथीर मोहमद निरन्तर रूपले पश्चिमा सरकारी-गैरसरकारी चिन्तकहरूको आक्रमणको तारो बनिरहे । छाडा संस्कृतिको विरोधस्वरूप सिंगापुरमा अमेरिकी पत्रिका "न्यूजवीक"लाई प्रतिबन्ध लगाइयो । निजी सवारी साधनलाई उच्छृंखल ढंगले टाटेपाटे पारिदिने एक पश्चिमा टिठोलाई कोर्रा ठोक्ने निर्णय सिंगापुरका अधिकारीहरूले गरे । यी र यस्ता निर्णयलाई असभ्य तरिकाको संज्ञा दिने पश्चिमाहरूले दक्षिण पूर्वी एशियाको आर्थिक संकटमा प्रतिशोधको भावना राखेर ती देशहरूलाई वित्तीय रूपले डुबाइदिने सक्दो प्रयास गरे । छोटो अवधिको पूँजी ओइऱ्याइदिएर संकट पर्दा निर्दयितासाथ त्यो पूँजी फर्काउने, पूर्वी एशियाली देशको स्थानीय मुद्रा खरिद र जम्मा गर्दै मुद्राप्रति अविश्वास पैदा गराउन एक्कासी त्यो मुद्रा बजारमा बिक्री गराई मुद्राको मूल्य खस्काउने कार्य उनीहरूका प्रतिशोधका कार्यवाहीहरू थिए । यी यस्ता कार्यवाहीहरूले वित्तीय संकट चर्को बनाउन बल पुऱ्याएको मानिन्छ ।

संकटबाट पूर्वी एशियाली मुलुकलाई साँच्चि नै मुक्त गर्न त छोटो अवधिका ऋणलाई लामो अवधिका निम्ति नवीकरण गरिदिन सक्नु पर्दथ्यो । तर यसो गरिएन । बरू उल्टो, ब्याजदर बढाउँदा पनि विनिमय दर झरेको कारण दर्शाई पूँजी बाहिरिएबाट फटकाबाजहरूको गिद्दे पूँजीवाद (Vulture Capitalism) पूर्वी एशियाली संकटप्रति संवेदनशील नभएको र उनीहरूको असंवेदनशीलता संकटलाई गहिऱ्याउन मूल कारण बनेको प्रष्ट छ । थाई संकट छिमेकी मुलुक सिंगापुर, मलेशिया, फिलिपिन्स, इण्डोनेशिया जस्ता ASEAN आसियान राष्ट्रका लागि सरूवा रोग हुने कुरामा पश्चिमा विश्लेषक विश्वस्त थिए ।

थाई सरकारले राजनैतिक उद्देश्यका निम्ति लामो समयसम्म थाई मुद्राको विनिमयदर कृत्रिम रूपले स्थिर राख्ने (झण्डै एक दशकसम्म थाई मुद्रा प्रति अमेरिकी डलर २५ को हाराहारीमा कायम रह्यो) कार्य र बैंक र वित्तीय संस्थाहरू असक्षम र गैर वित्तीय कारोबारमा उद्यत छन् भन्ने जानकारी नराखी संरक्षण दिंदै जाने कार्य पनि संकटको गैरआर्थिक कारणका रूपमा लिइन्छ ।

## संकटको क्षेत्रीय प्रभाव

दक्षिण पूर्वी एशियाली राष्ट्रहरूको संगठन- ASEAN राष्ट्रहरूको आर्थिक सम्बन्ध ज्यादै घनत्वयुक्त छ । एक देशको लगानी अर्को देशले गर्न सक्ने व्यवस्थाले गर्दा ती मुलुकहरूका बीचमा पूँजी बजारको अन्तरसम्बन्ध गाढा छ । त्यसैको परिणामस्वरूप, थाइल्याण्डको उक्त समस्याको चपेटामा पहिलो मुलुक मलेशिया पऱ्यो । उच्च आर्थिक बृद्धिदर, आर्थिक विकास, खासगरी पूर्वाधार निर्माण र औद्योगिक उत्पादनहरू, इलेक्ट्रोनिक सामग्रीको निर्यातका माध्यमले मलेशियाको अर्थतन्त्र सुदृढ रहेको मानिन्थ्यो । मलेशियाको केन्द्रीय बैंकको विदेशी मुद्राको संचिति पनि झण्डै पाँच महिनाको वस्तु आयात धान्न सक्ने थियो । तर प्रधानमन्त्री महाथीर पश्चिमा पूँजीवादको आलोचक रहेकाले थाई संकटले मलेशियाई अर्थतन्त्रमा पार्न सक्ने सबै असरको खोजी गरी महाथीरलाई पाठ सिकाउने दाउमा पश्चिमा लगानीकर्ताहरू कस्सिए । मलेशियाई

**थाई संकटले मलेशियाई अर्थतन्त्रमा पार्न सक्ने सबै असरको खोजी गरी प्रधानमन्त्री महाथीरलाई पाठ सिकाउने दाउमा पश्चिमा लगानीकर्ताहरु कस्सिए ।**

मुद्रा- रिङ्गिटको मूल्य खस्काई अनुचित फाइदा लिनका लागि ठूलो परिमाणमा भएको पूर्व लगानी फिर्ता गर्ने क्रम शुरू भयो। मुद्रा खरीद बिक्री व्यवसायमा लागेकाहरूले रिङ्गिट फिर्ता गरी परिवर्त्य मुद्राको माग गर्न थाले। यस्तो अवस्थामा आफ्नो मुद्राको मूल्य घटाइदिए मुद्रा खरीद गर्नेहरू हच्किने, वस्तुहरूको मूल्य सस्तो पर्न गई निर्यात बढ्ने भएबाट परिवर्त्य मुद्रा संचित हुन गई अर्थ व्यवस्था सुधारिने थियो। मलेशियाले पनि नीति त त्यही अनुशरण गऱ्यो, तापनि बाहिरी आर्थिक दवाबको कारणले विदेशी मुद्राको माग बढेको हुनाले विदेशीले गरेको लगानी सजिलै फिर्ता नगर्ने नीतिको घोषणा प्रधानमन्त्री महाथीरले गरे। यो अनुदार नीतिले लगानीकर्तामा अनेकौं शंका पैदा गरिदियो र स्थिति झनै संकटापन्न बन्दै गयो। यही कारणले तीन दिनमा नै उक्त नीति फिर्ता लिइयो।

अहिले छिमेकी देशबाट सिर्जित संकटले गर्दा मलेशियाको आर्थिक संरचनामा परिवर्तन ल्याएकै कारण मितव्ययिताको नीति अवलम्बन गरिएको छ। मन्त्रीहरूको तलब १० प्रतिशत घटाइएको छ। सरकारी खर्च १८ प्रतिशतले कटौती गर्ने निर्णय गरिएको छ। आर्थिक बृद्धिदर पहिले अनुमान गरिएको ७ प्रतिशतबाट घटाएर ४-५ प्रतिशतमा झार्ने निधो गरिएको छ। राष्ट्रिय उत्पादन ३ प्रतिशतमा झार्ने योजना बनाइएको छ। मूलतः वैदेशिक लगानी घट्ने र ठूला ठूला आयोजनाहरू (विश्वकै अग्ला दुई टावरहरू निर्माण गर्ने योजना) स्थगित गरिएको कारण राष्ट्रिय उत्पादन र आर्थिक बृद्धिदरमा कमी आउने अनुमान गरिएको छ। आर्थिक संकटको जालोमा मलेशिया परे तापनि उचित व्यवस्थापनका कारणले ठूलो समस्या भने छैन। फिलिपिन्समा पनि फिलिपिनी मुद्राको विनिमयदर खस्कने समस्या रहे तापनि सरकारले बेलाबखत व्याजदर बढाई दिने, विनिमय दरलाई माग र आपूर्तिका आधारमा निर्धारण गर्न छाडिदिने कारणले फिलिपिन्स अहिलेसम्म पनि गम्भीर संकटमा परेको छैन।

क्षेत्रीय संकटका रूपमा देखिएको यो वित्तीय संकटको निवारणका लागि विदेशी मुद्राको आवश्यकताको परिपूर्ति गर्न जापानको विशेष योगदान र अन्य राष्ट्रहरूको सहभागितामा १०० अर्ब डलरको कोष खडा गर्ने प्रस्ताव मलेशियाका प्रधानमन्त्री महाथीरले राखेका थिए। यो प्रस्तावमा शुरूमा जापान उत्साही देखियो। पश्चिमाहरू पनि अन्तर्राष्ट्रिय मुद्राकोषको समन्वयमा सो कोष क्षेत्रीय रूपमा संचालन गर्न सहमत भएजस्तो देखिए। तर अमेरिकाको प्रभुत्व रहेको अन्तर्राष्ट्रिय मुद्राकोषले अनेकौं बहानामा सो योजना तुहाइदिएको छ। सो कोष खडा भएपछि पूर्वमा पश्चिमा पूँजीलाई चलखेल गर्न कठिन होला भन्ने हिसाबले सो कोष खडा नगर्ने तर्कमा अब जापान पनि सहमत देखिएको छ। किनभने, जापानको अधिकांश लगानी पश्चिममा केन्द्रित छ।

## कोरिया र इण्डोनेशिया

थाइल्याण्डपछि संकटमा फस्ने मुलुकहरू दक्षिण कोरिया र इण्डोनेशिया भएका छन्। दक्षिण कोरिया केही वर्ष अघि मात्र एघारौं विकसित औद्योगिक राष्ट्रहरूको दर्जामा दरिएको थियो। कोरियामा विदेशी मुद्रामा खाता खोल्ने, लगानी गर्ने, आर्जन बाहिर ल्याउन पाइने व्यवस्था भएकोले अमेरिकी लगानीकर्ताहरूको चासो बढेको छ। झण्डै ३८ हजारभन्दा बढी अमेरिकी सेना कार्यरत रहेकोले पनि दक्षिण कोरिया अमेरिकी लगानीको अपेक्षा गर्दछ। त्यसैले हालको संकटले ग्रस्त भएका दुई ठूला वाणिज्य बैंकहरूको शेयर मूल्य घटेको अवस्था र तिनीहरूबाट लगानी भएका खराब कर्जा कोरियाली सरकारले स्वीकार गरिदिएमा अमेरिकी कम्पनीहरूले ती बैंकहरू स्याहार्न स्वीकार गरेका छन्।

छोटो अवधिको ब्याज मात्र १५ अर्ब डलर तिर्नुपर्ने र १९९८ मा मात्र ७० अर्ब डलर ऋण तिर्नुपर्ने भएकोले दक्षिण कोरियाको संकट गम्भीर बन्दै गएको छ। पश्चिमाहरू कोरियाको आर्थिक पुनर्निर्माणमा संगठित श्रम, शक्ति र राजनैतिक प्रतिबद्धताको खाँचोलाई प्रमुख बाधक मान्दछन्। त्यसैले, हालै सम्पन्न निर्वाचनमा राष्ट्रपतिका दुई उम्मेदवारलाई अन्तर्राष्ट्रिय मुद्राकोषको शर्त स्वीकार्ने लिखित प्रतिबद्धता गर्न लगाइएको छ। तर निर्वाचित राष्ट्रपतिले भने निर्वाचनताका नै शर्तहरू परिवर्तन गरी स्वीकार्ने बताएका थिए। सो आधारमा मुद्रा कोषमार्फत् कोरियाले ५७ अर्ब डलरको बचाउ कोष पाउने वचनबद्धता पाएको छ।

वित्तीय संकटका कारण शेयरमा लगानी घट्न गई हाल बन्द रहेका १४ वटा कोरियाली वित्तीय संस्थाहरू पश्चिमी पूँजीपतिका लागि सस्तो दरमा उपलब्ध हुने भएका छन्। गत वर्ष सिंगापुरमा भएको विश्व व्यापार संगठनको मन्त्रीस्तरीय सम्मेलनले सेवा क्षेत्र, बैंकिङ्ग, वीमा व्यवसाय, यातायात ढुवानी आदि पनि विदेशी लगानीका लागि खुला गरिनु पर्ने निर्णय गरेको थियो। नीति नियमको सोझो बाटो अवलम्बन गर्नुभन्दा आर्थिक संकटमा धकेलिएपछि बाध्य भई वित्तीय संस्था बन्द गर्दा रोजगारी र सेवाबाट जनता वञ्चित हुनुभन्दा विदेशी कम्पनीलाई संचालन गर्न दिनु उचित हुने तर्क आउन सक्तछ। त्यही कोणबाट पनि हालको संकटको गम्भीरता बढेको आशंका पनि गरिन्छ। एशियाली संकटले सेवा व्यवसायका विश्वव्यापीकरण (Globalization) गर्न ढीला हुने चिन्ता वालस्ट्रीट (अमेरिकी पूँजी बजार) का पूर्व कर्मचारी तथा हालका अमेरिकी अर्थमन्त्री रबर्ट रोविन गरिरहेछन्।

संकटबाट सबैभन्दा बढी प्रभावित हुने मुलुक इण्डोनेशिया भएको छ। पूँजीबजार र विनिमय दरमा लगानीकर्ताहरूले राजनैतिक स्थायित्व खोज्दछन्। यस्तो स्थायित्वले आर्थिक नीतिहरूमा दिगोपन दिलाउँछ। इण्डोनेशियामा राष्ट्रपति पदको निर्वाचनको बेला, तीन दशकभन्दा बढी समयदेखि एउटै व्यक्ति राष्ट्रपति भएका कारणले देशमा लाभकारी व्यवसायहरू एउटै परिवारको स्वामित्वमा चल्ने गरेका छन्। त्यो देशमा एक वर्षमा उत्पादन र आर्जन गर्न सकिने सम्पत्तिको दुई तिहाई अंश अर्थात् १४० अर्ब डलर विदेशी ऋण छ। छोटो अवधिको तिर्नुपर्ने ऋण मात्र २० अर्ब डलर छ। स्थानीय कम्पनीहरूले विदेशी पूँजी प्रयोग गर्न पाउने व्यवस्थाअन्तर्गत स्टेडीसेफ पीटी नामक इण्डोनेशियाको एक ट्याक्सी र बस कम्पनीले हंकंगस्थित Peregrine Investment Holdings Ltd. संग ३५ करोड डलर ऋण लिएकोमा चुक्ता गर्न नसकेकाले उक्त लगानीले गर्दा त्यो ऋणदाता कम्पनी टाट पल्टन पुग्यो। असामी कम्पनीले ऋण तिर्न नसक्ने कारण पनि के रह्यो भने, गत जुलाईमा १ डलर बराबर २४०० इण्डोनेशियाको मुद्रा रूपिया रहेकोमा यही जनवरी २५ मा प्रतिडलर १५००० रूपिया पुग्यो। डलरमा तिर्नुपर्ने उक्त ऋण सो असामी कम्पनीले रूपियामा आम्दानी गरेर डलरमा परिवर्तन गरी भुक्तानी गर्न संभवै भएन। संकटले विनिमयदर झारीदियो। कम्पनीहरूको टाट उल्टने प्रकृया शुरू भयो।

## क्षेत्रीय संकटको रुप

समग्रमा, थाइल्याण्डबाट शुरू भएको मुद्रा संकट विस्तारै क्षेत्रीय आर्थिक संकट हुँदै राजनैतिक संकटमा परिवर्तन हुँदै गएको छ। विनिमयदरमा आएको ठूलो स्खलनले विदेशी मुद्रा महँगो पर्न जाने र ऋणभुक्तानी महंगो मुद्रामा गर्नु पर्दा स्वदेशी उद्यमी, बैंक र वित्त कम्पनीहरू डुब्दै गएका छन्। यसका छिटपुट प्रभावहरू बंगलादेशमा र भारतमा समेत परेको देखिएको छ। त्यहाँ निर्यात व्यापार प्रतिस्पर्धी हुन नसक्ने देखिएको छ। भारतमा विनिमय दरमा अस्थिरता आएका कारणले पूँजी बाहिरिने क्रम शुरू भएको छ। भारतीय मुद्रासंग आबद्ध रहेको कारणले नेपाली मुद्राको डलरसंगको विनिमय दरमा पनि नकारात्मक असर पर्न गई प्रति अमेरिकी डलर ने.रू. ६४.७५ सम्म पुग्न गयो। यसले गर्दा नेपालले तिर्नुपर्ने विदेशी ऋणको भार उत्तिकै थपियो। बाहिरबाट आयात हुने वस्तुहरूको मूल्य बढ्यो। नेपाललाई थप लगानीका लागि शंकाका दृष्टिले हेरिन थालियो।

आर्थिक संकट राजनीतिसंग पनि सम्बन्धित भएर आउँछ। सहयोग गर्ने नाउँमा नीति निर्माण र कार्यान्वयनको महत्वपूर्ण अभिभारा हत्याउन विदेशी शक्ति प्रयासरत रहन सक्ने अवस्था पनि सिर्जना हुन्छ। यसैको अभिन्न अंगका रूपमा नेपालमा थोरै ऋण र अनुदान दिएर भित्र पसेका विदेशी एजेन्सीहरू सरकारी स्वामित्वका संस्थाहरूको निजीकरण गराउने वकालतमा अग्रभूमिका निभाउन सफल देखिएका छन्।

संकटमा परेका मुलुकलाई बचाउनका लागि भनी मुद्राकोषले कबुल गरेको सबै रकम कोषले बेहोर्दैन। कोषका माध्यमबाट अन्य मुलुकका सरकारी, गैरसरकारी पूँजी पनि प्रवेश गराइन्छ।



**कोषका प्रमुख क्याम्डेससको दवाबमा इण्डोनेशियाका राष्ट्रपति सुहार्तो अन्तर्राष्ट्रिय मुद्राकोषको एक सम्झौतामा हस्ताक्षर गर्दै**



**इण्डोनेशियामा त्यहाँको मुद्रा Rupiah को भाऊ घटेपछि डिपार्टमेण्टल स्टोरहरुमा सामान किन्न जानेहरुको भीड बढ्यो**

यसो गर्दा कोष र विदेशी सरकारहरूले संकटमा परेका मुलुकहरूलाई आफ्नो पूँजी र जनशक्तिलाई अनुकूल हुने नीति अवलम्बन गर्न दवाब सिर्जना गर्न सफल हुन्छन्। उदाहरणको लागि, थाइल्याण्डलाई छुट्याएको १७.२ अर्ब डलरमध्ये ३.९ अर्ब मात्र, कोरियाका लागि वचन दिइएको ५७ अर्ब डलरमध्ये २१ अर्ब मात्र र इण्डोनेशियाका लागि छुट्याइएको ३३ अर्ब डलरमध्ये १० अर्ब मात्र कोषले दिने भएको छ। बाँकी रकम संयुक्त दवाब सिर्जना गर्न अरू सरकार वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाले लगानी गर्ने भएका छन्। मूलतः बाँकी रकम पश्चिमा पूँजीले नै आपूर्ति गर्ने भएकाले उनीहरूले आफ्नो अनुकूलको शर्त लाद्ने निश्चित छ।

## नेपालमा संभावित असरहरु

पूर्वी एशियाको मुद्रा संकटबाट उत्पन्न परिस्थितिसंग जोडेर नेपालको चालु खाता घाटा व्यापार, सेवा र विदेशमा गई नेपालीले आर्जन गरेर पठाएको ट्रान्सफरको सिंहावलोकन गर्दा आशावादी हुने ठाउँ भेट्न सकिन्न। विदेशी लगानी कति छोटो अवधिको, कति लामो अवधिको, कुन कुन क्षेत्रमा कति लगानी भएको छ र त्यो लगानी डुब्ने खालको छ कि छैन भनी जानकारी लिने निकायसम्मको निक्यौल नेपालमा भएको छैन। नेपालको हालको वैदेशिक मुद्राको संचितिले झण्डै ६ महिनाको वस्तु आयात थेग्न सक्ने छ। तर पनि स्थिति प्रतिकूल हुँदै गएमा, विनिमय दर खस्कँदै गएमा, आयात, खासगरी उपभोग्य वस्तुको आयात बढ्दै गएमा- नेपालले पनि बचाऊ राशीको गुहार माग्न पर्ने अवस्था उब्जन सक्तछ। हाल नेपालको विनिमय दर ओरालो लाग्नुमा भारतीय विनिमय नीति जिम्मेवार रहेको भए तापनि नेपालको आफ्नै कारणले पनि असजिलो स्थिति आउन सक्तछ।

**पूर्वी एशियाको मुद्रा संकटबाट उत्पन्न परिस्थितिसंग जोडेर नेपालको सिंहावलोकन गर्दा आशावादी हुने ठाउँ भेट्न सकिन्न।**

नेपालको निर्यात व्यापारमा ठूलो जोखिम र अनिश्चितता विद्यमान छ। किनकि, नेपालको निर्यात मुख्य गरी दुई वटा वस्तुले मात्र धानेको देखिन्छ। त्यो हो- गलैंचा र गार्मेन्ट। गलैंचाको अन्तर्राष्ट्रिय व्यापारमा कुनै पनि कारणले ह्रास वा समस्या पैदा भएमा राष्ट्रिय आय बृद्धिमा नकारात्मक असर पर्न सक्छ र नेपालको निर्यात आधार नै खल्बलिन सक्छ। नेपालका तयारी पोशाक उद्योग त अर्द्धमूर्छित अवस्थामा छ। त्यसमाथि थप, मुलुकको अर्थतन्त्रले धान्न सक्ने-नसक्ने ठूल ठूलो परियोजनाले ल्याउने जोखिम पहिचान गर्न नै कठीन हुन्छ। अरूण-३ परियोजना साकार हुन नसकेको प्रमुख कारण यही थियो भनी मान्न तयार हुने प्रबुद्ध नेपाली कम मात्र पाइन्छन्।

नेपालले परिवर्त्य मुद्रा खर्च गरी आयात गर्ने पेट्रोलियम पदार्थ, रासायनिक मल, औद्योगिक कच्चा पदार्थ (केही भारतबाट समेत) र पूँजीगत खर्चलाई हालको विनिमयदर परिवर्तनले नकारात्मक असर पार्न सक्तछ। कर्जाको भुक्तानी महँगो हुने निश्चित छ। व्यापारमा प्रतिकूलता, नेपालीले सेवा दिएवापत् प्राप्त गर्ने आयभन्दा विदेशीलाई भुक्तानी दिनुपर्ने रकम बढी हुने र बाहिरबाट नेपालीले कमाएर ल्याएको भन्दा यताबाट ट्रान्सफर गरी पठाउनु पर्ने रकम बढी हुन जाँदा चालु खाता घाटा झनै बढ्ने हुन्छ। हाल नेपालमा कुल गार्हस्थ उत्पादनको झण्डै १३ प्रतिशत चालु खाता घाटा देखिन्छ। यो टड्कारो खतराको संकेत हो। बुँदागत रूपले एशियाली आर्थिक संकटको फलस्वरूप नेपालको समस्या निम्न बमोजिम हुन सक्ने देखिन्छ :

(क) बैंक, बीमा, वित्त कम्पनी जस्ता सेवा क्षेत्रले तुलनात्मक रूपले दवाब खप्नुपर्ने हुन सक्तछ। पूँजी खाता खुला गर्न पनि त्यत्तिकै दवाब आउन सक्तछ। फलस्वरूप, नेपालमा अन्तर्राष्ट्रिय स्तरका बैंक र वित्तीय सस्थाहरूको सेवा प्रभावी हुनसक्दछ।

(ख) अहिलेसम्म नेपालको विदेशी ऋण धेरैजसो लामो अवधिको छ। तर अब वैदेशिक पूँजी आप्रवाह दीर्घकालीनभन्दा अल्पकालीन रूपमा हुन सक्तछ। खासगरी वैदेशिक संचितिको प्रवृत्तिलाई ख्याल गर्दै देशले भुक्तानी गर्नुपर्ने वैदेशिक ऋण, अति आवश्यकीय आयात भुक्तानीको अनुभवका आधारमा नेपाली मुद्राउपर आन्तरिक (Indigenous) समस्या सिर्जना भई दवाब पैदा हुन सक्तछ।

(ग) मुद्रा संकट रहेका क्षेत्रबाट नेपालमा आउने पर्यटक, लगानी, अनुदान र ऋण पनि उल्लेख्य रूपले घट्न सक्छ। अन्य विकसित राष्ट्रहरूबाट पनि रकमको बाँडफाँडमा नेपालले प्राथमिकता क्रम गुमाउन सक्तछ। जापानको आफ्नै समस्या र क्षेत्रीय दायित्वका कारण विगतमा जस्तै आर्थिक सहयोग गर्न यो सक्षम नहुन सक्तछ।

(घ) विकास बजेटमा उल्लेख्य अंश वैदेशिक साधन रहने गरेको नेपालको बजेटमा विकास खर्च घट्न सक्ने कारणबाट आर्थिक कृयाकलापमा कमी आई रोजगारी, आयबृद्धि र पूर्वाधार निर्माणमा प्रतिकूल असर पर्ने हुनसक्छ।

(ङ) संकटबाट जोगाउन छोटो बाटो लिने क्रममा संभावित जोखिमहरूबारे विचार विमर्श नगरिकनै राष्ट्रको हितमा नहुने अन्तर्राष्ट्रिय शर्तहरूप्रति प्रतिबद्धता जनाउन अग्रसर हुनुपर्ने अवस्था आउन सक्तछ। जसरी मुद्राकोषमार्फत् विदेशी सरकारी-गैरसरकारी पूँजी प्रवाह गराउने चेष्ट भएको छ, त्यसरी नै बैंकिङ्ग, बीमा, सेक्युरिटी कारोबार विदेशी कम्पनीलाई सुम्पनुपर्ने अवस्था सिर्जना हुनसक्तछ। सेवाअन्तर्गत दूर संचार, हवाई सेवा, पिउने पानी, विद्युत आपूर्ति जस्ता क्षेत्र निजीकरणका माध्यमबाट बहुराष्ट्रिय कम्पनीले हत्याउने बाटो खुल्न सक्छ।

(च) समष्टिगत आर्थिक नीति ठीक राख्ने निहुँमा अन्तर्राष्ट्रिय संस्थागत माध्यमबाट राष्ट्रिय नीतिनिर्माण गर्ने काम विकासशील देशहरूमा बढ्ने संभावनाबाट नेपाल पनि अलग हुन नसक्ने देखिन्छ। व्यापार नीति, सरकारी खरीद नीति र ठेक्का पट्टामा विदेशी कम्पनीलाई समेत राष्ट्रिय व्यवहार (National treatment) दिने विषयमा विदेशी दवाब बढ्न जाने देखिन्छ। विश्व व्यापार संगठनको माध्यमबाट वस्तु व्यापार र सेवा एवं मुद्राकोष, विश्व बैंकका माध्यमबाट बैंक वित्तीय सेवा सम्बन्धी नीतिगत व्यवस्थाहरूमा प्रभाव पार्ने अवसरको खोजी हुनेछ।

## संकटबाट बच्न आवश्यक सावधानी

उक्त सबै प्रकारका चुनौतीको समाधानका लागि नेपालको योजनाबद्ध र कृयाशील तत्परताको आवश्यकता छ। बैंक र वित्तीय क्षेत्रबाट दिइने सेवामा स्तरीयता कायम गर्न र साधन परिचालनमा सर्वसाधारणको विश्वास जित्न प्रभावकारी सक्षम बैंकिङ्ग नीति नियम, निरीक्षण र निर्देशनको बहाली आवश्यक हुन्छ। त्यस्तै, बैंक र वित्तीय संस्थाले प्रदान गरेको खराब ऋणको पहिचान, दायित्वबोध र भुक्तानीका लागि छुट्याउने काममा तदारूकता अप्नाइनु पर्दछ। देशको बजेट यथार्थ वस्तुस्थितिमा आधारित गर्नु पर्दछ र अत्यधिक निर्भरता आन्तरिक साधनमा राख्न सक्नु पर्दछ। मितव्ययिता सरकारी र सर्वसाधारणको जनजीवनमा अनिवार्य शर्तका रूपमा व्यवहारमा ल्याउन सक्नु पर्दछ। वैदेशिक लगानीको प्रकृति खुट्याई राष्ट्रले बेहोर्नुपर्ने दायित्व यथार्थ रूपमा पहिचान गर्न सक्नु पर्दछ। बाहिरबाट आउन सक्ने संस्थागत कर्जा वा अनुदानसंगका शर्तहरू राष्ट्रिय स्वार्थसंग आत्मसात गर्न सक्नेलाई मात्र मान्यता दिने आँट हुनुपर्दछ। नजानिदो प्रकारले प्रवेश गर्न थालेको अन्तर्राष्ट्रिय आर्थिक प्रभावले राष्ट्रिय उद्योग र उद्यमीलाई कृयाशील हुनबाट अवरोध गर्ने संभावनाहरू बढेकाले देशको आर्थिक संरचनाका बहुपक्षीय आयामहरू यथार्थपरक ढंगले विश्लेषण गर्ने प्रवृत्ति विकसित गर्नु पनि त्यत्तिकै आवश्यक छ। ❑

**हाल पूर्वी एशियामा छाएको आर्थिक संकटको कारण के हो ? र यसबाट हामी नेपालीहरुले के सिक्नु जरुरी छ ? भन्ने यस महत्वपूर्ण विषयमा यस पटक हामीले अर्थविद्हरु दीपेन्द्रबहादुर क्षेत्री र केशव आचार्यका विचारहरु प्रस्तुत गरेका छौं। आगामी अंकमा प्रस्तुत गरिनेछ : यस विषयमा अर्थविद्हरु दीपेन्द्रबहादुर क्षेत्री, युवराज खतिवडा, डा. पुष्पराज राजकर्णिकार र डा. गुणनिधि शर्माका बीच भएको प्रत्यक्ष अन्तर्क्रियाको रिपोर्ट।**

***-मूल्यांकन***

# कसरी आयो पूर्वी एशियाली आर्थिक संकट ?

## के पाठ सिक्नु पर्छ यसबाट हामीले ?

◆ केशव आचार्य

पूर्वी एशियाली आर्थिक संकटलाई हामीले पूँजीवादी व्यवस्थामा आएको एउटा संकटका रूपमा हेर्नुपर्छ । पूँजीवादको एउटा मान्यता के छ भने, निजी क्षेत्र एकदमै सक्षम हुन्छ र सरकारले गर्ने काम त्यति सफल हुँदैनन्, किनकि, उनीहरू झारा टार्ने काम मात्र गर्छन् । बजार अर्थतन्त्रको एउटा नमूनाको रूपमा पूर्वी एशियाली मुलुकलाई लिइन्थ्यो । उनीहरूको अर्थतन्त्रलाई 'एशियाली आश्चर्य' भन्ने गरिन्थ्यो । यही शीर्षकमा विश्व बैंकले एउटा किताबै निकालेको छ, सन् १९९४ मा । तर १९९७ मा आउँदा पूर्वी एशियाली संकटले के देखायो भने, निजी क्षेत्र सक्षम हुन्छ भन्ने कुरा होइन रहेछ । केही नीतिगत सवालमा बाहेक, अहिले पूर्वी एशियाका थाइल्याण्ड, मलेशिया, इण्डोनेशिया, दक्षिण कोरिया, फिलिपिन्स जस्ता देशमा जुन आर्थिक संकट देखापरेको छ, त्यो निजी क्षेत्रका बैंक र वित्त कम्पनीले नै निम्त्याएको संकट हो ।

त्यहाँको सरकारले हाम्रो यहाँको भन्दा पूँजी खातालाई खुकुलो पाऱ्यो । पूँजीलाई सजिलै भित्र ल्याउन सकिने, बाहिर लान सकिने पाऱ्यो । पूँजी खाता खुकुलो पारेपछि निजी क्षेत्रका वित्त बैंक र वित्त कम्पनीले प्रशस्त मात्रामा विदेशी पूँजी ऋणका रूपमा देशमा भित्र्याए । वाणिज्य बैंक र वित्त कम्पनीहरूले यो पूँजी खास गरी यूरोप, अमेरिका र जापानका बैंक र वित्त कम्पनीहरूबाट ल्याए । यो पूँजी किन ल्याइयो भने, जस्तो थाइल्याण्डमा गत १५–१६ वर्षदेखि विनिमय दर एकदमै स्थिर र व्याजदर चर्को, तर जापानमा अमेरिकामा व्याजदर निकै सस्तो । जापान र अमेरिकामा ४/५ प्रतिशत व्याजदरमा पूँजी पाइने, थाइल्याण्डमा १२/१५ प्रतिशतमा लगानी गर्न पाइने, यसबाट प्रशस्त नाफा हुने । फेरि थाइल्याण्डको मुद्रा- भाटको विनिमय दर स्थिर- एक डलरको २६ भाट त हो नि ! भन्ने पनि भयो । यस हिसाबले प्रशस्तै विदेशी पूँजी भित्र्याइयो । त्यो ल्याएर अधिकांश पूँजी रियल स्टेट अर्थात्, घर-जग्गा, ठूला ठूला भवन, डिपार्टमेण्टल स्टोर, होटेल, कारमा लगानी गरियो । तर भइदियो के भने, ती छोटो अवधिका ऋणहरू थिए । एक्कैचोटी ऋण भुक्तानी गर्ने भाका आइपुग्यो । ऋण दिने अमेरिका, यूरोप र जापानका ऋणदाताहरूले ऋण फिर्ता गर् भने । त्यहाँको केन्द्रीय बैंकले भन्यो- यो ऋण चुक्ता गर्नुहुन्न, देशको अर्थतन्त्र तबाह हुन्छ भनेर भने । थाइल्याण्डमा त अर्थमन्त्री र केन्द्रीय बैंकका गभर्नरले राजिनामा नै दिए । तर सैनिक शासन भएको देश, त्यो कुरा मानेनन् ।

जब मुद्रामा संकट देखापऱ्यो, विदेशी मुद्राको व्यापार गर्ने सट्टेबाजहरूले यही बेला करोडौंको मात्रामा देशको मुद्रा लिएर गएर 'डलर ले' भन्न थाले । खुला बजार अर्थतन्त्र भएको मुलुकमा यो नदिई धरै थिएन । यसरी सट्टेबाजहरूले पनि मुद्रा संकटलाई झनै चर्काइदिए । थाइल्याण्ड, मलेशिया, इण्डोनेशिया सबैतिर यस्तै भयो ।

एशियाली आर्थिक संकट ठीक यसरी नै आएको हो । निजी क्षेत्र पूँजीको विनियोजनामा सक्षम हुन्छ भन्थे । यो कुरा यी मुलुकमा देखिएन ! खालि यो पूर्वी एशियामा मात्र नदेखिएको होइन । लण्डनका बैंकले, टोक्योका, न्यूयोर्क र फ्र्यांकफर्टका बैंकले पनि डुब्ने ठाउँमा ऋण दिएर आफ्नो असक्षमता देखाए । दक्ष जनशक्ति, कम्प्युटर कुशल व्यवस्थापन, देश देशमा दूतावास, महावाणिज्य दूत : सारा थिए त ती बैंकसित । फेरि तिनले एकदमै गलत ठाउँमा ऋण लगानी किन गरे ? यसले देखायो कि- निजी क्षेत्र असक्षम त त्यहाँ पनि रहेछ ।

थाइल्याण्ड, मलेशिया, इण्डोनेशिया, दक्षिण कोरिया, फिलिपिन्स जस्ता देशमा जुन आर्थिक संकट देखापरेको छ, त्यो निजी क्षेत्रका बैंक र वित्त कम्पनीले नै निम्त्याएको संकट हो ।

### के पाठ सिक्नुपर्छ यसबाट हामीले ?

अहिलेको विश्वमा हामी विश्व अर्थतन्त्रबाट अलग्गिएर एक्लै बस्छौं भन्न सक्ने स्थिति छैन । त्यसैले, विश्व अर्थतन्त्रसित आबद्ध हुने हदको खुलापन त हामीमा हुनुपऱ्यो । तर पूर्वी एशियामा आएको जस्तो आर्थिक संकट हामीकहाँ हुन नदिने हो भने, हामीले केही कुरामा त अहिलेदेखि नै सतर्कतापूर्वक ध्यान दिन थाल्नुपर्छ ।

पहिलो कुरो, हामीले हाम्रो तिर्नुपर्ने, फर्काउनु पर्ने वैदेशिक पूँजीका दायित्व कुन कहिले आइपर्छ, त्यसको भाकाको संरचनामाथि होशियारीपूर्वक ध्यान दिन थाल्नुपर्छ । पूर्वी एशियाको संकटबाट चेत्ने हो भने, हामीकहाँ हुने अल्पकालीन वैदेशिक पूँजी प्रवाहमाथि हामीले गंभीरतापूर्वक पुनर्विचार गर्नुपर्छ । कुल वैदेशिक दायित्वमा त्यसको अनुपात सारै थोरै पारिनुपर्छ र त्यसको सीमा तोकिनु पर्छ । जस्तो, अल्पकालीन विदेशी पूँजी कुल गार्हस्थ्य उत्पादनको पाँच प्रतिशतभन्दा बढी हुनुहुन्न भन्ने हो कि ? वा, कुल वैदेशिक दायित्वको ५ प्रतिशत भन्दा बेसी हुनुहुन्न भन्ने हो कि ?

दोस्रो, हामीले के कुरामा हमेशा चनाखो हुनुपऱ्यो भने, हामीकहाँ भित्रिएको वैदेशिक पूँजी फिर्ता गर्ने काम भइरहेको छ कि छैन ?

तेस्रो, हामीले के महसुस गर्नु पऱ्यो भने, सरकारले पूँजी र साधनमाथि नियन्त्रणको सम्पूर्ण दायित्व छोडिदिएर खुला बजार अर्थतन्त्र अप्नाउने हो भने, बजार आफैंले साधन र पूँजीलाई दक्षतापूर्वक र राम्ररी विनियोजन गर्छ, सबै कुरा ठीकठाक हुन्छ, हरेक विनियोजनले अधिकतम प्रतिफल दिन्छ भन्ने आर्थिक सिद्धान्त अहिले सारा पश्चिमेलीहरूले अघि सारिरहेका छन्; अहिलेको पूर्वी एशियाको आर्थिक संकटले




आर्थिक संकटले राजनैतिक विरोध जन्मायो । राष्ट्रपति सुहार्तोको राजिनामा माग्दै इण्डोनेशियामा भएको विरोध प्रदर्शन

देखायो कि- यो कुरो सत्य रहेनछ। बजार आफैले त्यसरी दक्षतापूर्वक पूँजी र साधनको विनियोजन त गर्दो रहेनछ। अहिले पूर्वी एशियाको आर्थिक संकट नियन्त्रणहीन ढंगले अल्पकालीन विदेशी पूँजी ठूलो मात्रामा देशमा भित्र्याउने, निजी क्षेत्रका बैंकहरूले र वित्त कम्पनीहरूले ठीक-बेठीक विचार नगरी जथाभावी र बेहोशियारीपूर्वक त्यो पूँजीलाई दीर्घकालीन क्षेत्रमा लगानी गर्ने र त्यो लगानी डुब्ने वा समयमै फर्काउन नसक्ने हुँदाखेरि पैदा भएको हो। यो वास्तवमा उदारवादी बजार अर्थतन्त्र र निजी क्षेत्रको नै असफलताको ज्वलन्त उदारण हो। त्यसैले, पूँजी र साधनको विनियोजनको सारा दायित्व बजार र निजी क्षेत्रलाई छोडीदिएपछि यसले त्यसलाई दक्षतापूर्वक विनियोजन र नियन्त्रण गर्न सक्छ भन्ने सिद्धान्तमाथि अहिले ठूलो प्रश्नचिन्ह लागेको छ। यो हामीले महसुस गर्नुपर्‍यो। अहिले बजार खुला गर, पूँजी खाता खुला गर भनेर भनिँदैछ, हामीले यसमाथि गंभीरतापूर्वक पुनर्विचार गर्नुपर्‍यो।

चौथो, हाम्रो देशको पूँजी बजारलाई उदारीकरण गर्नुअघि, विदेशी पूँजीको निम्ति खुला गर्नुअघि हाम्रो देशभित्रकै वित्तीय प्रणालीलाई सक्षम र प्रतिस्पर्धी बनाउनु पर्‍यो, दक्षिण कोरियाले जस्तै। अब हाम्रो वित्तीय प्रणाली विदेशको राम्रो राम्रो बैंक, बीमा कम्पनी र वित्त कम्पनीहरूसित प्रतिस्पर्धा गरेर पनि टिक्न सक्छ भन्ने कुरामा ढुक्क भएपछि मात्र हाम्रो पूँजी बजार बाहिरको लागि खुला गर्नुपर्‍यो। त्योभन्दा अगाडि होइन।

पाँचौं, बैंक र वित्त कम्पनीहरूमाथिको केन्द्रीय बैंकको नियन्त्रण र निरीक्षण प्रणालीलाई एकदमै तगडा बनाउनु पर्‍यो। पूर्वी एशियामा त्यही नभएर पनि स्थिति त्यति धेरै बिग्रेको हो। बेलैमा नियन्त्रण र निरीक्षण प्रभावकारी भइदिएको भए र बेलैमा रनिङ भएको भए पूर्वी एशियाको आर्थिक संकट यो रूपमा हुन्नथ्यो कि ?

छैठौं, विदेशी मुद्रासित राष्ट्रिय मुद्राको विनिमय दरलाई लामो समयसम्म कृत्रिम रूपमा स्थिर राख्नु हुँदो रहेनछ। विनिमय दर स्थिर राखेपछि त्यो देशको मुद्रामाथि मानिसहरूमा अत्यधिक विश्वास हुन जाँदो रहेछ। थाइल्याण्डमा यही भयो। अहिले हाम्रो भारतीय मुद्रासितको विनिमयदर स्थिर छ। यसमाथि विचार गर्नुपर्छ। पूँजी खाता चाहिं खोलिदिने, विनिमय दर चाहिं स्थिर राख्ने- यो पनि अन्तरविरोधी कुरा हुँदो रहेछ। यो टाइफाइड भएको मान्छेलाई भन् टाइफाइड हुने ओखती खुवाए जस्तो हुँदो रहेछ। पूँजी खाता खुला गर्ने हो भने, विनिमय दरलाई लचिलो बनाउनु पर्दोरहेछ।

**डलरको भाउ एक रुपिया मात्रै महँगो हुँदा पनि हाम्रो विदेशी ऋण २ अरब ६५ करोड जति बढ्दो रहेछ।**

सातौं, वित्त स्थितिसम्बन्धी भरपर्दो तथ्यांक आवधिक रूपमा बेला बेलामा सार्वजनिक भइराख्नु पर्‍यो। बैंकर्स एशोसियन अफ नेपाल, स्टक मार्केट जस्ता संस्थाहरूले निक्षेप कति छ, लगानी कति छ, नाफा कति छ, घाटा कति छ, लगानी कति कालको छ, भन्ने सम्बन्धी तथ्यांक जनताले बुझ्ने भाषामा सार्वजनिक गरी राख्नुपर्‍यो। उद्योग मन्त्रालयले हेर्ने हो कि कसले हेर्ने हो, विभिन्न उद्योगहरूको वासलात बेला बखतमा सार्वजनिक गराई राख्नुपर्‍यो।

आठौं, अहिले हाम्रो विदेशी मुद्राको संचितिभन्दा कुल विदेशी ऋणको थैली झण्डै चार गुणा ठूलो छ। यो राम्रो संकेत होइन। तर हाम्रो राम्रो कुरा के छ भने, हाम्रो विदेशी ऋण अल्पकालीन अवधिको छैन। यो कम व्याजदरका दीर्घकालीन अवधिको, ४०-५० वर्षमा तिर्नु पर्ने खालको ज्यादा छ। ऋण निजी क्षेत्रमा छैन, अधिकांश ऋण सरकारी छ। त्यसैले, पूर्वी एशियाली देशमा जस्तै यो मामलमा हाम्रो देशमा टड्कारो संकटको खतरा देखिन्न। तर हामीले अब ऋणको स्वरूप र भाकाको संरचना हेर्नैपर्छ। सबभन्दा चिन्ता लाग्ने कुरा हाम्रो ऋण कसरी कहाँ उपयोग भइराखेको छ भन्ने सवालमा छ। हामीले लिएको विदेशी ऋण- पूँजी निर्माण र नाफा हुने ठाउँमा हुनुपर्छ। त्यो हुन नसक्दा कमसेकम ऋण र सावा व्याज चुक्ता गर्न सकिने ठाउँमा त हुनैपर्छ। अहिले त्यस्तो भइराखेको छ कि छैन, ढुक्कका साथ भन्न सकिने स्थिति छैन। यो खतराजनक स्थिति हो।

हाम्रो मुद्राको डलरसितको विनिमय दर लगातार ओरालो लाग्दैछ। यो हेरफेरले हाम्रो विदेशी ऋणको दायित्व उत्तिकै उत्तिकै उकालो लाग्दैछ। मैले गएको २०५३/५४ असार मसान्तसम्मको हाम्रो विदेशी ऋणको हिसाब गर्दा, डलरको भाउ ५७ रू. बाट ५८ रू. हुँदा अर्थात् एक रूपिया मात्रै महँगो हुँदा पनि हाम्रो विदेशी ऋण उत्तिकै २ अरब ६५ करोड जति बढ्दो रहेछ। त्यसैले, यो समेतको हिसाब गरेर लगानी फिर्ता हुन सक्ने ठाउँमा मात्र हामीले विदेशी ऋणको लगानी गर्नुपर्‍यो।

अब आगामी पंच वर्षीय योजना बन्दा कति वर्षपछि हामी विदेशी ऋण लिनै नपर्ने स्थितिमा कसरी जाने, त्यो सोच्न थाल्नु जरूरी छ। योजना आयोगले नेपालको प्राथमिकताको सम्पूर्ण योजनाको सूची बनाएर हामी सिर्फ यो क्षेत्रमा मात्र ऋण लिन्छौं भनेर हाम्रो सरकारले भन्नुपर्ने बेला आएको छ अब। नत्र हामी पनि उठ्नै नसक्ने ऋणको भासमा डुब्न सक्छौं- पूर्वी एशियाली देशहरू जस्तै। ❑

# यसरी बढ्दैछ संसारमा केही कम्पनीहरूको एकाधिकार

◆ दीपक वैद्य

**अहिले विश्वका १०० वटा सबैभन्दा साना राष्ट्रहरुको कुल राष्ट्रिय उत्पादनभन्दा ज्यादा थैली विश्वका १० वटा सबैभन्दा ठूला कर्पोरेशनहरुको बिक्रीलाई एकै ठाउँमा मिलाउँदा हुन्छ।**

साम्राज्यवादको मुख्य विशेषता एकाधिकार पूँजी हो।

जब सिंगै विश्वको आधाआधी बजार विश्वका पाँचवटा सबैभन्दा ठूला कम्पनीहरूले कब्जा गर्छन्, त्यसलाई पूँजीवादी एकाधिकारको निकै नांगो रूप भन्न सकिन्छ। लण्डनबाट प्रकाशित हुने The Economist पत्रिकाले संसारका १२ वटा उद्योगहरू कसरी पाँच वटा ठूला कम्पनीहरूको हातमा केन्द्रित हुँदैछन् भन्ने कुराबारे निकै चाखलाग्दो र महत्त्वपूर्ण तथ्यांक प्रकाशित गरेको छ।

यो तथ्यांकअनुसार, सबैभन्दा ठूलो केन्द्रीकरण टिकाउ खालका उपभोग्य वस्तुमा देखा परेको छ। यस्ता सामान उत्पादन गर्ने पाँचवटा सबैभन्दा ठूला औद्योगिक कम्पनीहरूले सम्पूर्ण विश्व बजारको झण्डै ७० प्रतिशत भागमाथि नियन्त्रण कायम गरेका छन्। यो सारै उच्च एकाधिकारको ज्वलन्त उदाहरण हो।

दोस्रो ठूलो केन्द्रीकरण अन्य ६ वटा उद्योगहरूमा देखापरेको छ। ती हुन्- गाडी उद्योग, हवाई सेवा, अन्तरिक्ष उद्योग, इलेक्ट्रोनिक पार्टपुर्जाहरूको उद्योग, विद्युतीय उद्योग तथा इलेक्ट्रोनिक्स र स्टील उद्योग। यी उद्योगहरूमा पाँच वटा सबैभन्दा ठूला फर्महरूले विश्व बजारको ५० प्रतिशतभन्दा बेसी भागमाथि नियन्त्रण कायम गरेका छन्।

तेस्रो ठूलो केन्द्रीकरण तेल, निजी कम्प्युटर र संचार उद्योगमा देखापरेको छ। यी उद्योगहरूमा पाँच वटा ठूला फर्मले सिंगै विश्वबजारको ४० प्रतिशतभन्दा बेसी भागमाथि कब्जा जमाएका छन्।

एकाधिकारका अरू पनि ज्वलन्त उदाहरणहरू छन्। यतिखेर विश्वका ५०० वटा सबैभन्दा ठूला औद्योगिक कर्पोरेशनहरूले विश्वको कुल आर्थिक उत्पादनको २५ प्रतिशत भागमाथि कब्जा जमाएका छन्। जबकि, यी उद्योगहरूले विश्वको एक प्रतिशत जनसंख्याको पनि ०.०५ भागलाई मात्र रोजगारी दिन्छन्।

विश्वका पचासवटा सबैभन्दा ठूला वाणिज्य बैंक र वित्तीय कम्पनीहरूको कुल जम्माजम्मी सम्पत्ति यति ज्यादा छ कि, यो विश्वको कुल उत्पादनशील पूँजीको ६० प्रतिशत भाग बराबर हुन्छ।

अहिले विश्वका १०० वटा सबैभन्दा साना राष्ट्रहरूको कुल राष्ट्रिय उत्पादनलाई एकै ठाउँमा मिलाउँदा जति औसत रकम हुन्छ, त्योभन्दा ज्यादा थैली विश्वका १० वटा सबैभन्दा ठूला कर्पोरेशनहरूको बिक्रीलाई एकै ठाउँमा मिलाउँदा हुन्छ। उदाहरणको निम्ति, जनरल मोटर्स भन्ने अमेरिकाको सबैभन्दा ठूलो मोटर कम्पनीको सन् १९९२ को विक्री राजस्व १३३ अरब डलर थियो। तान्जानिया, इथियोपिया, नेपाल, बंगलादेश, पाकिस्तान, जायरे, युगाण्डा र नाइजेरियाको कुल राष्ट्रिय उत्पादनलाई एकै ठाउँमा मिसाउँदा जति रकम हुन्छ, त्यति थैली त यही एउटा मोटर कम्पनीको एक वर्षको विक्री राजस्वको देखिन्छ।

पूँजीवादीहरूद्वारा समाजवादी मुलुकलाई योजनाबद्ध र केन्द्रीकृत अर्थतन्त्र चलाएको आरोप लगाइन्छ। माथिको तथ्यांकले देखाएको छ- विश्वको सबैभन्दा केन्द्रीकृत र योजनाबद्ध अर्थतन्त्र विश्वका सबैभन्दा ठूला बहुराष्ट्रिय कम्पनीहरूले चलाइरहेछन्। ❑

स्रोत: The Economist, मार्च २७, १९९३ ◆ Paul Hawken को "The Ecology of Commerce", New York, 1993 ◆ The Economist Book of World Vital Statistics ◆ Hoover's Handbook of World Business.

# नेकपा मसालको प्रतिक्रियामाथि मूल्याङ्कन को प्रत्युत्तर

# के 'मूल्यांकन' ले प्रतिक्रियावादलाई बचाउने कुरा गरेको हो ?

◆ श्याम श्रेष्ठ

*हामीले मूल्यांकनको अंक ५१ मा एउटा आवरण कथा छापेका थियौं- **"कसरी सखाप पारिँदैछन् ४६ सालका उपलब्धिहरु ?"** शीर्षकमा । त्यस लेखमा हामीले केही समयअघि एमाले-राप्रपा (चन्द) गठबन्धनलाई अविश्वासको प्रस्तावद्वारा कांग्रेस-राप्रपा (थापा) गठबन्धनले हटाउने प्रयत्न भइरहेको बेला नेकपा (मसालले) अपनाएको अविश्वासको प्रस्तावमै भोट हाल्ने नीतिको आलोचना गरेका थियौं । नेकपा (मसाल)ले आफ्नो मुखपत्र 'मसाल' को कार्तिक/मंसिर अंकमा हाम्रो त्यो आलोचनाबारे आधिकारिक प्रतिक्रिया प्रकाशित गरेको छ । हाम्रा तमाम पाठकहरूले त्यो प्रतिक्रिया थाहा पाउन् भन्ने उद्देश्यले हामीले मसालको मुखपत्रमा प्रकाशित त्यस प्रतिक्रियालाई मूल्यांकनको अंक ५३ मा हूबहू छापेका थियौं । अहिले प्रस्तुत छ- त्यही प्रतिक्रियाबारे हाम्रो प्रत्युत्तर ।*

आलोचनात्मक प्रतिक्रियाको लागि म सर्वप्रथम मसालका नेतृत्वदायी कमरेडहरूलाई धन्यवाद दिन चाहन्छु । उहाँहरूले प्रतिक्रियामार्फत् आफूबारे भइरहेका आलोचनाबारे उहाँहरू सजग हुनुहुन्छ भन्ने कुरा राम्ररी देखाउनु भएको छ । विचार अन्तर्क्रिया र द्वन्दको लागि मसालको प्रतिक्रियालाई हामीले अत्यन्त महत्वपूर्ण सामग्री ठानेका छौं । हामीकहाँ समसामयिक घटना र समस्यालाई हेर्ने र विश्लेषण गर्ने के कस्तो विश्व दृष्टिकोण र पद्धति हावी छ भन्ने कुरा बुझ्न यो सामग्रीले निकै राम्रो मद्दत पुऱ्याएको छ । साथै, यसले हाम्रो आफ्नै दृष्टिकोण र पद्धतिमा कहीं कतै गम्भीर दोषहरू छन् कि भनेर नियालेर हेर्न समेत काफी सहयोग पुऱ्याएको छ ।

हाम्रो आन्दोलनमा अझै सामन्ती अहंकार ज्यूँदो जाग्दो अवस्थामा छ । अतः आलोचनालाई आफ्नो अहंकार र अस्तित्वमाथि आइलागेको संकट ठानेर त्यसप्रति बेहद असहिष्णु हुने प्रवृत्ति व्यापक रूपमा हावी छ । आफ्ना दिल दिमागमा र कानमा कर्ण-कवच धारण गरेर अर्काको आलोचना सुन्ने र आलोचनामा जतिसुकै ठीक र सत्य कुरा उठाए पनि त्यो कर्ण-कवच छेडेर भित्र पस्दै नपस्ने समस्या हामीकहाँ चर्को रूपमा विद्यमान छ । स्वस्थ आलोचनालाई समेत यहाँ, त्यसैले, गाली गलौज र चरित्र हत्याद्वारा उत्तर दिने गरिन्छ, या आलोचनालाई नै नराम्ररी तोडमरोड गर्ने गरिन्छ । आलोचनामा के कुरा उठाइएको छ भन्दा पनि त्यो कसले उठायो भन्ने कुरा हामीकहाँ महत्वपूर्ण हुने गर्छ । समग्र पूर्वमा विचारको विकास सारै धीमा हुनुको पछाडि भिन्न विचार र आलोचनाप्रतिको असहिष्णुता नै मूल कारणको रूपमा रहेको देखिन्छ । यो समाज विकासको नियम नै हो कि जहाँ विचारको द्वन्द हुँदैन, त्यहाँ विचारको विकास पनि हुँदैन र दुनियाँमा विचारको विकास स्वस्थ आलोचना र विचार अन्तर्क्रियाबाट मात्र हुन्छ । यस परिप्रेक्ष्यमा अहिले हामीबीच विचार द्वन्दको जुन प्रक्रिया चलेको छ, त्यो राम्रो र स्वागतयोग्य कुरा हो । हामीलाई केमा पनि खुसी लागेको छ भने, मसालको प्रतिक्रियामा गालीगलौजबाट माथि उठ्ने प्रयत्न मनग्ये देखिन्छ, यद्यपि अरूका विचारको तोडमरोड गर्ने प्रवृत्तिबाट भने प्रतिक्रिया अझै मुक्त देखिन्न ।

अब सिधै जाउँ प्रतिक्रियामा उठाइएका मुख्य-मुख्य सवालतिर ।

सर्वप्रथम जाउँ- हामीबीचको साझा सहमतिको सवालतिर ।

प्रतिक्रिया हेर्दा हामीबीच केही सवालमा समान धारणा देखिएको छ र यी सवालमा हामीबीच बादविवाद भइराख्नु श्रम र समयको खेर मात्रै हुनेछ ।

एमाले-राप्रपा गठबन्धन सरकार कुनै प्रगतिशील सरकार थिएन; यो जम्माजम्मीमा र सारमा प्रतिक्रियावादी चरित्रकै सरकार थियो भन्ने कुरामा हामी उस्तै-उस्तै धारणा राख्दा रहेछौं । प्रतिक्रियावादीहरूको दृष्टिमा त्यो अझै कम्युनिष्ट पार्टी नै रहे पनि एमाले वास्तविक रूपमा कम्युनिष्ट पार्टीका रूपमा बाँकी रहेको छैन र त्यो खुला र नांगो प्रकारले वैज्ञानिक समाजवादको क्रान्तिकारी सिद्धान्तलाई पूरै तिलाञ्जली दिएर साम्राज्यवाद र प्रतिक्रियावादको पक्षमा उभिने स्तरसम्म गिरिसकेको पनि छैन भन्ने सवालमा पनि हामी लगभग समान सोच राख्दा रहेछौं । एमाले-राप्रपा गठबन्धन सरकार बन्नु गलत थियो र त्यसबाट बढीभन्दा बढी फाइदा प्रतिगामी शक्तिलाई नै हुन पुगेको छ भन्ने सवालमा पनि हाम्रो धारणा एउटै रहेछ ।

मसालका नेतृत्वदायी मित्रहरूले आफ्नो प्रतिक्रियामा निकै धेरै श्रम र ठाउँ हामीले पनि एमाले-राप्रपा गठबन्धन सरकारलाई प्रतिक्रियावादी भनेका छौं र त्यसको जति सक्यो उति छिटो अन्त गर्नु पर्छ भनेका छौं भनेर साबित गर्नु लाउनु भएको देखियो । यसो गर्नु जरूरी नै थिएन । किनकि, यो सवालमा त हामीबीच विवाद नै छैन । यो सवालमा हाम्रो आवरण कथाले यत्रतत्र स्पष्ट धारणा अघि सारेको छ । चन्द-एमाले सरकारले संसदमा ल्याउन लागेको प्रतिक्रियावादी आतंककारी विधेयक विरूद्ध त हामी संघर्षको मैदानमै उत्रेका छौं । त्यसले व्यूँझाएको प्रतिगामी पंचायतकालीन सुरक्षा कानूनको हामीले डटेर विरोध गरेका छौं । त्यसले सेती र कर्णालीको पनि कन्यादान गर्ने प्रयत्न गर्दा हामीले त्यसको विरूद्ध जनमत सिर्जना गर्ने प्रयत्न गरेका छौं । त्यसले महाकाली सन्धिले पारित संसदको संकल्प प्रस्तावलाई लत्याउँदा हामीले त्यसको विरूद्ध जेहाद छेडेका छौं । यी र यस्ता प्रतिक्रियावादी कामहरू गर्ने सरकारलाई हामीले प्रगतिशील सरकार कसरी भन्न सक्छौं ? यस्तो सरकारको अन्त गर्ने सवालमा हामी कसरी विरोध गर्न सक्छौं ? मूल्यांकनका सारा अंकहरू र हाम्रा सारा क्रियाकलापहरू हेर्ने जो कोहीलाई पनि यो नीलाकाशको घाम जत्तिकै प्रष्ट हुने कुरा हो ।

अनि फेरि हामीबीच विवाद र मतभिन्नता के मा त ?

हामीबीचको मुख्य विवाद र मतभिन्नता एमाले-राप्रपा गठबन्धन सरकार खत्तम गर्ने कि नगर्ने सवालमा होइन, त्यो कसरी खत्तम गर्ने र कुन समय र परिवेशमा खत्तम गर्ने भन्ने सवालमा हो । हामी एमाले-राप्रपा गठबन्धन सरकार खत्तम गरेर त्यसका ठाउँमा सूर्यबहादुर थापा र गिरिजा कोइरालाको कांग्रेस-राप्रपा गठबन्धन स्पष्टतः सत्तामा आउने समय र परिवेशमा एमाले-राप्रपा गठबन्धन खत्तम गर्नु ऐतिहासिक महाभूल हुन्छ भन्ठान्छौं । हामी यो 'तावाको तापले उफ्रेको माछा आगोको भुंग्रोमा' भने जस्तो हुन्छ, भन्ठान्छौं । किनभने, एमाले-राप्रपा गठबन्धनको तुलनामा कांग्रेस-राप्रपा गठबन्धन हाम्रो देशको परिप्रेक्ष्यमा अरू ज्यादा दक्षिणपन्थी र अरू ज्यादा प्रतिक्रियावादी गठबन्धन हो । यो अरू ज्यादा राष्ट्रघाती गठबन्धन हो । नेपालको संसदको वर्तमान शक्ति सन्तुलनको परिप्रेक्ष्यमा कांग्रेस-राप्रपा र सद्भावनाको गठबन्धन सबैभन्दा चरम प्रतिक्रियावादी गठबन्धन हो । हामीले चन्द र वामदेव हेरेर, उनीहरूप्रति रीस उठेर यो सरकारको अन्त गर्नको लागि आवाज उठाएका होइनौं । उनीहरूले नेतृत्व गरेको सरकारले प्रतिक्रियावादी भूमिका खेलेकोले त्योभन्दा उन्नत स्थिति ल्याउन त्यसको अन्त गर्ने कुरा गरेका हौं । प्रतिक्रियावादको अन्त त गर्ने, तर त्योभन्दा पनि चरम प्रतिक्रियावाद सत्तागत अस्तित्वमा आउने गरी ? यो त कदापि स्वीकार्य हुन सक्दैन । यही सवालमा हाम्रो नेकपा (मसाल) सित मतभेद भएको हो ।

त्यतिखेरको समय र परिवेशको अर्को आयाम के थियो भने, कांग्रेस-राप्रपाको गठबन्धनले आफ्नो मातहतमा मध्यावधि




हामीले मसालको मुखपत्रमा प्रकाशित त्यस प्रतिक्रियालाई मूल्यांकनको अंक ५३ मा हूबहू छापेका थियौं । अहिले प्रस्तुत छ- त्यही प्रतिक्रियाबारे हाम्रो प्रत्युत्तर ।

चुनाव गर्ने लक्ष्य पूर्तिकै लागि एमाले-राप्रपा गठबन्धनमाथि अविश्वास प्रस्ताव ल्याउन लागेको थियो । उनीहरूको अचाक्ली भय के कुरामा थियो भने, एमाले-राप्रपा गठबन्धनले मध्यावधि चुनाव गरायो भने, स्थानीय चुनावमा जस्तै संसदको चुनावमा पनि एमालेले स्पष्ट बहुमत ल्याउनेछ र उनीहरूको संसदीय स्थिति निकै कमजोर हुन जानेछ । उनीहरूको यो भय अवस्तुवादी थिएन । त्यसैले, उनीहरूले एमालेको बहुमत भएको संसद र सरकार कुनै पनि हालतमा अस्तित्वमा आउनै नदिनको लागि, त्यसको सट्टामा आफ्नै हालीमुहाली भएको सरकारमा रहेर आम चुनाव गराएर 'जसरी पनि' आफ्नै बहुमत भएको सरकार ल्याउनको लागि त्यतिखेर अविश्वासको प्रस्ताव ल्याउन लागिएको थियो । यसप्रकार, अविश्वासको प्रस्तावको घटनाक्रमको भित्री सार थियो- कसको मातहतमा मध्यावधि चुनाव गर्ने ? र, चुनावपछि कसको सरकार ल्याउने ?

सत्तामा आउनासाथ अहिले भर्खरै थापा-कांग्रेस सरकारले गरेको मध्यावधिको सिफारिशले यो विश्लेषण र तथ्यलाई सही साबित गरिसकेको छ । अहिलेकै अविश्वासको प्रस्तावमा पनि मूल सवाल- कसको मातहतमा मध्यावधि चुनाव गराउने भन्ने नै देखिन्छ ।

यो समय र परिवेशमा नेकपा (मसाल) जस्तो क्रान्तिकारी पार्टीको कार्यनीति के हुनु पर्ने ? रोजाइ के हुनुपर्ने ? कसको मातहतमा मध्यावधि चुनाव हुँदा देश र जनताको लागि तुलनामा बेसी फाइदा हुने हो ? चुनावपछि कसको सरकार सत्तामा आउँदा यो देशमा गरिखाने वर्गलाई जिउन र आफ्नो वर्ग-संघर्ष संचालन गर्न तुलनामा बेसी सजिलो हुने हो ?

हाम्रो यसमा स्पष्ट मत के हो भने, एमालेका सारा विकृति र विचलनका बावजूद, उसका प्रतिक्रियावाद उन्मुख सारा क्रियाकलापहरूका बावजूद एमाले सन्निहित भएको गठबन्धन सरकारले मध्यावधि चुनाव गराउनु नै तात्कालीन परिस्थितिमा विद्यमान खराबै खराब विकल्पहरूमध्येको कम खराब विकल्प थियो । किनभने, क्रान्ति-कारीहरूको आफ्नो वशभित्रको कुनै असल विकल्प त्यतिखेरको संसदीय शक्ति सन्तुलनमा विद्यमानै थिएन । न त क्रान्तिकारी गैर-संसदीय सडक संघर्षले नै तत्कालीन एमाले-राप्रपा गठबन्धन सरकारलाई विस्थापित गर्न सकिने आत्मगत परिस्थिति त्यतिखेर विद्यमान थियो । आफ्नो वशभित्रको असल र क्रान्तिकारी विकल्प सामुन्नेमा नहुँदा, खराबै खराब र प्रतिक्रियावादी नै प्रतिक्रियावादी विकल्पहरू मध्येबाट क्रान्तिकारीहरूले छनौट गर्नु पर्दा गर्ने के त ? हाम्रो ठम्याइमा, त्यतिखेर खराबमध्येको कम खराब, प्रतिक्रियावादीमध्येको कम प्रतिक्रियावादी विकल्प नै रोज्ने हो । सबै उत्तिकै खराब छन् भने विकल्प नै छनौट नगर्ने हो ।





राप्रपा-एमाले गठबन्धन सरकारका प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द (बायाँ), जसलाई हटाएर राप्रपा-कांग्रेस, सद्भावना गठबन्धनमा सूर्यबहादुर थापा (दायाँ) प्रधानमन्त्री बन्न पुगे !

**कुन समय र परिवेशमा कुन पात्रद्वारा के कारणले एमाले-राप्रपा गठबन्धन सरकारको अन्त गर्न खोजिँदैछ भन्ने सवालप्रति भने मसालका मित्रहरू बिल्कुल बेसरोकार हुनुहुन्छ । मानौं, यो कुनै ध्यान दिनयोग्य विषय नै होइन ।**

तर यसमा मसालका नेतृत्वदायी कमरेडहरूको गम्भीर मतभिन्नता देखिएको छ । हाम्रो चिन्तन र विश्लेषण पद्धतिउपर उहाँहरूको तीव्र विरोध छ । हामीले यसरी घटना-क्रमको विश्लेषण गर्दा- प्रतिक्रियावादी चन्द सरकारलाई जोगाउने भूमिका खेल्नुका लागि मूल्यांकनले मसाललाई सल्लाह दियो भन्ने उहाँहरूको आरोप छ । उहाँहरूको प्रतिक्रियामा के तर्क अगाडि सारिएको छ भने, एमाले-राप्रपा सरकार पनि प्रतिक्रियावादी, कांग्रेस-राप्रपा सरकार पनि प्रतिक्रियावादी, यो स्थितिमा नयाँ प्रतिक्रियावादी सरकार आउँछ भन्ने भय र आशंकाले पुरानो प्रतिक्रियावादी सरकारलाई बचाउन खोज्नु नांगो ढंगको अवसरवाद हो ।

आफ्नो प्रतिक्रियामा उहाँहरूले लेख्नु भएको छ- "भविष्यको प्रतिक्रियावादको आशंकाले वर्तमानको प्रतिक्रियावादको सेवा ! बताइरहनु पर्ने आवश्यकता छैन कि, यो नांगो प्रकारको अवसरवाद हो । अविश्वासको प्रस्ताव सफल हुन्छ, वर्तमान सरकार अपदस्थ हुन्छ र त्यसको ठाउँमा पुनः अर्को प्रतिक्रियावादी सरकारको स्थापना हुन्छ भने के गर्ने ? हाम्रो नीति सिधा र स्पष्ट छ । प्रतिक्रियावादका विरूद्धको संघर्ष पुनः नयाँ प्रकारले अगाडि बढ्छ र बढ्नु पर्दछ । प्रतिक्रियावाद सधैं एउटै रूपमा कायम रहन्न र नयाँ नयाँ रूपमा अगाडि बढिरहन्छ । जब त्यो (प्रतिक्रियावाद) कुनै एउटा रूपमा पराजित हुन्छ, त्यो पुनः नयाँ रूपमा अगाडि आउँछ । प्रतिक्रियावादी व्यवस्था रहँदासम्म त्यो सिलसिला लगातार चलिरहन्छ । त्यही कुरा कुनै प्रतिक्रियावादी सरकारका सन्दर्भमा पनि सत्य हो । त्यो अवस्थामा कुनै क्रान्तिकारी पार्टीको नीति के हुन्छ र हुनुपर्दछ ? प्रतिक्रियावाद जुन रूपमा आए पनि त्यसमाथि हमला गर्नु । त्यही नीतिअनुसार, प्रत्येक प्रतिक्रियावादी सरकारमाथि आक्रमण गर्ने हाम्रो नीति हुन्छ र हुनुपर्दछ ।" (हेर्नुहोस् मूल्यांकन अंक ५३ पृष्ठ २८)

मसालद्वारा प्रकाशित प्रतिक्रियामा अर्को ठाउँमा लेखिएको छः "कुनै खास अवस्थामा वर्तमान प्रतिक्रियावादी व्यवस्थाभित्र बहुमत प्राप्त गरेर प्रगतिशील र जनपक्षीय शक्तिहरू पनि सत्तारूढ हुन सक्ने अपवाद सभावनाहरूलाई छाडेर वर्तमान व्यवस्थाअन्तर्गत कायम हुने सरकारहरूको स्वरूप मूलतः प्रतिक्रियावादी नै हुन्छ । एउटा प्रतिक्रियावादी सरकारको अन्त भए पनि त्यसको ठाउँमा आउने सम्भावित सरकार प्रतिक्रियावादी नै हुन्छ । त्यो अवस्थामा कुनै विद्यमान सरकारको ठाउँमा पुनः अर्को प्रतिक्रियावादी सरकार कायम हुने सम्भावनाले आशंकित भएर विद्यमान सरकारको विरोध नगर्ने नीति अपनाउने हो भने त्यसको अनिवार्य निष्कर्ष यो हुनेछ- सबै प्रतिक्रियावादी सरकारहरूको समर्थन गर्ने नीति अपनाउनु पर्नेछ ।"

(हेर्नुहोस- उही)

मसालको यो प्रतिक्रियाको अध्ययन गर्दा हामीलाई खट्केको कुरा के हो भने, मसालका मित्रहरू एमाले-राप्रपा गठबन्धन सरकार प्रतिक्रियावादी हो भन्ने कुरामा त स्पष्ट हुनुहुन्छ, जुन सही पनि हो । तर कुन समय र परिवेशमा कुन पात्रद्वारा के कारणले यसको अन्त गर्न खोजिँदैछ भन्ने सवालप्रति भने उहाँहरू बिल्कुल बेसरोकार हुनुहुन्छ । मानौं, यो कुनै ध्यान दिनयोग्य विषय नै होइन । दुवै प्रतिक्रियावादी सरकार भनेपछि प्रतिक्रियावादी सरकार, दुईबीच विद्यमान मात्रात्मक अन्तरलाई किन ध्यान दिन पऱ्यो ?- उहाँहरूको दृष्टिकोण र विश्लेषण पद्धति यस्तो रहयो ।

समय र परिवेशभन्दा अलग्गै अलगथलग रूपमा बस्तु र घटनालाई हेर्ने, सापेक्षतामा वा तुलनामा कुनै पनि वस्तु वा पात्रलाई नहेरी निरपेक्ष रूपमा हेर्ने, कुनैपनि कार्य वा घटनाको पछाडि अन्तर्निहित कारण र उद्देश्य नहेर्ने, सापेक्षतामा त्यसको संभावित परिणाम पनि नहेर्ने, सपाट र सरलीकृत रूपमा कुनै पनि घटनालाई हेर्ने- यो दृष्टिकोण हामीलाई पटक्कै द्वन्दवादी-भौतिकवादी लागेन । यो त अधिभूतवादी विश्व दृष्टिकोण लाग्यो ।

हामीलाई राम्ररी थाहा छ, नेकपा (मसाल) अधिभूतवादी-आदर्शवादी विश्व दृष्टिकोणको पक्षधर होइन, ऊ स्पष्ट रूपमा द्वन्दात्मक-भौतिकवादको पक्षपोषक हो । फेरि यसको नेतृत्वको व्यवहारमा भने यो अधिभूतवादी चिन्तन प्रणाली किन त ? हामीले उठाएको मुख्य सवाल यही हो ।

उदाहरणको निम्ति, ठीकै छ- पंचायती व्यवस्था प्रतिक्रियावादी वा तानाशाही थियो, त्यसैले, त्यसको अन्त गर्नै पर्छ । तर त्योभन्दा उन्नत व्यवस्था ल्याउनको लागि नै त्यसको अन्त गर्नु उचित हुन्छ । विकल्पमा त्योभन्दा पनि तानाशाही र प्रतिक्रियावादी सैनिक शासन आउने हो भने नि ? के त्यो समय र परिवेशमा पनि पंचायती व्यवस्थाको अन्त उचित हुन्छ ?

जेलभित्रको गोलघर सारै खराब ठाउँ हो । त्यहाँ परेको हरेक मान्छे त्यसबाट

**आफ्नो वशभित्रको असल र क्रान्तिकारी विकल्प कुनै पनि सामुन्नेमा नहुँदा, खराबै खराब र प्रतिक्रियावादी नै प्रतिक्रियावादी विकल्पहरु मध्येबाट क्रान्तिकारीहरुले छनौट गर्नु पर्दा गर्ने के त ?**

मुक्ति चाहन्छ। गोलघरबाट त मुक्ति, तर विकल्पमा फाँसी छ भने नि ? के त्यो समय र परिवेशमा गोलघरबाट मुक्ति ठीक हुन्छ ?

हाम्रो प्रश्न के हो भने, विकल्पमा संसदीय शक्ति-सन्तुलनमा भएमध्ये सबैभन्दा दक्षिणपन्थी र प्रतिक्रियावादी पार्टीहरूको गठबन्धन सरकार आए पनि आओस्, तर प्रतिक्रियावादी भनिसकेपछि एमाले-राप्रपा गठबन्धन चाहिं ढाल्नै पर्छ भन्नु र विकल्पमा पंचायतभन्दा पनि प्रतिक्रियावादी र तानाशाही सैनिक शासन आए पनि आओस्, प्रतिक्रियावादी भनिसकेपछि पंचायती व्यवस्था चाहिं ढाल्नै पर्छ भन्नु उस्तै उस्तै कुरा होइन र ? यो फाँसीको शर्तमा गोलघरबाट मुक्ति खोज्ने जस्तै कुरा भएन र ?


हाम्रो ठम्याइ के हो भने- पंचायत त ढाल्नै पर्छ, एमाले-राप्रपा गठबन्धन सरकार पनि ढाल्नै पर्छ, प्रत्येक प्रतिक्रियावादलाई क्रान्तिकारीहरूले ढाल्नु पर्छ, तर त्योभन्दा पनि चर्को र खराब प्रतिक्रियावाद हावी हुने गरी कदापि होइन। प्रगतिको शर्तमा नै त्यो ढालिनु पर्छ। झन् ठूलो दुर्गतिको समय र परिवेशमा कदापि होइन। हरेक सत्य सापेक्ष हुन्छ। प्रतिक्रियावाद पनि सापेक्ष अवधारणा हो। प्रतिक्रियावाद भन्नासाथ सबै प्रतिक्रियावादीलाई सोलोडोलो एउटै कोटीमा राखेर हेर्न खोज्नु निरपेक्ष रूपमा प्रतिक्रियावादलाई बुझ्न खोज्नु हो। यो निरपेक्ष बुझाइ अद्वन्दवादी र अवैज्ञानिक बुझाइ हो।

**सबैभन्दा दक्षिणपन्थी र प्रतिक्रियावादी गठबन्धन सत्तामा आउने समय र परिवेशमा पनि, एमाले-राप्रपा गठबन्धन प्रतिक्रियावादी भएकाले हर हालतमा यसको अन्त गर्नैपर्छ भन्ने सोच अलगथलग र एकांगी रुपमा वस्तु र घटनालाई हेर्ने चिन्तन प्रणालीकै परिणाम हो।**

द्वन्दात्मक-भौतिकवादले त हामीलाई सत्यलाई कहिल्यै निरपेक्ष रूपमा नहेर भन्छ। त्यसले त हरेक कुरालाई तुलनामा हेर्न सिकाउँछ, सापेक्षतामा हेर्न सिकाउँछ। हरेक कुरालाई द्वन्दात्मक भौतिकवादले समय र परिवेशसित जोडेर, सम्बन्धित गरेर हेर्न सिकाउँछ। ठीक र उचित भन्ने कुरालाई पनि त्यसले समय र परिवेशसित जोडेर मात्र हेर्न सिकाउँछ। एउटा समय र परिवेशमा ठीक भएको कुरा अर्को समय र परिवेशमा बिल्कुलै बेठीक हुन सक्छ। सबै समय र परिवेशका लागि ठीक र उचित, सबै समय र परिवेशका लागि अन्तिम सत्य भन्ने कुरा संसारमा केही हुँदैन।

सत्य कुरा बोल्नु उचित कि अनुचित ? हामी सबै एकसाथ जवाफ दिन्छौं- उचित भनेर। तर एउटा क्रान्तिकारी प्रतिक्रियावादीहरूको पक्राउमा परेको बेलामा नि ?

ज्यान मार्नु ठीक कि बेठीक ? हामी सबै भन्छौं- बेठीक भनेर। तर एउटी महिला सामूहिक बलात्कारमा पर्न लागिन् र आफ्नो स्वत्व र ज्यान जोगाउने अर्को कुनै उपाय भएन भने नि ?



यसप्रकार, हरेक उचित र अनुचितलाई, हरेक ठीक र बेठीकलाई समय र परिवेशसित जोडेर हेर्नु नै वैज्ञानिक चिन्तन प्रणाली हो, द्वन्दात्मक-भौतिकवादी चिन्तन प्रणाली हो।

त्यस्तै, सामन्ती समाज राम्रो र प्रगतिशील कुरो हो कि होइन ? हामी भनौंला- नराम्रो कुरा, अप्रगतिशील कुरा भनेर। तर दास समाजको सापेक्षतामा नि ?

अहिलेको पूँजीवादी संसदीय प्रणाली प्रतिक्रियावादी व्यवस्था हो कि होइन ? यसको अन्त गर्नुपर्छ कि पर्दैन ? सबै कम्युनिष्ट क्रान्तिकारीहरूले भन्छन्- यो प्रतिक्रियावादी प्रणाली हो र यसको अन्त गर्नुपर्छ। तर हिजोको पंचायती चरित्रको सामन्ती निरंकुशतन्त्रको सापेक्षतामा नि ? त्यो प्रणाली ल्याउने शर्तमा नि ?

यसप्रकार, हरेक कुरालाई तुलनामा, सापेक्षतामा हेर्नु नै वैज्ञानिक चिन्तन प्रणाली हो, द्वन्दात्मक-भौतिकवादी चिन्तन प्रणाली हो। यसरी हेर्दा नै कुनै पनि समस्याको सही समाधान प्राप्त हुन संभव हुन्छ। कुनै पनि कुरालाई ठीक ठीक ढंगले हेर्नु संभव हुन्छ।

तर हामी मसालका नेतृत्वदायी मित्रहरूमा ठीक वा बेठीक, उचित वा अनुचित भन्ने सवाललाई समय र परिवेशभन्दा अलग्गै अलगथलग रूपमा हेर्ने दृष्टिकोण भेटिरहेछौं। समय र परिवेशसित जोडेर नहेरी, अलगथलग रूपमा, एकांगी रूपमा वस्तु र घटनालाई हेर्ने दृष्टिकोण नै त अधिभूतवाद हो। संसदमा भएमध्ये सबैभन्दा दक्षिणपन्थी र प्रतिक्रियावादी गठबन्धन सत्तामा आउने समय र परिवेशमा पनि, एमाले-राप्रपा गठबन्धन प्रतिक्रियावादी भएकाले हर हालतमा यसको अन्त गर्नैपर्छ भन्ने सोच यही अलगथलग र एकांगी रूपमा वस्तु र घटनालाई हेर्ने चिन्तन प्रणालीकै परिणाम हो।

हामी उहाँहरूमा कुनै पनि कुरालाई सापेक्ष रूपमा नहेरी निरपेक्ष रूपमा हेर्ने दृष्टिकोण पनि पाइरहेछौं। निरपेक्ष रूपमा, यान्त्रिक र सपाट रूपमा वस्तु र घटनालाई हेर्ने ढंगलाई नै त अधिभूतवाद भनिन्छ। प्रतिक्रियावाद भनिसकेपछि सबै प्रतिक्रियावाद उही कोटीका, उनीहरूबीच मात्रात्मक भेद नै हुँदैन, भेद भए पनि त्यो मात्रात्मक भेदमा ध्यान दिनु पर्दैन भन्ने चिन्तन त्यसैको ज्वलन्त उदाहरण हो।

यदि प्रतिक्रियावाद भन्नासाथ सबै प्रतिक्रियावादलाई उही कोटीमा राख्नु पर्छ, उनीहरूबीचको मात्रात्मक अन्तर हेर्नु हुँदैन, सबैलाई एकसाथ उति नै कोटीको आक्रमण गर्नु पर्छ भनेर मसालका नेतृत्वदायी मित्रहरूले जस्तै सोच्ने हो भने, क. माओको नेतृत्वमा चिनियाँ कम्युनिष्ट पार्टीले जापानी प्रतिक्रियावादविरूद्ध लड्न क्वोमिन्ताङ प्रतिक्रियावादसित मिलेको घटनालाई कसरी हेर्ने ? क. स्तालीनहरूले हिटलरको नाजी प्रतिक्रियावादविरूद्ध लड्न अमेरिकी र बेलायती प्रतिक्रियावादसित हातेमालो गरेको घटनालाई कसरी हेर्ने ? स्वयम् नेकपा (मसाल) ले गिरिजा कोइरालाको सरकारताका गिरिजा सरकारको राजीनामा माग्दै सडक-संघर्ष गरेको घटनालाई कसरी हेर्ने ?

**एमाले-राप्रपा गठबन्धन सरकारका उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतम**
*फोटोः उषा तिवारी*

हो, रणनीतिक हिसाबले र लक्ष्यका हिसाबले सम्पूर्ण प्रतिक्रियावादलाई ध्वंश गर्न नै कम्युनिष्ट क्रान्तिकारीहरू लगातार संघर्षरत हुनुपर्छ। हामी नेकपा (मसाल) का मित्रहरूको सम्पूर्ण प्रतिक्रियावादप्रतिको वर्ग-घृणालाई बुझ्दछौं र त्यसलाई उच्च सम्मान पनि गर्दछौं। तर हाम्रो घृणाले मात्र सम्पूर्ण प्रतिक्रियावाद एक्कैचोटी र एकसाथ ढली हाल्दैन। वर्ग संघर्षमा जुट्दै, आफ्नो शक्ति र सामर्थ्य बृद्धि गर्दै, आफ्नै शक्तिले सम्पूर्ण प्रतिक्रियावादलाई नै ध्वंश गर्ने क्रान्तिकारी समय र परिवेश नबन्जेल हरेक क्रान्तिकारीले कार्यनीतिक हिसाबले प्रतिक्रियावादीहरूबीच विद्यमान मात्रात्मक भेदमा ध्यान दिनैपर्छ। बडे प्रतिक्रियावादलाई परास्त गर्न छोटे प्रतिक्रियावाद समेतलाई उपयोग गर्नुपर्ने हुन्छ। खास खास स्थितिमा त छोटे प्रतिक्रियावादसित हातेमालो समेत गर्नु पर्ने हुन्छ। क. माओ र स्तालीनहरूले बस् यही गर्नु भएको हो। नेपालमै २०४६ सालको जन-आन्दोलनमा बडे प्रतिक्रियावाद निरंकुश राजतन्त्रविरूद्ध लड्न छोटे प्रतिक्रियावाद नेपाली कांग्रेससित हातेमालो गरेको र त्यसो गरेपछि नै पचायत ढलेको उदाहरण हाम्रा साम् ज्यूँदै छ।

यी सारा उदाहरण र घटना-क्रमले देखाएको कुरा के हो भने, प्रतिक्रियावाद भन्नासाथ सबैलाई सोलोडोलो र सपाट रूपमा बुझ्नु, सबैलाई एकै कोटीको ठान्नु, सामर्थ्य नै नबनी सबैलाई एकसाथ एकैचोटि तारो बनाउने कार्यनीति अख्तियार गर्नु गलत हो। प्रतिक्रियावादको जमातमा मात्रात्मक भेद हुन्छ नै। हरेक संघर्षको मोडमा बढी खतरनाक र बढी खराब प्रतिक्रियावाद, कम खतरनाक र कम खराब प्रतिक्रियावाद भन्ने हुन्छ नै। हरेक क्रान्तिकारीले सम्पूर्ण प्रतिक्रियावादलाई एकैचोटि ध्वंश गर्न सक्ने स्थिति नभएको बेला बढी खतरनाक र खराब प्रतिक्रियावादलाई ध्वंश गर्न कम खतरनाक र कम खराब प्रतिक्रियावादलाई समेत उपयोग गर्नु पर्ने हुन्छ नै। यो कुरा हो कि होइन ? मसालका मित्रहरूले पुनर्विचार गर्नुहुनेछ भन्ने आशा हामीले

**मसाल निरन्तर क्रान्तिकारी संघर्षमा डटिरहेको जुझारु क्रान्तिकारी पार्टी हो ।**

राखेका छौं ।

मसाल निरन्तर क्रान्तिकारी संघर्षमा डटिरहेको जुझारू क्रान्तिकारी पार्टी हो । मसालको क्रान्तिकारी समर्पणमा हामीलाई कुनै दुविधा छैन । हामी त्यसको उच्च मूल्यांकन गर्दछौं । तर गल्ती कमजोरीबाट मुक्त त कोही पनि हुँदैन । मित्रका हैसियतले आफूले देखेको गल्ती कमजोरी देखाइदिनु हाम्रो कर्तव्य हो, त्यो सुन्नु नसुन्नु हाम्रो वशको कुरा होइन । अहिले पनि हामीले मसालको व्यवहारमा देखापरेका केही गल्ती कमजोरीलाई औंल्याई दिएकासम्म हौं । यो सही हो कि होइन- सोची मात्र दिए पनि काफी छ ।

मसालका नेतृत्वदायी मित्रहरूको प्रत्युत्तर दिने शैलीमा हाम्रा केही गुनासाहरू पनि छन् ।

पहिलो गुनासो- भनाइको तोडमरोड गर्ने पद्धतिमाथि छ । आलोचना गर्दा मान्छेले जे भनेको छ, त्यसलाई तोडमरोड नगरीकन जस्ताकोतस्तो बुझीदिनु क्रान्तिकारी इमान्दारिता हुन्छ । नभनेको कुरा भनेको छ भनीदिनु, भनेको कुरा बंग्याई दिनु वा भनेको छैन भनिदिनु- बिल्कुलै बेठीक पद्धति हो । हामीले सूर्यबहादुर थापा प्रधानमन्त्री भएकाले वर्तमान सरकार 'चरम प्रकारको प्रतिक्रियावादी', चन्द प्रधानमन्त्री भएकाले त्यो सरकार 'कम खराब'- यस्तो तर्क कहीं कतै अघि सारेका छैनौं । तर मसालका मित्रहरूले प्रत्युत्तर लेख्दा 'मूल्यांकनले यो निष्कर्ष निकाल्छ' भनेर यस्तो तर्क प्रस्तुत गरेको छ (हेर्नुहोस्, मूल्यांकन अंक ५३, पृष्ठ २९, तेस्रो कोलम) । भन्दै नभनेको कुरालाई भनेको भन्नु- यो त ठ्याम्मै क्रान्तिकारी इमान्दारिता भएन नि ! हामीले त चन्दवाला गठबन्धन सरकारमा एमालेको सघन उपस्थितिको कारणले नै त्यसलाई मात्रात्मक रूपमा 'कम खराब' भनेका हौं । के त्यो गल्ती थियो र ?

हामीले आफ्नो आवरण कथामा एमाले-राप्रपा गठबन्धन सरकारको कार्यदिशा पनि जम्मामा प्रतिगामी थियो । त्यसैले यो सरकारको अन्त जरूरी थियो । तर त्योभन्दा पनि बढी प्रतिक्रियावादी सरकार सत्तामा ल्याउने शर्तमा होइन, त्योभन्दा उन्नत सरकार ल्याउने शर्तमा, भनेका छौं । त्यसका लागि हामीले उपाय पनि सुझाएका छौं- कांग्रेस एमाले सरकारलाई वा तत्काल एमाले-राप्रपा सरकारकै मातहतमा मध्यावधि चुनावलाई हामीले उपायको रूपमा पेश गरेका छौं । राप्रपासितको गठबन्धनलाई जति सक्यो छिटो अन्त गर्ने यो उपाय मसालका मित्रहरूले सोचेअनुसार भएन होला । तर हामीले 'चन्द सरकारलाई जोगाउन मसालले निर्णयात्मक भूमिका खेल्नु पर्दथ्यो' भनेर नेकपा (मसाल) लाई सुझाव दियौं भन्ने उहाँहरूको आरोप छ । यो पनि तथ्यको जथाभावी तोडमरोड भएन र ? मानी लिनुहोस्, हामीले वर्तमान पूँजीवादी संसदीय व्यवस्था अन्त गर्नु पर्छ, तर समाजवाद आउने गरी, पंचायती तानाशाही आउने गरी होइन भन्यौं रे ! के यसको तात्पर्य यो हुन जान्छ कि हामीले वास्तवमै पूँजीवादी संसदीय प्रणाली जोगाई राख्नुपर्छ भन्ने कुरा गर्‍यौं ? यो त तर्कलाई बंग्याउने गजबको विधि भएन र ?"

हाम्रो आग्रह के छ भने, तथ्यहरूको यसरी तोडमरोड नगरौं । असहमति भएको कुरामा असहमति जनाऔं, आलोचना गर्नुपर्ने कुरामा आलोचना गरौं, तर भनाइकै तोडमरोड गर्नु किन जरूरी हुन्छ र ?

दोस्रो गुनासो, मित्रहरूले गरेको मित्रतापूर्ण आलोचनालाई 'हाम्रा विरूद्ध', 'मूल्यांकन' ले अत्यन्त तल्लो स्तरमा उत्रेर आरोप लगायो भने जस्ता असहिष्णुतापूर्ण टिप्पणीबारे छ । हाम्रो आवरण कथा सबैका सामु खुला किताब झैं छ । त्यो जोसुकैले पढिहेरे हुन्छ । त्यसमा हामीले अत्यन्त तल्लो स्तरमा आरोप लगाएका त छैनौं ! हामीले गाली गलौजको भाषा पनि प्रयोग गरेका छैनौं ! जानेसम्मको शिष्ट भाषामा मित्रहरूबारे लागेको कुरा हामीले प्रस्तुत गरेका छौं । के यस्तो आलोचनालाई पनि मसाल जस्तो क्रान्तिकारी पार्टीका मित्रहरूले 'हाम्रा विरूद्ध' को कुरा ठान्ने ? आलोचनालाई 'हाम्रा विरूद्ध' आएका कुरा ठान्नासाथ त त्यसलाई ध्यानपूर्वक सुन्ने, चिन्तन-मनन गर्ने भन्ने कुरा हुनै सक्दैन । संवाद र संप्रेषण हुनै सक्दैन । 'विरूद्ध' ठान्ने बित्तिकै त त्यसमा प्रत्याक्रमण मात्र हुने गर्छ ।

हाम्रो तेस्रो गुनासो, एउटा आलोचनालाई बेप्रसंग अरूसित जोडेर प्रस्तुत गर्ने शैलीमाथि छ । हाम्रो आलोचनालाई एमाले र माओबादीको आलोचनासित बेप्रसंग जोड्ने काम मसालका मित्रहरूको प्रतिक्रियामा गरिएको छ । यसमा न्याय भयो र ? हाम्रो आलोचना एउटै सवालमा भए पनि, सन्दर्भ एउटै भए पनि, तर्कहरू, जोड र दृष्टिकोणहरू आकाशपाताल फरक छन् । फेरि हामीले जस्तै आलोचना एमाले र माओवादीले पनि गरेको छ भन्दैमा हाम्रो आलोचनामा प्रस्तुत गरिएका कुराहरू त्यत्तिकैमा गलत सावित हुन्छन् र ? यसरी जथाभावी एउटाको आलोचनालाई अरूसित छ्यासमिस गर्ने शैली पनि क्रान्तिकारीहरूले छोड्नै पर्ने हो कि ?

□

## आँखीझ्याल

# समाजवादी बाटो छोडेपछि यस्तो दुर्दशा हुन्छ !

छँदाखाँदाको समाजवाद ढालेर पूँजीवादी व्यवस्था देशमा ल्याएपछि के के न होला भनेर हाम्फाल्ने मुलुकहरू अहिले गम्भीर दुर्दशाको भुंग्रोमा परेर छट्पटिरहेका छन् ।

सोभियत संघ र पूर्वी यूरोपका मुलुकमा समाजवादी व्यवस्था ढलेपछि आर्थिक उत्पादन चौपट्ट घटेर अर्थतन्त्र नै डाँवाडोल भएको देखिएको छ । १९९० यता धेरैजसो ती मुलुकको आर्थिक उत्पादन ओरालो लागेको लाग्यै छ ।

उदाहरणको लागि, जर्जियालाई हेरौं, जो पहिले सोभियत संघमा सामेल थियो । त्यहाँको आर्थिक उत्पादन प्रति वर्ष २८ प्रतिशतका दरले घट्दैछ । त्यस्तै, अर्का दुई मुलुक आर्मेनिया र अजरवैजानको हरेक वर्ष १६ प्रतिशतका दरले उत्पादन घट्दैछ ।

**यी सबै घटनाले पुष्टि गरेको कुरा के हो भने, बिग्रेको समाजवाद पनि पूँजीवादी ब्यवस्थाभन्दा कता हो कता माथि हुन्छ । र, समाजवाद ढाल्नु भनेको दुर्दशा निम्त्याउनु हो ।**

हामी नेपालमा ८ प्रतिशत महँगी बढ्दा त अब कसरी जिउने भनेर छट्पटिन्छौं । तपाई छक्क पर्नु हुनेछ, १९९४ मा जर्जियामा ७३८० प्रतिशतका दरले महँगी बढ्यो, आर्मेनिया र अजरवैजानमा २००० प्रतिशतका दरले र बेलारूसमा १८७५ प्रतिशतका दरले । कस्तो भयो होला त्यहाँ जनजीवन ?

ती मुलुकमा आम्दानीको वितरणमा पनि काफी असमानता देखापरेको छ । किर्जीस्तानकै कुरा गरौं, १९९४ को शुरूमा त्यहाँ सबैभन्दा धनी १० प्रतिशतको आम्दानी सबैभन्दा गरीब दश प्रतिशतको भन्दा डेढगुणा ज्यादा थियो । तर त्यही वर्षको अन्तसम्म पुग्दा यो खाडल बढेर १० गुणा ज्यादा भइसकेको थियो । रूसमा सबैभन्दा धनी दश प्रतिशतको आम्दानी ३० प्रतिशतका दरले बढ्यो, तर सबैभन्दा गरीब दश प्रतिशतको खालि ५ प्रतिशतका दरले । आय बृद्धिको यो खाडलले त सबै पूर्व सोभियत र पूर्वी यूरोपेली मुलुकमा गरीब र धनीबीच निकै ठूलो अन्तर देखिने कुरा स्वतः स्पष्ट छ ।

यी मुलुकमा सामाजिक अपराध पनि सारै चर्को गतिमा बढेको देखिएको छ । उदाहरणको निम्ति, लाट्भियालाई लिऊँ । त्यहाँ १९९० देखि १९९४ को बीचमा हिंसात्मक अपराधको संख्यामा दोब्बरभन्दा पनि ज्यादा बृद्धि भयो । बुल्गेरियामा १९८० को दशकसम्म सामाजिक अपराधको संख्या वर्षेनी ५० हजार हुने गर्थ्यो । तर १९९४ पुग्दा यो चार गुनाभन्दा पनि ज्यादा बढेर २ लाख २३ हजार पुग्यो ।

त्यस्तै समस्या गरीबीको पनि देखिएको छ । रोमानियामा गरीबीको रेखामुनि जीवन बाँच्ने नागरिकहरू १९८० को दशकमा ६ प्रतिशत मात्र थिए । १९९४ मा यो ३२ प्रतिशत पुग्यो ।

कुपोषण र अल्पपोषणको गम्भीर समस्या पनि यी मुलुकमा गरीबी र बेरोजगारीले नै जन्माइदिएको छ । उदाहरणको लागि, यूक्रेनमा १९८९ मा समाजवाद नढल्दासम्म प्रतिव्यक्ति औसत दैनिक क्यालोरी उपभोग ३,५१७ थियो । तर १९९३ मा पुग्दा त्यो स्वाट्टै २८६० मा ओर्लन पुगेको छ ।

यी सबै घटनाले पुष्टि गरेको कुरा के हो भने, बिग्रेको समाजवाद पनि पूँजीवादी व्यवस्थाभन्दा कता हो कता माथि हुन्छ । र, समाजवाद ढाल्नु भनेको दुर्दशा निम्त्याउनु हो ।

□



# कसरी अगाडि बढिरहेछ श्रीलंकामा कम्युनिष्ट आन्दोलन ?



**श्रीलंकाको कम्युनिष्ट आन्दोलनबारे न्यू डेमोक्रेटिक पार्टीका पोलिटब्यूरो सदस्य कमरेड इ. थाम्बियासँगको ताजा अन्तर्वार्ता**

**के श्रीलंकामा पनि कम्युनिष्ट पार्टीहरु छन् र ? त्यहाँ पनि कम्युनिष्ट पार्टी जीवित छ र ? श्रीलंकामा LTTE हरु छन्, जेभिपीहरु छन् । के उनीहरु मार्क्सवादी हुन् ? यो जिज्ञाषा हामीहरुमध्ये धेरैको जिज्ञाषा हो । यो जिज्ञाषा मेट्न यसपालि हामी श्रीलंकाको कम्युनिष्ट आन्दोलनबारे त्यहींकै न्यू डेमोक्रेटिक पार्टीका एकजना नेता कमरेड इ. थाम्बियाको अन्तर्वार्ता पाठकहरु सामु पेश गर्दैछौं । क. इ. थाम्बिया न्यू डेमोक्रेटिक पार्टीका पोलिटब्यूरो सदस्य हुनुहुन्छ । उहाँ त्यसको 'राष्ट्रिय संगठक' पनि हुनुहुन्छ, साथै पार्टी पत्रिका पुथियापुमी को सम्पादक पनि । न्यू डेमोक्रेटिक पार्टीले आफूलाई मार्क्सवाद-लेनिनवाद-माओ विचारमा आधारित कम्युनिष्ट पार्टी दावी गर्छ ।**

**हामीले क. इ. थाम्बियालाई गत नोभेम्बरमा कलकत्तामा साम्राज्यवाद विरोधी भेलाको समयमा भेटेका थियौं र केही दिन उहाँसितै रहेका थियौं । प्रस्तुत छ : त्यही दौरानमा उहाँसित लिइएको विशेष अन्तर्वार्ता :**

**❑ क. थाम्बिया ! श्रीलंकामा सिंहालीहरु कति छन्, तमिलहरु कति र अरु कति ? हाम्रा पाठकहरुलाई कुरा बुझ्न सजिलो होस् भनी पहिले यो नै बताइ दिनुहुन्छ कि ?**

-श्रीलंकामा सिंहालीहरू ७३.९ प्रतिशत छन्, परम्परागत श्रीलंकाली तमिलहरू १२.७ प्रतिशत छन्, मुस्लिमहरू ७ प्रतिशत छन् र ५.५ प्रतिशत चाहिं भारतीय मूलका पहाडीहरू छन् । श्रीलंकाको जातीय संरचनाको चित्र यही हो ।

**❑ अब जाउँ त्यहाँको कम्युनिष्ट पार्टीबारे । त्यहाँका अरु पार्टीहरु र तपाईको पार्टीका बीचमा आधारभूत भिन्नता के छ ?**

-भिन्नता सिद्धान्तको हो । अरू पार्टीहरू क्रान्तिका कुरा गर्दैनन्, समाजवाद र साम्यवादका कुरा गर्दैनन् । हामी गर्छौं । बस्, आधारभूत भिन्नता यही हो ।

**❑ अरु कम्युनिष्ट पार्टी र तपाईको कम्युनिष्ट पार्टीका बीचमा नि ?**

-जे.भि.पी. अर्थात् जनता विमुक्ति पेरूमेना आफूलाई मार्क्सवादी-लेनिनवादी बताउँछ । उनीहरू आफूलाई चे ग्वेभाराका अनुयायी बताउँछन् । उनीहरू तमिल समस्याको विरूद्धमा छन् । उनीहरू भन्छन्- तामीलहरूलाई क्षेत्रीय स्वायत्तता दिनु, तामील समस्याको अस्थायी समाधान गर्नु समेत श्रीलंकाको विभाजन गर्नु हो । उनीहरू यस्तो धारणा अघि सार्छन्, मानौं सबै समस्या समाजवादी क्रान्तिपछि मात्र हल हुन्छ । उनीहरू कसैसित मिलेर होइन, एक्लै समाजवादी क्रान्ति गर्ने कुरा गर्छन् । श्रीलकाको सरकार तमीलहरूलाई जति स्वतन्त्रता र स्वायत्तता दिन चाहन्छ, त्यति पनि जे.भि.पि. तामीलहरूलाई दिन तयार देखिन्न । जे.भी.पी. ठूलो शक्ति अहंकारवादी सिंहालीहरूसित मिलेर काम गर्दैछ । हामी जे.भि.पी.का यी सारा सोच र क्रियाकलापको विरोधमा छौं । एउटा पार्टी जब त्यो तमील जस्तो उत्पीडित जातिको स्वायत्तताको अधिकार पनि स्वीकार गर्दैन (पृथक हुने स्वनिर्णयको त कुरै छोडिदिउँ) त्यो पार्टी मार्क्सवादी-लेनिनवादी कसरी हुन सक्छ ?

हामी, त्यसैले, जेभिपिलाई मार्क्सवादी-लेनिनवादी पार्टी ठान्दैनौं ।

हाम्रो देशमा एउटा माओवादी पार्टी छ, जसको नेपालको माओवादी पार्टीसित भाइचारा सम्बन्ध छ । यो पार्टीको नाम श्रीलंकाको माओवादी कम्युनिष्ट पार्टी हो ।

यो पार्टीसित बेला बेलामा हामी संयुक्त मोर्चा कायम गर्छौं । हामी यो पार्टीका नेता कार्यकर्ताहरूमा सक्रियता र समर्पण निकै देख्छौं । तर अर्कोतिर, उनीहरू निकै संकीर्ण र जडसूत्रवादी पनि देखिन्छन् ।

यो पार्टीसित हामी क्रान्तिकारी पार्टी एकताकै लागि प्रयत्न गरिरहेछौं । तर उनीहरू यसको पक्षमा देखिन्नन् । उनीहरूको एउटा अन्तर्राष्ट्रिय संगठन पनि छ । अहिले यस पार्टीका महासचिव क. अजित रूपती हुनुहुन्छ ।

श्रीलंकामा अर्को एउटा कम्युनिष्ट पार्टी पनि छ- श्रीलंका कम्युनिष्ट पार्टी । श्रीलंकाली संसदमा यसका ३ जना सांसदहरू छन् । यस पार्टीको प्रतिनिधि वर्तमान सरकारमा मन्त्री पनि छ । यो त्यहाँको सबैभन्दा ठूलो कम्युनिष्ट पार्टी हो । तर यसलाई कम्युनिष्ट पार्टी भन्नु नै मुश्किल छ । योसित न त कम्युनिष्ट पार्टीमा हुनुपर्ने चरित्र छ, न कार्यक्रम नै । तर, माओवादी पार्टी चाहिं कम्युनिष्ट पार्टीका रूपमा देखिन्छ ।

यसरी श्रीलंकामा तीनवटा कम्युनिष्ट पार्टी छन् : एउटा माओवादी पार्टी, अर्को हाम्रो र तेस्रो श्रीलंका कम्युनिष्ट पार्टी ।

श्रीलंकाको माओवादी पार्टीले LTTE को छुट्टै राज्यको मागलाई बिना शर्त समर्थन गर्छ । तर हामी यस्तो गर्दैनौं । हामी क्षेत्रीय स्वायत्तताको मात्र समर्थन गर्छौं वा संघीय राज्यलाई हामी स्वीकार गर्न सक्छौं । तर श्रीलंका टुक्र्याउने मागलाई हामी स्वीकार गर्न सक्दैनौं । श्रीलंका टुक्रिनु भारतको हितमा मात्र हुन्छ । यो मामलामा पनि माओवादी पार्टी र हामीबीच आधारभूत भिन्नता छ ।

**❑ तपाईको पार्टीको चाहिं क्रान्तिको न्यूनतम कार्यक्रम के हो ?**

-नयाँ जनवादी क्रान्ति हो, हाम्रो पार्टीको न्यूनतम कार्यक्रम ।

**❑ के तपाईको मुलुकमा वामपन्थीहरु बीच कुनै संयुक्त मोर्चा कायम छ क्रान्तिको निम्ति ?**

- छ । हामीकहाँ संयुक्त वाम समिति छ । त्यसको निम्ति पहल हामीले नै लिएका हौं । हामी हाम्रो देशमा दोस्रो सबैभन्दा ठूलो वामपन्थी पार्टी हौं ।

**❑ तपाईहरुको पार्टीको निर्देशक सिद्धान्त के हो ?**

- मार्क्सवाद-लेनिनवाद-माओ विचार ।

**❑ माओवाद भन्नु हुन्न ?**

-वाद भन्ने शब्द जथाभावी प्रयोग गर्नु हुँदैन । मार्क्सवाद, लेनिनवाद- वाद हो । अरूलाई विचार भन्नु नै काफी छ । सिक्ने कुरा नै गर्ने हो भने, हामी त चे ग्वेभाराबाट, क्यास्त्रोबाट समेत सिकिरहेछौं । बेल्जियमको पार्टीबाट समेत सिकिरहेछौं । कति वटालाई वाद भन्ने ?

**❑ तपाईहरु क्रान्ति सम्पन्न गर्नको लागि संघर्षको कुन रुपलाई प्राथमिक ठान्नुहुन्छ ?**

- हामी जन-क्रान्तिद्वारा क्रान्ति सम्पन्न गर्ने कुरा गर्छौं । सशस्त्र संघर्ष, जन-संघर्ष जनताको विद्रोह सबै जनताको क्रान्तिअन्तर्गत आउँछ । एउटा कुरामा हामी एकदम स्पष्ट छौं- सशस्त्र संघर्षबिना यो पूँजीवादी राज्ययन्त्रलाई ध्वस्त पारेर क्रान्ति सम्पन्न गर्ने कुरा हुनै सक्दैन । तर, जनक्रान्ति भनेपछि त्यसैको एउटा अभिन्न अंगका रूपमा सशस्त्र संघर्ष आउँछ ।

**❑ तपाईहरु संसदीय चुनावमा पनि सहभागी हुनुहुन्छ ?**

-अँ, भाग लिने निर्णय गरेका छौं । संयुक्त वाम समितिमार्फत् नै हामी

चुनावमा भाग लिन्छौं ।

❑ **तपाईहरुले संसदमा जितेपछि क्रान्तिअघि पनि सरकारमा जाने सोच बनाउनुभएको छ ?**

-हामी कुनै प्रतिक्रियावादी वा पूँजीवादी पार्टीसित मिसिएर सरकारमा कदापि जान्नौं । तर संयुक्त वाम समितिले संसदमा बहुमत प्राप्त गऱ्यो भने, क्रान्तिअघि पनि सरकारमा जान सकिन्छ । त्यसअघि कुनै मन्त्री पद दिइयो भन्दैमा हामी सरकारमा जानेवाला छैनौं ।

❑ **तपाईहरु क्रान्तिको निम्ति श्रीलंकामा चीनमा जस्तै मुक्त र आधार इलाकाको स्थापना गर्ने संभावना देख्नुहुन्छ ?**

-तत्काल त्यस्तो सभावना हामी देख्दैनौं । कतैको अन्ध-नक्कल गरेर श्रीलकामा जनताको सघर्ष अघि बढ्न संभव छैन । श्रीलंकामा अहिले पूँजीवादी राज्य-मेशिनरी सारै मजबूत छ, चुस्त छ । देश चाहिं निकै सानो छ । यस्तोमा मुक्त इलाका बनाइहाले पनि टिक्ने स्थिति छैन । तर हाम्रो पार्टीले मुक्त इलाका कहिल्यै पनि संभव छैन, त्यो पनि भनेको छैन । भने संभव हुन पनि सक्छ । जन-सघर्ष बढाउँदै जाने हो, स्थिति हेरी संघर्षका रूपहरू जन-संघर्षकै दौरानमा स्पष्ट हुँदै जानेछन् ।

❑ **कुन वर्गहरुमा तपाईहरु आफ्नो जनाधार बनाउँदै हुनुहुन्छ ?**

-हामी विशेषतः मजदूर वर्ग र चिया एव कफी बगानका कृषि मजदूरहरूमा केन्द्रित छौं । हाम्रो देशमा ६ लाख मानिसहरू त बगानका कृषि मजदूरहरू मात्रै छन । त्यहाँ कृषि मजदूरहरू औद्योगिक कारखानाहरूमा जस्तो निकै विकसित र सगठित अवस्थामा हुँदैनन् । तर कृषि मजदूरहरूको ज्यादा संख्या त्यहीं छ । त्यसैले हामी त्यही केन्द्रित छौं ।

झण्डै दश लाख औद्योगिक मजदूर छन् हाम्रो मुलुकमा । हामी त्यहाँ पनि क्रियाशील छौं ।

सबैभन्दा ज्यादा सख्या किसानहरूको छ । बीस तीस लाख होलान् किसानहरू । किसानहरूमध्ये हामी कृषि मजदूरहरूमा बेसी लागिरहेका छौं ।

❑ **भौगोलिक क्षेत्रका हिसाबले कुरा गर्ने हो भने, तपाईहरु शहरी र गाउँले क्षेत्रहरुमध्ये कहाँ बेसी केन्द्रित हुनुहुन्छ ?**

-हामी ग्रामीण क्षेत्रमा क्रियाशील भएको भनेको बगानका कृषि मजदूरहरूमै हो ।

मजदूरहरू त शहरहरूकै कारखानामा छन् । त्यसैले- हामी त्यहाँ काम गरिरहेछौं । भौगोलिक हिसाबले हामी उत्तरपूर्वी क्षेत्रमा र मध्य क्षेत्रमा ज्यादा केन्द्रित र बलिया छौं । सबैभन्दा ज्यादा बलियो जनाधार चाहिं हाम्रो बगान मजदूरहरूबीच नै हो ।

सरकारी सुरक्षा व्यवस्थाको व्यवधानले गर्दा हामी आफ्ना मानिसहरू भौगोलिक हिसाबले एकै ठाउँमा ज्यादा केन्द्रित गर्न बाधा महसुस गरिरहेछौं ।

❑ **तपाईहरुको मुलुकमा ट्रेड यूनियन आन्दोलनको स्थिति के छ ?**

-हाम्रो देशमा ट्रेड यूनियन अस्तित्वमा छ । तर यो निकै ठूलो रूपमा संचालन गर्न दिइराखेको छैन सरकारले । सबै ट्रेड यूनियन पस्न लायक पनि छैनन् । हाम्रो पार्टीले केही छानिएका ट्रेड यूनियनमा जाने निर्णय गरेको छ ।

❑ **तपाईंले हामी ज्यादा कृषि मजदूरहरुमा केन्द्रित छौं भन्नुभयो । बताइदिनु सक्नुहुन्छ- त्यहाँ तपाईहरु कसरी आन्दोलनको उठान गर्नुहुन्छ ?**

-कृषि मजदूरहरूका बीच काम गर्दाको हाम्रो अनुभव के हो भने, अलग-अलग गाउँमा अलग-अलग समस्या छन् । तिनै समस्यामा केन्द्रित भएर आन्दोलन उठाउनु पर्ने हुन्छ । हामी त्यही गरिरहेछौं ।

किसानहरूमा युद्धविरोधी भावना प्रबल छ । त्यसैले, हामी युद्धविरोधी आन्दोलन पनि छेडिरहेछौं ।

किसानहरूको जमीन सरकारले हडप्ने प्रक्रिया त्यहाँ चलिरहेछ । त्यसका विरूद्ध पनि हामी आन्दोलन उठाइरहेछौं । देशका बहुमूल्य खानीहरू, जस्तो म्यागानिज र फोस्फेट खानीहरू, बहुराष्ट्रिय कम्पनीहरूलाई सुम्पने काम त्यहाँ भइरहेछ । हामी यो प्रक्रियाविरूद्ध पनि आन्दोलन उठाइरहेछौं ।



**अहिले श्रीलंकामा निजीकरणको लर्को चलेको छ । अब सरकारी स्वामित्वका उद्योग-व्यवसायहरु निजी क्षेत्रलाई हस्तान्तरण गरिंदैछन् ।**

# श्रीलंका : एक जानकारी



जनसंख्या : १.८७ करोड
साक्षरता : ९० प्रतिशत
धर्म : बुद्ध धर्म ६९%, हिन्दू १५%, इसाई ८%, मुस्लीम ८%
जाति/जनजाति : सिंहाली ७४%, तामील १८%, मूर ७%
मुख्य भाषाहरू : सिंहाली, तामील, अंग्रेजी
अर्थतन्त्र :

- ❑ कुल गार्हस्थ उत्पादन - ६५.६ अरब डलर (१९९५)
- ❑ प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन- ३६०० डलर
- ❑ श्रम शक्तिमध्ये : ४९ प्रतिशत कृषिमा, २१ प्रतिशत उद्योगमा
- ❑ विदेशी ऋण - ८.२ अरब डलर (१९९५)
- ❑ कुल गार्हस्थ उत्पादनमा- कृषिको योगदान २३%, उद्योगको योगदान २५%, सेवाको योगदान ५२%
- ❑ औसत कुल गार्हस्थ्य उत्पादन वार्षिक वृद्धिदर- (१९९०-९५) ४.८ प्रतिशत
- ❑ औद्योगिक उत्पादन बृद्धि दर (१९९०-९५)- ६.५ प्रतिशत
- ❑ प्रति दिन एक डलरभन्दा कम आय हुने गरीब जनसंख्या-४ प्रतिशत

अन्य परिसूचकहरू:

- ❑ ग्रामीण जनसख्या : ७८ प्रतिशत
- ❑ खेतीयोग्य जमीन : १६ प्रतिशत
- ❑ सरदर आयु अपेक्षा : ७२ बर्ष
- ❑ डाक्टर : ५२०३ जनसंख्या बराबर एक
- ❑ सरकारमा महिला सहभागिता- १२.५ प्रतिशत (१९९५)

स्रोत: The World Almanac * World Bank, 1997 * UNDP, 1996

कृषि मजदूरबीच हामी ज्याला बृद्धिको सवाललाई लिएर पनि आन्दोलन गर्छौं ।

❑ **अनि ट्रेड यूनियन आन्दोलन नि ?**

-त्यहाँ हामी मजदूरहरूको हड्तालद्वारा आन्दोलनको उठान गर्छौं । कोकाकोला कम्पनीमा गएको वर्ष जनवरीमा मात्र जोडदार हडताल भएको थियो, मर्कण्टाइल ट्रेड यूनियनको आयोजनामा तीन महिनासम्म कारखाना नै बन्द भयो । कोकाकोला निकै लोकप्रिय छ श्रीलंकामा । तीन महिनासम्म कुनै पाँच तारे होटलले पनि कोका-कोला पाएनन् । पछि सरकार श्रम विभागले नै मजदूरहरूसित वार्ता गऱ्यो । यो आन्दोलनमा हाम्रा कमरेडहरूको नेतृत्वदायी भूमिका थियो ।

❑ **मजदूरको फाँटमा तपाईहरुको यूनियनको नाम के हो ?**

-नयाँ जनवादी मजदूर यूनियन हो- यसको नाम । यो यूनियन अहिले त्यति लोकप्रिय भइसकेको छैन । तर अस्तित्वमा भने आइसकेको छ । अर्को एउटा संगठनमार्फत् पनि हामी मजदूरहरूमा कार्यरत छौं । त्यो संगठन श्रीलंका जनवादी युवा मोर्चा हो ।

❑ **कुन किसिमको भूस्वामित्वको बाहुल्य छ श्रीलंकामा अहिले ?**

-सामन्ती भूस्वामित्वकै बाहुल्य छ त्यहाँ ।

❑ **६-६ लाख कृषि मजदूर भएको सानो मुलुकमा पनि भूस्वामित्वको चरित्र सामन्ती हुन सक्छ त ?**

-केही ठाउँमा मात्र कृषि मजदूरहरू ज्यालामा काम गर्छन । धेरै ठाउँमा त जमीनका मालिकहरू र जोताहा मोहीहरूकै बीच द्वन्द छ । उनीहरू जमीनका मालिकसित जग्गा कूतमा लिन्छन् ।

❑ **श्रीलंकाको यतिखेरको वर्ग स्थिति र अर्थतन्त्रको दिशाबारे केही बताउन सक्नु होला ?**

-त्यहाँ अहिले १२/१३ वटा निकै ठूला कम्पनीहरू छन । धेरै कुरा उनीहरूकै हातमा छ ।

अहिले श्रीलंकामा निजीकरणको लर्को चलेको छ । अब सरकारी स्वामित्वका उद्योग-व्यवसायहरू निजी क्षेत्रलाई हस्तान्तरण गरिंदैछन । अब हुलाकमा निजी क्षेत्र पसेको छ । दूरसंचारलाई अब आंशिक रूपमा निजीकरण गरिएको छ । अब त्यहाँ टि.भि. र रेडियो पनि निजी क्षेत्रलाई चलाउन दिइएको छ र त्यस्ता कैयन रेडियो केन्द्रहरू र टि.भि. केन्द्रहरू छन् । बगानहरू पूरै निजी क्षेत्रमा छन । चिया कर्पोरेशन, यो सोभियत संघको अनुनदानमा बनेको थियो, त्यो अब निजीकरण गरिएको छ । ६०/७० वटा ठूला गार्मेण्ट कार्खानाहरू दक्षिण कोरियालीहरूको हातमा छन् । उनीहरू सारा कच्चा सामान बाहिरबाटै ल्याउँछन, तयारी सामान पनि बाहिरै पठाउँछन, तर सस्तो श्रमको लागि सामानको तैयारी मात्र श्रीलंकामा गर्छन् ।

बहुराष्ट्रिय कम्पनीहरू पनि अब त्यहाँ आएका छन् । त्यहाँ अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, जापान र दक्षिण कोरियाका बहुराष्ट्रिय कम्पनीहरू भित्रेका छन् । भारतकै बहुराष्ट्रिय कम्पनीहरू पनि त्यहाँ

# श्रीलंकाको कम्युनिष्ट पार्टीको संक्षिप्त इतिहास

श्रीलंकामा सन् १९३१ मा श्रीलंकाली समाजवादी पार्टीको स्थापना भयो- त्रात्स्कीवादका आधारमा । १९३५ मा गएर मार्क्सवाद-लेनिनवादमा आधारित कम्युनिष्ट पार्टीको स्थापना भयो ।

१९६० को दशकमा पुगेपछि चिनियाँ कम्युनिष्ट पार्टी र रुसी कम्युनिष्ट पार्टीका बीच भएको महाविवादको बेला त्यहाँको कम्युनिष्ट पार्टीमा पनि फूट आयो । पार्टी-मस्कोपन्थी र पेकिङपन्थीका बीचमा विभाजित भयो ।

बेइजिङपन्थी पार्टीको नेतृत्व गरे कमरेड शंभुकदाचनले । उनी- अल्पसंख्यक जातिका मान्छे थिए । उनलाई यो पार्टीको नेतृत्व गर्न केही गाह्रो भएन किनकि पार्टीका धेरैजसो कार्यकर्ताहरु, ट्रेड युनियनहरु, यूथ लिग र अन्य संगठनहरु बेइजिङपन्थी पार्टीकै साथमा आए । यो पार्टीले आफ्नो नाम सिलोन् कम्युनिष्ट पार्टी राख्यो ।

यो पार्टीमा सिंहालीहरु पनि थिए, तामिलहरु पनि र मुस्लीम पनि । १९६६-६७ तिरको कुरा हो- यो पार्टीले श्रीलंकाको उत्तरी भागमा अछूत जाति सम्बन्धी संघर्ष उठान गऱ्यो । उच्च जातका मान्छेहरुविरुद्ध यो संघर्ष केन्द्रित थियो । यो संघर्षले सशस्त्र रुप लियो । नीचा जातका मान्छेहरु उच्चा जातका मान्छेहरुविरुद्ध हातहतियार लिएर उठे । यो संघर्ष सफल भयो । सरकारले नयाँ ऐन नै बनाउनु पऱ्यो- अछूत जातिको संरक्षणको लागि । यो संघर्षपछि जातहरुको भेदभाव धेरै मात्रामा घट्यो । यो संघर्षको नेतृत्व गरेको थिए- हाम्रा दोस्रा महासचिवले, कमरेड स्केसेण्टिभेले ।

यही बीच पार्टीभित्रका केही सिंहाली युवाहरुले पार्टी नेतृत्व कब्जा गर्न प्रयत्न गरे । यही क्रममा उनीहरुले बेइजिङपन्थी पार्टीमा अर्थात् सिलोन् कम्युनिष्ट पार्टीमा फूट ल्याए र जे.भि.पी. अर्थात् जनता विमुक्ति पेरुमुना गठन गरे । जसको अर्थ हुन्छ- जनमुक्ति मोर्चा । भयो के भने, यूथ लीगको अधिवेशन थियो, त्यहाँ उनीहरुले चुनाव लडे र दुई भोटले हारे । त्यसपछि उनीहरुले पार्टी नै फुटाए । यो फूटको नेतृत्व गरे- रोहना विजयवीराले ।

जेभिपीले १९७१ मा सशस्त्र विद्रोह गऱ्यो- श्रीलंकामा । यो विद्रोहलाई भारतीय सरकारको सहायताबाट श्रीलंकाको सरकारले नराम्ररी दबायो । यसले श्रीलंकाको कम्युनिष्ट आन्दोलनमा ठूलो धक्का लगायो । माओवादी पार्टीसमेत भूमिगत हुनुपऱ्यो यो घटनापछि । १७ हजार युवाहरु मारिए दमनको प्रक्रियामा । खालि जेभिपि मात्र होइन, अरु पार्टीका मान्छे र साधारण जनता पनि मारिए । कैयन थुनामा परे । थुनामा परेका बेइजिङपन्थी नेता कार्यकर्ताहरु १९७४/७५ मा गएर मात्र छुटे । छुटेपछि पनि भूमिगत जानुपऱ्यो उनीहरुले ।

सुनिन्छ- जेभिपिका मान्छेहरुले विद्रोह गर्नुअघि माओलाई भेटेर हातहतियारको सहायता माग गरेका थिए । तर माओले सहायता गर्न इन्कार गर्नुभयो । बरु यसको सट्टामा मिहेनतसाथ जनाधार तयार गर्ने सुझाव दिनुभयो ।



**सुनिन्छ- जेभिपिका मान्छेहरुले विद्रोह गर्नुअघि माओलाई भेटेर हातहतियारको सहायता माग गरेका थिए । तर माओले सहायता गर्न इन्कार गर्नुभयो । बरु यसको सट्टामा मिहेनतसाथ जनाधार तयार गर्ने सुझाव दिनुभयो ।**

१९७४/७५ मा गएर पार्टीमा तीनवटा प्रश्नमा गम्भीर वादविवाद भयो । एउटा, जातिहरुको आत्मनिर्णयको सवालमा, अर्को; संयुक्त मोर्चाको सवालमा र तेस्रो माओको तेस्रो विश्वको सिद्धान्तको सवालमा ।

पार्टीभित्रको यो विवादमा क. शंभुकदाचनको नेतृत्वले तामीलहरु जाति हुन् भन्ने कुरा नै स्वीकारेन । उहाँको भनाइअनुसार, स्तालिनले भनेका चारवटा विशेषताहरु तामीलहरुसित देखिन्न । उनीहरुको अलग्गै अर्थतन्त्र छैन- खालि साझा भाषा, क्षेत्र र संस्कृति मात्र छ । त्यसैले उनीहरु जाति होइनन् । यतिसम्म कि, सिंहालीहरु समेत जाति होइनन् । त्यसैले तमीलहरुलाई आत्मनिर्णयको अधिकार दिन हुन्न- उहाँको निष्कर्ष यस्तो थियो । हाम्रो वर्तमान महासचिवले यो विचारको विरोध गर्नुभयो र आत्मनिर्णयको पक्षमा आवाज उठाउनुभयो ।

अर्को विवाद के थियो भने- क. शंभुकदाचनले श्रीलंकामा समाजवादी स्तरको क्रान्तिको जरुरत हुने सवाल उठाउनुभयो । र, त्यसैले राष्ट्रिय पूँजीपति वर्गसित एकता कायम गर्नु हुन्न भन्नुभयो । हाम्रा महासचिवले राष्ट्रिय पूँजीपति वर्गसित मिलेर नयाँ जनवादी क्रान्ति गर्नुपर्ने सवाल उठाउनु भयो ।

तेस्रो थियो, माओको तेस्रो विश्वको सिद्धान्त बारेमा । क. शंभुकदाचनको भनाइ थियो कि, तेस्रो विश्वको सिद्धान्त क. माओको सिद्धान्त होइन । हाम्रा नेताहरुले यो कुरा इन्कार गर्नुभयो ।

यी सवालमा समान धारणा नभएपछि पार्टीमा सँगै बस्न नसकेर हाम्रा महासचिवहरुले त्यो पार्टी छोड्नुभयो र अर्कै पार्टी बनाउनुभयो- श्रीलंका कम्युनिष्ट पार्टी (वामपन्थी) । यो सन् १९७८ को घटना हो । मस्कोपन्थी कम्युनिष्ट पार्टीले श्रीलंका कम्युनिष्ट पार्टी नाम राखेकोले हामीले छुट्टै पहिचान कायम गर्न श्रीलंका कम्युनिष्ट पार्टी (वामपन्थी) नाम राखेका थियौं । हामी छुटेर आएको बेइजिङपन्थी पार्टीको नाम चाहिं सिलोन कम्युनिष्ट पार्टी नै रहयो । १९७८ पछाडि सिलोन कम्युनिष्ट पार्टीले पनि पछाडि (शन्) लेख्न थाल्यो । शंभुकदाचनकै नामबाट यो 'शन्' लेखिएको थियो । वास्तवमा शंभुकदाचन निकै समर्पित नेता थिए । उनको जडसूत्रवाद मात्र खराब थियो ।

पार्टी छुट्टिएपछि हामीले सबै क्षेत्रमा राम्रै विकास गरेका छौं । १९८३ अघि हाम्रो पार्टीमा नेताहरु तमील भए पनि थुप्रै मात्रामा सिंहाली कमरेडहरु हुनुहुन्थ्यो । तर १९८८ मा पुनः जेभिपी श्रीलंकामा छाउन थाल्यो । उता सरकारले विजयवीर जस्ता नेतालाई पक्राउ गऱ्यो र हिरासतमा माऱ्यो । यता जेभिपीले अरु पार्टीका नेता कार्यकर्तालाई छान्दै छान्दै मार्न थाल्यो, धाइते पार्न थाल्यो । हाम्रा थुप्रै सिंहाली नेताहरुले जेभिपीको आतंकका कारणले देश छाड्नुपऱ्यो । एकजना हाम्रा केन्द्रीय समिति सदस्य बेपत्ता पारिनुभयो । अझै हामीलाई थाहा छैन, उहाँलाई कसले माऱ्यो । उहाँको शव अहिलेसम्म भेटिएको छैन ।

फूटपछि हामीले गरेको पहिलो पार्टी महाधिवेशन पनि उल्लेखनीय छ । त्यो महाधिवेशनमा हामीले निर्णय लियौं कि तमीलहरुलाई स्वायत्तताको अधिकार दिनु जरुरी छ । त्यस्तै अल्पसंख्यक मुस्लीमहरुलाई पनि ।

१९९१ को दोस्रो पार्टी महाधिवेशनमा गएर हामीले हाम्रो पार्टीको नाम बदल्यौं र नयाँ जनवादी पार्टी नाम राख्यौं । हाम्रो क्रान्तिको कार्यक्रम नै नयाँ जनवादी भएको र अरु पार्टीसित हाम्रो आधारभूत भिन्नता स्पष्ट पार्न हामीले यस्तो गरेका हौं । बेइजिङपन्थी समूहबाटै थुप्रै समूहहरु जन्मे- कम्युनिष्ट पार्टी (माले), श्रमिक जनताको पार्टी, क्रान्तिकारी कम्युनिष्ट पार्टी आदि । यी जम्मै पार्टीहरुको भीडमा छुट्टै पहिचान भएको अर्को पार्टी होस् भन्नाका लागि हामीले हाम्रो नाम बदल्यौं ।

जेभिपीले १९८८/१९८९ मा मात्रै ६० हजार वाम पृष्ठभूमिका मानिसहरु माऱ्यो- विभिन्न वाम पार्टीका । हामीले जेभिपि र सत्तारुढ पार्टी युनाइटेड नेशनल पार्टी UNP विरुद्ध युनाइटेड पिपुल्स एलाइन्स (अर्थात् प्रजातान्त्रिक जन एकता) नामक मञ्च बनाएर तत्कालीन संसदीय चुनावमा सक्रिय भयौं । चुनाव सफल भएन । १९९४ को चुनावमा पनि हामीले बाहिरबाट यही एलाएन्सलाई समर्थन गऱ्यौं ।

हामी संसदीय बाटोबाटै सबै कुरा हुने कुरामा विश्वास गर्दैनौं । त्यसैले हामीले संसदभन्दा बाहिर संयुक्त वाम समिति बनाएका छौं । यसभित्र आठवटा विभिन्न वाम समूहहरु छन् । अहिले गैर-संसदीय आन्दोलन यही समितिमार्फत् संचालन भइराखेको छ ।

◆ *क. थम्बियासँगको कुराकानीबाट*

---

छन् । सबैभन्दा ठूला र बलिया कम्पनीहरू चाहिं अमेरिका, जर्मनी र फ्रान्सका छन् । बढी चाहिं दक्षिण कोरियाका कम्पनीहरू छन् । अहिले अर्थतन्त्रमा दलाल पूँजीपतिहरू हावी छन् । दलाल पूँजीपतिहरूले अहिले राष्ट्रिय पूँजीपतिलाई पनि सश्रयमा लिएका छन् ।

राष्ट्रपति श्रीमती कुमारातुंगा आफैं राष्ट्रिय पूँजीपतिको प्रतिनिधित्व गर्थिन् पहिले । अहिले उनी पनि दलाल पूँजीपतिसित साझेदारी गर्दैछिन् । जबकि, उनको पार्टी सोसल डेमोक्रेटिक चरित्रको पार्टी हो ।

❑ तपाईंको पार्टीको आर्थिक स्रोत के हो ?

-हामी आफ्ना कार्यकर्ताहरु साथीहरू, शुभचिन्तकहरूबाट प्राप्त चन्दा, सहयोग शुल्कहरूबाटै पार्टी संचालन गरिरहेका छौं । पूंजीपतिहरूसित हामी पैसा लिने गरिरहेका छैनौं ।

खास खास इस्यू आउँदा हामी पैसा उठाउँछौं । सडकमै पनि जान्छौं । तर जम्मामा हामी आर्थिक हिसाबले कमजोर हालतमा छौं । कहिलेकाहीं त हामी ऋणमै पर्छौं । हाम्रो पार्टीसित पैसाको कुनै स्थायी स्रोत छैन ।

❑ के तपाईंको केन्द्रीय समिति पूरै भूमिगत छ ?

-होइन, हामी भूमिगत छैनौं । हामी खुलेआम काम गरिरहेका छौं । पार्टी श्रीलंकामा प्रतिबन्धित अवस्थामा छैन ।

**तामीलका नेता प्रभाकरण मार्क्सवादको अध्ययन गर्छन् भनेर भनिन्छ, तर उनी मार्क्सवादी चाहिं होइनन् ।**

❑ **पार्टीका सबै केन्द्रीय समिति सदस्यहरु पूर्णसमयी छन् ?**

-छैनन् । १५ जनाको हाम्रो केन्द्रीय समितिमा ७ जना पेशेवर क्रान्तिकारी छन् । आर्थिक स्रोतको कारणले गर्दा हाम्रा साथीहरू कोही मजदूरी गर्नु हुन्छ, कोही सिकर्मी हुनुहुन्छ र पार्टीका काम गर्नुहुन्छ ।

❑ **पार्टी सदस्य कसरी बनाउनु हुन्छ ?**

-हामी यूथ लीगबाट पार्टी सदस्यहरू छान्छौं । यूथ लीगमा रहँदा उनीहरूको काम हेर्छौं । छिटो छिटो पार्टी-सदस्य बनाउने पक्षमा हामी छैनौं । काम सन्तोषजनक भयो भने मात्र पार्टी सदस्यमा लिन्छौं । पार्टी सदस्यमा आउनुअघि परीक्षण अवधि हुने गर्छ । निकै लामो परीक्षण अवधि भएर गुज्रेपछि पार्टी सदस्यता दिइन्छ ।

हामी थोरै पार्टी सदस्य बनाउने, तर धेरै जनसमुदाय परिचालन गर्ने पद्धतिमा विश्वास गर्छौं ।

❑ **कस्तो संगठन हो त्यहाँको चर्चित संगठन LTTE अर्थात् लिट्टे ?**

-यो आधारभूत रूपमा निम्न पूँजीपति वर्गको संगठन हो । यसले तामील निम्न पूँजीवादी तप्कालाई प्रतिनिधित्व गर्छ । संकीर्ण राष्ट्रवादले ग्रस्त छ यो संगठन । एउटा यथार्थ के हो भने, यो संगठनले तामील जनतामा सबैभन्दा बेसी जरो गाडेको छ । तमीलको समस्याबारे त हामी पनि आन्दोलन गर्छौं । तर LTTE जत्तिको तामीलको समस्यालाई लिएर संघर्ष गर्ने संगठन अर्को छैन । हुन सक्छ, उनीहरूको संघर्षको माग गलत होस्, तर उनीहरू तमील समस्यालाई लिएर जीवन मरणको लडाइ लडिरहेछन् । त्यसैले, सरकारी यन्त्र पूरै लागेर पनि उनीहरूलाई निमिट्यान्न पार्न सकेको छैन ।

सैनिक हिसाबले उनीहरू सारै बलिया छन् । उनीहरूको प्रचार-यन्त्र पनि निकै मजबूत छ ।

उनीहरू न साम्यवादी हुन्, न समाजवादी । उनीहरू राष्ट्रवादी हुन् । तर यसभित्र केही वामपन्थी तत्वहरू पनि छन् । यसका नेता प्रभाकरण मार्क्सवादको अध्ययन गर्छन् भनेर भनिन्छ, तर उनी मार्क्सवादी चाहिं होइनन् । तमीलहरूको यो संगठनको माग अलगै तमील राज्यको माग हो ।

◆ श्याम श्रेष्ठ

# इराक: अमेरिकाको यो कस्तो दादागिरी ?

इराकमाथि आक्रमण गरेर सद्दाम हुसेनलाई स्वाहा पार्ने अमेरिकाको षड्यन्त्र संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानको प्रयत्नबाट बल्ल बल्ल टरेको छ । इराक र संयुक्त राष्ट्रसंघका महासचिवबीच बग्दादमा फागुन १० गते एउटा लिखित संझौता भएको छ । यस संझौतामुताबिक इराकले अब उप्रान्त संयुक्त राष्ट्रसंघका हातहतियार निरीक्षण टोलीलाई बिना रोकटोक राष्ट्रपतिका सबै दरबारमा निरीक्षण गर्न दिनु पर्नेछ । र, निरीक्षण यति समयभित्र गरी सक्नुपर्ने भन्ने कुनै समय सीमा हुने छैन । जहिले मनलाग्यो तहिले, जतिञ्जेलसम्म मन लाग्यो, त्यतिञ्जेलसम्म निरीक्षण गरिरहने हक ती निरीक्षकहरूलाई भइरहनेछ । स्मरणीय छ, यो निरीक्षण टोलीमा अमेरिकाका र अमेरिकी पिछलग्गूहरूका सबैभन्दा ज्यादा निरीक्षकहरू रहनेछन् । यो निरीक्षण गर्न दिएवापत इराकमाथिको आर्थिक नाकाबन्दी हटाइनेछ ।

यी निरीक्षकहरूले निरीक्षण गर्ने कुरा हो- सद्दाम हुसेनको दरबारमा आम विनाशकारी रासायनिक, जैविक र परमाणविक हातहतियार लुकाइराखेको छ कि छैन भन्ने कुरा हेर्ने ।

गजबको विरोधाभाष के हो भने, अमेरिका नै त्यो राष्ट्र हो, जोसित अहिले विश्वमा सबैभन्दा ज्यादा आम विनाशकारी हातहतियारहरूको भण्डार छ । जैविक, रासायनिक र परमाणविक हातहतियार उसैसित सबैभन्दा ज्यादा छ । फेरि इराकलाई इरान-इराक युद्धताका ती हातहतियार र हातहतियार बनाउने सर्जामहरू बेच्ने राष्ट्र पनि अमेरिका, बेलायत, फ्रान्स र जर्मनी जस्ता मुलुक नै हुन् । इराकलाई स्कूड मिसाइल बेचेको तत्कालीन सोभियत संघले हो । टैंक बेचेको फ्रान्सले हो । इराकको भूमिगत बंकर बनाएको जर्मनीले हो, जहाँ अहिले हातहतियार थुपारिएको शंका गरिँदैछ । अहिले आएर यिनै सब मुलुकहरू संयुक्त राष्ट्रसंघलाई भरेङ बनाएर इराकको आम विनाशकारी हातहतियारको निरीक्षण गर्ने ? बिरालो हिंस्रक छ कि छैन, उसका दारा, नंग्रा छन् कि छैनन् भनेर बाघले निरीक्षण गर्ने ? योभन्दा गजबको विरोधाभाष अरू के हुन सक्छ ? योभन्दा नांगो दादागिरी अरू के हुन सक्छ ? अमेरिकालाई अरू देशको आम



**बिरालो हिंस्रक छ कि छैन, उसका दारा, नंग्रा छन् कि छैनन् भनेर बाघले, निरीक्षण गर्ने ? योभन्दा गजबको विरोधाभाष अरु के हुन सक्छ ?**

विनाशकारी हातहतियारको भण्डार निरीक्षण गर्न दवाब दिने नैतिक हक तब मात्रै हुनेछ, जब ऊ आफैसित यी हातहतियारहरू हुने छैनन् वा यस्ता हातहतियारहरूलाई उसले सार्वजनिक रूपमा नष्ट गर्नेछ । अन्यथा, आफैं त्यस्ता हातहतियारले शिरदेखि पैतालासम्म लैश हुने, आफै ती हातहतियार र त्यो बनाउने प्रविधि र सर्जामहरू बेच्ने, अनि आफै ती हातहतियार छन् कि छैनन् हेर्नुपर्‍यो भनेर निरीक्षण गर्न माग गर्ने, नभए युद्धको धम्की दिने !? यो भन्दा अन्यायपूर्ण र अप्रजातान्त्रिक कुरा अरू के हुनसक्छ ?

असलमा, अमेरिकाको इराकमाथि युद्ध थोपर्ने धम्कीका पछाडि मूल मुद्दा हातहतियार निरीक्षणको हुँदै होइन । अमेरिकी राष्ट्रपति बील क्लिन्टन अहिले दुई दुई वटा यौनकाण्डले गर्दा सारै बदनाम छन् । लेविन्स्कीसितको यौनकाण्डमा त उनी बच्ने कुनै उपाय नै थिएन । यसैबाट राष्ट्रको ध्यान अन्यत्र मोड्न उनले यसपटकको इराकमाथि आक्रमणको सारा नाटक रचेका हुन् । त्यसमाथि थप, बील क्लिण्टनको ठूलो चन्दादाता, राष्ट्रपति जिताउन, हराउन ठूलो भूमिका खेल्ने अमेरिकाको रक्षा उद्योग अहिले मन्दीको चपेटामा छ । हातहतियार, लडाकू विमान, त्यति सारो बिक्री नै भइरहेको छैन विश्व बजारमा । राष्ट्रपति बील क्लिण्टन त्यही रक्षा उद्योगका एकजना असल बिक्री सहजकर्ता र विज्ञापनकर्ता पनि हुन् । आफू यौन काण्डबाट बच्ने, रक्षा उद्योगका नबिकेका नयाँ नयाँ हातहतियारको पनि राम्रो प्रदर्शन विज्ञापन हुने, उता अमेरिका एकछत्र विश्व महाशक्ति हो भन्ने पनि देखिने, एउटै गोलीले- तीनवटा शिकार हुने- क्या खासा उपाय ! यही कारणले यस पटक अमेरिकाले सारा संसारले र रूसले समेत तीव्र विरोध गर्दा गर्दै पनि र विश्व समुदायमा एक्लो परे तापनि बेलायतको सहायता लिएर इराकमाथि जबर्जस्ती युद्ध थोपर्न लागेको हो ।

कोफी अन्नानको प्रयत्नले त्यो युद्ध त अहिलेलाई टरेको छ । तर युद्ध गर्नु पर्ने जरो कारण ज्यूँका त्यूँ छ । त्यसैले कुनै पनि बखतमा इराकमाथि युद्ध थोपर्ने चेष्टा अमेरिकाले फेरि गर्न नितान्त संभव छ । किनभने, संझौता भए पनि अमेरिकाले खाडी क्षेत्रमा तैनाथ गरेको ३० हजार सेना र ४५० वटा लडाकू विमानहरू, २५० वटा क्रुज मिसाइल, असंख्य स्मार्ट बमहरू र बंकर ध्वस्त पार्ने अस्त्रहरू पर्सियन खाडी क्षेत्रबाट नहटाउने भएको छ । ❑

**१४ पेजको बाँकी**

एमालेमा अहिले एकातिर पूँजीवादी व्यक्तिवाद व्याप्त छ, अर्कोतिर केन्द्रीयता पैदा गर्ने प्रक्रिया नोकरशाही छ। यदि यही प्रवृत्ति एमालेमा हावी भई रहने हो भने- अहिलेको फूट अन्तिम हुने छैन। फुट्ने ठाउँ बाँकी रहेसम्म यसपछि बन्ने गूटहरू पनि फुटिरहनेछन्।


## नफुटोस् किन भन्ने त ?

सोसल डेमोक्र्याटिक लाइन लिएर, त्यसैमा पनि टिक्ने हो कि हैन भन्ने शंका गर्नुपर्ने स्थितिमा अघि बढिरहेको एमाले फुट्दा आज मुलुकलाई मात्रात्मक रूपले ठूलो घाटा छ।

कतिपय कमीकमजोरीका बावजूद मुलुकमा २०४६ को जनआन्दोलनका पूँजीवादी प्रजातान्त्रिक उपलब्धिहरूको रक्षा गर्नका निम्ति क्रियाशील वाम पार्टीहरूमध्ये सबैभन्दा ठूलो पार्टी, फेरि पनि नेकपा एमाले नै हो। नेपाली कांग्रेसले त्यो हैसियत प्रदर्शन गर्न सकेन। यस स्थितिमा एमाले फुट्नु र कमजोर हुनु भनेको मुलुकको संसदीय राजनीतिक मोर्चामा ठाडै गिरिजा-थापा-सदभावना जस्ता घोर दक्षिणपन्थीहरूको बाहुल्य हुने स्थिति पैदा हुनु हो। यो भनेको मुलुक र मुलुकको क्रान्तिकारी आन्दोलनको निम्ति पनि घाटाजनक कुरा हो। संशोधनवादी सोभियत संघको विघटनले जसरी विश्व शक्ति सन्तुलन बिग्रिएर विश्वस्तरमा श्रमिक जनताहरूलाई ठूलो नोक्सानी भयो, नेपालमा हाल एमाले फुट्नु भनेको पनि राष्ट्रियस्तरमा त्यस्तै नोक्सानीको कुरा हुनेछ। एकपल्ट घोर दक्षिणपन्थी तत्वहरूको विगविगी बढ्न जाँदा मुलुक लामो समयसम्म पछाडि धकेलिएका उदाहरणहरू विश्व इतिहासमा धेरै भेटिन्छन्।

एमालेमा सोसल डेमोक्र्याटिक मूल चरित्रभित्रै पनि राष्ट्रवादको पक्षमा अलि बढी संवेदनशील र हिजोको क्रान्तिकारी चेतद्वारा अभिप्रेरित तत्वहरू संघर्षरत रहेका छन्। मात्रात्मक रूपले बढी घटीको कुरा मात्र हो, एमालेभित्र यो 'वामपन्थी तत्व' अल्पमत वा बहुमत दुवै पक्षमा रहेको छ। एमाले जुटोस् पनि र त्यसभित्र यो वामपन्थी तत्व बलियो पनि होस् भन्ने कामना राख्नु सबै देशभक्त जनवादी व्यक्ति वा शक्तिहरूको आजको जरूरी स्थिति हो भन्ने हामीलाई लाग्छ।

अन्यथा, वास्तविक क्रान्तिकारी गुणस्तरको पार्टी बनाउनको निम्ति फुट्छ भने मात्र एमालेको फूट स्वागतयोग्य हुनेछ। राष्ट्रलाई पर्ने तत्कालको घाटाको मूल्यभन्दा क्रान्तिकारी गुणस्तर पक्षको मूल्य भारी हुने विश्वास दिलाउन के एमालेभित्रको दुवै पक्ष तयार छ? सक्षम छ?




**पार्टी फूटेमा आफू फूटेको कुनै पनि पक्षतिर नलाग्ने वक्तव्य दिनु हुने एमालेका अध्यक्ष क. मनमोहन अधिकारी**

## गुणस्तरप्रति के दुवै थरि साँच्चै सचेत छन् त ?

एमालेमा बहुमत पक्ष 'नीतिगत रूपले दक्षिणपन्थी भएको र आफूहरूमाथि यसले ठाडो दमन-चक्र चलाएको' भन्ने आरोप लगाउने यसको अल्पमत पक्ष र 'महाधिवेशनको सर्वोच्चता नमानी अराजक गुटबन्दी र सिटको बार्गेनिंग गर्ने' भनी अल्पमत पक्षलाई आरोप लगाउने बहुमत पक्षमध्ये यतिखेर बहुमत पक्ष आफू 'आमूल परिवर्तनवादी र विधिसम्मत भएको आधारमा ठीक भएको' मान्छ। अल्पमत पक्ष आफूलाई 'राष्ट्रवादी र सिद्धान्तनिष्ठ भएकोले' ठीक भएको मान्छ।

तर यथार्थ हेर्ने हो भने, बहुमत पक्षमा पनि माथि उल्लेख भएझैं आमूल परिवर्तनको नारा मात्र छ, तर त्यस अनुकूल नीति, आचरण र ध्याउन्ना नभएको र केवल चुनावी सिट र सरकारको कुर्सीको ध्याउन्ना मात्र भएको देखिएको छ। यसै गरी, अल्पमत पक्षसंग राष्ट्रवादी केही सोचहरू भएको तर विगतमा महाकाली सन्धिको कागजपत्र आदानप्रदान गर्दा देश डुब्ने गरी संसदको संकल्प प्रस्तावको बेवास्ता गरेको, सेती र कर्णाली विदेशीलाई बेच्न खोजेको र कालो रेन ल्याउन खोजेकोमा प्रश्नचिन्ह लागेको स्थिति देखिएको छ। दुवैतिर क्रान्तिको लागि भनेर लागेका धेर-थोर इमान्दार नेता-कार्यकर्ताहरू छन्। यी इमान्दार नेता कार्यकर्ता र एमाले बाहिर रहेका वाम आन्दोलनका सहयोगी शुभेच्छुकहरूले यतिखेर ध्यान दिनु जरूरी छ- फूट चाहने दुवै पक्षमा फूटको महंगो मूल्यभन्दा ठूलो कुन उपलब्धि हासिल गर्ने योजना छ? कुन त्यस्तो सोच छ? सिद्धान्त छ? आचरण र प्रतिबद्धता छ? अर्थात्, फुटेपछि एक्लै स्वतन्त्रतापूर्वक काम गर्न पाउँदा यी दुवै पक्षले अर्कोभन्दा आफूमा कुन त्यस्तो उच्च गुणस्तर विकास गर्ने हुन्, जुन गुणस्तरका निम्ति जनताले एमालेको यो फूटबाट हुने राष्ट्रिय नोक्सानीलाई सहजै स्वीकार्न र सहन सकून्?

आफूलाई 'कम्युनिष्ट पार्टी' भन्न चाहने कुनै पनि पार्टीको निम्ति यो गुणस्तर भनेको राजनीतिक लाइनको पाटो वा राजनीतिक लाइन सम्बन्धी छिटपुट बुँदाहरू मात्रले निर्धारित गर्दैनन्। समग्र पक्षको गुणस्तरमा मात्रै कुनै पनि वामपार्टी अर्कोभन्दा उन्नत ठहरिन सक्छ र आजको नेपाली समाजको निम्ति 'जरूरी उन्नत स्तरको' ठहरिन सक्छ।

त्यसैले, 'वामदेव सि.पि. समूह गए जाओस्' भन्ने बहुमत पक्ष र 'माधव-ओली समूहसंगसंगै बस्नै सकिन्न' भन्ने अल्पमत पक्ष दुवैलाई गुणस्तर सम्बन्धी समग्र पक्षहरूमा पर्ने पाँच आधारभूत प्रश्नहरू :

○ **प्रश्न एक** : फुटेपछि तपाईंहरू क्रान्तिकारी राजनीतिक लाइन बोकी जनताका तात्कालीन समस्याहरूलाई पनि साथ दिई साँच्चै नेपालमा वैज्ञानिक समाजवाद ल्याउने बाटो पक्रेर राजनीतिक, आर्थिक र सांस्कृतिक लगायत सर्वांगिण क्रान्ति गर्न अघि बढ्ने हो? त्यसको निम्ति अहिलेभन्दा मूर्त र उन्नत सिद्धान्त, नीति, कार्यक्रम, तपाईंहरूसित के छ?

○ **प्रश्न दुई** : नेपालको क्रान्तिकारी आन्दोलनका सामु रहेका वैचारिक अस्पष्टताहरू चिर्न व्यापक र घनीभूत गृहकार्य नभएकोले व्यवहारमा ठूला समस्याहरू पैदा भएका छन्। यस कामलाई तपाई कसरी अघि बढाउनु हुन्छ?

विश्वको ताजा र जटील स्थितिमा मार्क्सवादलाई समृद्ध पार्न तपाई कत्तिको महत्व दिनु हुन्छ? यस निम्ति प्रकृया र प्रतिबद्धताको रूपमा तपाईंको जवाफ के?

○ **प्रश्न तीन** : नेतृत्व र आम जनतासम्ममा देशमा अद्वन्दवादी-अवस्तुवादी विश्वदृष्टिकोण व्याप्त रहेको छ। त्यसले पनि बारम्बार असफलता र फुटहरू पैदा गरिरहेको छ। त्यसैले, मार्क्सवादी दर्शनलाई नेता, कार्यकर्ता, शुभेच्छुक र जनताको जीवनको अभिन्न अंगको रूपमा विकास गराउनेतर्फ तपाईंको प्रकृया र प्रतिबद्धता के?

○ **प्रश्न चार** : कम्युनिष्ट पार्टी संचालनमा जनवादी केन्द्रीयताको बुझाइमा भएको भद्रगोलका कारण जनवाद र केन्द्रीयताको सन्तुलन गुम्ने गरेको छ। यिनीहरूबारे तपाईंको उन्नत र स्तरीय सोच के? सत्य प्राप्ति भनेको कुनै हार-जितको मामला हैन। उन्नत विचारलाई त्यो जताबाट आएपनि सश्लेषित गर्ने तपाईंको सोच के? प्रकृया के? प्रतिबद्धता कति?

○ **प्रश्न पाँच**: नेतृत्वको निजी जीवनमा र समग्र समाजमा समाजवादी नैतिक सांस्कृतिक उच्चता हासिल गर्ने निरन्तरको सोच र कार्यक्रम के? गाउँबाट उत्साह बोकेर आएको एउटा सोझो कार्यकर्ता शहरमा नेताको जीवनशैली र आचरण देखेर हतोत्साही भएर फर्कनु पर्ने वर्तमान स्थितिको अन्त गर्न तपाईंको प्रतिबद्धता कति, कार्यक्रम के? समग्र समाजलाई सामन्ती र पूंजीवादी साम्राज्यवादी रूचि, बानी, दर्शन, विचार र परम्पराले निलिरहेको छ, जसमाथि अडेर समाजवादी आन्दोलन टिकाउ हुन गाह्रो पर्छ। यसबाट मुक्त हुने योजना के?

यी प्रश्नहरूको हल खोज्नतिर गंभीर नहुने हो भने, फुटेर पनि वा जुटेरै पनि एउटा पार्टी सही 'कम्युनिष्ट पार्टी' बन्न सक्दैन, त्यसले शोषित पीडित जनताको आकाक्षा पूरा गर्न सक्दैन।

यी कुरा हल नहुने हो भने, फुटेपछि पनि दुवै पक्षमा आज एकीकृत पार्टीमा आएजस्तै समस्याहरू फेरि फेरि पनि आइरहने छन। पजेरो, प्राडो र महल संस्कृति, भ्रष्टाचार र कथित गुण्डागर्दी, निरकुश पलाइ र अराजक गुटबन्दी, राष्ट्रघात र वर्गघात आदि आदि नयाँ नयाँ स्वरूपमा, नयाँ नयाँ पात्रहरूमा र नयाँ नयाँ परिवेशमा। त्यतिखेर हातलागी हुनेछ- केवल वर्तमान फुटका नकारात्मक नतिजाहरू मात्र। र, शुरू हुनेछ- अर्को यस्तै फुटको प्रकृया- माधव-ओली समूहतिर पनि र वामदेव-सी.पी. समूहतिर पनि। ❑

**नीति / संस्कृति स्तम्भसम्बन्धी सूचना**

स्थानाभावको कारणले यस पटक हामीले नीति-संस्कृति स्तम्भ दिन सकेनौं। आगमी अंकमा हामी गतांकहरूमा जारी कर्मकाण्डबारे बहस स्तम्भलाई जारी राख्दै मूल्यांकनका स्तम्भकार चन्द्रदेव नेपालीको लेख प्रकाशित गर्नेछौं। -स

आवरण कथाका सबै फोटोहरू: सुन्दर बस्नेत

# माओवादी जनयुद्धले- तीन वर्ष टेक्दा ?

◆ प्रतिमान श्रेष्ठ

> रगतको यति ठूलो खोलोको मूल्यमा यो दुई वर्षको अवधिमा के के प्रमुख उपलधिहरू हासिल भए त ?

देशका अनेकौं भागमा बम विष्फोट, बैंक कब्जा तथा तमसुक फट्टा कार्य र केन्द्रीय सैनिक आयोगको सार्वजनिक घोषणासहित माओवादी जनयुद्ध यही फागुन १ गते तेस्रो वर्षमा प्रवेश गरेको छ। तेस्रो वर्षको शुरू-बिहानीमा नेकपा (माओवादी) ले 'आम जनसमुदायलाई सशस्त्र पार्ने, जन मिलिशियाको व्यापक र विस्तृत संयन्त्र तयार पार्ने तथा मुख्यतः नियमित जनसेना निर्माण गर्ने' खुलेआम घोषणा गरेको छ। उसले यतिखेर 'देशमा सयौंको संख्यामा नियमित जनसेनाका 'स्क्वाडहरूमा' जनताका छोराछोरीहरू आबद्ध भइसकेको दावी गरेको छ। नियमित जनसेनाको संरचना अहिले सेनाको "प्लाटुन विकास गर्ने दिशातिर हाँकिएको" दावी फागुन १ गते जारी गरिएको केन्द्रीय सैनिक आयोगको वक्तव्यमा गरिएको छ। "हज्जारौंको संख्यामा जनताका छोराछोरीहरू जन मिलिशियाका रूपमा संगठित भएर दैनिक रूपमा जनताको सेवामा समर्पित" भइरहेको जानकारी पनि त्यस वक्तव्यले दिन खोजेको छ।

अब माओवादी नेतृत्वले जनसेनाको कमाण्डर, कमाण्डर-इन-चीफ र केन्द्रीय सैनिक आयोगको इन्चार्जको नाम समेत सार्वजनिक जानकारीमा ल्याएको छ। जनसेनाको कमाण्डर क. रामबहादुर थापा हुने, कमाण्डर-इन चीफ र सैनिक आयोगको इन्चार्ज नेकपा माओवादीका महामन्त्री क. प्रचण्ड हुने कुरा माओवादी सूत्रले पत्र-पत्रिकाहरूमा छयाप्छयाप्ती पारेको देखिएको छ। क. प्रचण्ड स्वयंले आफ्नो वक्तव्यमा खुलेआम दावी गर्नुभएको छ- "जनयुद्धको दुई वर्षको प्रमुख उपलब्धिका रूपमा आज देशव्यापी रूपमा छापामार कारवाहीको विकास र निश्चित रणनीतिक इलाकाहरू छापामार इलाकामा रूपान्तरण भइरहेका छन्।" उहाँले अब दुश्मनको कब्जामा परेका छापामारहरूलाई "जेनेभा सम्झौताअनुसार युद्धबन्दीका रूपमा सम्मानजनक व्यवहार" गर्न माग गर्नुभएको छ। जनसेनाको "निश्चित यूनीफर्म र हतियार" हुने कुरा समेत वक्तव्यमा खुलासा गरिएको छ।

यी सबै सार्वजनिक घोषणा, दावी र मागहरूले दुइवटा कुराको स्पष्ट संकेत गरेको छ- एउटा, माओवादीहरू अब तमाम जनता, राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रतिक्रियावादी केन्द्रहरूलाई यो सन्देश दिन चाहन्छन् कि, नेपालमा अब द्वैध सत्ताको अस्तित्व छ। अर्को, उनीहरू दुनियाँसामु यो स्पष्ट पार्न चाहन्छन् कि, दुश्मनको खराबभन्दा खराब प्रतिक्रिया र दमनको सामना गर्न उनीहरू सक्षम छन्।

जनताको क्रान्तिकारी शक्तिले यति छोटो समयावधिमै यति ज्यादा प्रगति साँच्चै नै हासिल गरेको हो भने, यो खुशीको कुरा हो। हैन, आत्मगत तागत चाहिं त्यति ज्यादा बलियो भइसकेको छैन, दुश्मनलाई चुनौती चाहिं भीमकाय दिन थालियो भने, त्यसले अनावश्यक रूपमा दुश्मनको काफी तयारी सहितको दमन मात्रै निम्त्याउने संभावना हुन्छ, जुन क्रान्तिकारी शक्ति र प्रभाव क्षेत्रका जनताले थेग्न सक्दैनन्। 'तागत बिरालाको, फूर्ति बाघको' हुनु क्रान्तिकारी शक्तिको निम्ति आफ्नो फाँसीको फन्दा आफैंले तयार गर्नु सरह हुन्छ। माओवादी मित्रहरूमा स्यालको शिकार गर्न भित्रभित्रै बाघको सर्जाम जोर्ने तम्तयारी हुनुपर्नेमा दुश्मनको क्षणिक तयारीकालीन अप्रतिक्रियाबाट हौसिएर विशेष प्रचारका लोभले आफ्ना भएभरका सर्जामहरू विश्व प्रतिक्रियावादको समक्ष बिस्कुन लाउने प्रवृत्ति ज्यादा देखिएको छ। यो नोक्सानदायी प्रवृत्ति हो र यलाई अविलम्ब सच्याउन् पर्ने हो कि ?



# कस्तो स्वरूप लिँदैछ

गएको दुई वर्षमा सरकारले माओवादीका नाममा ७९ जना नागरिकको निर्मम हत्या गरिसकेको छ। माओवादीहरूले पनि यतिञ्जेल प्रहरी, प्रतिक्रियावादीहरू र उनका सुराकीहरू गरी जम्मा ५८ जनालाई मृत्युको घाटमा सुताइसकेका छन्। २००७ सालपछिको नेपालको इतिहासमा राजनीतिक कारणले यति छोटो अवधिमै यति ज्यादा नागरिकहरू मारिएको यो पहिलो पटक हो।

रगतको यति ठूलो खोलोको मूल्यमा यो दुई वर्षको अवधिमा के के प्रमुख उपलधिहरू हासिल भए त ?

माओवादी महामन्त्री क. प्रचण्डको आफ्नै शब्दमा "राजनैतिक रूपले स्थानीय जनवादी सत्ताको अभ्यास प्रारम्भ हुनु तथा फौजी दृष्टिले छापामार इलाकाहरूले जन्म लिनु दुई वर्षको जनयुद्धको प्रमुख उपलब्धि हो।"

संजमो (भट्टराई) का अध्यक्ष डा. बाबुराम भट्टराईको विश्लेषणमा जनयुद्धका अरू ज्यादा उपलब्धिहरू छन्। उहाँका अनुसार, "नेपालको इतिहासमा पहिलो पटक जनछापामार सेनाको निर्माणको प्रक्रिया शुरू गरेर आम शोषित-पीडित जनतालाई र विशेष गरी, ग्रामीण गरीब किसान जनसमुदायलाई आफ्नो मुक्तिको निम्ति खुला रूपले विद्रोहमा उत्रन प्रेरित गर्न जनयुद्ध सफल रहेको छ।" डा. भट्टराईका अनुसार "थुप्रै स्थानहरूमा क्रान्तिकारी किसान संघर्षको उठान गर्नु र गरीब किसानहरूलाई वाली विद्रोह, जमीन कब्जा, तमसुक फट्टा आदि आन्दोलनमा उत्रन प्रेरित गर्नु" दोस्रो वर्षको उपलब्धिको एउटा महत्वपूर्ण पक्ष हो। यसको एउटा ज्वलन्त उदाहरणको रूपमा उहाँले यही गएको पुस ११ गते गोरखाको गाईखुर गाविसको कसेरी फाँटमा भएको बाली विद्रोहलाई अघि सार्नुभएको छ।

उहाँ भन्नुहुन्छ- "प्रतिक्रियावादी राज्यसत्ताको स्थानीय निर्वाचनको बहिष्कारमार्फत् थुप्रै ठाउँहरूमा सत्ता रिक्तताको स्थिति सिर्जना गर्नु र त्यहाँ नयाँ जनवादी सत्ताको बीऊ रोप्ने कार्यको थालनी गर्नु" दोस्रो वर्षको उपलब्धिको एउटा महत्वपूर्ण पक्ष हो। "महिला, जनजाति, दलित जाति आदि उत्पीडित समुदायहरूलाई बढ्दो संख्यामा आफ्नो मुक्तिको निम्ति क्रान्तिकारी बाटोमा अग्रसर गराउन जनयुद्धले उल्लेखनीय सफलता हासिल गरेको छ।"

यी त भए माओवादी नेताहरूकै दृष्टिमा उनीहरूको उपलब्धिको मूल्यांकन।

गएको वर्ष माओवादीको प्रभाव क्षेत्र र सांगठनिक शक्तिमा काफी बृद्धि भएको देखिएको छ। रोल्पा, रूकुम, जाजरकोट, गोर्खा, काभ्रे, सिन्धुपाल्चोक र सिंधुलीमा मुख्य रूपले केन्द्रित उनीहरूको गतिविधि अब मध्य नेपालदेखि सुदूर पूर्वी नेपालसम्म पनि विस्तारित हुन थालेको देखिएको छ। पूर्वमा मुख्य रूपले सिन्धुली जिल्ला माओवादी क्रियाकलाप र संघर्षको भूइँचालो-केन्द्र भइरहेको देखिन्छ। पोहोरको तुलनामा यसपाला माओवादीहरूप्रतिको जन-आर्षण काफी बढेको देखिएको छ। कतिपय जिल्लामा त एमालेको नेतृत्वको पथ विचलनबाट वाक्क भएका कार्यकर्ता र समर्थकहरूले डाकेरै माओवादीहरूलाई सहयोग र समर्थन गर्न थालेको समेत पाइएको छ।

देशमा अहिले माओवादी प्रभाव विस्तारको लागि अत्यन्त अनुकूल माहौल र भावभूमि छ। सत्ता र सुविधाको निम्ति पूँजीवादी संसदीय डबलीमा प्रमुख राजनीतिक पार्टीहरूले खेलिरहेका अत्यन्त घिनलाग्दा र अनैतिक खेलहरूले माओवादीहरूको वैकल्पिक राजनीतिको अपील क्षमतालाई निकै नै बढाइदिएको छ। एमालेमा आएको चर्को पूँजीवादी विकृति र विचलनले माओवादीहरूलाई



*माओवादी जनयुद्धका एक प्रमुख हस्ती डा. बाबुराम भट्टराई*

**संघर्षको चरित्रमा केही प्रगतिका बावजूद माओवादी नेतृत्वका केही व्यवहारहरु भने अहिले पनि ज्यूँकात्यूँ देखिन्छन् ।**

वैकल्पिक आकर्षणको केन्द्र तुल्याइदिएको छ । एमालेमा पार्टी फूट भयो भने, त्यसको ठूलै प्रत्यक्ष लाभ पनि माओवादीहरूलाई नै हुने देखिन्छ ।

गएको वर्षमा माओवादीहरूको संघर्षको प्रकृतिमा केही सकारात्मक हेरफेर आएको देखिन्छ । माओवादीहरूले यो बीचमा जनताहरू प्रत्यक्ष रूपले सामेल हुने प्रकारका केही जनमुखी वर्ग-संघर्षको र सुधारको कार्यक्रम संचालन गर्न थालेका छन् । जस्तोः किसानहरूको बाली-संघर्ष, सामन्तहरूको तमसुक फट्टा आन्दोलन, जमीन कब्जा आन्दोलन, सहकारी खेती, सडक खन अभियान, मालपोत अड्डामा धम्की-पत्र आदि । 'प्रतिगामी, भ्रष्ट र राष्ट्रघाती तत्वहरूमाथि पनि माओवादीहरूले सशक्त दवाब हाल्ने कार्यक्रम गरे क्या खासा हुन्थ्यो' भन्ने मनोभाव यतिखेर जागरूक जनतामा छाइरहेको देखिन्छ । जनताबाट अलगिएको खालि 'हान ठोक'मा आधारित कार्यकर्ता-संघर्षबाट जनता स्वयं सामेल हुने, उनीहरूको जीवनको सबैभन्दा खट्कँदो समस्यामा आधारित संघर्षमा माओवादीहरूले यसरी थोरै भए पनि हात हाल्न थाल्नु प्रगतिको लक्षण हो । माओवादीहरूले यस चरित्रको वर्ग संघर्षमा अरू ज्यादा प्राथमिकता र ध्यान दिनु जरूरी छ । उग्र वामपन्थबाट मुक्त हुने यो नै सर्वश्रेष्ठ उपाय हो ।

माओवादी नेतृत्व गतः असारयता अहिले दोस्रो योजनाको समाप्ति र तेस्रो योजनाको कार्यान्वयनको चरणमा छ । दोस्रो योजना- "जनयुद्ध" को पक्षमा व्यापक जन परिचालन गर्नु, हतियारसहित विविध सामग्री कब्जा गर्नु र मुख्य इलाकाहरूलाई छापामार इलाकामा बदल्नका लागि शक्ति केन्द्रित गर्नुलाई प्रमुख लक्ष्य बनाइएको थियो । यो योजना-अन्तर्गत माओवादीहरूले पैसा र हातहतियार काफी मात्रामा संकलन गरेको बुझिएको छ । अरू उपलब्धिको चर्चा माओवादी नेताहरूबाटै माथि भइसकेको छ ।

तेस्रो योजनाअन्तर्गत जनयुद्धको प्रचार-प्रसार, स्थानीय जनवादी सत्ताको निर्माण र क्रान्तिकारी संयुक्त मोर्चाको विकासलाई राजनीतिक लक्ष्य घोषित गरिएको छ । फौजी लक्ष्यअन्तर्गत छापामार इलाकाको विकास र सरकारी फौजी दमनका विरुद्ध सेनासंग लड्ने रणनीति र कार्यनीतिको विकास गर्ने सवाललाई अघि सारिएको छ । यही लक्ष्यअन्तर्गत अहिले जन-सेना र जन-मिलिशियाको निर्माण गर्ने काम गरिएको बुझिएको छ ।

तेस्रो योजनामा नेकपा (माओवादी) ले दुश्मनको "भ्रम छर्ने, घेरा हाल्ने र सखाप पार्ने" रणनीतिका विरूद्ध "भ्रम चिर्ने, घेरा तोड्ने, र प्रतिरोध गर्ने" रणनीति अख्तियार गरेको कुरा यसका महामन्त्रीले बताउनुभएको छ । "पार्टी, योद्धा र जन-समुदायलाई खराबभन्दा खराब स्थितिका लागि समेत तयार पार्ने उद्देश्य नै तेस्रो योजनाको प्रमुख अपेक्षा" रहेको बताइएको छ ।

यसरी हेर्दा माओवादीहरूले चलाएको सशस्त्र संघर्ष गएको दुई वर्षमा चिनारीको समस्याबाट निकै अगाडि बढिसकेको छ । यो प्रतिक्रियावादी राज्य मेशीनरीलाई सिङौरीका लागि माओवादी नेतृत्वले अहिले दिइरहेको ठाडो चुनौती कति उपयुक्त र जायज भयो, त्यो भविष्यको व्यवहारले बताउला । तर मलाई अहिले लागिरहेको कुरा के हो भने, अहिलेको चुनौतीमा औकात कम, दुस्साहस ज्यादा भयो कि ?

संघर्षको चरित्रमा केही प्रगतिका बावजूद माओवादी नेतृत्वका केही व्यवहारहरू भने अहिले पनि ज्यूँकात्यूँ देखिन्छन् । तीमध्ये पहिलो होः आलोचना गर्ने र भिन्न मत राख्नेहरूप्रति बेहद असहिष्णुता, उनीहरूलाई शत्रुको व्यवहार गरी राख्ने चरित्र । दोस्रो हो, मित्रशक्ति को हो, शत्रु शक्ति को हो त्यसमा केही भिन्नता नै नगर्ने चरित्र । यी दुबै कमजोरीहरूको जड गलत र अवैज्ञानिक विश्व दृष्टिकोण हो, अद्वन्दवादी विश्व दृष्टिकोण हो । जम्माजम्मीमा कुराहरूलाई नहेर्ने, एउटा पात हेरेर सिंगै रूखबारे धारणा बनाउने, अन्तरविरोधको चरित्र नहेर्ने, सबै अन्तरविरोधलाई उस्तै उस्तै र उत्तिकै शत्रुतापूर्ण ठान्ने अधिभूतवादी चिन्तन प्रक्रियाले गर्दा नै यस्तो चरित्रको सिर्जना भएको हो । अर्कोतिर, सांस्कृतिक रूपमा भिन्न मत र आलोचना नसहने चरित्रका पछाडि सामन्ती संस्कृतिले पनि भूमिका खेलिरहेको देखिन्छ ।

नेकपा (मसाल), एकता केन्द्र र एमालेका कार्यकर्ताहरूलाई माओवादीहरूले शारीरिक रूपमा आक्रमण गरेका थुप्रै घटनाहरू दृष्टिकोण र संस्कृतिमै गंभीर दोषका कारणले जन्मेका देखिन्छन् । यी र यस्ता घटनाहरूले माओवादी मित्रहरूलाई दुश्मनको घेराउका बेला चारैतिरबाट एक्ल्याउँछन् मात्र, कदापि फाइदा गर्दैनन् । भिन्न मत र आलोचना गर्ने जति सबैलाई शत्रुको कोटीमा दरेर गालीगलौज र आक्रमण गर्ने नीति अप्नाउने हो भने, आलोचना र भिन्न मत त आफ्नै पंक्तिभित्र पनि पैदा हुन सक्छ । त्यतिबेला के गर्ने नि ? यदुवंशहरू जस्तै आफू-आफू नै लड्ने र सिद्धिने ? अनि के मित्रहरूको आलोचना र विचार-द्वन्दबिना नै विचार र व्यवहारको विकास संभव छ ?

त्यसैले, यस मामलामा माओवादी मित्रहरूले गंभीरतापूर्वक सोच्नु र चरित्रमा सुधार ल्याउनु जरूरी देखिन्छ । क. माओकै शिक्षालाई अनुशरण गर्ने हो भने पनि क्रान्तिकारीहरूले हमेशा शत्रुतापूर्ण अन्तरविरोध र दुश्मनको पंक्तिसितको अन्तरविरोधका बीचमा अन्तर गर्न सिक्नै पर्दछ । दशै दिशामा एक्कैचोटी र एक साथ मुक्का हान्नु बिल्कुलै गलत कुरा हो । यसले आफैंलाई एक्ल्याउँछ र कमजोर पार्छ । ❑


सन्दर्भ स्रोतहरु :

१) संश्लेषण मासिक, वर्ष १, अंक १, क. प्रचण्डसितको अन्तर्वार्ता

२) नव चेतना त्रैमासिक, वर्ष ३, अंक २, क. प्रचण्डको लेख

३) महिमा साप्ताहिक, फागुन २, २०५४, क. बाबुराम भट्टराईको अन्तर्वार्ता
-केन्द्रीय सैनिक आयोगको वक्तव्य
-नेकपा (माओवादी) को अपील

४) जनादेश साप्ताहिक, फागुन ५, २०५४

५) जन-आव्हान साप्ताहिक, फागुन १ र ८, २०५४

६) नेपालमा जनयुद्ध, भाग १, नेपाल राष्ट्रिय बुद्धिजीवी संगठन, २०५४ कार्तिक


## के तपाईलाई थाहा छ ?

### नेपालमा कृषि मजदूर कति छन् ?

❑ उच्चस्तरीय भूमिसुधार आयोग, २०५१ को प्रतिवेदनअनुसार, नेपालका कूल २७ लाख ३६ हजार किसान परिवारमध्ये भण्डै ५ लाख परिवार भूमिहीन अवस्थामा छन् । उनीहरूको आयको मुख्य स्रोत नै कृषि मजदूरी हो ।

❑ नेपालमा पूरा समय कृषि मजदूरी गर्ने १० लाख र आंशिक समय कृषि मजदूरी गर्ने १० लाख मानिसहरूको जोड गर्दा जम्माजम्मी २० लाख मानिसहरू कृषि मजदूरका रूपमा देखिन्छन् ।

❑ हाम्रो देशमा ६५ प्रतिशत किसान परिवारहरू आफ्नो मात्र श्रमले खेतीपाती गर्ने गर्छन् । बाँकी ३५ प्रतिशतले मात्र अरूलाई ज्यालादारीमा काम गराउँछन् ।

❑ ज्यालादारीमा काम लाउने किसान परिवारमध्ये ३० प्रतिशत किसान परिवारहरू दैनिक ज्यालादारीमा मात्र काम गराउँछन् । १.४ प्रतिशतले हली गोठाला मात्रै लगाई खेतीपाती गर्छन् । ४ प्रतिशतले चाहिं दैनिक ज्यालादारी र हली गोठाला दुवै लाउँछन् । ◆

स्रोतः उच्चस्तरीय भूमिसुधार आयोगको प्रतिवेदन, २०५१

### विश्वमा रक्सी कुन देशका मान्छेले बढी पिउँछन् ?

विश्वमा सबैभन्दा ज्यादा रक्सी फ्रान्सेलीहरूले पिउँछन् । सन् १९९६ मा उनीहरूले रक्सीमा मात्रै १४१ अरब डलर खर्च गरे । अर्थात्, प्रति व्यक्ति २४२ डलर ।

दोस्रोमा आउँछन् अष्ट्रियनहरू, जसले पोहोर प्रति व्यक्ति २४० डलर मद्यपानमा खर्च गरे ।

अमेरिकाको रक्सी बजार विश्वमै दोस्रो ठूलो मानिन्छ । तर अमेरिकीहरूले पोहोर प्रति व्यक्ति ४० डलर मात्र खर्च गरे रक्सीमा ।

विकसित पुंजीवादी मुलुकहरूमध्ये रक्सी थोरै खाने जापानीहरूले हो । पोहोर उनीहरूले रक्सीमा प्रति व्यक्ति ४.५० डलर मात्र खर्च गरे । ◆

स्रोतः *The Economist London, December 20, 1997*

# कता दौडँदैछ अविश्वास प्रस्ताव फेल भएपछिको नेपाल ?

◆ दीपेश उपाध्याय



वामपन्थी पार्टी नेपाल मजदूर किसान पार्टीकै निर्णायक मतका कारणले नेपालको यतिखेरको सबैभन्दा दक्षिणपन्थी र प्रतिक्रियावादी सरकार ढल्नबाट बचेको छ। फागुन ८ गते भएको अविश्वासको प्रस्तावको मतदानमा नेमकिपाकै दुई भोटका कारणले नेपालका सबैभन्दा खुंखार, कम्युनिष्टहरूको हत्याराका रूपमा बदनाम प्रधानमन्त्री सूर्यबहादुर थापा प्रस्तावका पक्षमा १०० मतका विरूद्ध १०३ मत ल्याउन समर्थ भएका छन्। यदि यो संख्या १०३ नपुगेको भए थापाले पुनः विश्वासको मत लिनुपर्ने स्थिति खडा हुन्थ्यो, जसमा उनी असफल हुने संभावना थियो। योभन्दा कम खराब विकल्प मैदानमा हुँदाहुँदै कुन 'क्रान्तिकारी नियत'ले नेमकिपाले चरम दक्षिणपन्थी थापा-गिरिजा गठबन्धनलाई सरकारमा टिकाई राख्न उचित ठान्यो ? यो सर्वसाधारण जनताको लागि बुझी नसक्नुको गुत्थी भएको छ। नेकपा (मसाल) ले भने यसमा थापाको विरूद्ध मत हाली बुद्धिमत्तापूर्ण बाटो समातेको देखिएको छ।

नेपाली कांग्रेसभित्रका छत्तीसेहरूले समेत थापाको अगुवाईमा रहेको यो सरकार रहन नदिने निधो करिब करिब गरिसकेका थिए। तर अन्तमा उनीहरूले गिरिजासित संझौता गरे, यो शर्तमा कि अविश्वास प्रस्तावमा जितेपछि थापा मध्यावधिमा जाने छैनन् र कांग्रेसको अगुवाईमा सरकार गठन गर्न दिन उनले अविलम्ब राजिनामा गर्नेछन्। तर मतदानमा जितेपछि जालझेलमा माहिर थापाको बोली अहिले बद्लिन थालेको छ। उनी अब राजिनामा दिन हिच्किचाइरहेका छन् र मध्यावधिमै जाने सिवाय अर्को बाटो नभएको कुरा गरिरहेछन्। उनको ठाडो धोखाधडीले कांग्रेसको सातो लिएको छ। यही कुरालाई लिएर राप्रपा (थापा) र कांग्रेसका बीच अहिले रस्साकस्सी चलिरहेको छ। थापाका खम्बा अर्थमन्त्री रवीन्द्रनाथ शर्माले त प्रष्टै भनिसकेका छन्- "यतिखेर थापाले राजिनामा गर्ने कुरै छैन।"

देशमा अहिले अति दक्षिणपन्थको बोलबाला बढ्दो छ। दरबारको क्रियाशीलता काफी बढेको छ। सेनाको गतिविधि निकै बढेको छ। सेना अब खुलेआम नागरिकहरूमाथि निगरानी राख्न थालेको सार्वजनिक वक्तव्य दिने बिन्दुमा पुगेको छ। सर्वोच्चको हालैको फैसलाले २०५२ भाद्र १२ कै नजीरलाई अनुशरण गर्दै राजाको स्वविवेकीय अधिकारलाई बढाइदिएको छ र प्रधानमन्त्रीको अधिकार घटाइदिएको छ। यसरी, यसले अघोषित रूपमा संविधानकै संशोधन गरेको छ। कुल परिणामको ख्याले नराखी निहित स्वार्थको लागि जे पनि गर्ने र उही संविधानको एउटै प्रावधानको पनि आफ्नो स्वार्थअनुकूल विभिन्न बेलामा विभिन्न व्याख्या गर्ने नेपालका संसदीय पार्टीहरूको स्वार्थपरक पटमूर्खताले गर्दा दरबारलाई चलखेल गर्ने बढी अवसर प्राप्त भएको छ।

ठीक यही बेला एमालेमा पनि निकै गंभीर पार्टी फूट हुन लागेको छ। एमालेको यो फूट चर्काउन दरबार र साम्राज्यवादी तत्वहरू सारै क्रियाशील भएका छन्। यो फूटले जम्माजम्मीमा अति दक्षिणपन्थी शक्तिलाई निकै मजबूत बनाउने निश्चित छ। फूटपछिको नेपालमा कैयन वर्षसम्म चरम दक्षिणपन्थीहरूको सरकार एकछत्र हावी भइरहने स्पष्ट संभावना पैदा भएको छ।

**मतदानमा जितेपछि जालझेलमा माहिर थापाको बोली अहिले बद्लिन थालेको छ।**

यसरी जम्माजम्मीमा, अहिले नेपालको संसदीय राजनीति अति दक्षिणपन्थी खोल्सोतिर बेगले हाम्फालिरहेको प्रतीत हुन्छ, साउनको धमिलो खहरेझैं। नेपालका सम्पूर्ण प्रजातान्त्रिक र वामपन्थी शक्तिहरू नेपालको राजनीतिको यो प्रवृत्तिमा आमूल हेरफेर ल्याउन सजग, एकगठ र क्रियाशील हुनु जरूरी भएको छ। ❑

# इण्डोनेशियामा जन विद्रोह फैलिँदैछ !



तानाशाह सुहार्तो सरकारका विरुद्ध हालै जाकार्तामा प्रदर्शन गर्दै इण्डोने-शियाली युवकहरु

फोटोः Time

१९६० को दशकको बीचमा दशौं लाख कम्युनिष्ट मारेर जनरल सुहार्तो सत्तारूढ भएपछि "चमत्कारपूर्ण अर्थतन्त्र" भनेर विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषद्वारा दशकौंसम्म प्रशंसित इण्डोनेशिया अहिले टाट पल्टने दिशातिर तीव्र गतिले लम्कँदैछ। त्यहाँ अहिले चारैतिर जन विद्रोह फैलँदैछ। जन विद्रोहको मूल कारण भइरहेछ- वित्त संकटले ल्याएको अचाक्ली महँगी र लाखौं जनताको बेरोजगारी।

राजधानीभन्दा बाहिर बस्तुको भाउ अहिले ५० देखि ३०० प्रतिशतसम्म महँगो हुन गएको छ। दूधदेखि लिएर ओखतीहरूसम्म पनि किन्नै नसकिने गरी महँगा भएका छन्। यतिखेरै संकटग्रस्त सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोषको दबाबमा बिजुली र इन्धन लगायत थुप्रै आधारभूत बस्तु र सेवाबाट अनुदान हटाउँदैछ। यसले गर्दा जनताको जीवन बाँचिनसक्नुको भएको छ।

इण्डोनेशियाको मुद्रा-रूपीआको क्रय क्षमता यतिबेलै भयंकर घटेको छ। गएको जुलाईमा एक अमेरिकी डलर बराबर २४०० रूपिआ थियो। फरवरीको तेस्रो हप्तामा आइपुग्दा एक डलर बराबर ८५०० देखि १०,००० रूपिआ हुन पुगेको छ। अति चर्को अर्थात् ३०० प्रतिशतसम्मको मुद्रा अवमूल्यनले गर्दा धेरैजसो इण्डोनेशियाली कम्पनी र बैंकहरू टाट पल्टन गएका छन्। टाट पल्टाई र तालाबन्दीले गर्दा ८० लाखदेखि एक करोड तीस लाख मानिसहरू बेरोजगार भइरहेका छन्।

बजारमा ओखती पाइन मुश्किल भएको छ। बाबु आमाहरू बच्चालाई ख्वाउने दूध समेत बजारमा पाउन छोडेको गुनासो गर्दैछन्। चामल र तेलमा समेत प्रत्येक दिन अक्कासिंदो मूल्यबृद्धिले गर्दा मानिसहरू बजारमा भयातुर भएर किनमेल गर्दैछन्; जतिसक्यो उति धेरै सामानको स्टक घरमा राख्दैछन्। यसले महँगी अरू ज्यादा बढाइदिएको छ। फेरि यतिबेलै इण्डोनेशियामा खडेरी पर्न गएकाले अन्न उत्पादन भसक्कै घटेको छ र अन्नको मोल अरू चर्को हुन गएको छ।

यति भयंकर संकट देशबासीहरूमाथि आइलाग्दा पनि तानाशाह राष्ट्रपति सुहार्तोको परिवार भने अरू ज्यादा धनाढ्य हुने काम सिवाय केही गरिरहेको छैन। उनको परिवारको सम्पत्ति अरबौं डलर पुग्न गएको छ। परिवारको सम्पत्तिमा कुनै आँच नआउने हिसाबले मात्र सुहार्तो यतिखेर नीति निर्णय गर्दैछन्।

यी सबै कुराले अति असंतुष्ट इण्डोनेशियालीहरू यतिखेर खुलेआम सडक विद्रोह गर्दैछन्। विद्रोह अहिले ४० वटा नगरहरूमा फैलिएको छ। सबैभन्दा ज्यादा विद्रोहको लहर सबैभन्दा घना जनसंख्या भएको जावामा देखिएको छ। खान नपाएका र बेरोजगार मानिसहरू यतिखेर धनाढ्यहरूको पसल लुट्दैछन्। यसरी पसल लुटिनेमा सबैभन्दा ज्यादा चीनियाँ मूलका मानिसहरू छन्। स्मरणीय छ, चीनियाहरू इण्डोनेशियामा ३ प्रतिशत मात्र छन्, तर उनीहरूले सम्पत्तिको निकै ठूलो भाग ओगटिरहेछन्। भयभीत भएर केही चिनियाँ धनाढ्यहरू अब इण्डोनेशियाबाट अन्यत्र भाग्ने तयारी गर्दैछन्।

राष्ट्रपति सुहार्तो भने जन-विद्रोहलाई डण्डैको भरले ठीक पार्ने सुरमा छन्। दमनको क्रममा, यो पंक्ति लेख्दासम्म, ५ जना मानिसको ज्यान गइसकेको छ। राजधानी जाकार्ताका सडकहरूमा सेना तैनाथ गरिएको छ। कैयन शहरहरूमा विद्रोही जनताभन्दा प्रहरी र सेनाको संख्या ज्यादा देखिएको छ। तथापि, विद्रोह रोकिन सकेको छैन। यो झन् झन् फैलँदो छ। राजधानी जाकर्तामै दिनहुँजसो जन विद्रोह देखापर्दैछ।

विदेशबाट अन्धाधुन्ध लगानी र ऋण भित्र्याएर फष्टाएको चमत्कारिक पूँजीवाद कहाँ गएर एक्कासी गर्लम्म ढल्दो रहेछ- त्यो इण्डोनेशियाले उदांगै देखाएको छ।

◆ दीपक वैद्य

फोटो: उषा



# "रक्तिम सांस्कृतिक अभियान" को सम्मेलन

**गत** फागुन १, २ र ३ गते 'रक्तिम सांस्कृतिक अभियान' ले काठमाडौंमा विशेष कार्यक्रमहरू आयोजना गरी आफ्नो प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न गर्‍यो।

१ गते टुंडिखेल खुलामंचमा नेकपा मसालका वरिष्ठ नेता क. चित्रबहादुर के.सी.ले उद्घाटन गर्नुभएको सो सम्मेलनले दोस्रो दिन बन्द सत्र र विचार-गोष्ठी सम्पन्न गरी तेस्रो दिन पुनः खुला मंचमै घोषणा सभाको आयोजना गर्‍यो। यसै उपलक्ष्यमा यस अभियानले आफ्ना विभिन्न जिल्ला परिवारहरूबीच लोकगीत प्रतियोगिता गर्नुका अतिरिक्त खुला सांस्कृतिक कार्यक्रम पनि गरेको थियो। पहिलो दिन काठमाडौंमा एक सांस्कृतिक जुलूस पनि गरिएको थियो।

> जीवनका समग्र पक्षलाई बुझ्नु पर्ने र सामन्तवादी साम्राज्यवादी सारहरुलाई चिन्नु पर्ने, फाल्नु पर्ने एवं नयाँ सारको निर्माण गर्नुपर्ने !

चालीसभन्दा बढी जिल्लाका कलाकारहरूको सहभागितामा भएको यस सम्मेलनको आयोजनामा रक्तिम अभियान आफ्नै र नेकपा मसाल समेतको उत्साह र तत्परता उल्लेखनीय देखिन्थ्यो। सम्मेलनमा आतिथ्यको निम्ति नेपालका प्रायः सबै प्रगतिशील सांस्कृतिक समूहहरूलाई निम्त्याइएको र बैचारिक छलफललाई महत्व दिइएको पक्ष पनि यस सम्मेलनका उल्लेखनीय पक्षहरू थिए। प्रगतिशील कला क्षेत्रमा सामन्तवाद-साम्राज्यवादविरोधी फराकिलो संयुक्त मोर्चाको निर्माण गर्न र सांस्कृतिक क्षेत्रका वैचारिक अस्पष्टताहरू हटाउनमा यस्ता सकारात्मक पहलहरूले मद्दत गर्ने हाम्रो राय रहेको छ।

सम्मेलनको कार्यक्रमअन्तर्गत क. भैरव रेग्मीले विचार-गोष्ठीमा प्रस्तुत गर्नुभएको 'वर्तमान साम्राज्यवादी संस्कृतिका विरूद्ध प्रतिशील सांस्कृतिक आन्दोलनको भूमिका' शीर्षकको कार्यपत्रमाथि खगेन्द्र संग्रौला, हरिगोविन्द लुइँटेल, निनु चापागाईं, डा. ओम गुरूङ्ग, रूद्र खरेल, रामचन्द्र भट्टराई, माधव श्रेष्ठ, रायन र क. दीनानाथ शर्माले टिप्पणी गर्नुभएको थियो।

कार्यपत्रमाथिको छलफलले 'संस्कृति' भन्नाले 'कला-कर्म मात्र नभई मानवका रूची, बानी व्यहोरा, कार्यशैली, दृष्टिकोण आदि जीवनका समग्र पक्षलाई बुझ्नु पर्ने कुरामा र यी पक्षहरूमा भएका सामन्तवादी साम्राज्यवादी सारहरूलाई चिन्नु पर्ने, फाल्नु पर्ने एवं नयाँ सारको निर्माण गर्नुपर्ने कुरामा जोड दिएको थियो।

सम्मेलनले एक १७ सदस्यीय नयाँ कार्यसमिति निर्माण गरेको छ। अध्यक्ष नारायण योगी, उपाध्यक्षमा चिरन पुन, महासचिव रेम राना, सचिव सचित्र के.सी., कोषाध्यक्ष नारायण शर्मा र सदस्यहरू कमला के.सी., तेजेन्द्र थापा, दलबहादुर भण्डारी, बसन्त नेपाली, सुमित्रा खाम्चा, शिवध्वज पुन, शंकर पाण्डे, डम्बर भण्डारी, दिगिम लिम्बु उक्त कार्यसमितिमा रहनुभएको छ।

रक्तिम अभियान निर्माणमा ठूलो भूमिका रहेका तर 'रक्तिम' कै नाममा अर्को समूह बनाई हाल स्वतन्त्र रूपमा कार्यरत बरिष्ठ कलाकार जीवन शर्मा पनि यस सम्मेलनका खुला कार्यक्रमहरू सबैमा उपस्थित हुनुहुन्थ्यो। ❑

# कलाकार रामेश पुरस्कृत



**२०५३** को 'युद्धप्रसाद मिश्र स्मृति पुरस्कार' प्रसिद्ध गायक तथा संगीतकार रामेशलाई प्रदान गरिएको छ। गत फागुन ६ गते ठिमी, भक्तपुरमा आयोजित एक समारोहमा उक्त पुरस्कार एवं सम्मान-पत्र वरिष्ठ साहित्यकारद्वय श्यामप्रसाद शर्मा र केवलपुरे किसानले रामेशलाई हस्तान्तरण गर्नुभयो।

करीब चार दशक लामो संगीत साधना भएका वरिष्ठ कलाकार रामेशका जनपक्षीय गीत-संगीतहरू नेपाली जनताबीच अत्यन्त लोकप्रिय रहेका छन्। कवि युद्धप्रसाद मिश्रद्वारा रचित 'रक्तक्रान्तिको ज्वालामुखीमा' गीत यिनीहरूमध्येकै एक गीत हो।

'युद्धप्रसाद मिश्र स्मृति पुरस्कार' वरिष्ठ प्रगतिशील साहित्यकार युद्धप्रसाद मिश्र स्मृति गुठीले स्थापना गरेको हो। यसको रकम-राशी रू. ५०००।- रहेको छ। ❑


युवाहरुको प्रिय पत्रिका
नव युवा
• मूल्य रु. १२/-
प्रत्येक अंकमा विशेष सामग्री
◉ शरद पौडेलको रोचक र ज्ञानवर्द्धक धारावाहिक उपन्यास "लिखे"।
◉ "धूमधामको घुमघाम" भक्तप्रसाद म्यागुताको साहसिक नेपाल यात्राको रोचक कथा-श्रृंखला: प्रसिद्ध पत्रकार कनकमणि दीक्षितको कलमबाट।
नेपालमा र विदेशमा रहेका नेपाली पाठकहरुले अत्यधिक मन पराउनुभएको ज्ञानवर्द्धक र रोचक मासिक पत्रिका युवा



अंक २१ को विशेष आकर्षण
फूटबलका जादूगर पेलेसम्बन्धी आवरण कथा
प्रतीक्षा गर्नुहोस्!
हरेक अंकः विशेष र संग्रहणीय अंक

# व्यक्तिगत दुष्प्रयासमा गाउँ शोषणको नमूना बाँसखर्क

'मूल्यांकन' मासिक पूर्णाङ्क ५२ को १९ पेजमा 'गाउँ विकासको नमूना बाँसखर्क' शीर्षकमा त्यो गाउँको जनजीवन दिने प्रयास गरिएको रहेछ। पत्रिकाले त अँध्यारोपक्ष तथा प्रशंसनीय र निन्दनीय पक्ष दुवै दृष्टिकोण समेटन सक्नुपर्थ्यो। यसको अभावमा रिपोर्ट अपांग र मिथ्या साबित हुनसक्ने हुन्छ। उल्लेखित रिपोर्ट अपांग हुनुमा त्यसको स्रोत एक व्यक्ति मात्र हुनु हो। 'जनजीवन' नाम दिइए तापनि त्यो लेखको लेखकबाट केही सत्तामुखी पत्रिकाबाहेक अन्य दायाँबायाँ बुझ्न भ्याएको प्रमाण मिल्दैन। त्यस रिपोर्टबाट वास्तविकताको नजिक पुग्ने सोचसम्म लिएको देखिँदैन। यसले यौटा होनहार पत्रकार तथा प्रस्तुतकर्ता राजेश कोइरालाको नियतमाथि शंका गर्ने ठाउँ रहन्छ कि रहँदैन? प्रश्न उठ्नु अस्वाविक होइन।

खलनायकहरूको कुकृत्यबाट पीडित जनताहरूमाझ त्यो पात्र सदैव तिरस्कृत र निन्दनीय हुन्छ नै, जसको कारण जीवनभरका आफ्ना कुकर्महरूप्रति प्रायश्चित गर्नुसिवाय अपराधीहरूको अरू विकल्प हुँदैन। तर अझै भ्रमको खेतीबाट विगतका आफ्ना शोषणका नंग्राहरूलाई छोपछाप पार्न सकिएला कि भन्ने मनोविज्ञानबाट प्रेरित भई ती अपराधीहरू 'आफ्नो बखान' गर्ने गर्छन्। यस्तै प्रतिगामीको जालमा फस्छन्- हाम्रा नवोदित पत्रकारहरू। उल्लेखित 'बाँसखर्क' शीर्षक रिपोर्ट यसको ज्वलन्त उदाहरण हो।

देश र जनजीवनका सरोकारका सन्दर्भमा वस्तु-तथ्यमा आधारित विचार अन्तर्क्रियामुखी सामग्रीहरूको प्रकाशनमा आफ्नो छुट्टै पहिचानद्वारा विश्वसनियता प्राप्त 'मूल्यांकन' जस्तो पत्रिकाले 'यौटा जनविरोधी' तस्वीरलाई 'जनमुखी' को बिल्ला कसरी लाउन पुग्यो? यसरी 'मूल्यांकन' का तीन पाताको दुरूपयोग भएकोमा जनता दुःखित छन्। यदि पत्रिकालाई यस्तै खालको लेख-रचनाको खाँचो छ भने, देशभरका शोषकहरूको प्रशंसाको विवरण उपलब्ध हुन सक्तछ। त्यो छाप्न पत्रिका परिवार बाध्य हुनुपर्नेछ। अन्यथा, 'मूल्यांकन' परिवारबाट यो रिपोर्टको प्रकाशनवापत सार्वजनिक रूपमा भूल स्वीकार गर्ने पर्दछ।

राष्ट्रका अन्य भू-भाग जस्तै सिन्धुका जनताहरू राणाकालदेखि नै शोषण र उत्पीडनमा जकडिएका हुन्। यो ठाउँका जनताले ०१८ सालपछि पंचायतका तानाशाहहरूको विगविगी खप्नु परेको थियो। पंचायतीकाल जालीफटाहा र शोषकहरूको लागि स्वर्णकाल नै थियो। यस्तै शोषण, दमन र अन्यायको जाँतोमा पिँधिएको गाउँको नमूना थियो- बाँसखर्क। २ हजार फिटमा रहेको इन्द्रावती नदीको उत्तरबाट पूर्व फर्केको करीब ७५०० फीटको उचाईको भूभाग र बहुसंख्यक तामाङ जातिको बसोबास रहेको बाँसखर्कमा राणाकालमा धन लामा र छेकेल भोटेहरूको सामन्ती प्रथा चलेको थियो। त्यस्ता सामन्तीहरूको दोहोलो खेलाउने स्व. लक्ष्मीदास जस्ता न्यायप्रेमी व्यक्तित्व पनि त्यहाँ जन्मेका थिए। १९९७ सालमा शहीद हुने वीर गंगालालका पिता भक्तलाल श्रेष्ठ समेत लक्ष्मीदासको भेटमा बाँसखर्क पुगेको कुरा जनता अझापि स्मरण गर्दछन्। यस्ता सिधासाधा र स्वाभिमानी जनताहरूलाई

> **मूल्यांकनमा प्रकाशित बाँसखर्क गाउँबारेको वास्तविकता !**

षड्यन्त्रमूलक ढंगबाट भुक्याई पंचायती सत्ताको आडमा गुण्डाहरूको रणक्षेत्र बनाई गत २०२० सालदेखि २०४६ सम्म अविछिन्न प्र.प. भएका थिए- लक्ष्मण दोङ। त्यो अढाई दशकमा गाउँमा कतिपयको बास उठाइयो। कतिपयले सर्वश्व गुमाउन बाध्य हुनुपर्‍यो। निजको विरोध गर्ने कतिपयलाई झुठ्ठा मुद्दामा फँसाइयो, सताइयो। कतिपय महिलाहरूले आफ्नो अस्मिता गुमाउन पर्‍यो। त्यसको अभिलेख राख्ने हो भने, यौटा दर्दनाक कथा र व्यथाले भरिपूर्ण मोटो उपन्यास बन्न सक्छ। राष्ट्रिय स्तरमा प्रतिक्रयावादी नेता पशुपति शमशेरका पाल्तु बसाहामध्येका तीन भ्रष्ट व्यक्तिबाट बाँसखर्कमा के-कस्ता कामहरू सम्पादन भए ?- त्यो भेगको न्यायप्रेमी एवं मुक्तिकामी जनताहरूमा घाम झैं छर्लङ्ग छ।

अष्ट्रेलियन सरकारको प्राविधिक तथा आर्थिक सहयोगमा काभ्रे र सिन्धु दुवै जिल्लामा वन नर्सरी स्थापना र वन संरक्षणका कार्यक्रमहरू लागू भएका हुन्। यसैबीच, 'बाँसखर्कको वन दोङ परिवारको धन' भन्ने उक्ति चलेको थियो। पाल्चोक थुमअन्तर्गत ७ गाविसको भौगोलिक दृष्टिकोणबाट माझ पर्ने बाँसखर्कमा सरकारी कोटाअनुरूप कृषि सेवा केन्द्र र स्वास्थ्य केन्द्र रहेको हो। यसमा कुनै व्यक्ति विशेषको मात्र योगदान भन्नु न्यायसंगत होला? शिक्षातर्फ निमाविभइसकेको यौटा विद्यालयलाई प्राविमा झार्ने र स्थानीय युवाहरूद्वारा २०३१/०३२ सालमा स्थापित पुस्तकालयलाई बन्द गराउने वातावरणको सिर्जना गर्न प्र.प. लक्ष्मण दोङ सफल भएका थिए। बाँसखर्क वडा नं. ४, ५ र ६ मा पर्ने झण्डै ५ हजार रोपनी टारीखेत 'दामचेत फाँट' अझै सिंचाई सुविधाबाट वञ्चित छ।

योजना कार्यहरूमा जबरजस्ती जन श्रमदान लिनु र झूठा बील भर्पाई पेश गरी अनुदान रकम झ्वाम पार्नु, निर्माण विकासको लागि प्राप्त भौतिक सामग्रीहरू अन्यत्र बेचविखन गरी स्वार्थ सिद्ध गर्नु उनका छोराहरूको जीवनको ध्येय बनेको थियो। तदनुरूप, त्यो अवधिमा निजहरूबाट के-कति विकासका रकमहरू कुम्ल्याइयो, कति सार्वजनिक तथा संस्थाका चलअचल सम्पत्तिलाई निजी सम्पत्तिमा परिणत गरियो, त्यसको निष्पक्ष अनुगमन र अनुसंधान हुने हो भने, त्यो अख्तियार दुरूपयोग तथा भ्रष्टाचारको उत्कृष्ट उदाहरण बन्न सक्छ। वि.स. २०२४ साल र त्यसपछि पटक पटक विशेष प्रहरी विभाग तथा स्थानीय प्रशासनबाट निजउपर कार्यवाही भइसकेको तथ्य पनि बिर्सन मिल्दैन।

स्थानीय मोहीहरूको लगत राखेकोमा आफै तारिफ गर्ने त्यो व्यक्तिले आफ्ना सम्पूर्ण जग्गाका मोहीहरूलाई मनपरी बेदखली गर्ने गरेको इतिहास छ भने, गरीब किसानहरूलाई त्यहाँ बाली बुझाएको भर्पाईसम्म आजसम्म दिने प्रथा छैन। फलस्वरूप, निजको सामन्ती कृयाकलापको विरूद्ध जनताहरू संघर्ष गर्दै आइरहेको इतिहास साक्षी छ। वि.सं. २०३१ साल भदौ १९ गतेको घटनालाई निजविरूद्ध जनताद्वारा गरिएको कार्यवाही मान्न सकिन्छ। यो घटनाबाट निजको देब्रे आँखा फुटेपछि पशुपति शमशेरसंग भेट हुँदा उनको भनाइ रहयो- "मैले यौटा आँखा 'बाबुसाहेब'को लागि चढाएँ।"

उनको सम्पूर्ण चरित्र चित्रण गर्न यति सानो लेखमा सम्भव छैन। जनताहरू उनको जाली फट्याइँ र दुष्टयाइँपूर्ण कार्यहरू सम्झँदा क्रोधित हुन्छन्। उनीहरू उनको नाम मात्र पनि लिन चाहँदैनन्। मूल्यांकन पत्रिकामा प्रकाशित रिपोर्टले गर्दा यति कुरा प्रष्ट पार्न बाध्य भएको महसुस भइरहेको छ। किनभने, स्थानीय बासिन्दालाई थाहा छ- उनले सभ्यतालाई आफ्नो काबुमा राखेका थिए। त्यहाँका जनताले उनको शासनकालमा मुक्तिको श्वास फेर्न पाएका थिएनन्। ०४६ सालको राष्ट्रिय जनआन्दोलनपश्चात मात्र त्यहाँका जनताले उनको क्रूर तथा खुनी पञ्जाबाट मुक्त भएको अनुभूति गरे। यदि उनका कार्यहरू उल्लेखनीय थियो भने, उनको नेतृत्व अझापि रहनु पर्ने हो। छिमेकी गाविस नवलपुरमा साविक प्र.पं. नै हाल गाविस अध्यक्ष छन् भने, बाँसबारी र पाल्चोकमा क्रमशः उही परिवारको नेतृत्व कायमै छ। धुलीखेलका वर्तमान न.पा. प्रमुख बेलप्रसाद श्रेष्ठ पंचायतकालमै प्र.पं. थिए।

वि.सं. २०३० सालतिर वडा नं. १ का एक अवलाको आत्महत्याको कारण के थियो ? त्यसको उत्तर हामी लक्ष्मण दोङबाट पाउन चाहन्छौं। गतः स्थानीय निर्वाचनपश्चात २०५४ जेष्ठ २६ गतेको 'बाँसखर्क हत्याकाण्ड'का नाइकेहरू को-को हुन् ? हामी उनीबाट सार्वजनिक रूपमा जानकारी लिन चाहन्छौं। यो काण्डमा गणेश स्यांवो र फुर्वा स्यांवो नामका दुई नाबालकको विभत्स हत्या भएको थियो। यी त चर्चित कुराहरूको मात्र सारसंक्षेप हो। यसबाट सिद्ध हुन्छ बाँसखर्कमा व्यक्तिगत प्रयासबाट प्रशंसनीय काम भएको थियो कि निन्दनीय काम भएको थियो ?

**-प्रवीण जोशी**
बाँसखर्क गाउँ परिषद् सदस्य
तथा साथीहरू, सिन्धुपाल्चोक

## मूल्यांकनको भनाइ

**मूल्यांकन पूर्णाङ्क ५२ मा प्रकाशित बाँस खर्क सम्बन्धी रिपोर्टका निम्ति हामी हाम्रा सम्पूर्ण पाठकहरु समक्ष विनम्र आत्मालोचना गर्न चाहन्छौं। यो रिपोर्ट प्रकाशित गर्नमा हामीबाट बेहोशियारी भएको हामीलाई अनुभूति भएको छ। यो रिपोर्ट प्रकाशित भएको भोलिपल्टदेखि नै लक्ष्मण दोङको प्रतिक्रियावादी अतीतबारे हामीलाई पाठकहरुबाट तीव्र प्रतिक्रिया प्राप्त हुन थाल्यो। हामीले त्यसलाई मूल्यांकनको पाठक प्रतिक्रियामा पटक पटक छाप्यौं पनि। अहिले साहित्यकार तथा साहित्यिक पत्रकार प्रवीणजी र अन्य मित्रहरुबाट विस्तृत विवरण सहितको लेख नै प्राप्त भएको छ। यसलाई हामी पाठकहरुसमक्ष पेश गर्न लागिरहेछौं।**

**हाम्रा आँखा र कान भनेका हाम्रो पाठकहरु नै हुन्। उहाँहरुले मूल्यांकनलाई माया गरेर बेलैमा लक्ष्मण दोङको बुसाहा र प्रतिक्रियावादी चरित्रबारे हाम्रो र हाम्रा पाठकहरुको निम्ति यथार्थ जानकारी उपलब्ध गरिदिनु भएकोमा प्रिय पाठकहरुप्रति हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौं।**

**-मूल्यांकन सम्पादक मण्डल**

## मूल्यांकनबारे साहित्यकार जनक प्र. हुमागाईं

मैले मूल्यांकन पहिलो अंकदेखि हालसम्मका सबै अंक हेर्दै आएको छु। समयले साथ दिंदा गहिरिएर पढ्न पाएका त्यसभित्र पर्ने गरेका केही सामग्रीले मलाई के प्रभाव पारेका छन् भने, अहिलेको विश्वपरिस्थिति तथा आफ्नो देशको अवस्थालाई दृष्टिगत गरी त्यस्ता केही सामग्रीहरू देश र जनताको हितमा केही गर्न खोज्ने नयाँ पुराना पुस्ताहरूका निम्ति उचित पाठ्यसामग्रीका रूपमा आइरहेका छन्। उचित पाठ्य-सामग्रीको अभावमा व्यापक जनसमाजमा नयाँ दृष्टिकोणको बृद्धि गर्न सम्भव हुन्न। नयाँ दृष्टिकोणको अभावमा देश र जनताको हितमा अगाडि सर्ने इमान्दार लडाकू पुस्ता विकास गर्न सकिन्न। यस्तो पुस्ताको विकासबिना देश र जनताको हित गर्ने कुरा सम्भव हुन्न। सात साल, सत्र साल, छत्तीस साल तथा छयालीस साल लगायत हरेक सालका घटना तथा इतिहासको अध्ययनले पनि यही कुराको पुष्टि गरिरहेको छ। यही कारण पुनः प्रजातन्त्र स्थापना भएपछि पनि हामी झन् झन् अन्योलपूर्ण तथा अराजकतामूलक गतिविधिको बोध गर्न विवश छौं। खोक्रा नारा तथा छाडा भाषणका भरमा खडा गरेको भीडका भरमा कुनै हालतमा पनि देश र जनताको हित गर्न सकिन्न। त्यो भीड जतिसुकै ठूलो तथा शक्तिशाली जस्तो किन नदेखियोस्, व्यवहारमा त्यो नगण्य कणतुल्यमै परिणत हुन पुग्छ। त्यसैले त आज देशमा त्यस्तो भीडले नेपालको राजनीतिक जगत्लाई सही दिशा दिन समर्थ भइरहेको छैन। राजनीतिमा लाग्नेहरूलाई त्यस्तो भीडको कुनै भय वा डर छैन। उनीहरू बिनालाज, बिनाडर, देश र जनताका नाममा मनपरी गरिरहेका छन्। व्यापक जनतालाई आफ्ना सस्ता खेलौना बनाइरहेका छन्। यस्तो स्थिति त्यसबेला मात्र समाप्त गर्दै लान सकिन्छ, जुनबेला देशमा सही दृष्टिकोणले युक्त नागरिकहरूको ठूलो जमात सिर्जना हुन पुग्छ। हो- यही विषयमा 'मूल्यांकन'ले गर्दै आएको प्रयास निकै उपयोगी हुन सक्ने संभावना बढ्दै गएको छ। यसतर्फ पाठकहरूको रूचि पनि बढेर गएको पाइएको छ।

यसो हुनाले उनीहरूको यो रूचिलाई दृष्टिगत गरी उचित पाठ्यसामग्री दिने विषयमा मूल्यांकन प्रकाशन परिवारभित्रका मित्रहरूको ध्यान अझ गम्भीर रूपमा केन्द्रित हुँदै जावस्। यस्ता सामग्री फिंजाउने तरिका पनि नयाँ नयाँ ढंगले प्रयोग गर्न खोजोस्। अन्तर्क्रिया कार्यलाई पनि यही रूपमा बृद्धि गरोस्।

यसै सन्दर्भमा पूर्णांक ५४ मा प्रकाशित सामग्रीमध्ये नेकपा एमालेको छैठौं महाधिवेशनका सन्दर्भमा अन्तर्क्रिया अन्तर्गत पारिएका प्रमुख सामग्रीहरू तथा सोही सन्दर्भमा प्रधान सम्पादक श्याम श्रेष्ठले गर्नुभएको परिश्रममूलक लेखलाई पत्रिकामा मात्र सीमित नराखी पुस्तकाकार रूप दिने कार्य होस् तथा त्यसलाई फिंजाउने कार्य पनि नयाँ नयाँ ढंगमा गर्न खोजियोस्। यसो भयो भने, सही दृष्टिकोणयुक्त पाठ्य सामग्री तयार पार्दै जाने कार्यमा एकातिर उपयोगी प्रगति बढ्दै जान पाउँछ भने, अर्कातिर देश र जनताको निम्ति उपयोगी दृष्टिकोणयुक्त नागरिक निर्माण गर्ने कार्यमा पनि बल पुग्न थाल्छ।

यही दृष्टिले नारी-पुरूष सह अस्तित्वका बारेमा, खगेन्द्र संग्रौलाले प्रारम्भ गर्नुभएको आमाबाबुका काजकृया जस्ता बारेमा, जनजाति भनी छुट्टै प्रकारले आउन थालेका नयाँ गतिविधिका बारेमा, तथा देश बाहिरका इराक-अमेरिका झगडा जस्ता बारेमा मूल्यांकनले पुस्तकाकारमा समेत उपयोगी सामग्री दिन खोजोस्, जसले भविष्यमा देश र जनताको हितमा कार्य गर्ने दिशामा उल्लेखनीय सघाऊ पुऱ्याउनेछ भन्ने ठान्छु।

-जनकप्रसाद हुमागाईं
बलथली, काभ्रे

## एमालेले सोचोस्

अंक ५३ मा एमालेको विगत, वर्तमान र भविष्यको बारेमा गरिएको समीक्षा र टिप्पणी एकदमै विचारणीय भएको पाएँ। एमालेले सोचोस्, शहीदहरूको सपनामा कुठाराघात नगरोस्!

-ओसेप शर्मा
फलेबास, पर्वत

## मूल्यांकनले जोड गरोस्

मूल्यांकनले विभिन्न दार्शनिकहरूका निर्क्यौलहरूको परिचय, राजनीतिक विचारहरू र तिनका प्रवर्तकको जीवनी, पिछडिएका जनसमुदायबारेका लेखहरू, उत्पीडितहरूको स्थितिबारेका लेखहरू र राष्ट्रिय अन्तर्राष्ट्रिय गतिविधिबारेका थप लेखहरू समावेश गरोस् भन्ने कामना गर्दछु। धर्मग्रन्थहरूबारे वैज्ञानिक दृष्टिकोण एवं बुद्धिजीवीबाहेक अरू पेशाका मान्छेहरूबीचको अन्तर्क्रियामा पनि यसले जोड गरोस्।

-रामगुलाम शाह
कपिलवस्तु जिविस, कपिलवस्तु

## धार्मिक कर्मकाण्डबारेको बहस

कर्मकाण्डबारे मूल्यांकन मासिकले द्वन्दात्मक भौतिकवादी दृष्टिकोणअनुरूप बहस र छलफलको लागि आफ्ना अंकहरूमा जुन नियमितता दिएको छ, त्यो अत्यन्तै सह्रानीय छ। यसै परिप्रेक्ष्यमा माघ अंकको मूल्यांकनले शशीधर भण्डारी, हरि ए.सी., रविकिरण निर्जिव र डमरू पौडेलका थप विचारहरू जुन प्रस्तुत गरेको छ, त्यसले पाठक र आम जनसमुदायमा नयाँ र थप प्रेरणाको उर्जा प्रदान गरेको मैले महसुस गरेको छु। यस मासिकले धार्मिक कर्मकाण्डबारेको यो बहस र छलफलमा आम बुद्धिजीवीका अरू गहिरा विचारहरूलाई समेटेर आगामी अंकहरूमा प्रस्तुत गरोस् भन्ने मेरो कामना छ।

सुशील पोखेल, स्वर्गद्वारी क्याम्पस
प्यूठान, राप्ती अञ्चल

## समग्रमा अंक ५४

गतांकमा एमालेभित्र र बाहिर उठिरहेको ज्वारभाटालाई केन्द्रबिन्दु मानेर गरिएको अन्तर्क्रियाले हामीहरूलाई धेरै कुरामा प्रष्ट हुन मद्दत गरेको छ।

नीति-संस्कृति स्तम्भअन्तर्गत चलाइएको अन्तर्क्रियामा डमरू पौडेलको विचारले मन छोयो।

विश्व कम्युनिष्ट आन्दोलन स्तम्भ अति जानकारीमूलक छ। अझ त्यसमा क्यूबाका राष्ट्रपति फिडेल क्यास्त्रोको भाषणको अंश झन् साहसिलो छ। मूल्यांकनको पनि मूल्यांकन ठीक साँचो लाग्यो। साहित्यिक स्तम्भ र विचारमञ्चमा पाठकहरूको लागि कुनै पनि प्रश्न नभएकोले अति खल्लो लाग्यो। स्तम्भहरूले निरन्तरता पाइनै रहुन्।

-होम थापा, बेंगाडावर- ८,
लालगढ, धनुषा

## के के पठनीय छन् ?

पूर्णांक ५४ बेलैमा हात पऱ्यो। यस अंकका हाम्रो मूल्यांकन र आवरण कथाका विषयहरू अनि उत्पीडित चौतारी र घटना र प्रवृत्तिभित्रको 'माओवादी जनयुद्ध मित्र शक्ति विरूद्ध', 'युवाहरूले राष्ट्रियताको नारा घन्काए' र 'क्यूबाली कम्युनिष्ट पार्टीको पाँचौं महाधिवेशनको रिपोर्ट' तथा कलकत्तामा नोभेम्बर क्रान्ति दिवसमा विभिन्न देशका प्रतिनिधिहरूले व्यक्त गरेका विचारहरू राम्रा लागे। आँखीझ्यालमा 'यसरी बढ्दैछ संसारमा केही कम्पनीहरूको एकाधिकार' पठनीय छ। 'के गर्भपतनलाई वैध गरिनु जरूरी छ ?' लेख पनि पठनीय छ। यस्तै नीति/संस्कृति र विचार मंच पठनीय नै छन्।

-शिवप्रसाद खनाल
डेढगाउँ- ९, नवलपरासी

## अंक ५३ र अब गर्नुपर्ने सुधार

प्रथमतः मूल्यांकनको बढ्दो स्तरीयताको लागि धन्यवाद। अंक ५३ पुसमा आँखीझ्यालले अमेरिकी दलाल नोकरशाहीको साम्राज्यवादी चरित्र थाहा पाइयो। बिल क्लिन्टनलाई चेतावनी होस्। आवरण कथाले एमालेभित्रको विवादको (कार्यनीति सम्बन्धमा) पहिचान गरे पनि समाधान निकाल्न नसक्नु कमजोरी भयो कि ? मसालको प्रतिकृयाले पुनः एकपल्ट कार्तिक अंक हेर्न फर्कायो। तत्पश्चात प्रतिकृया ठीकै भए पनि त्यति तर्कसंगत चाहिं लागेन। दिनानाथ शर्माको अन्तर्वार्ताले एमालेलाई घोत्ल्याउँला तर विष्णु ब. मानन्धरको 'अचेल' भने प्रेरक लागेन। डा. अलैदा ग्वेभाराद्वारा व्यक्त विचारले पूँजीवादी दलालहरूलाई चेतना होस्।

कभर पेजहरूमा विज्ञापनहरू नछापी विश्वका महान नेता, साहित्यकार एवं विशिष्ट महानुभावहरूको फोटो छापे कसो होला ? पाठक विचार, साहित्यिक कलम, चलचित्र समीक्षा आदि स्तम्भ थपे सुनमा सुगन्ध थपिन्थ्यो।

अन्तमा पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना।

-भोला प्र. गौतम 'एक्टिभ'
बेलबारी-६, जोगीचउर, मोरंग

## चेकी छोरीबारेको लेख

५३ औं अंकभित्र रहेका स्तम्भहरू अत्यन्तै रोचक र सान्दर्भिक लागे।

त्यसमा पनि, विश्व क्रान्तिका नायक क. चे ग्वेभाराकी छोरी डा. अलैदा ग्वेभारा मार्चको बारेमा लेखिएको लेख ज्यादै रोचक र ज्ञानबर्द्धक लाग्यो, किनकि उक्त लेखमार्फत् म लगायत लाखौं पाठकले विश्व क्रान्तिका नायक क. चेको पारिवारिक अवस्थालगायत अन्य थुप्रै कुरा जान्ने अवसर पायौं।

यस्तैयस्तै चर्चित व्यक्तित्वहरूका बारेमा, अनि विश्व कम्युनिष्ट आन्दोलनका बारेमा स्तरीय स्तम्भहरू रहने भएको कारणले गर्दा आजसम्म लाखौंलाख पाठकको मन जित्न मूल्यांकन सफल भएको छ।

-बुद्धिबहादुर पुन विरही
म्याग्दी भुरुंग, तातोपानी

## एमालेको विवाद

अंक ५३ मा एमालेबारेको आवरण स्तम्भ सान्दर्भिक छ। देशमा विकास गर्न सक्ने क्षमता भएको अनुशासित र जिम्मेवार पार्टी एमाले आज आफैं विवादमा छ। यो पार्टीको लागि मात्र नभएर देशको लागि नै पनि ठूलो क्षति हो।

५४ अंकमा प्रकाशित कलकत्तामा भएको साम्राज्यवादविरोधी गोष्ठीले साम्राज्यवादको विरूद्ध एकजुट हुनुपर्ने कुरामा जोड दिएको कुरा पनि पढ्न पाइयो। गोष्ठीका सम्पूर्ण प्रतिनिधि लगायत श्री भि.आर. कृष्ण ऐयरलाई धन्यवाद नदिरहन सक्दिनँ।

साथै, उक्त गोष्ठीमा श्याम श्रेष्ठले कालापानीको नेपाली भू-भाग तुरून्त नेपाललाई फिर्ता गरियोस् भनिराख्नुभएको प्रस्ताव अति उपयुक्त छ।

-मि. देवबहादुर थापा
छाङ्ग-४, ओटांगदी तनहुँ (हाल १५ आर.आर. बटालीयन, भारत)

२०५४ फागुन ७ गते

समस्त नेपालीहरूको दिवस !

## राष्ट्रिय प्रजातन्त्र दिवस !

यस शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूप्रति मंगलमय शुभकामना व्यक्त गर्दछौं !

मेरो पौरख, मेरो गौरव, मेरो काठमाडौं !

यँ महानगर पालिका

**काठमाडौं महानगरपालिका**



राष्ट्रिय प्रजातन्त्र दिवसको शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरूप्रति मंगलमय शुभकामना व्यक्त गर्दछौं !

**ललितपुर उप महानगरपालिका**

परिवार, ललितपुर



हामी तपाईलाई **सांसद** हुने सल्लाह त दिन सक्दैनौं तर कुनै पनि उद्योग व्यवसाय स्थापना गर्न आवश्यक सबै सहयोग गर्न प्रतिबद्ध छौं ।



**औद्योगिक सूचना केन्द्र**

टेकु, पोष्ट बक्स नं. ३०२६, काठमाडौं

फोन : २५८५२३, फ्याक्स : २५८२०३

इमेल : iic.@ np. healthnet. org



ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

## Fascinating beauty. Imperishable material.

A sure feel for the aesthetically perfect, a personal style and a purposeful differentness: these are the characteristics of people who wear the La Coupole 'Céramique'. A watch whose true nature you experience when you put it on for the first time: soft as velvet, supple, incomparable. And imperishably beautiful, thanks to the slightly curved sapphire crystal and the scratchproof high-tech ceramics bracelet. Rado La Coupole 'Céramique' – a beautiful watch that stays beautiful – a watch that fits as though moulded to your wrist.

*A different world*



La Coupole 'Céramique'.
Scratchproof high-tech ceramics bracelet.
In three sizes.

**RADO**
Switzerland

*Authorised Sales & Service Centre*
**SULUX CENTRE**
Khichapokhari P.O. Box: 3659, Kathmandu, Nepal Tel: 222539

*Also available at:*
24 Ct (Gangapath)
New Nevies Corner (Super Market)
Blue Bird Department Store (Tripureshwor)